

# राष्ट्रिय जनगणना २०७८

# जनसाङ्ख्यिक प्रतिवेदन

## शुद्धोधन गाउँपालिका






नेपाल सरकार
राष्ट्रिय तथ्याङ्क कार्यालय
थापाथली काठमाडौं

शुद्धोधन गाउँपालिका

# राष्ट्रिय जनगणना २०७८, जनसाङ्ख्यिक प्रतिवेदन,
# शुद्धोधन गाउँपालिका

**प्रकाशकः**
राष्ट्रिय तथ्याङ्क कार्यालय
रामशाहपथ, थापाथली, काठमाडौं, नेपाल
फोन नं.: +९७७-१५३६५३२३, ०१५३२९४०६, ०१५३४५९४७
फ्याक्स: +९७७-१५३२७७२० । पो.ब.नं. : ११०३१
वेवसाइटः www.nsonepal.gov.np, www.censusnepal.cbs.gov.np
इमेलः info@nsonepal.gov.np, popcen@nsonepal.gov.np
प्रथम संस्करणः ..... प्रति
प्रकाशन वर्षः २०८१

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राष्ट्रिय तथ्याङ्क कार्यालय

फोन ५३४५९४६, ५३४५९४७, ५३४५९४८, ५३४५८४८, ५३४१८०१, ५३२८४०६

फ्याक्सः ९७७-१-५३२७७२०
पो.ब.नं. ११०३१
रामशाहपथ
थापाथली, काठमाडौँ

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राष्ट्रिय तथ्याङ्क कार्यालय

पत्र संख्याः
च.नं.:-

# मन्तव्य

नेपालमा जनगणनाको इतिहास एक शताब्दीभन्दा लामो रहेको छ। जनगणनाको मुख्य उद्देश्य जनसङ्ख्याको आकार, संरचना, वितरण, वृद्धिदर र घरपरिवारसँग जोडिएका सामाजिक तथा आर्थिक सूचकका लागि आधार तथ्याङ्क उपलब्ध गराउनु हो । तथ्यमा आधारित नीति, योजना तथा कार्यक्रम निर्माणको लागि संघ, प्रदेश र स्थानीय तहसम्मका लागि जनगणनाबाट खण्डीकृत तथ्याङ्क प्राप्त हुन्छ। प्रत्येक बालबालिका, युवायुवती, प्रौढ र वृद्धवृद्धासँग सम्बन्धित उमेर, लिङ्ग, जातजाति, भाषा, धर्म, शिक्षा, विवाह र बसाईँसराइ जस्ता जनसाङ्ख्यिक सूचकको प्रमुख स्रोत जनगणना नै हो । यसबाहेक निर्दिष्ट उमेर समूहका व्यक्तिले गर्ने आर्थिक काम, कामको प्रकार, अवधि, अपाङ्गता, मृत्यु, महिलाको प्रजनन आदि विषयसँग सम्बन्धित तथ्याङ्कको आधिकारिक र प्राथमिक स्रोत पनि जनगणना नै हो ।

आफूले उत्पादन गर्दै आएको विविध विषयक तथ्याङ्कको देशभित्र र देशबाहिरसमेत लाखौँको सङ्ख्यामा रहेका प्रयोगकर्ताको आवश्यकता, माग, पृष्ठपोषण र सुझावको कदर गर्दै राष्ट्रिय तथ्याङ्क कार्यालयले खण्डीकृत र विषयकेन्द्रित तथ्याङ्क उत्पादन तथा आपूर्तिलाई उच्च प्राथमिकतामा राखेको छ। नीति तथा योजना तर्जुमा र निर्णय निर्माण प्रक्रियामा तथ्याङ्कको माग र प्रयोग निरन्तर बढिरहेको सन्दर्भमा तथ्याङ्क उत्पादक निकायका सामु नीतिनिर्माताले खोजेकै गुणस्तरीय तथ्याङ्क उत्पादन गरी उपलब्ध गराउने चुनौती रहेको छ। यस्तो चुनौतीले प्रयोगकर्तामैत्री गुणस्तरीय तथ्याङ्क उत्पादन, आपूर्ति तथा उच्चतम प्रयोगका लागि अवसरको ढोका पनि खोलिदिएको छ ।

राष्ट्रिय तथ्याङ्क कार्यालयले विगत एक बर्षयता जनगणनाबाट प्राप्त तथ्याङ्कको सरल भाषामा विश्लेषणसहित विषयगत एवम् जनसाङ्ख्यिक प्रतिवेदन तयार गर्ने कार्यक्रम निरन्तर रूपमा भइरहेको छ । यसै सिलसिलामा कार्यालयले शुद्धोधन गाउँपालिकाको जनसाङ्ख्यिक प्रतिवेदन तयार गरी गाउँपालिकालाई हस्तान्तरण गर्न पाउँदा अत्यन्तै खुसी लागेको छ । राष्ट्रिय जनगणनाको नवीनतम तथ्याङ्कमा आधारित यस प्रतिवेदनले गाउँपालिकालाई विभिन्न नीति तथा कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्न सहज हुने नै छ। यस प्रतिवेदनमा समाविष्ट कतिपय सूचकका लागि अघिल्ला जनगणनाका तथ्याङ्कसमेत समावेश गरिएको हुँदा श्रृंखलाजन्य प्रवृत्ति विश्लेषण गर्न समेत यसबाट सम्भव हुनेछ ।

प्रतिवेदनमा पछिल्लो राष्ट्रिय कृषिगणनाबाट प्राप्त स्थानीय तहको प्रमुख तथ्याङ्क र सूचक समावेश गरिएको हुँदा यसभित्र विषयगत व्यापकता रहेको छ । प्रतिवेदन तयार गर्ने कार्यमा संयोजन तथा समन्वय गर्नुहुने सामाजिक तथ्याङ्क महाशाखाका उपप्रमुख तथ्याङ्क अधिकारीसहित जनसङ्ख्या शाखाको सिंगो टोलीको विज्ञतापूर्ण परिश्रमका निम्ति विशेष धन्यवाद दिन चाहन्छु । प्रतिवेदन तयारीको विभिन्न चरणहरूमा समन्वय, सहयोग तथा सुझाव प्रदान गर्नुहुने गाउँपालिका अध्यक्ष श्री विष्णुप्रसाद बस्याल, उपाध्यक्ष श्री शान्तादेवी ज्ञवाली, प्रमुख प्रशासकीय अधिकृत श्री विष्णु बहादुर घर्ती र गाउँपालिकाअन्तर्गतका विभिन्न शाखाका प्रमुख लगायतका कर्मचारी तथा आर्थिक सहयोग गर्ने द एसिया फाउण्डेसन र कार्यक्रम संयोजन गर्ने अपिल मिडियाप्रति हार्दिक आभार व्यक्त गर्दछु ।
यो प्रतिवेदन देशका अन्य गाउँपालिकाहरूका लागि पनि एक नमुनाको रूपमा रहनेछ। यसको संरचनामा आधारित भई इच्छुक अन्य स्थानीय तहले आआफ्नो जनसाङ्ख्यिक प्रतिवेदन तयार गर्न अग्रसर हुने विश्वास लिएको छु।

भविष्यमा यस प्रतिवेदनको सुधार र परिमार्जनका लागि विज्ञ पाठकहरूबाट प्राप्त हुने रचनात्मक सुझावको राष्ट्रिय तथ्याङ्क कार्यालय सदैव सम्मान र स्वागत गर्दछ ।

मिति : २०८१ मङ्सिर

मधु सुदन बुर्लाकोटी
प्रमुख तथ्याङ्क अधिकारी

शुद्धोधन गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

मानपकडी, रुपन्देही

लुम्बिनी प्रदेश, नेपाल

प.सं. : ०८१/८२

च.नं. :

अध्यक्षको मन्तव्य

तथ्याङ्क हरेक नीति, योजना र कार्यक्रम तर्जुमाका लागि अपरिहार्य छ। तथ्याङ्कको अध्ययन र विश्लेषणबाट तय गरिएका विकास निर्माण र नीतिहरु कार्यान्वयन योग्य र दीर्घकालीन हुन्छन्। त्यसैले तथ्याङ्कलाई वास्तविक र वैज्ञानिक विकासको जगको रुपमा लिइन्छ। राष्ट्रिय तथ्याङ्क कार्यालय, दि एसिया फाउण्डेसनको डाटा फर डेभलपेमन्ट कार्यक्रम र अपिल मिडियाले राष्ट्रिय जनजणना २०७८ को तथ्याङ्कका आधारमा शुद्धोधन गाउँपालिकाको जनसाङ्ख्यिक प्रतिवेदन (Demographic profile) तयार गर्न सहयोग गरेकोमा तीनओटा निकायलाई म हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु।

आर्थिक र औद्योगिक नगरीको रुपमा यो पालिकालाई सुशासन, विकास र प्रगतिको पथमा अगाडि बढाउन तथ्याङ्कको महत्वपूर्ण भूमिका छ। त्यसका लागि शुद्धोधन गाउँपालिका र यसका ७ औटै वडाका खण्डीकृत तथ्याङ्कहरु प्रतिवेदनमा समेटिएका छन्। संघीय सरकारले जनगणनामार्फत सार्वजनिक गरेको तथ्याङ्क नै आधिकारिक हुने भएकाले यी तथ्याङ्कहरुले उपयोग मार्फत गाउँपालिकाका योजना छनौट, बजेट विनियोजन, लक्षित समुदायका कार्यक्रम, सामाजिक सुरक्षा कार्यक्रमको प्रभावकारी सन्चालन आदिमा महत्वपूर्ण सहयोग पुर्याउनेछन् भन्ने विश्वास लिएको छु।

यस गाउँपालिकाको कुल जनसंख्या लैङ्गिक बनावट, जनसंख्या वृद्धिदर लगायतका जनसाङख्यिक सूचकदेखि पारिवारिक सूचकहरु सम्म यहाँ समेटिएका छन्। भविष्यमा आफ्नो आवश्यकता अनुसारका अन्य सर्वेक्षण गर्न पनि यो प्रतिवेदन गाउँपालिकाको लागि कोशेढुँगा सावित हुनेछ भन्ने विश्वास लिएको छु।


अन्त्यमा गाउँपालिकाको यो जनसाङख्यिक प्रतिवेदन तयार गर्न विज्ञको रुपमा सक्रिय रहनु भएका राष्ट्रिय तथ्याङ्क कार्यालयका विज्ञ समूह, दि एसिया फाउण्डेसन र अपिल मिडियालाई धेरै धेरै धन्यवाद दिन चाहन्छु।

अध्यक्ष

विष्णु प्रसाद कस्याल
अध्यक्ष

"शिक्षा,स्वास्थ्य, कृषि,पर्यटन, र पूर्वाधार। सुशासन, समृद्धि शुद्धोधन गाउँपालिकाको मूल आधार।।"
इमेलः- info@shuddhodhanmunrupandehi.gov.np फोनः-०७१-, ४२३०४०, ४२३०४१, ४२३०४२ वेवसाइटःshuddhodhanmunrupandehi.gov.np

## गाउँपालिका अध्यक्षको मन्तव्य



शुद्धोधन गाउँपालिका
N
W
E
S
सैनामैना नगरपालिका
बुटवल उपमहानगरपालिका
तिलोत्तमा नगरपालिका
गैडहवा गाउँपालिका
सियारी गाउँपालिका
१
२
३
४
५
६
७
संकेत
पालिका सिमना
वडा सिमाना
0 0.5 1 2 Kilometers

# पुस्तिका तयारीमा संलग्न कर्मचारीहरूको नामावली

**समन्वय तथा राय-सुझाव प्रदान गर्नुहुने**

१. उपप्रमुख तथ्याङ्क अधिकारी डा. हेमराज रेग्मी

**तयारीमा संलग्न कर्मचारी**

१. निर्देशक श्री ढुण्डिराज लामिछाने

२. निर्देशक श्री राजन सिलवाल

३. तथ्याङ्क अधिकृत श्री दीनानाथ लम्साल

५. कम्प्युटर अधिकृत श्री डोल नारायण श्रेष्ठ

६. तथ्याङ्क अधिकृत श्री कपिल धिताल

७. तथ्याङ्क सहायक श्री अशोक न्यौपाने

# विषयसूची

**विषयसूची** ........ xi

**तालिका सूची** ........ xv

**चित्र सूची** ........ xix

**नक्सासूची** ........ xxi

**खण्ड १: परिचय** ........ १

१.१ परिचय ........ १

**खण्ड २: जनसाङ्ख्यिक विवरण** ........ २

२.१ जनसङ्ख्या र लैङ्गिक अनुपात ........ २

२.२ गाउँपालिकाको वि.सं. २०६८ र २०७८ को जनसाङ्ख्यिक स्थिति ........ ३

२.३ सहरी तथा ग्रामीण जनसङ्ख्या ........ ७

२.४ गाउँपालिकाको वडागत लैङ्गिक अनुपात ........ ७

२.५ परिवारको संरचना ........ १०

२.६ परिवारमुली ........ ज्ञण

२.६.१ वडागत महिला परिवारमुली ........ १२

२.७ परिवारमुलीसँगको नाताअनुसार जनसङ्ख्या ........ १३

२.८ उमेरगत जनसङ्ख्या ........ १४

२.९ उमेर समूहअनुसार जनसङ्ख्याको संरचना (Population structure by age group) ........ १६

२.१० बृहत् उमेर समूह र विशेष उमेरअनुसारको जनसङ्ख्या ........ १८

२.११ जनसङ्ख्या वृद्धिदर ........ १९

**खण्ड ३: जातजाति, भाषा तथा धर्मसम्बन्धी विवरण** ........ २१

३.१ गाउँपालिकामा जातजातिको अवस्था ........ २१

३.२ जातजातिअनुसार साक्षरतादर ........ २३

३.३ मातृभाषाको अवस्था ........ २४

३.४ धर्मसम्बन्धी विवरण ........ २५

३. दोस्रो भाषाअनुसारको जनसङ्ख्या ........ २६

३.६ नेपालमा बसोबास गर्ने विभिन्न देशका नागरिकको जनसङ्ख्या ........ २७

खण्ड ४: वैवाहिक अवस्थासम्बन्धी विवरण ........ २९

**४.१ जनसङ्ख्याको वैवाहिक स्थिति** ........ २९

४.२ पहिलो विवाह गर्दाको उमेर ........ ३०

४.३ विवाहको औसत उमेर ........ ३१

४.४ एकल महिलाको अवस्था ........ ३२

**खण्ड ५: ज्येष्ठ नागरिक** ........ ३४

५.१ ज्येष्ठ नागरिक र लैङ्गिक अनुपात ........ ३४

५.२ सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न योग्य ज्येष्ठ नागरिक ........ ३४

५.३ बुद्धयौली जनसङ्ख्या ........ ३५

**खण्ड ६: बालबालिकाको स्थिति** ........ ३७

६.१ बालबालिकाको जनसङ्ख्या तथा लैङ्गिक अनुपात ........ ३७

६.२ वडाको कुल जनसङ्ख्यामा बालबालिकाको अनुपात ........ ३८

६.३ बाल-आश्रित अनुपात ........ ३८

६.४ बाल विवाह ........ ३९

६. बालबालिकाको साक्षरतादर ........ ४०

६.६ अध्ययनरत तथा स्कुलबाहिर रहेका बालबालिकाको विवरण ........ ४१

६.७ बालश्रमको विवरण ........ ४२

६.८ जन्मदर्ताको अवस्था ........ ४४

**खण्ड ७: अपाङ्गता भएका व्यक्तिको स्थिति** ........ ४६

७.१ अपाङ्गता भएका व्यक्तिको जनसङ्ख्या ........ ४६

७.२ अपाङ्गताको प्रकारसम्बन्धी विवरण ........ ४७

७.३ अपाङ्गता भएका व्यक्तिको साक्षरतादर ........ ४८

७.४ अपाङ्गता भएका व्यक्तिको आर्थिक काममा संलग्नताको अवस्था (१० वर्ष वा सोभन्दा माथिका) ........ ४९

**खण्ड ८: जनसङ्ख्याको शैक्षिक स्थिति** ........ ५१

८.१ साक्षरतादर (५ वर्ष वा सोभन्दा माथिल्लो उमेरका) ........ ५१

८.२ वडाअनुसार साक्षरतादर ........ ५१

८.३ साक्षर जनसङ्ख्याले उत्तीर्ण गरेको तहसम्बन्धी विवरण ........ ५५

८.४ पाँच वर्षदेखि २५ वर्षसम्मका हाल स्कुल गइरहेका वा विगतमा स्कुल गएको जनसङ्ख्याको विवरण ........ ५६

८. अध्ययन गरेको विषयक्षेत्र ........ ५७

खण्ड ९: बसाइँसराइसम्बन्धी विवरण ........ ५९

९.१ जन्मस्थानको आधारमा जनसङ्ख्या ........ ५९

९.२ वडास्तरमा आन्तरिक बसाइँसराइको अवस्था ........ ६१

९.३ पछिल्लोपटक बसाइँ सरेको स्थानको आधारमा जनसङ्ख्या ........ ६१

९.४ पछिल्लोपटक मुलुकभित्रकै अर्को स्थानबाट यस स्थानमा बसोबास गर्न आउनुको कारण ........ ६२

९.५ यसअघिको बसोबास भएको देश ........ ६३

९.६ विदेशबाट यस स्थानमा बसोबास गर्न आउनुको कारण ........ ६४

**खण्ड १०: प्रजननसम्बन्धी विवरण** ........ ६६

१०.१ जीवनकालभरि जन्माएका बच्चाको सङ्ख्याअनुसारको महिला ........ ६६

१०.२ महिलाको उमेर समूहअनुसार जीवितै जन्मिएका, जीवितै जन्मिएर मरेका र हालसम्म जीवित बच्चाहरूको सङ्ख्या ........ ६७

१०.३ विगत १२ महिनामा जीवितै बच्चा जन्माएका महिलाहरूको सङ्ख्या र जीवितै जन्मिएका बच्चा ........ ६८

**खण्ड ११: आर्थिक क्रियाकलापसम्बन्धी विवरण** ........ ६९

११.२ आर्थिक क्रियाकलापसम्बन्धी विवरण ........ ७०

११.३ आर्थिक कामको पेसागत वर्गीकरण अनुसारको जनसङ्ख्या ........ ७१

११.४ आर्थिक कामको औद्योगिक क्षेत्र वर्गीकरणअनुसारको जनसङ्ख्या ........ ७२

**११. कृषि तथा गैरकृषि क्षेत्रमा संलग्न जनसङ्ख्या ........ ७४**
११.६ आर्थिक काममा संलग्नताको प्रकार अनुसारको विवरण ........ ७५
११.७ घरायसी तथा गैरघरायसी क्षेत्रानुसार आर्थिक काममा संलग्नताअनुसार जनसङ्ख्या........ ७६
११.८ आर्थिक काम नगर्नुको कारण ........ ७८
**खण्ड १२: घरको संरचना तथा प्रयोग........ ७९**
१२.१ घरको मुख्य प्रयोग ........ ७९
१२.२ घरको तला ........ ८०
१२.३ घरको आयु ........ ८०
१२.४ घरको स्वामित्व ........ ८१
१२.५ घरको जग ........ ८३
१२.६ घरको बाहिरी गारो ........ ८४
१२.७ घरको छानो ........ ८६
१२.८ घरको भुइँ ........ ८७
१२.९ घरको गुणस्तरीयता वर्गीकरणअनुसार परिवारको वितरण ........ ८९
खण्ड १३: पारिवारिक सेवा सुविधा तथा पहुँच........ ९०
१३.१ परिवारमा खानेपानीको मुख्य स्रोत ........ ९०
१३.२ परिवारमा खाना पकाउन अक्सर प्रयोग गरिने इन्धन........ ९२
१३.३ परिवारमा बत्ती बाल्न अक्सर प्रयोग गरिने स्रोत........ ९३
१३.४ परिवारले प्रयोग गर्ने शौचालय ........ ९५
१३.५ परिवारमा उपलब्ध साधन/सुविधा ........ ९७
१३.६ सम्पन्नताको वर्गीकरणअनुसार परिवारको वितरण ........ ९८
१३.७ आवासीय घर निर्माणमा सरकारी अनुदानप्राप्त परिवार ........ ९९
१३.८ बैंक तथा वित्तीय संस्थामा बैंक खातासम्बन्धी विवरण........ १००
१३.९ प्राविधिक तथा व्यावसायिक शिक्षा वा तालिम........ १००
१३.१० बैंक तथा वित्तीय संस्थाबाट ऋण लिएको विवरण........ १०१
१३.११ घर, जग्गामा महिलाको स्वामित्व........ १०१
१३.१२ कृषि बाहेकका साना घरेलु व्यवसाय सञ्चालन गर्ने परिवारको विवरण........ १०२
**खण्ड १४: अक्सर विदेश बस्ने जनसङ्ख्या........ १०४**
१४.१ परिवारमा अनुपस्थित विदेश........ १०४
१४.२ परिवारमा अनुपस्थित विदेश रहेका व्यक्तिको उमेर समूहअनुसारको विवरण ........ १०४
१४.३ अक्सर विदेश बसोबास गर्ने व्यक्तिको देशअनुसारको विवरण ........ १०५
१४.४ परिवारमा अनुपस्थित विदेश रहेका व्यक्तिको विदेश जानुको कारणअनुसारको विवरण........ १०६
१४.५ परिवारमा अनुपस्थित विदेश रहेका व्यक्तिको जाँदाको अवस्थामा उत्तीर्ण गरेको तहअनुसारको विवरण ........ १०७
**खण्ड १५: मृत्युसम्बन्धी विवरण ........ १०९**
१५.१ मृत्युसम्बन्धी विवरण ........ १०९
१५.२ विगत १२ महिनामा मृत्यु भएको कारण ........ ११०

१५.३ पन्धदेखि ४९ वर्षका महिलाको मृत्यु हुँदाको अवस्था ........ ११०

खण्ड १६: कृषिसम्बन्धी विवरण ........ १११

१६.१ कृषिसम्बन्धी विवरण ........ १११

१६.२ जग्गाको उपभोग ........ १११

१६.३ जग्गाको उपयोग ........ ११२

१६.४ पशुपन्छीको विवरण ........ ११२

खण्डः १७ सारांश तथा निष्कर्ष ........ ११४

अनुसूचीहरू ........ १२२

अनुसूची १: शुद्धोधन गाउँपालिकामा आर्थिकरूपले सक्रिय जनसङ्ख्या ........ १२३

अनुसूची २ : उमेर समूहअनुसारको जनसङ्ख्या ........ १२४

अनुसूची ३ : एकल उमेर अनुसारको जनसङ्ख्या ........ १२९

# तालिका सूची

*तालिका १ : गाउँपालिकामा रहेका प्रमुख १० ओटा जातजाति तथा ५ ओटा मातृभाषा र धर्म*.....१
तालिका २ : परिवार सङ्ख्या, जनसङ्ख्या तथा लैङ्गिक अनुपात.....२
तालिका ३ : गाउँपालिका, नेपालको अन्य स्थान र विदेशमा अक्सर बसोबास गर्ने जनसङ्ख्या.....४
तालिका ४ : वडाअनुसार अक्सर बसोबास, अनुपस्थित स्वदेश र अनुपस्थित विदेशको विवरण.....५
तालिका ५: शुद्धोधन गाउँपालिकामा लैङ्गिक अनुपात (प्रति १०० महिलामा पुरुष सङ्ख्या).....७
तालिका ६ : परिवारको संरचनागत विवरण.....१०
तालिका ७ : शुद्धोधन गाउँपालिकामा पुरुष तथा महिला परिवारमुलीको वितरण.....११
तालिका ८ : परिवारमुलीसँगको नाताअनुसारको विवरण.....१३
तालिका ९ : उमेरगत (Single Year) जनसङ्ख्या.....१४
तालिका १० : गाउँपालिकामा उमेर समूहअनुसार जनसङ्ख्या.....१७
तालिका ११ : विशेष उमेर समूहअनुसारको जनसङ्ख्या.....१९
तालिका १२ : गाउँपालिकामा जातजातिअनुसारको जनसङ्ख्या.....२१
तालिका १३ : जातजातिको समूह र जनसङ्ख्या.....२३
तालिका १४ : १०० भन्दा बढी सङ्ख्यामा भएका जातजातिको साक्षरतादर.....२४
तालिका १५ : गाउँपालिकामा बोलिने मातृभाषा अनुसारको जनसङ्ख्या.....२५
तालिका १६ : गाउँपालिकामा धर्मअनुसारको जनसङ्ख्या.....२६
तालिका १७: गाउँपालिकामा बोलिने दोस्रो भाषाअनुसारको जनसङ्ख्या.....२७
**तालिका १८ : नेपालमा बसोबास गर्ने विदेशी नागरिक**.....२७
तालिका १९ : शुद्धोधन गाउँपालिकामा १० वर्षमाथिको जनसङ्ख्याको वैवाहिक अवस्था.....२९
तालिका २० : उमेर समूहअनुसार पहिलो विवाहसम्बन्धी विवरण.....३१
**तालिका २१: वडाअनुसार पहिलो विवाह गर्दाको औसत उमेर**.....३२
**तालिका २२ : वडाअनुसार एकल महिलाको अवस्था**.....३३
**तालिका २३: वडाअनुसार ज्येष्ठ नागरिकको सङ्ख्या र लैङ्गिक अनुपात**.....३४
**तालिका २४:** वडाअनुसार बुढ्यौली जनसङ्ख्या र सूचकाङ्क.....३५
**तालिका २५: वडाअनुसार बालबालिकाको जनसङ्ख्या र लैङ्गिक अनुपात (०-१७ वर्ष)**.....३७
**तालिका २६ : वडाको कुल जनसङ्ख्यामा बालबालिकाको अनुपात**.....३८
**तालिका २७: वडाअनुसार बाल-आश्रित अनुपात**.....38
**तालिका २८: वडाअनुसार बालविवाहको अवस्था**.....३९
**तालिका २९ : वडाअनुसार बाल साक्षरतादर**.....४१
**तालिका ३०: अध्ययनरत तथा स्कुल बाहिर रहेका बालबालिकाको विवरण**.....४२
**तालिका ३१ : वडाअनुसार बालश्रमको अवस्था**.....४३
**तालिका ३२ : वडाअनुसार जन्मदर्ता भएका बालबालकिाको अवस्था**.....४४
तालिका ३३ : अपाङ्गताको जनसङ्ख्या र विद्यमानतादर.....४६
तालिका ३४: अपाङ्गताको प्रकारअनुसारको जनसङ्ख्या वितरण.....४७
तालिका ३५ : वडाअनुसार अपाङ्गता भएका व्यक्तिको आर्थिक काममा संलग्नताको अवस्था.....४९
तालिका ३६ : गाउँपालिकाका वडाअनुसार साक्षरतादर.....५२
तालिका ३७ : साक्षर जनसङ्ख्याले उत्तीर्ण गरेको तह.....५५
तालिका ३८ : पाँच वर्षदेखि २५ वर्षसम्मका हाल स्कुल गइरहेका वा विगतमा स्कुल गएको जनसङ्ख्याको विवरण.....५६
तालिका ३९ : अध्ययन गरेको क्षेत्रअनुसारको विवरण.....५८
तालिका ४० : जन्मस्थानको आधारमा जनसङ्ख्या.....५९
तालिका ४१ : वडाअनुसार जन्मस्थानको आधारमा जनसङ्ख्या.....६०
तालिका ४२ : यसअघिको बसोबासको स्थानअनुसार जनसङ्ख्या (%).....६२

तालिका ४३ : यसअघि विदेशमा बसोबास हुनेको बसोबास गरेको देश ........................................................................................................ ६३
तालिका ४४ : यसअघिको बसोबास विदेश हुनेको यस पालिकामा बसोवास गर्न आउनुको कारण ........................................................................ ६४
तालिका ४५ : १५ वर्षदेखि ४९ वर्षको महिलाले हालसम्म जीवित जन्माएको बच्चाको सङ्ख्या र महिलाको उमेर समूहको आधारमा जनसङ्ख्या ............ ६६
तालिका ४६ : १५ देखि ४९ वर्षको महिलाले अहिलेसम्म जन्माएका जीवित बच्चा, जीवित जन्मेर मरेका बच्चा र अहिलेसम्म जीवित रहेका बच्चाको सङ्ख्या ........................................................................................................................................................ ६७
तालिका ४७ : १५ वर्ष देखि ४९ वर्षका महिलाले विगत १ वर्षमा जीवित जन्माएको बच्चाको सङ्ख्याको आधारमा उमेर समूहअनुसार महिलाको सङ्ख्या .. ६८
तालिका ४८ : आर्थिक काम गरेको अवधिको आधारमा जनसङ्ख्याको वितरण (१० वर्ष वा सोभन्दा बढी) ............................................................ ६९
तालिका ४९ : आर्थिक क्रियाकलापमा संलग्नता अनुसारको जनसङ्ख्या (१० वर्ष वा सोभन्दा बढी उमेरका) ..................................................... ७०
तालिका ५०: आर्थिक रूपले सक्रिय जनसङ्ख्याको मुख्य पेसा अनुसारको विवरण (१० वर्ष वा सोभन्दा बढी उमेरका) ............................................. ७१
**तालिका ५१ : आर्थिक रूपले सक्रिय जनसङ्ख्याको मुख्य औद्योगिक क्षेत्र अनुसारको विवरण (१० वर्ष वा सोभन्दा बढी उमेरका)** ....................................... ७२
तालिका ५२: वडाअनुसार कृषि तथा गैरकृषि काममा संलग्न जनसङ्ख्या (%) ................................................................................................ ७४
तालिका ५३ .: रोजगारीको अवस्थाअनुसार आर्थिक रूपले सक्रिय जनसङ्ख्याको विवरण ................................................................................ ७५
तालिका ५४ : घरायसी तथा गैरघरायसी क्षेत्रानुसार आर्थिक काममा संलग्नताअनुसार जनसङ्ख्या विवरण ................................................................ ७६
तालिका ५५ : घरको मुख्य प्रयोग अनुसारको विवरण (% मा) ................................................................................................................. ७९
तालिका ५६ : घरको तला अनुसारको विवरण (% मा) ........................................................................................................................... ८०
तालिका ५७ : घरको आयु अनुसारको विवरण (% मा) ........................................................................................................................... ८१
तालिका ५८ : घरको स्वामित्वअनुसार पारिवारिक विवरण (%) .................................................................................................................. ८२
तालिका ५९ : घरको जगअनुसार पारिवारिक वितरण ............................................................................................................................... ८३
तालिका ६० : घरको बाहिरी गारोअनुसार पारिवारिक वितरण ...................................................................................................................... ८५
तालिका ६१ : गाउँपालिकामा घरको छानोको प्रकारअनुसार परिवारको विवरण ......................................................................................... ८६
तालिका ६२: घरको भुइँको बनोटअनुसार परिवारको विवरण ..................................................................................................................... ८८
तालिका ६३ : वडाअनुसार परिवारले प्रयोग गर्ने घरको गुणस्तरीयता वर्गीकरण ........................................................................................... ८९
तालिका ६४ : खानेपानीको स्रोतअनुसार परिवारको वितरण ........................................................................................................................ ९०
तालिका ६५ : खाना पकाउन अक्सर प्रयोग गरिने इन्धनअनुसार परिवारको विवरण ...................................................................................... ९२
तालिका ६६ : बत्ती बाल्ने स्रोतको आधारमा परिवारको वितरण ................................................................................................................. ९४
तालिका ६७: परिवारले प्रयोग गर्ने शौचालयको प्रकार .......................................................................................................................... ९५
तालिका ६८ : परिवारमा उपलब्ध सेवा सुविधाको अवस्था ........................................................................................................................ ९७
तालिका ६९ : सम्पन्नताको पञ्चमकअनुसार परिवारको वितरण (%) ........................................................................................................... ९९
तालिका ७० : आवासीय घर निर्माणमा सरकारी अनुदानप्राप्त परिवारको विवरण (% मा) ................................................................................ ९९
तालिका ७१ : बैक तथा वित्तीय संस्थामा बैंक खातासम्बन्धी विवरण (% मा) ............................................................................................ १००
तालिका ७२: प्राविधिक तथा व्यावसायिक शिक्षा वा तालिम लिएको परिवार तथा जनसङ्ख्या विवरण (% मा) .................................................... १०१
तालिका ७३: बैक तथा वित्तीय संस्थाबाट ऋण लिएका परिवारको विवरण (% मा) ......................................................................................... १०१
तालिका ७४ : वडाअनुसार महिलाको नाममा घर, जग्गा वा घर र जग्गा दुवै हुने परिवार ................................................................................ १०२
तालिका ७५: साना घरेलु व्यवसाय सञ्चालन गर्ने परिवारको वितरण ........................................................................................................ १०२
तालिका ७६ : क्षेत्रअनुसार साना घरेलु व्यवसाय सञ्चालन गर्ने परिवार ...................................................................................................... १०३
तालिका ७७ : परिवारमा अनुपस्थित विदेश रहेका परिवारको सङ्ख्या ........................................................................................................ १०४
तालिका ७८ : परिवारमा अनुपस्थित विदेश रहेका व्यक्तिहरूको विदेश जाँदाको उमेर अनुसारको विवरण ........................................................... १०४
तालिका ७९: परिवारमा अनुपस्थित विदेश रहेका व्यक्ति तथा देश अनुसारको विवरण ................................................................................. १०५
तालिका ८०: परिवारमा अनुपस्थित विदेश रहेका व्यक्तिको कारण अनुसारको विवरण .................................................................................. १०६
तालिका ८१ : परिवारमा अनुपस्थित विदेश रहेका व्यक्तिको जाँदाको अवस्थाको शैक्षिक तह ......................................................................... १०७
तालिका ८२ : मृत्यु भएका पुरूष तथा महिलाको विवरण (% मा) ............................................................................................................ १०९
तालिका ८३: मृत्यु भएका व्यक्तिको मृत्युको कारण ............................................................................................................................ ११०
तालिका ८४ : १५ देखि ४९ वर्षका महिलाको मृत्यु हुँदाको कारणजन्य अवस्था ............................................................................................ ११०

तालिका ८५: कृषक सङ्ख्या, चलन गरेको जग्गाको क्षेत्रफल, कित्ता सङ्ख्या र सिंचित क्षेत्रफल ....... १११
तालिका ८६ : कृषक परिवारले चलन गरेको जग्गाको उपभोग....... १११
तालिका ८७: कृषक परिवारले चलन गरेको जग्गाको उपयोग ....... ११२
तालिका ८८ : पशुपन्छी पालन गरेको कृषकको विवरण ....... ११२
तालिका ८९ : पाल्तु चौपाया र पन्छीको सङ्ख्या र कृषक परिवार ....... ११३

# चित्र सूची

चित्र १ : वडा तहमा लैङ्गिक अनुपातको अवस्था (%) ....................................................................................................३
चित्र २ : गाउँपालिको कुल जनसङ्ख्यामध्ये वडागत वितरण (२०७८)...........................................................................३
चित्र ३ : वि.सं. २०६८ र २०७८ को वडागत जनसङ्ख्या वितरण (%)........................................................................ ४
चित्र ४ : गाउँपालिकामा वडाअनुसारको लैङ्गिक अनुपात ............................................................................................ ८
चित्र ५ : लैङ्गिक र उमेर समूह अनुसार परिवारमुलीको वितरण .....................................................................................१२
चित्र ६ : वडाअनुसार महिला परिवारमुली भएको परिवार प्रतिशतमा .............................................................................१३
चित्र ७ : गाउँपालिकाको जनसङ्ख्या पिरामिड ...............................................................................................................१७
चित्र ८ : शुद्धोधन गाउँपालिकाको वडास्तरको जनसङ्ख्या वृद्धिदर.................................................................................२०
चित्र ९ : गाउँपालिकामा रहेको प्रमुख १० जातजातिको विवरण (% मा) .........................................................................२३
चित्र १० : गाउँपालिकामा १०० भन्दा बढी व्यक्तिले बोल्ने मातृभाषाको विवरण (% मा) ................................................ २५
चित्र ११ : गाउँपालिकामा धर्मअनुसारको विवरण (% मा)...............................................................................................२६
चित्र १२ : दश वर्षमाथिको जनसङ्ख्याको वैवाहिक अवस्था...........................................................................................३०
चित्र १३ : दश वर्ष वा सोभन्दा माथिको जनसङ्ख्यामा पुरुष र महिलाको वैवाहिक उमेर (%) ..........................................३१
चित्र १४: वडाअनुसार विवाह गर्ने औसत उमेर...............................................................................................................३२
चित्र १५ : वडाअनुसार एकल महिलाको प्रतिशत.............................................................................................................३३
चित्र १६ : वडाअनुसार ६८ र सोभन्दा माथिका जनसङ्ख्या (प्रतिशत) ............................................................................३५
चित्र १७ : वडाअनुसार बुढ्यौली जनसङ्ख्या र सूचकाङ्क (प्रतिशत)................................................................................३६
चित्र १८: वडाअनुसार बालबालिकाको लैङ्गिक अनुपात..................................................................................................३७
चित्र १९ : वडाअनुसार बाल–आश्रित अनुपात................................................................................................................ ३९
चित्र २० : वडाअनुसार बाल विवाहको विद्यमानता स्थिति ............................................................................................. ४०
चित्र २१ : वडाअनुसार बालबालिकाको साक्षरतादर....................................................................................................... ४१
चित्र २२ : वडागत रूपमा अध्ययनरत तथा स्कुल बाहिर रहेका बालबालिकाको विवरण (५ मा) ..........................................४२
चित्र २३ : वडाअनुसार बालश्रम (गैरघरायसी र घरायसी क्षेत्र)...................................................................................... ४४
चित्र २४ : वडाअनुसार जन्मदर्ताको अवस्था..................................................................................................................४५
चित्र २५ : वडाअनुसार अपाङ्गता विद्यमानतादर ............................................................................................................४७
चित्र २६: अपाङ्गताको प्रकारअनुसारको जनसङ्ख्या (% मा)........................................................................................ ४८
चित्र २७: अपा·ता भएका व्यक्तिको साक्षरतादर .............................................................................................................४९
चित्र २८ : गाउँपालिकाको २०६८ र २०७८ को साक्षरतादर (% मा)...............................................................................५१
चित्र २९ : वडाअनुसार साक्षरतादर (% मा) ...................................................................................................................५३
चित्र ३० : गाउँपालिकाका  वर्ष वा सोभन्दा बढी उमेरका जनसङ्ख्याले उत्तीर्ण गरेको तह (% मा) ...................................५६
चित्र ३१: अध्ययन गरेको विषयक्षेत्र अनुसारको विवरण....................................................................................................५८
चित्र ३२ : अर्को स्थानीय तह वा जिल्लामा जन्म भई यस शुद्धोधन गाउँपालिकामा बसोबास गर्ने .......................................६१
चित्र ३३ : यसअघिको बसोबासको स्थानको आधारमा जनसङ्ख्या प्रतिशतमा..................................................................६२
चित्र ३४ : अर्को पालिका र अर्को जिल्लाबाट यस पालिकामा बसोबास गर्न आउनुको कारण (% मा) ..................................६३
**चित्र ३५: विदेशबाट यस पालिकामा बसोबास गर्न आउनुको कारण (% मा)**.................................................................. ६५
**चित्र ३६: अवधिका आधारमा आर्थिक काममा सक्रिय र निष्क्रिय जनसङ्ख्या (%)** ........................................................ ६९
**चित्र ३७ : आर्थिक रूपले सक्रिय जनसङ्ख्याको मुख्य पेसा अनुसारको विवरण** ............................................................ ७२
चित्र ३८ : औद्योगिक क्षेत्रअनुसार आर्थिक काममा संलग्न जनसङ्ख्या (%) .....................................................................७४
चित्र ३९ : वडाअनुसार गैरकृषि क्षेत्रका आर्थिक काममा संलग्न जनसङ्ख्या (%) .............................................................. ७५
चित्र ४० : घरायसी तथा गैरघरायसी क्षेत्रानुसार आर्थिक काममा संलग्नताअनुसार जनसङ्ख्या (%) .................................... ७७
**चित्र ४१ : दश वर्ष र सोभन्दा माथिका जनसङ्ख्याको आर्थिक काम नगर्नुको कारण** ......................................................७८
चित्र ४२ : प्रमुख प्रयोगअनुसार घरको वितरण (%)..........................................................................................................८०

चित्र ४३ : उमेर समूहअनुसार घरको आयु (%)........................................................................................................................८१
चित्र ४४: घरको स्वामित्वअनुसार पारिवारिक विवरण, २०६८ र २०७८........................................................................................८२
चित्र ४५ : घरको जगअनुसार पारिवारिक वितरण (%), २०६८ र २०७८......................................................................................८४
चित्र ४६ : घरको बाहिरी गारोअनुसार पारिवारिक वितरण ..................................................................................................८५
चित्र ४७: गाउँपालिकामा घरको छानोको प्रकारअनुसार परिवारको विवरण (% मा), २०६८ र २०७८...................................................८७
चित्र ४८ : वडा अनुसार घरको भुइँको माटो भएका परिवारको विवरण (% मा)...........................................................................८८
चित्र ४९ : वडाअनुसार घरको गुणस्तरका आधारमा परिवार प्रतिशतमा .....................................................................................८९
चित्र ५० : खानेपानीको स्रोतअनुसार परिवारको वितरण, २०६८ र २०७८ ...................................................................................९१
चित्र ५१ : वडाअुनसार खानेपानीको स्रोतमा ट्युबवेल/हातेपम्प प्रयोग गर्ने परिवार (%)..........................................................................९१
चित्र ५२ : गत एक दशकमा भएको परिवर्तन (% मा).............................................................................................................९३
चित्र ५३: वडाअनुसार खाना पकाउने इन्धन काठ/दाउरा प्रयोग गर्ने परिवार..........................................................................................९३
चित्र ५४ : बत्ती बाल्ने स्रोतको आधारमा परिवारको दशकीय वितरण..........................................................................................९४
चित्र ५५ : शौचालय प्रयोग गर्ने परिवारको दशकीय परिवर्तन (%)..........................................................................................९६
चित्र ५६ : साधारण शौचालय भएका परिवारको वडागत विवरण (%) ......................................................................................९६
चित्र ५७: परिवारमा उपलब्ध सेवा सुविधाको अवस्था ..........................................................................................................९८
चित्र ५८ : सम्पन्नताको वर्गीकरणअनुसार वडामा परिवारको वितरण (प्रतिशत)..................................................................................99
चित्र ५९: घर र जग्गामा महिलाको स्वामित्व (%).................................................................................................................१०२
चित्र ६० : कृषिबाहेक साना घरेलु व्यवसाय सञ्चालन गरेका परिवार (%)...........................................................................................१०३
चित्र ६१ : विदेशमा अनुपस्थित पुरूष र महिलाको उमेर समूह अनुसारको वितरण प्रतिशतमा.............................................................१०५
चित्र ६२ : पुरूष र महिलाको गन्तव्य देश/क्षेत्र (%)...............................................................................................................१०६
चित्र ६३ : गाउँपालिकाबाट परिवारमा अनुपस्थित विदेश रहेका व्यक्तिहरूको विदेश जाने प्रमुख कारण (%)...............................................१०७
चित्र ६४ : परिवारमा अनुपस्थित विदेश रहेका व्यक्तिको जाँदाको अवस्थाको शैक्षिक तह..........................................................................१०८

# नक्सासूची

नक्सा १ : शुद्धोधन गाउँपालिकाको वडाअनुसारको जनसङ्ख्या वितरण........................................६
नक्सा २ : गाउँपालिकाको वडाअनुसार जनघनत्व ........................................९
नक्सा ३ : वडाअनुसारको साक्षरतादर........................................५४

# तथ्याङ्कमा शुद्धोधन गाउँपालिका : (राष्ट्रिय जनगणना, २०७८)

| विवरण | तथ्याङ्क |
|---|---|
| परिवार सङ्ख्या | ८६७६ |
| जम्मा जनसङ्ख्या | ४१,९०७ |
| पुरुष | २०,५७० |
| महिला | २१,३३७ |
| औसत परिवार सङ्ख्या | ४.८ |
| लैङ्गिक अनुपात | ९६.४ |
| वार्षिक जनसङ्ख्या वृद्धिदर | १.८३ |
| जनघनत्व | ७२७ |
| १६ देखि ४० वर्षका युवाको जनसङ्ख्या | ७,९६० |
| ज्येष्ठ नागरिक (६० वर्ष माथि) | १,८६२ |
| ६८ वर्ष र सोभन्दा माथिको जनसङ्ख्या | १,८६२ |
| ६५ वर्ष र सोभन्दा माथिको जनसङ्ख्या | २,५५० |
| बालबालिका (०-१७) ( % मा) | ३९.८ |
| अनुपस्थित विदेश (जना) | २३६७ |
| एकल परिवार (% मा) | ५५.१ |
| संयुक्त परिवार (% मा) | ४४.९ |
| महिला परिवारमुली (% मा) | २६.४ |
| साक्षरतादर (% मा) | ८१.२ |
| पुरुष | ८८.७ |
| महिला | ७४.२ |
| बालबालिकाको साक्षरता दर | ९८.१ |
| विवाहित (% मा) | ६२.२ |
| पुरुष | ५९.९ |
| महिला | ६४.४ |
| बालविवाह | ११.२ |
| एकल महिला | १,३८७ |
| आश्रित बालबालिका अनुपात (% मा) | ३८.३ |
| आश्रित ज्येष्ठ नागरिक अनुपात (% मा) | ९.२ |
| अपाङ्गता ( % मा) | १.७ |
| जन्मदर्ता (५ वर्ष मुनिका) (% मा) | ६७.६ |

| विवरण | तथ्याङ्क |
|---|---|
| घरको स्वामित्व ( % मा) | |
| आफ्नै | ९३.४ |
| भाडामा | ५.७ |
| घरको जग (% मा) | |
| माटोजडित इँटा/ढुङ्गा | ८.८ |
| सिमेन्टजडित इँटा/ढुङ्गा | ४५.२ |
| ढलान पिल्लर सहितको | ४३.७ |
| घरको छाना (% मा) | |
| जस्ता/टिन/च्यादर | १६.६ |
| सिमेन्ट/ढलान | ७९.२ |
| परिवारमा खानेपानीको मुख्य स्रोत (% मा) | |
| घर परिसरभित्र र बाहिरको धारा/पाइप | ४०.५ |
| ट्युबवेल वा हातेपम्प | ५८.४ |
| परिवारमा खाना पकाउन अक्सर प्रयोग गरिने इन्धन (% मा) | |
| एल.पी.ग्यास | ५८.५ |
| काठ/दाउरा | ३३.७ |
| परिवारमा बत्ती बाल्न अक्सर प्रयोग गरिने स्रोत (% मा) | |
| बिजली | ९८.६ |
| सोलार/सौर्य उर्जा | ०.८ |
| कृषि बाहेकका साना घरेलु व्यवसाय सञ्चालन गर्ने परिवार (% मा) | ७.९ |
| शौचालय नभएको परिवार (% मा) | १.७ |
| महिलाको नाममा घर, जग्गा वा दुवै हुने परिवार (% मा) | २३.१ |
| कृषि क्षेत्रमा संलग्न जनसङ्ख्या प्रतिशत | ६१.६ |
| गैरकृषि आर्थिक काममा संलग्न जनसङ्ख्या प्रतिशत | ३८.३ |
| आर्थिक काममा संलग्नता (% मा) | ६५.८ |
| गैरघरायसी क्षेत्रमा संलग्न जनसङ्ख्या प्रतिशत | २३.३ |
| घरायसी क्षेत्रमा संलग्न जनसङ्ख्या प्रतिशत | ४२.५ |
| आर्थिक काम नगर्ने | ३४.२ |

# खण्ड १: परिचय

## १.१ परिचय

### गाउँपालिकाको पृष्ठभूमि

लुम्बिनी प्रदेशको रूपन्देही जिल्लाका कुल १६ ओटा स्थानीय तहहरूमध्ये बुटवल उपमहानगरपालिकासहित ६ ओटा नगरपालिका छन् भने १० ओटा गाउँपालिकाहरू रहेका छन् । शुद्धोधन गाउँपालिका यस जिल्लाका कुल १६ ओटा स्थानीय तहमध्ये जनसङ्ख्याका दृष्टिले १४ औं स्थानमा रहेको छ । क्षेत्रफलका दृष्टिले यो पालिका रूपन्देही जिल्लामा १२ औं स्थानमा रहेको छ । सहरीकरणका आधारमा हेर्दा यो गाउँपालिकाका सम्पूर्ण वडाहरू सहरोन्मुख वर्गमा पर्दछन् । जातिगत विविधताका आधारमा गाउँपालिका निकै समृद्ध देखिन्छ । यहाँ थारु, ब्राह्मण–पहाड, लोध, क्षेत्री, मल्लाह, यादव, मगर, विश्वकर्मा/कामी, केवट, नुनीयालगायत ५२ ओटा जातजातिको उपस्थिति रहेको छ । यस गाउँपालिकामा सर्वाधिक (२४.९%) थारु रहेका छन् भने दोस्रो ठुलो (१५.०%) जनसङ्ख्या ब्राह्मण–पहाड जातिको रहेको छ ।

### शुद्धोधन नामकरण

सिद्धार्थ गौतमका पिता शुद्धोधनको नामबाट यस गाउँपालिकाको नामकरण भएको हो ।[1] स्मरणीय छ कि शाक्यवंशीय शुद्धोधन ऐतिहासिक राज्य कपिलवस्तुका राजा थिए ।

### शुद्धोधन गाउँपालिकाको गठन

वि.सं. २०७३ साल फागुन २७ गते साबिकका सौ फर्साटीकर, मानपकडी, मानमटेरिया र खड्वा बनगाईंको समायोजन भई यस गाउँपालिकाको गठन भएको थियो । यस गाउँपालिकामा ७ ओटा वडाहरू रहेका छन् ।

### सिमाना

पूर्व : तिलोत्तमा नगरपालिका
पश्चिम : गैडहवा गाउँपालिका
उत्तर : सैनामैना नगरपालिका र बुटवल उपमहानगरपालिका
दक्षिण : सियारी गाउँपालिका र मायादेवी गाउँपालिका

**क्षेत्रफल** : ५७.६६ वर्ग किलोमिटर
**गाउँपालिकाको केन्द्र** : वडा नं. ७ स्थित मानपकडी
**मुख्य नदी** : तिनाउ, दानव, घमहा

*तालिका १ : गाउँपालिकामा रहेका प्रमुख १० ओटा जातजाति तथा ५ ओटा मातृभाषा र धर्म*

| क्र.सं. | प्रमुख १० जाति | % | क्र.सं. | जातजाति | % | क्र.सं. | प्रमुख भाषा | % | क्र.सं. | प्रमुख धर्म | % |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | थारु | २४.९ | ६ | यादव | ५.६ | १ | नेपाली | ३३.२ | १ | हिन्दु | ९५.८ |
| २ | ब्राह्मण - पहाड | १५.० | ७ | मगर | ५.० | २ | भोजपुरी | २६.८ | २ | बौद्ध | १.८ |
| ३ | लोध | ८.८ | ८ | विश्वकर्मा/कामी | २.८ | ३ | थारु | २३.८ | ३ | इस्लाम | १.९ |
| ४ | क्षेत्री | ८.० | ९ | केवट | २.४ | ४ | अवधी | १२.३ | ४ | क्रिस्चियन | ०.४ |
| ५ | मल्लाह | ६.६ | १० | नुनिया | १.९ | ५ | मगर ढुट | २.७ | ५ | | |

स्रोतः राष्ट्रिय जनगणना २०७८

[1] शुद्धोधन गाउँपालिका, *शुद्धोधन सन्देश* २०८१, वर्ष १, अङ्क १, पूर्णाङ्क १, आ.व. २०८०।८१

# खण्ड २: जनसाङ्ख्यिक विवरण

## २.१ जनसङ्ख्या र लैङ्गिक अनुपात

वि.सं. २०७८ को राष्ट्रिय जनगणनानुसार शुद्धोधन गाउँपालिकामा ८६७६ परिवार र कुल जनसङ्ख्या ४१,९०७ रहेको छ। कुल जनसङ्ख्यामा पुरुष २०,५७० (४९.१%) र महिला २१,३३७ (५०.९%) रहेका छन्। यहाँको औसत परिवार सङ्ख्या ४.८ जना रहेको छ अर्थात् १०० ओटा परिवारमा ४८० जना अक्सर बसोबास गर्ने सदस्य रहेका छन्। यस गाउँपालिकाको लैङ्गिक अनुपात ९६.४१ रहेको छ। यस अनुपातले प्रति १००० जना महिला बराबर करिब ९६४ जना पुरुष रहेका छन् भन्ने देखिन्छ। यो अनुपातले यहाँ पुरुषको सङ्ख्या थोरै कम छ भन्ने देखाएको छ।

यस गाउँपालिकामा १ ओटा संस्थागत परिवारहरूमा कुल १५ जनसङ्ख्या रहेको देखिन्छ जसमध्ये सबै जना पुरुष रहेका छन्। स्मरणीय छ कि संस्थागत परिवारमा सेना र प्रहरीको ब्यारेकमा बस्ने सेना तथा प्रहरी, छात्राबासमा बस्ने विद्यार्थी, बालगृहमा बस्ने बालबालिका, कारागारमा बस्ने कैदी, वृद्धाश्रममा बस्ने वृद्धवृद्धा आदि समावेश भएका हुन्छन्।

वि.सं. २०६८ मा शुद्धोधन गाउँपालिकामा ६१४५ परिवार र कुल ३४,६३८ जनसङ्ख्या रहेको थियो।

जनघनत्व सम्बन्धमा यस गाउँपालिकामा प्रतिवर्ग किलोमिटर क्षेत्रफलभित्र ७२७ जना मानिस बसोबास गर्दछन्। पछिल्लो जनगणना २०७८ अनुसार यस गाउँपालिकाको वार्षिक जनसङ्ख्या वृद्धिदर १.८३ प्रतिशत रहेको छ (तालिका २)।


*तालिका २: परिवार सङ्ख्या, जनसङ्ख्या तथा लैङ्गिक अनुपात*

| क्षेत्र | २०६८ | | | २०७८ | | | | | | | | वार्षिक जनसङ्ख्या वृद्धिदर |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | परिवार संख्या | जनसङ्ख्या | वडाको प्रतिशत | परिवार संख्या | जनसङ्ख्या | | | वडाको प्रतिशत | औसत परिवार आकार | लैङ्गिक अनुपात | जनघनत्व | |
| | | | | | जम्मा | पुरुष | महिला | | | | | |
| शुद्धोधन | ६,१४५ | ३४,६३८ | १०० | ८,६७६ | ४१,९०७ | २०,५७० | २१,३३७ | १०० | ४.८३ | ९६.४ | ७२७ | १.८३ |
| वडा | | | | | | | | | | | | |
| १ | ८५० | ५,५२४ | १५.९ | १०८८ | ६४०१ | ३२७१ | ३१३० | १५.३ | ५.८८ | १०४.५ | ६१७ | १.४१ |
| २ | ९६१ | ५,००१ | १४.४ | १३५३ | ५९६३ | २८६७ | ३०९६ | १४.२ | ४.४१ | ९२.६ | ७१६ | १.६९ |
| ३ | ९८० | ४,६१४ | १३.३ | १४५७ | ६२९२ | २९८७ | ३३०५ | १५.० | ४.३२ | ९०.४ | ८७७ | २.९८ |
| ४ | १,०१२ | ५,०४९ | १४.६ | १५५० | ६४९५ | ३१३१ | ३३६४ | १५.५ | ४.१९ | ९३.१ | ११२६ | २.४२ |
| ५ | ८९२ | ५,००४ | १४.४ | १२४६ | ६०२० | २९१४ | ३१०६ | १४.४ | ४.८३ | ९३.८ | ६३० | १.७७ |
| ६ | ७१४ | ४,३१८ | १२.५ | ९५५ | ४९३६ | २४५५ | २४८१ | ११.८ | ५.१७ | ९९.० | ७०५ | १.२८ |
| ७ | ७३६ | ५,१२८ | १४.८ | १०२७ | ५८०० | २९४५ | २८५५ | १३.८ | ५.६५ | १०३.२ | ६२० | १.१८ |
| शुद्धोधन | ६,१४५ | ३४,६३८ | १००.० | ८६७६ | ४१९०७ | २०५७० | २१३३७ | १००.० | ४.८३ | ९६.४ | ७२८ | १.८३ |

स्रोत: राष्ट्रिय जनगणना २०६८ र २०७८

जनसङ्ख्याको विश्लेषणमा लैङ्गिक अनुपात अत्यन्त महत्वपूर्ण आयाम हो। पुरुष र महिलाको जनसङ्ख्यामा विद्यमान रहन सक्ने समता वा विषमतालाई लैङ्गिक अनुपातले प्रतिविम्बित गर्दछ। त्यसैगरी भविष्यमा कुनै स्थान विशेषको जनसङ्ख्यामा हुनसक्ने परिवर्तनका साथसाथै समाजमा पुरुष र महिलाको उपस्थिति र गैरउपस्थितिका सवाललाई समेत लैङ्गिक अनुपातले उजागर गर्दछ। सबैभन्दा उच्च (१०४.५) लैङ्गिक अनुपात भएको वडा नं. १ हो भने सबैभन्दा न्यून (९०.०) लैङ्गिक अनुपात वडा नं. ३ मा रहेको छ। गाउँपालिकाको समग्र लैङ्गिक अनुपात (९६.४१) भन्दा कम लैङ्गिक अनुपात हुने वडाहरू ४ ओटा र बढी हुने वडाहरू २ ओटा रहेका छन् जसलाई चित्रमा ठाडो रातो रेखाद्वारा संकेत गरिएको छ (चित्र १ )।


*चित्र १ : वडा तहमा लैङ्गिक अनुपातको अवस्था (%)*




## २.२ गाउँपालिकाको वि.सं. २०६८ र २०७८ को जनसाङ्ख्यिक स्थिति


वि.सं. २०६८ र २०७८ को तुलना गर्दा यस गाउँपालिकाका सम्पूर्ण वडामा जनसङ्ख्या बढेको देखिन्छ । विगत १० वर्षमा जनसङ्ख्या अत्यधिक बढेका वडाहरू क्रमशः ३, ४, ५, २ र १ हुन् । बाँकी वडामा जनसङ्ख्या मध्यमस्तरले बढेको देखिन्छ । राष्ट्रिय जनगणनाअनुसार वडा तहमा सर्वाधिक (१५.५%) जनसङ्ख्या वडा नं. ४ मा छ भने सबैभन्दा कम (११.८%) जनसङ्ख्या वडा नं. ६ मा रहेको देखिन्छ । वडा विशेषमा जनसङ्ख्या असमान हुनुमा पूर्वाधारको अवस्थालगायत विविध कारण अन्तरनिहीत हुनसक्छन् । तिनको बेग्लै अध्ययन हुनसक्छ ।

*चित्र २: गाउँपालिकाको कुल जनसङ्ख्यामध्ये वडागत वितरण (२०७८)*



यस गाउँपालिकाको वि.सं. २०६८ र २०७८ को वडागत जनसङ्ख्यामा आएको परिवर्तन चित्र ३ मा प्रस्तुत गरिएको छ। विगत १० वर्षमा सम्पूर्ण वडामा जनसङ्ख्या बढेको छ। जनसङ्ख्या बढेको भए तापनि कुल जनसङ्ख्या विभिन्न वडामा फरक फरक अनुपातमा वितरण भएको देखिन्छ। वि.सं. २०६८ मा उक्त वर्षको सर्वाधिक (१५.९%) जनसङ्ख्या वडा नं. १ मा रहेको र सबैभन्दा न्यून (१२.५%) वडा नं. ६ मा रहेको थियो । दश वर्षपछि वि.सं. २०७८ मा सबैभन्दा बढी हिस्सा (१५.५%) वडा नं. ४ मा र सबैभन्दा कम हिस्सा (११.८%) वडा नं. ६ मा रहेको देखिन्छ।

*चित्र ३ : वि.सं. २०६८ र २०७८ को वडागत जनसङ्ख्या वितरण (%)*




### २.२.१ अक्सर बसोबास: शुद्धोधन गाउँपालिका, नेपालभित्रै अरू स्थान र विदेश

शुद्धोधन गाउँपालिका स्थायी बसोबास भई अक्सर नेपालभित्रै अन्यत्र बसोबास गर्नका लागि ४५८ परिवारबाट कम्तीमा एक जना गएको देखिएको छ। ती ४५८ ओटा परिवारबाट ८९७ जना व्यक्ति नेपालभित्रै अन्यत्र बसोबास गरेको पाइएको छ। त्यसैगरी यस स्थानका १,८७२ परिवारबाट कम्तीमा एक जना व्यक्ति विदेशमा अक्सर बसोबास गर्ने गएको देखिएको छ। यी परिवारबाट कुल २,३३७ जना विदेश गएका छन्। नेपालभित्रै अनुपस्थित रहने पुरुष र महिलाको अनुपातमा उल्लेखनीय भिन्नता देखिन्छ भने विदेशमा अनुपस्थित रहनेमा महिलाभन्दा पुरुष सात गुणाभन्दा बढी रहेको छ (तालिका ३)।

तालिका ३: *गाउँपालिका, नेपालको अन्य स्थान र विदेशमा अक्सर बसोबास गर्ने जनसङ्ख्या*


| अक्सर बसोबासको स्थान | परिवार संख्या | जनसङ्ख्या | | |
|---|---|---|---|---|
| | | जम्मा | पुरुष | महिला |
| अक्सर बसोबास गर्ने | ८६७६ | ४१९०७ | २०५७० | २१३३७ |
| नेपालको अन्य स्थानमा बसोबास गर्ने | ४५८ | ८९७ | ५६६ | ३३१ |
| विदेशमा अक्सर बसोबास गर्ने | १८७२ | २३३७ | २०५३ | २८४ |

वडास्तरमा अनुपस्थित विदेश हुनेको सबैभन्दा उच्च सङ्ख्या (६६८ जना) वडा नं. ३ मा रहेको देखिन्छ भने स्वदेशमै अनुपस्थित हुनेहरूमध्ये सर्वाधिक सङ्ख्या वडा नं. ३ (३१६ जना) मा रहेको देखिन्छ। विदेशमा अनुपस्थित सबैभन्दा न्यून सङ्ख्या वडा नं. १ मा १२४ जना छ भने स्वदेशमा अनुपस्थित सबैभन्दा न्यून (२१ जना) वडा नं. १ र ६ मा रहेको देखिन्छ।

तालिका ४ : वडाअनुसार अक्सर बसोबास, अनुपस्थित स्वदेश र अनुपस्थित विदेशको विवरण

| वडा | अक्सर बसोबास | | | अनुपस्थित स्वदेश | | | अनुपस्थित विदेश | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला |
| १ | ६,४०१ | ३,२७१ | ३,१३० | २१ | १५ | ६ | १२४ | ११८ | ६ |
| २ | ५,९६३ | २,८६७ | ३,०९६ | १७४ | १२१ | ५३ | ३७१ | ३३२ | ३९ |
| ३ | ६,२९२ | २,९८७ | ३,३०५ | ३१६ | १८५ | १३१ | ६६८ | ५५३ | ११५ |
| ४ | ६,४९५ | ३,१३१ | ३,३६४ | १९१ | ११९ | ७२ | ५७५ | ४९९ | ७६ |
| ५ | ६,०२० | २,९१४ | ३,१०६ | १३१ | ८० | ५१ | २६६ | २४३ | २३ |
| ६ | ४,९३६ | २,४५५ | २,४८१ | २१ | १९ | २ | १८८ | १६९ | १९ |
| ७ | ५,८०० | २,९४५ | २,८५५ | ४३ | २७ | १६ | १४५ | १३९ | ६ |
| शुद्धोधन | ४१,९०७ | २०,५७० | २१,३३७ | ८९७ | ५६६ | ३३१ | २,३३७ | २,०५३ | २८४ |

नक्सा १: शुद्धोधन गाउँपालिकाको वडाअनुसारको जनसङ्ख्या वितरण



## २.३ सहरी तथा ग्रामीण जनसङ्ख्या

विगतमा नगरपालिकालाई सहरी क्षेत्रका रूपमा र गाउँपालिकालाई ग्रामीण क्षेत्रका रूपमा स्वतः वर्गीकरण गरी सहरी तथा ग्रामीण जनसङ्ख्या निकाल्ने अभ्यास रहेको थियो । राष्ट्रिय जनगणना २०७८ का विषयगत नतिजा प्रकाशन गर्ने सिलसिलामा सहरी तथा ग्रामीण क्षेत्रको वर्गीकरणमा नयाँ अवधारणा अनुशरण गरिएको छ । यसअनुसार गाउँपालिकामा पनि सहरी, अर्धसहरी र ग्रामीण प्रकृतिका वडाहरू हुनसक्छन् भने गाउँपालिकामा पनि कुनै वडा सहरी, कुनै अर्धसहरी र कुनै ग्रामीण प्रकृतिका हुनसक्दछन् । यसै वस्तुतथ्यलाई अङ्गीकार गर्दै राष्ट्रिय तथ्याङ्क कार्यालयले वि.सं. २०८० मा सहरी तथा ग्रामीण क्षेत्रको श्रेणीगत वर्गीकरण नामक प्रतिवेदन प्रकाशन गरेको छ र यसमा देशका ७५३ ओटै स्थानीय तहका वडाहरूलाई निश्चित आधारमा सहरी, अर्धसहरी र ग्रामीण वडाका रूपमा वर्गीकरण गरेको छ ।

यस शुद्धोधन गाउँपालिकाको सम्पूर्ण वडाको समग्र जनसङ्ख्या सहरोन्मुख जनसङ्ख्यामा पर्दछ ।


## २.४ गाउँपालिकाको वडागत लैङ्गिक अनुपात

यस गाउँपालिकामा वडागत रूपमा हेर्दा लैङ्गिक अनुपातमा उल्लेखनीय विषमता रहेको देखिन्छ । गाउँपालिकाको लैङ्गिक अनुपात सँग तुलना गर्दा ४ ओटा वडा (२, ३, ४ र ५) को ९६.५ भन्दा कम छ भने बाँकी ३ ओटा वडा (१, ६ र ७) को लैङ्गिक अनुपात गाउँपालिकाको समग्र अनुपातभन्दा माथि रहेको छ । गाउँपालिकाको औसत लैङ्गिक अनुपातलाई चित्रमा खण्डित रातो रेखामार्फत प्रस्तुत गरिएको छ । वडामध्ये सबैभन्दा उच्च लैङ्गिक अनुपात वडा नं. १ मा १०४.५ छ भने सबैभन्दा न्यून वडा नं. ३ मा ९०.४ रहेको छ (तालिका ५ र चित्र ४) ।


तालिका ५: शुद्धोधन गाउँपालिकामा लैङ्गिक अनुपात (प्रति १०० महिलामा पुरुष सङ्ख्या)

| वडा | जम्मा | पुरुष | महिला | लैङ्गिक अनुपात |
|---|---|---|---|---|
| शुद्धोधन | ४१,९०७ | २०,५७० | २१,३३७ | ९६.४ |
| १ | ६४०१ | ३२७१ | ३१३० | १०४.५ |
| २ | ५९६३ | २८६७ | ३०९६ | ९२.६ |
| ३ | ६२९२ | २९८७ | ३३०५ | ९०.४ |
| ४ | ६४९५ | ३१३१ | ३३६४ | ९३.१ |
| ५ | ६०२० | २९१४ | ३१०६ | ९३.८ |
| ६ | ४९३६ | २४५५ | २४८१ | ९९.० |
| ७ | ५८०० | २९४५ | २८५५ | १०३.२ |

चित्र ४: गाउँपालिकामा वडाअनुसारको लैङ्गिक अनुपात



नक्सा २ : गाउँपालिकाको वडाअनुसार जनघनत्व



## २.५ परिवारको संरचना

परिवारको बनावटलाई गत जनगणनामा दुई प्रकारमा वर्गीकृत गरेर विवरण सङ्कलन गरिएको थियो । पहिलो एकल परिवार र दोस्रो संयुक्त परिवार । प्रयोगकर्ताको सुविधाको लागि एकल र संयुक्त परिवारको अवधारणा यहाँ प्रस्तुत गर्नु सान्दर्भिक हुन्छ ।

एकल परिवार भन्नाले एकै घरमा बसोबास गर्नुका साथसाथै देहायको शर्त पूरा भएको हुनुपर्दछ ।

क) बाबु, आमा (दुई जना) र अविवाहित छोरा/छोरी भएको परिवार,
ख) श्रीमान्–श्रीमती मात्र भएको परिवार,
ग) परिवारमा एकजना मात्र सदस्य भएको,
घ) अविवाहित दाजुभाइ, दिदीबहिनी मात्र भएको परिवार सम्झनुपर्छ ।

एकल परिवारको यस परिभाषाभित्र नपर्ने सम्पूर्ण परिवार संयुक्त परिवारमा पर्दछन् ।

परिवारको संरचनाले खास भूगोल वा प्रशासनिक क्षेत्रको सामाजिक स्वरूप र पारिवारिक आयाममा भइरहेका परिवर्तनहरूलाई प्रतिविम्बित गर्दछ । कुनै व्यक्ति वा परिवारको सोच, पृष्ठभूमि, परम्परा, पेसा, व्यवसाय, आवश्यकता, सामाजिक वातावरण र बाध्यता लगायतका कारणले पनि परिवारको संरचना निर्देशित हुने गर्दछ ।

शुद्धोधन गाउँपालिकाको कुल जनसङ्ख्यामध्ये ५५.१ प्रतिशत एकल परिवारमा बसोबास गर्दछन् भने बाँकी ४४.९ प्रतिशत जनसङ्ख्या संयुक्त परिवारभित्र अक्सर बसोबास गर्दछन् (तालिका ६) । वडा तहमा हेर्दा एकल परिवारको सर्वाधिक (६०.४%) हिस्सा वडा नं. ४ मा रहेको छ भने एकल परिवार सबैभन्दा न्यून (४८.९%) वडा नं. १ मा रहेको छ । संयुक्त परिवारको अनुपात सर्वाधिक (५१.१%) वडा नं. १ मा रहेको छ भने यो अनुपात सबैभन्दा कम (३९.६%) वडा नं. ४ मा रहेको छ ।

तालिका ६ : परिवारको संरचनागत विवरण

| वडा | जम्मा | | एकल परिवार | | संयुक्त परिवार | |
|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| शुद्धोधन | ८६७६ | १०० | ४७७९ | ५५.१ | ३८९७ | ४४.९ |
| १ | १०८८ | १०० | ५३२ | ४८.९ | ५५६ | ५१.१ |
| २ | १३५३ | १०० | ७७० | ५६.९ | ५८३ | ४३.१ |
| ३ | १४५७ | १०० | ८०३ | ५५.१ | ६५४ | ४४.९ |
| ४ | १५५० | १०० | ९३६ | ६०.४ | ६१४ | ३९.६ |
| ५ | १२४६ | १०० | ६८५ | ५५.० | ५६१ | ४५.० |
| ६ | ९५५ | १०० | ५२९ | ५५.४ | ४२६ | ४४.६ |
| ७ | १०२७ | १०० | ५२४ | ५१.० | ५०३ | ४९.० |

## २.६ परिवारमुली

परिवारभित्रै अक्सर बसोबास भएको सदस्यमध्येबाट परिवारको महत्वपूर्ण जिम्मेवारी वहन गर्ने, परिवार सञ्चालनको लागि आवश्यक चाँजोपाँजो मिलाउने र पारिवारिक विषयमा निर्णय लिने व्यक्ति नै परिवारमुली हो । परिवारमुली पुरुष वा महिला जो पनि हुनसक्दछ । परिवारमुलीको उमेर, पेसा, व्यवसाय, शिक्षा, स्वास्थ्य, निर्णय क्षमता आदि विषयले समग्र परिवारको आर्थिक, सामाजिक, धार्मिक, सांस्कृतिक अवस्थालाई धेरै हदसम्म निर्धारण गर्दछ । परिवारभित्र कसले परिवारमुलीको भूमिका निर्वाह गर्दछ भन्ने विषय अक्सर परिवार र समाजअनुसार फरक पर्दछ । तथापि, उमेर र अनुभवले परिपक्व, आम्दानी–खर्चको प्रबन्ध मिलाउन सक्ने, आवश्यकतानुसार निर्णय लिन सक्ने व्यक्ति नै सामान्यतया परिवारमुली हुने गर्दछ । विशेष अवस्थामा बालबालिकाले पनि परिवारमुलीको जिम्मेवारी वहन गरेका हुनसक्दछन् ।


शुद्धोधन गाउँपालिकामा कुल ८,६७६ परिवार रहेका छन् भने तीमध्ये २६.४ प्रतिशत परिवारमा महिला परिवारमुली रहेका छन् । पुरुष परिवारमुली ७३.५ प्रतिशत रहेका देखिन्छन् ।

उमेर समूहअनुसार हेर्दा सर्वाधिक (२५.४%) परिवारमुली ३०–३९ वर्ष उमेर समूहमा रहेका देखिन्छन् भने दोस्रोदेखि पाँचौं स्थानसम्म क्रमशः ४०–४९ (२४.०%), ५०–५९ (२०.३%), ६०–६९ (१४.१%) र २०–२९ (८.८%) उमेर समूहका व्यक्तिहरू रहेका छन् । महिलातर्फ सर्वाधिक (३२.२%) परिवारमुली ३०–३९ वर्ष उमेर समूहमा र पुरुषतर्फ सर्वाधिक (२४.०%) परिवारमुली ४०–४९ उमेर समूहमा रहेका देखिन्छन् । अर्को रोचक पक्ष के छ ७.१ प्रतिशत परिवारमा ७० वर्षभन्दा माथिका बृद्धबृद्धाले परिवारमुलीको भूमिका वहन गरेको देखिन्छ (तालिका ७, चित्र ५) ।

तालिका ७ : शुद्धोधन गाउँपालिकामा पुरुष तथा महिला परिवारमुलीको वितरण

| उमेर समूह | जम्मा परिवार | | पुरुष | | महिला | |
|---|---|---|---|---|---|---|
| | संख्या | % | संख्या | % | संख्या | % |
| १४ मुनि | ४ | ०.० | १ | ०.० | ३ | ०.१ |
| १५-१९ | २७ | ०.३ | २१ | ०.३ | ६ | ०.३ |
| २०-२९ | ७६२ | ८.८ | ४८१ | ७.५ | २८१ | १२.२ |
| ३०-३९ | २२०१ | २५.४ | १४६३ | २२.९ | ७३८ | ३२.२ |
| ४०-४९ | २०८२ | २४.० | १५३३ | २४.० | ५४९ | २३.९ |
| ५०-५९ | १७५९ | २०.३ | १३९८ | २१.९ | ३६१ | १५.७ |
| ६०-६९ | १२२१ | १४.१ | ९९५ | १५.६ | २२६ | ९.९ |
| ७० माथि | ६२० | ७.१ | ४९० | ७.७ | १३० | ५.७ |
| जम्मा | ८६७६ | १०० | ६३८२ | १००.० | २२९४ | १००.० |

चित्र ५: लैङ्गिक र उमेर समूह अनुसार परिवारमुलीको वितरण





## २.६.१ वडागत महिला परिवारमुली

महिला सशक्तीकरणमा केन्द्रित राज्यका नीति र संघसंस्थाको आधारभूमिबाट हेर्दा कुन स्थानमा कति महिला परिवारमुली छन् भन्ने सवाल महत्वपूर्ण हुन्छ ।

जनगणनाबाट सङ्कलन गरिएका जनसाङ्ख्यिक विवरणले केन्द्रदेखि स्थानीय तहसम्मको जनसाङ्ख्यिक, सामाजिक एवम् आर्थिक नीति तथा योजना तर्जुमा र कार्यान्वयनमा विशेष भूमिका खेल्ने हुँदा तथ्याङ्क गुणस्तरीय हुनुपर्ने अपेक्षा राखिन्छ । गुणस्तरीय तथ्याङ्क प्राप्तिको एउटा सर्त भनेको उत्तरदाताको परिपक्वता र इमान्दारी पनि हो । परिवारमुली नै उत्तरदाता हुँदाको अवस्थामा परिवारका सदस्य र परिवारको विवरण जति सत्यतथ्यको नजिक हुन्छ त्यो अरू सदस्य उत्तरदाता भएको खण्डमा त्यति वस्तुगत नहुन पनि सक्दछ । परिवारमुलीको उमेर, साक्षरता र अभिभावकीय सक्षमताले सिंगो परिवारको अवस्थालाई सकारात्मक वा नकारात्मक प्रभाव पार्दछ ।

वडा तहमा महिला परिवारमुलीको वितरण तुलना गर्दा सर्वाधिक (४१.५%) वडा नं. ४ मा रहेको देखियो भने वडा नं. ७ मा महिला परिवारमुली सबैभन्दा न्यून (१४.५%) रहेको देखियो । वडा नं. १, ५, ६ र ७ मा महिला परिवारमुली समग्र गाउँपालिकाको औसत मान (२६.४%) भन्दा कम रहेको छ भने बाँकी ३ ओटा वडामा महिला परिवारमुलीको हिस्सा २७ देखि करिब ४१ प्रतिशतसम्म रहेको देखिन्छ (चित्र ६) । यसका पछाडि रहेका सम्भावित सामाजिक, सांस्कृतिक, आर्थिक वा जनसाङ्ख्यिक ( बसाइँसराइ, परिवारको संरचना आदि) कारण थप अध्ययनका लागि राम्रो विषय हुनसक्छ ।

चित्र ६ः वडाअनुसार महिला परिवारमुली भएको परिवार प्रतिशतमा




## २.७ परिवारमुलीसँगको नाताअनुसार जनसङ्ख्या

परिवारमुलीसँगको नाताअनुसार सबैभन्दा ठुलो समूह (३१.५%) छोराबुहारीको छ भने दोस्रो (१५.८%) र तेस्रो ठुला (१४.३%) समूह क्रमशः छोरी/ज्वाइँ र श्रीमान्/श्रीमतीको रहेको छ । नातिनातिनीको हिस्सा १२.२ प्रतिशतसहित चौथो क्रममा छ भने परिवारमुलीसँग बाबुआमा नाता पर्ने व्यक्ति २.५ प्रतिशत रहेका छन् । परिवारमुलीको दाजुभाइ/दिदीबहिनी नाताका पारिवारिक सदस्य १.४ प्रतिशत रहेको देखिन्छ (तालिका ८) ।

तालिका ८ः परिवारमुलीसँगको नाताअनुसारको विवरण

| परिवारमुलीको नाता | जम्मा | | पुरुष | | महिला | |
|---|---|---|---|---|---|---|
| | संख्या | % | संख्या | % | संख्या | % |
| जम्मा | ४१९०७ | १००.० | २०५७० | १०० | २१३३७ | १०० |
| परिवारमुली | ८६७६ | २०.७ | ६३८२ | ३१.० | २२९४ | १०.८ |
| श्रीमान्/श्रीमती | ६६२८ | १५.८ | ६४९ | ३.२ | ५९७९ | २८.० |
| छोरा/बुहारी | १३१८६ | ३१.५ | ९८१४ | ४७.७ | ३३७२ | १५.८ |
| छोरी/ज्वाइँ | ५९८८ | १४.३ | ३० | ०.१ | ५९५८ | २७.९ |
| बुवा/आमा | १०४३ | २.५ | ३४२ | १.७ | ७०१ | ३.३ |
| सासु/ससुरा | २३६ | ०.६ | ७९ | ०.४ | १५७ | ०.७ |
| दाजुभाइ/दिदीबहिनी | ५८० | १.४ | ३८९ | १.९ | १९१ | ०.९ |
| नाति/नातिनी | ५१०९ | १२.२ | २७२२ | १३.२ | २३८७ | ११.२ |
| अन्य | ४२९ | १.० | १४० | ०.७ | २८९ | १.४ |

| परिवारमुलीको नाता | जम्मा | | पुरुष | | महिला | |
|---|---|---|---|---|---|---|
| | संख्या | % | संख्या | % | संख्या | % |
| घरेलु कामदार | १४ | ०.० | ८ | ०.० | ६ | ०.० |
| नाता नपर्ने | १८ | ०.० | १५ | ०.१ | ३ | ०.० |

## २.८ उमेरगत जनसङ्ख्या

समग्र जनसङ्ख्याभित्र कुन उमेरको जनसङ्ख्या कति छ भन्ने प्रश्न महत्वपूर्ण हुन्छ । कुल जनसङ्ख्यामा बालबालिका (बाल आश्रित जनसङ्ख्या), युवा, प्रौढ र वृद्धवृद्धा (ज्येष्ठ नागरिक आश्रित जनसङ्ख्या) हुने हुनाले उमेरगत जनसङ्ख्याको वितरण विश्लेषण गर्नु उपयुक्त मानिन्छ । एकल उमेर समूहको जनसङ्ख्याबाट प्रयोगकर्ताले आफ्नो आवश्यकतानुसार विभिन्न उमेर वर्गमा विभाजन गरेर विश्लेषण गर्न सहज हुन्छ । जनगणनाबाट प्राप्त तथ्याङ्कलाई एकल उमेरअनुसार ० देखि ९० र सोभन्दा माथि गरी कुल ९१ ओटा समूहमा उपलब्ध गराइएको छ ।

शुद्धोधन गाउँपालिकामा एकल उमेर समूहअनुसार सर्वाधिक (२.७%) जनसङ्ख्या २० वर्ष उमेर समूहको छ भने त्यसपछिका चार स्थान क्रमशः १८ (२.६%), ३० (२.५%), २५ (२.४%) र २२ (२.३%) नं. एकल उमेर समूह रहेका छन् । पुरुषको सर्वाधिक (२.८%) हिस्सा १८ वर्ष उमेर समूहमा छ भने महिलातर्फ सर्वाधिक २० वर्ष उमेर समूहमा रहेको छ (तालिका ९) ।

तालिका ९ : उमेरगत (Single Year) जनसङ्ख्या

| उमेर समूह | जम्मा | | पुरुष | | महिला | |
|---|---|---|---|---|---|---|
| | जनसङ्ख्या | प्रतिशत | जनसङ्ख्या | प्रतिशत | जनसङ्ख्या | प्रतिशत |
| जम्मा | ४१९०७ | १००.० | १४८७७ | १००.० | १६८३३ | १००.० |
| ० | ६२७ | १.५ | २४६ | १.७ | २७२ | १.३ |
| १ | ६०२ | १.४ | २४८ | १.६ | २३२ | १.३ |
| २ | ७१० | १.७ | ३०७ | १.८ | २७७ | १.६ |
| ३ | ७७८ | १.९ | २९५ | २.० | २७२ | १.७ |
| ४ | ६९० | १.६ | ३१४ | १.८ | २५४ | १.५ |
| ५ | ७५८ | १.८ | २४५ | १.९ | २७६ | १.७ |
| ६ | ७४४ | १.८ | ३२४ | २.० | २९५ | १.६ |
| ७ | ६८० | १.६ | २७७ | १.७ | २६३ | १.५ |
| ८ | ८१७ | १.९ | ३४९ | २.१ | ३१४ | १.८ |
| ९ | ६१० | १.५ | ३३४ | १.६ | ३०४ | १.३ |
| १० | ८३३ | २.० | ३६६ | २.२ | ३२६ | १.८ |
| ११ | ६६८ | १.६ | ३०८ | १.८ | ३१५ | १.४ |
| १२ | ८३८ | २.० | ३६१ | २.२ | ३१४ | १.८ |
| १३ | ७६९ | १.८ | ३८० | १.९ | ३५९ | १.७ |
| १४ | ७७८ | १.९ | ३९६ | २.० | ३८१ | १.७ |
| १५ | ८०४ | १.९ | ३८८ | १.९ | ३६७ | २.० |
| १६ | ९११ | २.२ | ३६८ | २.२ | ३७२ | २.१ |
| १७ | ७७४ | १.८ | ३३२ | १.९ | ३४१ | १.८ |
| १८ | १०९६ | २.६ | ३४२ | २.८ | ३९५ | २.५ |

| उमेर समूह | जम्मा | | पुरुष | | महिला | |
|---|---|---|---|---|---|---|
| | जनसङ्ख्या | प्रतिशत | जनसङ्ख्या | प्रतिशत | जनसङ्ख्या | प्रतिशत |
| १९ | ७६६ | १.८ | ३०४ | १.८ | ३२२ | १.९ |
| २० | ११२० | २.७ | २७५ | २.५ | ३२८ | २.८ |
| २१ | ७५२ | १.८ | २२० | १.८ | ३२६ | १.८ |
| २२ | ९५१ | २.३ | २७० | २.१ | ३४९ | २.५ |
| २३ | ७७७ | १.९ | २३५ | १.७ | ३३६ | २.० |
| २४ | ८१३ | १.९ | २१९ | १.७ | २९७ | २.१ |
| २५ | ९८५ | २.४ | २१२ | २.३ | ३५४ | २.४ |
| २६ | ८३४ | २.० | २५७ | १.९ | ३१५ | २.१ |
| २७ | ६२३ | १.५ | १६२ | १.४ | २५९ | १.६ |
| २८ | ९२१ | २.२ | २२८ | २.० | २९५ | २.४ |
| २९ | ५४१ | १.३ | १९६ | १.१ | २५३ | १.५ |
| ३० | १०४८ | २.५ | २०९ | २.४ | २७८ | २.६ |
| ३१ | ४५० | १.१ | १५८ | १.० | २०० | १.१ |
| ३२ | ७०२ | १.७ | २०२ | १.६ | २८१ | १.८ |
| ३३ | ५८८ | १.४ | १८१ | १.३ | २८१ | १.५ |
| ३४ | ५४८ | १.३ | १८७ | १.२ | २५१ | १.४ |
| ३५ | ९६८ | २.३ | १७७ | २.१ | २५८ | २.५ |
| ३६ | ५९४ | १.४ | १७१ | १.३ | २७२ | १.६ |
| ३७ | ४५१ | १.१ | १६९ | १.० | २०६ | १.१ |
| ३८ | ७४५ | १.८ | २०४ | १.७ | २६४ | १.९ |
| ३९ | ४७१ | १.१ | १६८ | १.१ | २०९ | १.२ |
| ४० | ९८५ | २.४ | २१४ | २.५ | २५० | २.२ |
| ४१ | ३५७ | ०.९ | १३७ | ०.९ | १५८ | ०.८ |
| ४२ | ५२९ | १.३ | १६५ | १.२ | २४२ | १.३ |
| ४३ | ३७० | ०.९ | १८३ | ०.८ | २३८ | १.० |
| ४४ | २८८ | ०.७ | १३९ | ०.६ | १८० | ०.८ |
| ४५ | ६४९ | १.५ | १४७ | १.६ | १९० | १.५ |
| ४६ | ३३८ | ०.८ | १९१ | ०.७ | २०८ | ०.९ |
| ४७ | २४९ | ०.६ | १३४ | ०.६ | १५१ | ०.६ |
| ४८ | ४१६ | १.० | १६८ | ०.९ | १८३ | १.१ |
| ४९ | २४३ | ०.६ | १३८ | ०.६ | १६३ | ०.६ |
| ५० | ७६५ | १.८ | १९१ | १.८ | २२७ | १.९ |
| ५१ | २७१ | ०.६ | १२० | ०.६ | १४३ | ०.७ |
| ५२ | ३९१ | ०.९ | १४८ | १.० | १५९ | ०.९ |
| ५३ | ३४३ | ०.८ | १३९ | ०.७ | १४३ | ०.९ |
| ५४ | २६५ | ०.६ | ११४ | ०.७ | १४५ | ०.६ |
| ५५ | ४९८ | १.२ | १०० | १.२ | १३७ | १.१ |
| ५६ | २६२ | ०.६ | १२४ | ०.६ | १५५ | ०.७ |
| ५७ | २०३ | ०.५ | ९४ | ०.५ | ९७ | ०.४ |

| उमेर समूह | जम्मा | | पुरुष | | महिला | |
|---|---|---|---|---|---|---|
| | जनसङ्ख्या | प्रतिशत | जनसङ्ख्या | प्रतिशत | जनसङ्ख्या | प्रतिशत |
| ५८ | ३२१ | ०.८ | ११० | ०.७ | १२३ | ०.८ |
| ५९ | १८६ | ०.४ | १०७ | ०.४ | १०१ | ०.५ |
| ६० | ४८० | १.१ | १०४ | १.२ | १३० | १.० |
| ६१ | १९५ | ०.५ | ७८ | ०.५ | ७८ | ०.४ |
| ६२ | २५८ | ०.६ | ११२ | ०.६ | ११८ | ०.६ |
| ६३ | २०५ | ०.५ | ८५ | ०.४ | १०५ | ०.५ |
| ६४ | १५५ | ०.४ | ८० | ०.४ | ८६ | ०.४ |
| ६५ | ३६७ | ०.९ | ६६ | ०.९ | ९५ | ०.८ |
| ६६ | १६० | ०.४ | ११० | ०.४ | १०७ | ०.४ |
| ६७ | १६१ | ०.४ | ५४ | ०.४ | ७० | ०.४ |
| ६८ | २३६ | ०.६ | ८२ | ०.५ | ६७ | ०.६ |
| ६९ | १५५ | ०.४ | ७१ | ०.४ | ६४ | ०.३ |
| ७० | २४६ | ०.६ | ७० | ०.६ | ७७ | ०.६ |
| ७१ | १२० | ०.३ | ७३ | ०.३ | ५९ | ०.३ |
| ७२ | १८१ | ०.४ | ५३ | ०.४ | ७० | ०.५ |
| ७३ | १०२ | ०.२ | ४६ | ०.३ | ५३ | ०.२ |
| ७४ | ८९ | ०.२ | ४३ | ०.२ | ६४ | ०.२ |
| ७५ | १५२ | ०.४ | ४१ | ०.४ | ४३ | ०.३ |
| ७६ | ६१ | ०.१ | ३६ | ०.२ | ४९ | ०.१ |
| ७७ | ६५ | ०.२ | ३२ | ०.१ | ४५ | ०.२ |
| ७८ | ८२ | ०.२ | ३८ | ०.२ | ३१ | ०.२ |
| ७९ | २९ | ०.१ | २६ | ०.१ | २६ | ०.१ |
| ८० | ७३ | ०.२ | २२ | ०.२ | २२ | ०.२ |
| ८१ | २९ | ०.१ | १७ | ०.१ | १४ | ०.१ |
| ८२ | ३४ | ०.१ | १५ | ०.१ | १७ | ०.१ |
| ८३ | २४ | ०.१ | १३ | ०.१ | १४ | ०.० |
| ८४ | ११ | ०.० | १७ | ०.० | २१ | ०.० |
| ८५ | ४२ | ०.१ | १२ | ०.१ | ९ | ०.१ |
| ८६ | २६ | ०.१ | ११ | ०.० | १० | ०.१ |
| ८७ | १३ | ०.० | ५ | ०.० | ५ | ०.० |
| ८८ | २० | ०.० | ३ | ०.० | ४ | ०.१ |
| ८९ | ९ | ०.० | ३ | ०.० | ४ | ०.० |
| ९०+ | ६३ | ०.२ | ३२ | ०.२ | ३१ | ०.१ |

## २.९ उमेर समूहअनुसार जनसङ्ख्याको संरचना (Population structure by age group)


जनसङ्ख्याको संरचनाभित्र विभिन्न उमेर समूहका पुरुष र महिलाको अनुपात के कसरी वितरण भएको छ सोको तथ्याङ्क समेटिएको हुन्छ । त्यसैगरी जनघनत्व, जातजाति जस्ता विषय पनि यसभित्र पर्दछन् । यस शुद्धोधन गाउँपालिकामा पुरुषको

तुलनामा महिलाको जनसङ्ख्या अधिक रहेको विषय माथिका उपखण्डमा विश्लेषण गरिसकिएको छ। जनसङ्ख्या पिरामिडबाट उमेर समूहअनुसार पुरुष र महिलाको वितरण कस्तो छ भन्ने सूचना सहजै प्राप्त गर्न सकिन्छ।

जनसङ्ख्या पिरामिडको अध्ययन गर्दा पुरुष र महिला दुवैको जनसङ्ख्या १५ देखि १९ वर्षसम्म क्रमशः बढेको देखिन्छ। महिलाहरूको भने २०–२४ वर्ष उमेर समूहसम्म नै जनसङ्ख्या बढेको देखिन्छ। तर यस २०–२४ वर्ष उमेर समूहदेखि ४५–४९ वर्षसम्मको उमेर समूहमा पुरुषको जनसङ्ख्या निरन्तर घटिरहेको देखिन्छ। स्वाभाविक रूपमा वैदेशिक रोजगारी, अध्ययन र स्वदेशकै अन्यत्र स्थानमा रोजगारी, व्यापार, व्यवसाय, अध्ययन आदिको कारणबाट यस्तो हुन गएको अनुमान गर्न सकिन्छ। अज्ञात कारणले ५०–५४ वर्ष उमेर समूहमा पुरुषको सङ्ख्या अघिल्लो उमेर समूह (४५–४९) भन्दा बढेको देखिन्छ। महिलाको जनसङ्ख्या २०–२४ उमेर समूहबाट उकालो लागेपछि ४५–४९ वर्षसम्म निरन्तर घटेको छ र पुरुषको झैँ ५०–५४ उमेर समूहमा फेरि बढेको देखिन्छ। त्यसपछिका सम्पूर्ण उमेर समूहमा पुरुष र महिला दुवैको जनसङ्ख्या क्रमशः घटिरहेकै देखिन्छ। जन्मदा पुरुष नै अर्थात् बालक नै धेरै जन्मन्छन् भन्ने तथ्य ००–०४ वर्ष उमेर समूहका जनसङ्ख्याको तुलना गरेर थाहा पाउन सकिन्छ। यस उमेर समूहमा पुरुष ४.३ प्रतिशत हुँदा महिला ३.८ प्रतिशत मात्र रहेको देखिन्छ। यस पिरामिडलाई समग्रतामा हेर्दा आश्रित जनसङ्ख्याभन्दा आर्थिक रूपले सक्रिय जनसङ्ख्या (१५–६४ वर्ष) अधिक रहेको देखिन्छ।

गाउँपालिकामा १५–२४ वर्षको कुल जनसङ्ख्यामा महिला र पुरुष दुवैको हिस्सा बराबरी (५.२%) रहेको देखिन्छ (चित्र ७)।

चित्र ७: गाउँपालिकाको जनसङ्ख्या पिरामिड




यस गाउँपालिकाको समग्र जनसङ्ख्यालाई विभिन्न उमेर समूहअनुसार तुलना गर्दा सबैभन्दा ठुलो (१०.५%) जनसङ्ख्या २०–२४ वर्ष उमेर समूहमा रहेको छ र त्यसलाई दोस्रो (१०.४%) स्थानमा रहेर पछ्याएको छ १५–१९ उमेर समूहले। तेस्रो (९.३%) ठुलो उमेर समूह २५–२९ वर्षको रहेको छ।

तालिका १०: गाउँपालिकामा उमेर समूहअनुसार जनसङ्ख्या

| उमेर समूह | जम्मा | | पुरुष | | महिला | | लैङ्गिक अनुपात |
|---|---|---|---|---|---|---|---|
| | जनसङ्ख्या | प्रतिशत | जनसङ्ख्या | प्रतिशत | जनसङ्ख्या | प्रतिशत | |
| **शुद्धोधन गाउँपालिका** | | | | | | | |
| जम्मा | ४१९०७ | १००.० | २०५७० | १००.० | २१३३७ | १००.० | ९६.४१ |

| उमेर समूह | जम्मा | | पुरुष | | महिला | | लैङ्गिक अनुपात |
|---|---|---|---|---|---|---|---|
| | जनसङ्ख्या | प्रतिशत | जनसङ्ख्या | प्रतिशत | जनसङ्ख्या | प्रतिशत | |
| ००-०४ वर्ष | ३४०७ | ८.१ | १८०५ | ८.८ | १६०२ | ७.५ | ११२.६७ |
| ०५-०९ वर्ष | ३६०९ | ८.६ | १९३३ | ९.४ | १६७६ | ७.९ | ११५.३३ |
| १०-१४ वर्ष | ३८८६ | ९.३ | २०६३ | १०.० | १८२३ | ८.५ | ११३.१७ |
| १५-१९ वर्ष | ४३५१ | १०.४ | २१७६ | १०.६ | २१७५ | १०.२ | १००.०५ |
| २०-२४ वर्ष | ४४१३ | १०.५ | २००९ | ९.८ | २४०४ | ११.३ | ८३.५७ |
| २५-२९ वर्ष | ३९०४ | ९.३ | १७९४ | ८.७ | २११० | ९.९ | ८५.०२ |
| ३०-३४ वर्ष | ३३३६ | ८.० | १५४३ | ७.५ | १७९३ | ८.४ | ८६.०६ |
| ३५-३९ वर्ष | ३२२९ | ७.७ | १४७६ | ७.२ | १७५३ | ८.२ | ८४.२० |
| ४०-४४ वर्ष | २५२९ | ६.० | १२३० | ६.० | १२९९ | ६.१ | ९४.६९ |
| ४५-४९ वर्ष | १८९५ | ४.५ | ९०२ | ४.४ | ९९३ | ४.७ | ९०.८४ |
| ५०-५४ वर्ष | २०३५ | ४.९ | ९७९ | ४.८ | १०५६ | ४.९ | ९२.७१ |
| ५५-५९ वर्ष | १४७० | ३.५ | ७१२ | ३.५ | ७५८ | ३.६ | ९३.९३ |
| ६०-६४ वर्ष | १२९३ | ३.१ | ६४७ | ३.१ | ६४६ | ३.० | १००.१५ |
| ६५-६९ वर्ष | १०७९ | २.६ | ५४९ | २.७ | ५३० | २.५ | १०३.५८ |
| ७०-७४ वर्ष | ७३८ | १.८ | ३८१ | १.९ | ३५७ | १.७ | १०६.७२ |
| ७५-७९ वर्ष | ३८९ | ०.९ | २०३ | १.० | १८६ | ०.९ | १०९.१४ |
| ८०-८४ वर्ष | १७१ | ०.४ | ८८ | ०.४ | ८३ | ०.४ | १०६.०२ |
| ८५-८९ वर्ष | ११० | ०.३ | ४८ | ०.२ | ६२ | ०.३ | ७७.४२ |
| ९०-९४ वर्ष | ४० | ०.१ | २० | ०.१ | २० | ०.१ | १००.०० |
| ९५+ वर्ष | २३ | ०.१ | १२ | ०.१ | ११ | ०.१ | १०९.०९ |

## २.१० बृहत् उमेर समूह र विशेष उमेरअनुसारको जनसङ्ख्या

नीति निर्माण, योजना तर्जुमा र निर्णय प्रक्रियाको लागि विभिन्न उमेर समूहअनुसारको जनसङ्ख्या आवश्यक पर्दछ । एक वर्षमुनिका शिशुको सङ्ख्या खोप व्यवस्थापन, जन्मदर्ताको अभिलेख तुलना आदिको लागि उपयोगी हुनसक्छ । पाँच वर्षमुनिका बालबालिकाको जनसङ्ख्याले पूर्वप्राथमिक र प्राथमिक तहका सम्भाव्य सङ्ख्याको आँकलन गर्न तथा त्यस उमेरभित्र दिनुपर्ने खोपका लागि आवश्यक पर्दछ । त्यस्तै १४ वर्ष र सोभन्दा मुनिको जनसङ्ख्याले विद्यालय गइरहेका वा विद्यालयबाहिर रहेको जनसङ्ख्या र परिवारमा आश्रित जनसङ्ख्याबारे सूचना उपलब्ध हुन्छ। अठार वर्षभन्दा मुनिको जनसङ्ख्याले कुल बालबालिकाको जनसङ्ख्या थाहा हुन्छ । पुरुष र महिलाको ६८ वर्षभन्दा माथिको जनसङ्ख्या सामाजिक सुरक्षा भत्ताको लागि आवश्यक बजेट व्यवस्थापनका लागि महत्वपूर्ण हुन्छ ।

शुद्धोधन गाउँपालिकामा १ वर्षभन्दा मुनिको जनसङ्ख्याले कुल जनसङ्ख्यामा १.५ प्रतिशत अंश ओगटेको छ जब कि ५ वर्षभन्दा कम उमेरको जनसङ्ख्या ८.१ प्रतिशत रहेको छ । नागरिकता प्राप्त गर्न योग्य उमेर १६ वर्ष हो । यस गाउँपालिकामा १६ वर्ष र सोभन्दा माथिको जनसङ्ख्या ७२.१ प्रतिशत रहेको छ । महिलाहरूको प्रजनन उमेर १५ देखि ४९ वर्ष मानिन्छ । यस उमेरका महिलाको जनसङ्ख्या गाउँपालिकाको कुल महिलामध्ये ३४.७ प्रतिशत रहेको देखिन्छ । त्यस्तै ६० वर्ष र सोभन्दा माथिको जनसङ्ख्या ९.२ प्रतिशत रहेको छ । नेपाल सरकारले दिने सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न योग्य ६८ वर्ष र सोभन्दा माथिको ज्येष्ठ नागरिकको हिस्सा ४.४ प्रतिशत रहेको छ (तालिका ११) ।


तालिका ११ : विशेष उमेर समूहअनुसारको जनसङ्ख्या

| उमेर समूह | शुद्धोधन | | रुपन्देही | |
|---|---|---|---|---|
| | जम्मा | प्रतिशत | जम्मा | प्रतिशत |
| १ वर्षभन्दा कम | ६२७ | १.५ | १५७१५ | १.४ |
| ५ वर्षभन्दा कम | ३४०७ | ८.१ | ९७५४७ | ८.७ |
| ०-१४ वर्ष | १०९०२ | २६.० | ३०४३४० | २७.१ |
| १६ वर्ष वा सोभन्दा माथि | ३०२०१ | ७२.१ | ७९४७७५ | ७०.८ |
| ०-१८ वर्ष | १४४८७ | ३४.६ | ४०१८५७ | ३५.८ |
| १५-५९ वर्ष | २७१६२ | ६४.८ | ७१७३६८ | ६३.९ |
| ६० वर्ष वा सोभन्दा माथि | ३८४३ | ९.२ | १००२४९ | ८.९ |
| १५-४९ वर्षका महिला (कुल महिलामध्ये) | १२५२७ | ५८.७ | ३३२४८८ | ५८.२ |
| ६८ वर्ष वा सोभन्दा माथि | १८६२ | ४.४ | ५०२८९ | ४.५ |
| १६-२४ वर्ष | ७९६० | १९.० | २०९४५६ | १८.७ |
| १६-४० वर्ष | १९४१४ | ४६.३ | ५०८७६२ | ४५.३ |
| जम्मा | ४१९०७ | १०० | ११२१९५७ | १०० |

## २.११ जनसङ्ख्या वृद्धिदर

समग्र शुद्धोधन गाउँपालिकाको विगत १० वर्षको जनसङ्ख्या बढेको देखिन्छ । यहाँको वार्षिक जनसङ्ख्या वृद्धिदर १.८३ रहेको छ । सम्पूर्ण वडाहरूमा जनसङ्ख्या वृद्धिदर धनात्मक रहेको देखिन्छ । वडा तहको जनसङ्ख्या वृद्धिदर सर्वाधिक (२.९८%) वडा नं. ३ मा रहेको छ भने सबैभन्दा न्यून (१.१८%) वडा नं. ७ को रहेको छ (चित्र ८) ।

चित्र ८ : शुद्धोधन गाउँपालिकाको वडास्तरको जनसङ्ख्या वार्षिक वृद्धिदर



# खण्ड ३ : जातजाति, भाषा तथा धर्मसम्बन्धी विवरण

## ३.१ गाउँपालिकामा जातजातिको अवस्था


शुद्धोधन गाउँपालिकामा जातजातिगत विविधता रहेको छ । यहाँ थारु, ब्राह्मण–पहाड, लोध, क्षेत्री, मल्लाह, यादव, मगर, विश्वकर्मा/कामी, केवट, नुनीयालगायत ५२ ओटा जातजातिको उपस्थिति रहेको छ यद्यपि १९ ओटा जातजातिको सङ्ख्या १०० भन्दा कम रहेको छ । यहाँ सर्वाधिक (२४.९%) थारु रहेका छन् भने दोस्रो ठूलो (१५.०%) जनसङ्ख्या ब्राह्मण–पहाड जातिको रहेको छ । तेस्रो (८.८%), चौथो (८.०%) र पाँचौं (६.६%) मा क्रमशः लोध, क्षेत्री र मल्लाह रहेका छन् । त्यसैगरी छैठौं (५.६%) मा यादव, सातौं (५.०%) मा मगर, आठौं (२.८%) विश्वकर्मा/कामी, नवौं (२.४%) मा केवट र दशौं (१.९%) मा नुनिया रहेका छन् (तालिका १२, चित्र ९) ।

तालिका १२ : गाउँपालिकामा जातजातिअनुसारको जनसङ्ख्या

| जातजातिको नाम | जम्मा | | पुरुष | | महिला | |
|---|---|---|---|---|---|---|
| | संख्या | % | संख्या | % | संख्या | % |
| जम्मा | ४१९०७ | १०० | २०५७० | १०० | २१३३७ | १०० |
| थारू | १०४४८ | २४.९ | ५०८१ | २४.७ | ५३६७ | २५.२ |
| ब्राह्मण – पहाड | ६२६९ | १५.० | ३०११ | १४.६ | ३२५८ | १५.३ |
| लोध | ३७०१ | ८.८ | १९०५ | ९.३ | १७९६ | ८.४ |
| क्षेत्री | ३३४० | ८.० | १५६८ | ७.६ | १७७२ | ८.३ |
| मल्लाह | २७६८ | ६.६ | १४०२ | ६.८ | १३६६ | ६.४ |
| यादव | २३४४ | ५.६ | ११९८ | ५.८ | ११४६ | ५.४ |
| मगर | २०९६ | ५.० | ९४० | ४.६ | ११५६ | ५.४ |
| विश्वकर्मा/कामी | ११७८ | २.८ | ५६९ | २.८ | ६०९ | २.९ |
| केवट | १०२३ | २.४ | ५०३ | २.४ | ५२० | २.४ |
| नुनिया | ८०१ | १.९ | ४२५ | २.१ | ३७६ | १.८ |
| मुसलमान | ७२७ | १.७ | ३६८ | १.८ | ३५९ | १.७ |
| चमार/हरिजन/राम | ७०४ | १.७ | ३५३ | १.७ | ३५१ | १.६ |
| दुसाध/पासवान/पासी | ५१८ | १.२ | २७७ | १.३ | २४१ | १.१ |
| कोइरी/कुसवाहा | ४८१ | १.१ | २४० | १.२ | २४१ | १.१ |
| तेली | ४७३ | १.१ | २४४ | १.२ | २२९ | १.१ |
| गडेरी/भेडियार | ३८१ | ०.९ | २०० | १.० | १८१ | ०.८ |
| परियार/दमाई | ३७५ | ०.९ | १६६ | ०.८ | २०९ | १.० |
| राजपूत | ३४६ | ०.८ | १८२ | ०.९ | १६४ | ०.८ |
| राजभर | ३४१ | ०.८ | १६६ | ०.८ | १७५ | ०.८ |
| कुमाल | ३३१ | ०.८ | १६३ | ०.८ | १६८ | ०.८ |
| कहर | २८६ | ०.७ | १४३ | ०.७ | १४३ | ०.७ |
| मिजार/सार्की | २६६ | ०.६ | १२३ | ०.६ | १४३ | ०.७ |
| ब्राह्मण-तराई | २२१ | ०.५ | १०९ | ०.५ | ११२ | ०.५ |
| हजाम/ठाकुर | २१० | ०.५ | १०० | ०.५ | ११० | ०.५ |

| जातजातिको नाम | जम्मा | | पुरुष | | महिला | |
|---|---|---|---|---|---|---|
| | संख्या | % | संख्या | % | संख्या | % |
| नेवाः (नेवार) | २०० | ०.५ | ९५ | ०.५ | १०५ | ०.५ |
| कुर्मी | १९९ | ०.५ | १०८ | ०.५ | ९१ | ०.४ |
| बनियाँ | १९८ | ०.५ | ९८ | ०.५ | १०० | ०.५ |
| धोवी | १९२ | ०.५ | ९७ | ०.५ | ९५ | ०.४ |
| गुरुङ | १६३ | ०.४ | ७६ | ०.४ | ८७ | ०.४ |
| सन्यासी/दसनामी | १५८ | ०.४ | ७९ | ०.४ | ७९ | ०.४ |
| बरई | ११७ | ०.३ | ५५ | ०.३ | ६२ | ०.३ |
| ठकुरी | ११५ | ०.३ | ५६ | ०.३ | ५९ | ०.३ |
| कानु | ११२ | ०.३ | ६३ | ०.३ | ४९ | ०.२ |
| कुम्हार | ११२ | ०.३ | ५७ | ०.३ | ५५ | ०.३ |
| लोहार | ८६ | ०.२ | ४२ | ०.२ | ४४ | ०.२ |
| उराँव/कुडुख | ७१ | ०.२ | ३४ | ०.२ | ३७ | ०.२ |
| विदेशी | ६३ | ०.२ | ३४ | ०.२ | २९ | ०.१ |
| घर्ती/भुजेल | ५६ | ०.१ | ३० | ०.१ | २६ | ०.१ |
| अन्य | ५४ | ०.१ | २४ | ०.१ | ३० | ०.१ |
| कथबनियाँ | ५२ | ०.१ | २९ | ०.१ | २३ | ०.१ |
| सोनार | ५२ | ०.१ | २४ | ०.१ | २८ | ०.१ |
| मुसहर | ४८ | ०.१ | २२ | ०.१ | २६ | ०.१ |
| नटुवा | ४२ | ०.१ | २० | ०.१ | २२ | ०.१ |
| सुनुवार | ३२ | ०.१ | १७ | ०.१ | १५ | ०.१ |
| माझी | २९ | ०.१ | १४ | ०.१ | १५ | ०.१ |
| नखुलेको | २५ | ०.१ | १४ | ०.१ | ११ | ०.१ |
| राजबंशी | २४ | ०.१ | १२ | ०.१ | १२ | ०.१ |
| पथरकट/कुशवाडिया | १६ | ०.० | ७ | ०.० | ९ | ०.० |
| धुनिया | १५ | ०.० | ४ | ०.० | ११ | ०.१ |
| माली | १४ | ०.० | ६ | ०.० | ८ | ०.० |
| कोरी | १३ | ०.० | ६ | ०.० | ७ | ०.० |
| बडही/बढई | ११ | ०.० | ६ | ०.० | ५ | ०.० |
| याक्थुङ/लिम्बु | १० | ०.० | ५ | ०.० | ५ | ०.० |

चित्र ९ : गाउँपालिकामा रहेको प्रमुख १० जातजातिको विवरण (% मा)




यस गाउँपालिकाको कुल जनसङ्ख्यालाई विभिन्न ८ ओटा समूहमा समूहीकृत गर्दा सर्वाधिक हिस्सा तराई जातजाति (३४.३%) को रहेको छ। दोस्रो, तेस्रो र चौथो ठुलो हिस्सा क्रमशः तराई जनजाति (२५.२%), पहाडी जातजाति (२३.६%), पहाडी जनजाति (७.०%) र तराई दलित (३.६%) को रहेको छ (तालिका १३)।

*तालिका १३ : जातजातिको समूह र जनसङ्ख्या*

| जातजाति समूह | जनसङ्ख्या | % | साक्षरतादर |
|---|---|---|---|
| जम्मा | ४१९०७ | १०० | ८१.२ |
| पहाडी जातजाति | ९८८२ | २३.६ | ८९.२ |
| तराई जातजाति | १४३६५ | ३४.३ | ७५.१ |
| पहाडी जनजाति | २९२९ | ७.० | ८७.४ |
| तराई जनजाति | १०५७४ | २५.२ | ८१.४ |
| पहाडी दलित | १८२० | ४.३ | ८४.७ |
| तराई दलित | १५२२ | ३.६ | ७४.२ |
| धार्मिक/भाषिक समूह | ७२७ | १.७ | ७१.४ |
| अन्य/विदेशी/नखुलेको | ८८ | ०.२ | ७६.९ |

तालिका १३ मा नै जातजाति र उनीहरूको साक्षरतादरलाई पनि तुलनायोग्य बनाउने उद्देश्य राखिएको छ। यस गाउँपालिकामा सर्वाधिक (८९.२%) साक्षरता पहाडी जातजाति समूहको रहेको छ। साक्षरताका दृष्टिले दोस्रो (८७.४%) स्थानमा रहेको जातजाति समूह पहाडी जनजाति हो। तेस्रो (८४.७%) र चौथो (८१.४%) स्थानमा क्रमशः जसको पहाडी दलित र तराई जनजाति रहेका छन्।

## ३.२ जातजातिअनुसार साक्षरतादर

शुद्धोधन गाउँपालिकाको समग्र साक्षरतादर ८१.२ प्रतिशत रहेको छ। यो सबै वडा र सबै जातजातिका बासिन्दाको औसत साक्षरतादर हो। नीतिनिर्माताका लागि खण्डीकृत साक्षरतादर विशेष उपयोगी हुने गरेको छ। जसरी वडास्तरमा साक्षरतादर

समान हुँदैन त्यसरी नै जातजातिका तहमा हेर्दा साक्षरतादरमा उल्लेखनीय भिन्नता रहेको देखिन्छ। यसका पछाडि खास समाज वा समुदायको मूल्य–मान्यता र आर्थिक–सामाजिक अवस्थाका साथसाथै सरकारको लगानी, नीति तथा कार्यक्रमको योगदानसमेत रहेको हुन्छ।

शुद्धोधन गाउँपालिकाभित्र अक्सर बसोबास गर्ने विभिन्न जातजातिको साक्षरतादर यस खण्डमा तुलना गरिएको छ। कम्तीमा १०० जना जनसङ्ख्या भएको जातजातिको साक्षरता स्थितिलाई मात्र यहाँ तुलना गरिएको छ। यस गाउँपालिकामा उच्च साक्षरतादरका आधारमा प्रमुख पाँच जातजाति क्रमशः ब्राह्मण–तराई (९०.९%), नेवार (९०.८%), ठकुरी (९०.२%), क्षेत्री (८९.३%) र मगर (८९.३%) रहेका छन्। त्यस्तै साक्षरताका दृष्टिले छैठौंदेखि १० औं स्थानसम्म रहने जातजाति मगर, ब्राह्मण–पहाड, सन्यास/दशनामी, मिजार/सार्की र गुरुङ रहेका छन्।

गाउँपालिकामा बसोबास गर्ने जातजातिमध्ये ८० प्रतिशतभन्दा बढी साक्षरतादर हुने जातजातिको सङ्ख्या २१ ओटा रहेका छन्। गाउँपालिकाको कुल जनसङ्ख्यामा पहिलो ठूलो (२४.९%) स्थानमा रहेका थारुको साक्षरतादर ८१.५ प्रतिशत रहेको छ जुन गाउँपालिकाको औसतभन्दा ०.३ प्रतिशत विन्दुले न्यून हो। मल्लाह जातिको साक्षरतादर सबैभन्दा न्यून अर्थात् ७०.२ प्रतिशत मात्र रहेको छ (तालिका १४)।

तालिका १४: १०० भन्दा बढी सङ्ख्यामा भएका जातजातिको साक्षरतादर

| क्र.सं. | जातजाति | जम्मा | साक्षरतादर | क्र.सं. | जातजाति | जम्मा | साक्षरतादर |
|---|---|---|---|---|---|---|---|
| १ | जम्मा | ३८५०० | ८१.२ | २० | कुम्हार | १०२ | ८१.४ |
| २ | ब्राह्मण-तराई | २०८ | ९०.९ | २१ | कोइरी/कुसवाहा | ४३५ | ७८.४ |
| ३ | नेवा: (नेवार) | १८४ | ९०.८ | २२ | नुनीया | ७३४ | ७७.८ |
| ४ | ठकुरी | ११२ | ९०.२ | २३ | यादव | २१५२ | ७७.७ |
| ५ | क्षेत्री | ३०९१ | ८९.३ | २४ | धोवी | १७० | ७७.१ |
| ६ | मगर | १९५४ | ८९.३ | २५ | गडेरी/भेडियार | ३४५ | ७६.२ |
| ७ | ब्राह्मण - पहाड | ५८४९ | ८९.१ | २६ | चमार/हरिजन/राम | ६४३ | ७५.७ |
| ८ | सन्यासी/दशनामी | १५१ | ८८.७ | २७ | कहर | २५९ | ७५.७ |
| ९ | मिजार/सार्की | २४८ | ८८.७ | २८ | अन्य | ६६५ | ७५.३ |
| १० | गुरुङ | १५५ | ८८.४ | २९ | दुसाध/पासवान/पासी | ४७२ | ७४.८ |
| ११ | बनियाँ | १७९ | ८८.३ | ३० | कुमाल | २९७ | ७४.७ |
| १२ | कुर्मी | १८२ | ८६.३ | ३१ | केवट | ९२० | ७३.९ |
| १३ | राजभर | ३११ | ८५.२ | ३२ | राजपूत | ३१२ | ७२.४ |
| १४ | कानु | १०६ | ८४.९ | ३३ | मुसलमान | ६५७ | ७१.४ |
| १५ | तेली | ४४४ | ८४.५ | ३४ | लोध | ३२६३ | ७०.६ |
| १६ | विश्वकर्मा/कामी | १०७५ | ८४.४ | ३५ | विदेशी | ५४ | ७०.४ |
| १७ | परियार/दमाई | ३३८ | ८२.८ | ३६ | मल्लाह | २५०१ | ७०.२ |
| १८ | हजाम/ठाकुर | १८३ | ८२.० | ३७ | नखुलेको | २४ | ९१.७ |
| १९ | थारू | ९७२५ | ८१.५ | | | | |


## ३.३ मातृभाषाको अवस्था

यस गाउँपालिकामा जातिगत विविधता सँगसँगै भाषिक विविधता पनि रहेको छ। यहाँ अक्सर बसोबास गर्ने कुल जनसङ्ख्याले १२ ओटाभन्दा बढी मातृभाषा व्यवहार गरेको देखिन्छ। कुल जनसङ्ख्यामा नेपाली मातृभाषा हुने जनसङ्ख्याको हिस्सा ३३.२ प्रतिशत रहेको छ। व्यवहारमा रहेका दोस्रो (२६.८%) र तेस्रो (२३.८%) मातृभाषा क्रमशः भोजपुरी र थारु रहेका छन् भने चौथो (१२.३%) र पाँचौं (२.७%) स्थानका मातृभाषा क्रमशः अवधी र मगर ढुट रहेका। छन् व्यवहारमा रहेका तर १ प्रतिशतभन्दा कम जनसङ्ख्याले बोल्ने मातृभाषामा नेपाल भाषा, गुरुङ, खस, हिन्दी, कुमाल आदि पर्दछन् (तालिका १५)।

तालिका १५: गाउँपालिकामा बोलिने मातृभाषा अनुसारको जनसङ्ख्या

| मातृभाषा | जम्मा | | पुरुष | | महिला | |
|---|---|---|---|---|---|---|
| | संख्या | % | संख्या | % | संख्या | % |
| जम्मा | ४१९०७ | १०० | २०५७० | १०० | २१३३७ | १०० |
| नेपाली | १३९१० | ३३.२ | ६६४५ | ३२.३ | ७२६५ | ३४.० |
| भोजपुरी | ११२३९ | २६.८ | ५८७५ | २८.६ | ५३६४ | २५.१ |
| थारु | ९९९४ | २३.८ | ४८७० | २३.७ | ५१२४ | २४.० |
| अवधी | ५१५४ | १२.३ | २४४४ | ११.९ | २७१० | १२.७ |
| मगर ढुट | ११४९ | २.७ | ५०५ | २.५ | ६४४ | ३.० |
| नेपालभाषा (नेवारी) | १२३ | ०.३ | ५६ | ०.३ | ६७ | ०.३ |
| गुरुङ | ७२ | ०.२ | ३२ | ०.२ | ४० | ०.२ |
| खस | ६४ | ०.२ | ३१ | ०.२ | ३३ | ०.२ |
| हिन्दी | ५८ | ०.१ | ३५ | ०.२ | २३ | ०.१ |
| कुमाल | ५१ | ०.१ | २५ | ०.१ | २६ | ०.१ |
| अन्य | ४१ | ०.१ | २७ | ०.१ | १४ | ०.१ |
| मैथिली | ४० | ०.१ | २० | ०.१ | २० | ०.१ |
| उर्दु | १२ | ०.० | ५ | ०.० | ७ | ०.० |

चित्र १०: गाउँपालिकामा १०० भन्दा बढी व्यक्तिले बोल्ने मातृभाषाको विवरण (% मा)




## ३.४ धर्मसम्बन्धी विवरण


नेपालका जनगणनाहरूमा धर्मसम्बन्धी प्रश्नले निरन्तरता पाउँदै आएको छ । धर्म मानिसहरूको आस्था, पहिचान, संस्कृति र सभ्यतासँग जोडिएको विषय हो । समाज वा कुनै भौगोलिक क्षेत्र कुन हदसम्म बहुधार्मिक रहेको छ भन्ने सूचना धर्मसम्बन्धी तथ्याङ्कबाट मिल्दछ। यस गाउँपालिकामा मूलत: ६ ओटा धर्म अवलम्बनमा रहेको देखिन्छ। कुल जनसङ्ख्यामध्ये ९५.८ प्रतिशतले हिन्दु धर्म अवलम्बन गरेको देखिन्छ भने इस्लाम धर्मावलम्बीहरूको हिस्सा १.९ प्रतिशत रहेको छ । बौद्ध धर्म अनुशरण गर्नेको

अनुपात १.८ प्रतिशत रहेको छ । क्रिस्चियन धर्म अनुशरण गर्ने जनसङ्ख्या ०.४ प्रतिशत छ भने प्रकृति धर्मावलम्बी केवल ०.२ प्रतिशत मात्र रहेको देखिन्छ (तालिका १६, चित्र ११)

तालिका १६ : गाउँपालिकामा धर्मअनुसारको जनसङ्ख्या

| धर्म | जम्मा | | पुरुष | | महिला | |
|---|---|---|---|---|---|---|
| | संख्या | % | संख्या | % | संख्या | % |
| जम्मा | ४१९०७ | १०० | २०५७० | ९९.८४ | २१३३७ | १०० |
| हिन्दु | ४०१४८ | ९५.८ | १९७४४ | ९६.० | २०४०४ | ९५.६ |
| बौद्ध | ७३८ | १.८ | ३२३ | १.६ | ४१५ | १.९ |
| इस्लाम | ७९६ | १.९ | ३९८ | १.९ | ३९८ | १.९ |
| किराँत | १ | ०.० | ० | ०.० | १ | ०.० |
| क्रिस्चियन | १६० | ०.४ | ७२ | ०.४ | ८८ | ०.४ |
| प्रकृति | ६४ | ०.२ | ३३ | | ३१ | ०.१ |

चित्र ११ : गाउँपालिकामा धर्मअनुसारको विवरण (% मा)




## ३. दोस्रो भाषाअनुसारको जनसङ्ख्या

समाजमा विभिन्न मातृभाषा बोल्ने समुदायका व्यक्ति हुने भएकोले आफ्नो परिवार र समभाषी समुदायभित्र मातृभाषाको व्यवहार गरे पनि फरक समुदायका व्यक्तिसँग र अवस्थाअनुसार एकै परिवारभित्र समेत दोस्रो भाषा बोल्ने जनसङ्ख्या हुन्छ । नेपाल बहुभाषिक देश भएको हुँदा स्थान विशेषमा पनि बहुभाषिक व्यक्तिहरूले बसोबास गरेका हुनसक्छन् । यस्तो अवस्थामा कुनै पनि वडा वा स्थानीय तहमा मातृभाषाबाहेक दोस्रो भाषा बोल्ने जनसङ्ख्या रहेको हुन्छ ।

शुद्धोधन गाउँपालिकामा आफ्नो मातृभाषाबाहेक अरू कुनै पनि दोस्रो भाषा नबोल्ने जनसङ्ख्या ३३.५ प्रतिशत रहेको छ। दोस्रो (अर्थात् सम्पर्क भाषा) भाषा नेपाली हुने जनसङ्ख्या ६०.३ प्रतिशत रहेको छ। थारु र भोजपुरीलाई दोस्रो भाषाका रूपमा व्यवहार गर्ने जनसङ्ख्या क्रमशः २.६ प्रतिशत र १.२ प्रतिशत रहेको छ (तालिका १७)।

तालिका १७: गाउँपालिकामा बोलिने दोस्रो भाषाअनुसारको जनसङ्ख्या

| दोस्रो भाषा | जम्मा | | पुरुष | | महिला | |
|---|---|---|---|---|---|---|
| | संख्या | % | संख्या | % | संख्या | % |
| जम्मा | ४१९०७ | १००.० | २०५७० | १००.० | २१३३७ | १००.० |
| दोश्रो भाषा नभएका | १४०३१ | ३३.५ | ६५२२ | ३१.७ | ७५०९ | ३५.२ |
| नेपाली | २५२६७ | ६०.३ | १२७४१ | ६१.९ | १२५२६ | ५८.७ |
| मैथिली | १४ | ०.० | ५ | ०.० | ९ | ०.० |
| भोजपुरी | ४९३ | १.२ | २३५ | १.१ | २५८ | १.२ |
| थारु | ११०५ | २.६ | ५६० | २.७ | ५४५ | २.६ |
| नेपालभाषा (नेवारी) | २६ | ०.१ | १२ | ०.१ | १४ | ०.१ |
| मगर ढुट | १०३ | ०.२ | ४३ | ०.२ | ६० | ०.३ |
| अवधी | १८० | ०.४ | ९६ | ०.५ | ८४ | ०.४ |
| हिन्दी | ४०७ | १.० | १९८ | १.० | २०९ | १.० |
| अंग्रेजी | १९७ | ०.५ | १०९ | ०.५ | ८८ | ०.४ |
| खस | २७ | ०.१ | १३ | ०.१ | १४ | ०.१ |
| संस्कृत | १० | ०.० | ८ | ०.० | २ | ०.० |
| अन्य | ४७ | ०.१ | २८ | ०.१ | १९ | ०.१ |

## ३.६ नेपालमा बसोबास गर्ने विभिन्न देशका नागरिकको जनसङ्ख्या

जनगणनाको अवधिमा नेपालभित्र अक्सर बसोबास गर्ने सबै व्यक्तिहरूको गणना गरिन्छ। यहाँ बुझ्नैपर्ने अर्को यथार्थ यो छ कि विदेशस्थित नेपाली कुटनीतिक नियोगभित्र बसोबास गर्ने व्यक्तिहरूलाई पनि नेपालको जनसङ्ख्यामा गणना गरिन्छ भने नेपालस्थित विदेशी कुटनीतिक नियोगभित्र बसोबास गर्ने व्यक्तिलाई नेपालको जनगणनामा समावेश गरिँदैन। जनगणनाको तथ्याङ्क सङ्कलनको अवधिभित्र पर्यटक भई वा अन्य उद्देश्यले नेपालमा आएका तर अक्सर बसोबास नभएका कुनै पनि विदेशी नागरिकलाई नेपालको जनगणनामा गणना गरिँदैन।

पछिल्लो बाह्रौँ राष्ट्रिय जनगणनाअनुसार शुद्धोधन गाउँपालिकामा कुल ६३ जना विदेशी नागरिकले अक्सर बसोबास गरेको देखिन्छ जसलाई नेपालको कुल जनसङ्ख्या २,९१,६४,५७८ भित्र समावेश गरिएको छ। यस गाउँपालिकाको कुल ४१,९०७ जनसङ्ख्यामध्ये सबै विदेशी नागरिक भारतीय मूलका रहेको देखिन्छ।

तालिका १८ : नेपालमा बसोबास गर्ने विदेशी नागरिक

| नागरिक | जम्मा | | पुरुष | | महिला | |
|---|---|---|---|---|---|---|
| | संख्या | % | संख्या | % | संख्या | % |
| नेपाली | ४१,८४४ | ९९.८ | २०,५३६ | ९९.८ | २१,३०८ | ९९.९ |
| भारतीय | ६३ | ०.२ | ३४ | ०.२ | २९ | ०.१ |
| अन्य | ० | ०.० | ० | ०.० | ० | ०.० |
| जम्मा | ४१,९०७ | १००.० | २०,५७० | १००.० | २१,३३७ | १००.० |

# खण्ड ४: वैवाहिक अवस्थासम्बन्धी विवरण

## ४.१ जनसङ्ख्याको वैवाहिक स्थिति

जनगणनामा १० वर्ष र सोभन्दा माथिको प्रत्येक व्यक्तिलाई निजका वैवाहिक अवस्थाबारे प्रश्न सोधिएको थियो । वैवाहिक स्थितिसम्बन्धी प्रश्नबाट कुनै व्यक्ति विवाहित वा अविवाहित के हो भन्ने सूचनाका साथसाथै विवाहितमध्ये कुनै व्यक्तिको अवस्था विधुर/विधवा, पारपाचुके वा छुट्टिएको कुन हो भन्ने तथ्याङ्क उपलब्ध हुन्छ ।

यस गाउँपालिकामा १० वर्ष वा सोभन्दा माथिको कुल जनसङ्ख्या ३४,८९१ रहेको छ र त्यसमध्ये विवाह नभएको जनसङ्ख्या ३२.४ प्रतिशत रहेको छ । लैङ्गिक रूपमा हेर्दा १० वर्षमाथिका महिलाको कुल सङ्ख्या १८,०५९ मध्ये २८.२ प्रतिशत अविवाहित रहेका छन् भने अविवाहित पुरुषको सङ्ख्या ८.७ प्रतिशत विन्दुले बढी अर्थात् ३६.९ प्रतिशत रहेको छ ।

विवाहित जनसङ्ख्यामा जीवनमा एकपटक मात्र विवाह गरेका वा श्रीमान्/श्रीमतीसँग पारपाचुके भएर पुनः विवाह गरेको जनसङ्ख्यासमेत समावेश भएको हुन्छ । दश वर्ष र सोभन्दा माथिको कुल जनसङ्ख्या ३४,८९१ मध्ये ६२.२ प्रतिशत विवाहित छन् । कुल पुरुषमध्ये विवाहित ५९.९ प्रतिशत रहेको देखिन्छ भने महिलातर्फ यो मान ६४.४ प्रतिशत रहेको छ ।

विधुर/विधवाको जनसङ्ख्यामा गणना हुनका लागि पति वा पत्नीमध्ये एकजनाको मृत्यु भइसकेको र जीवित पति वा पत्नीले पुनर्विवाह नगरी बसेको अवस्था हुनुपर्दछ । यस गाउँपालिकामा विधुर/विधवाको अंश समग्रमा ४.९ प्रतिशत, पुरुषतर्फ २.८ प्रतिशत र महिलातर्फ ६.९ प्रतिशत रहेको छ । विधुर महिलालाई राज्यले एकल महिलाको रूपमा स्वीकार गरेको र तोकिएअनुसारको मासिक निर्वाह भत्ता उपलब्ध गराउँदै आएको छ । स्थानीय तहका लागि पनि यो तथ्याङ्क महत्वपूर्ण मानिन्छ ।


कानुनी रूपमा पति र पत्नी अलग भएको अवस्था पारपाचुके हो । कुनै धार्मिक सम्प्रदायमा परम्पराअनुसार पति पत्नी पारपाचुकेकै हैसियतमा अलग भएको जनसङ्ख्यासमेत पारपाचुकेमै गत जनगणनामा समावेश गरिएको छ । यस गाउँपालिकामा पारपाचुके भएको जनसङ्ख्या समग्रमा ०.१ प्रतिशत छ । पारपाचुके हुनका लागि पुरुष र महिला बराबरै सङ्ख्यामा हुने हुनाले लैङ्गिक रूपमा पनि यो मान बराबर हुने गर्दछ । छुट्टिएको जनसङ्ख्या यस गाउँपालिकामा ०.४ प्रतिशत रहेको छ (तालिका १९) ।

वैवाहिक जीवनमा पति र पत्नीबिच मनोमालिन्य भई छुट्टै बसेको तर वैधानिक रूपमा पारपाचुके नभएको अवस्थामा रहेका जनसङ्ख्यालाई छुट्टिएकोअन्तर्गत गणना गरिएको छ ।

तालिका १९: शुद्धोधन गाउँपालिकामा १० वर्षमाथिको जनसङ्ख्याको वैवाहिक अवस्था

| वैवाहिक स्थिति | जम्मा | प्रतिशत | पुरुष | प्रतिशत | महिला | प्रतिशत |
|---|---|---|---|---|---|---|
| १० वर्ष वा सोभन्दा माथि | ३४,८९१ | १००.० | १६,८३२ | १००.० | १८,०५९ | १००.० |
| विवाह नभएको | ११३०९ | ३२.४ | ६२१४ | ३६.९ | ५०९५ | २८.२ |
| विवाहित | २१७०१ | ६२.२ | १००७४ | ५९.९ | ११६२७ | ६४.४ |
| विधुर/विधवा | १७१९ | ४.९ | ४७५ | २.८ | १२४४ | ६.९ |
| पारपाचुके | ३६ | ०.१ | १४ | ०.१ | २२ | ०.१ |
| छुट्टिएको | १२६ | ०.४ | ५५ | ०.३ | ७१ | ०.४ |

चित्र १२ : दश वर्षमाथिको जनसङ्ख्याको वैवाहिक अवस्था




## ४.२ पहिलो विवाह गर्दाको उमेर

उमेरअनुसार १० वर्ष वा सोभन्दा माथिको जनसङ्ख्याले फरक फरक उमेरमा पहिलो विवाह गरेको हुन्छ। सामाजिक संरचना र परम्परा, पारिवारिक अवस्था, वैयक्तिक चाहना, बाध्यतालगायतका कारणले पुरुष र महिलाको विवाह गर्ने उमेर फरक फरक हुन्छ। कतिपय व्यक्तिले एकपटक भन्दा बढी विवाह गरेका हुनसक्दछन् तर जनगणनामा व्यक्तिको पहिलोपटक कुन उमेरमा विवाह भएको थियो सोही तथ्याङ्क सङ्कलन र विश्लेषण गरिन्छ।

कानुनले २० वर्ष नपुगी विवाह गर्न नपाइने भए तापनि समाजमा कानुनी उमेर हद नपुगी विवाह भइरहेको देखिन्छ र यसलाई तथ्याङ्कले पनि पुष्टि गरेको छ। यस गाउँपालिकामा १० वर्षभन्दा मुनिका २ जनाको विवाह भएको देखिन्छ। स्मरणीय यो छ कि आजभन्दा छ सात दशकअघि नेपाली समाजमा केटा र केटीको सानै उमेरमा पनि विवाह हुने गर्दथ्यो। वि.सं. २०७८ को जनगणनाबाट यस गाउँपालिकामा १०–१४ वर्ष उमेर समूहका ९.८ प्रतिशत जनसङ्ख्याको विवाह भएको देखिन्छ। यस उमेर समूहमा पुरुषतर्फ यो अनुपात ५.३ प्रतिशत छ भने महिलातर्फ १३.५ प्रतिशत रहेको छ। विवाहको तीव्रता भएका अरु तीनओटा उमेर समूह क्रमशः १८–२० (३३.३%), १५–१७ (२३.५%) र २१–२४ (२०.४%) हुन्।

शुद्धोधन गाउँपालिकामा विवाहको उत्कर्ष उमेर समूह १८–२० देखिएको छ। यस समूहमा ३३.३ प्रतिशत १० वर्ष र सोभन्दा माथिको जनसङ्ख्याको विवाह भइसकेको देखिन्छ। यसलाई लैङ्गिक रूपमा तुलना गर्दा पुरुषतर्फ ३१.८ प्रतिशत र महिलातर्फ ३४.६ प्रतिशत रहेको छ। त्यसै गरी २१–२४ वर्ष उमेर समूहमा विवाह भइसकेको १० वर्षमाथिको पुरुष जनसङ्ख्या २६.० प्रतिशत र महिला जनसङ्ख्या १५.८ प्रतिशत रहेको छ।


पुरुष वा महिला परिपक्व भइसक्ने उमेर अर्थात् २५–२९ वर्षभित्र पहिलोपटक विवाह गर्ने जनसङ्ख्या ९.९ प्रतिशत रहेको छ। यस उमेर समूहमा पुरुषतर्फको हिस्सा १६.६ प्रतिशत छ भने महिलातर्फको हिस्सा निकै न्यून अर्थात् ४.५ प्रतिशत मात्र रहेको छ। पुरुष र महिला दुवैको पहिलो विवाह हुने उमेर २० वर्ष पूरा भएपछि क्रमशः घट्दै गएको छ (तालिका २१, चित्र ११)।

पहिलो पटक विवाह भएका महिलाको अनुपात सर्वाधिक (३४.६%) १८–२० वर्ष उमेर समूहभित्र रहेको छ र सर्वाधिक (३१.८%) पुरुषहरूले पनि यसै उमेर समूहमा विवाह गरेको देखिन्छ (तालिका २०)।

*तालिका २० : उमेर समूहअनुसार पहिलो विवाहसम्बन्धी विवरण*

| उमेर समूह | जम्मा | प्रतिशत | पुरुष | प्रतिशत | महिला | प्रतिशत |
|---|---|---|---|---|---|---|
| जम्मा | २३५८२ | १००.० | १०६१८ | १००.० | १२९६४ | १००.० |
| दश वर्ष मुनि | १७० | ०.७ | ३५ | ०.३ | १३५ | १.० |
| १०-१४ | २३१४ | ९.८ | ५६६ | ५.३ | १७४८ | १३.५ |
| १५-१७ | ५५३७ | २३.५ | १६९३ | १५.९ | ३८४४ | २९.७ |
| १८-२० | ७८६३ | ३३.३ | ३३८१ | ३१.८ | ४४८२ | ३४.६ |
| २१-२४ | ४८१० | २०.४ | २७६३ | २६.० | २०४७ | १५.८ |
| २५-२९ | २३४० | ९.९ | १७६१ | १६.६ | ५७९ | ४.५ |
| ३०-३४ | ४०१ | १.७ | ३३२ | ३.१ | ६९ | ०.५ |
| ३५-३९ | ६१ | ०.३ | ४८ | ०.५ | १३ | ०.१ |
| ४०-४४ | १५ | ०.१ | १२ | ०.१ | ३ | ०.० |
| ४५-४९ | ३ | ०.० | २ | ०.० | १ | ०.० |
| ५०-५४ | २ | ०.० | २ | ०.० | ० | ०.० |
| ५५+ | २ | ०.० | २ | ०.० | ० | ०.० |
| नखुलेको | ६४ | ०.३ | २१ | ०.२ | ४३ | ०.३ |

चित्र १३ : दश वर्ष वा सोभन्दा माथिको जनसङ्ख्यामा पुरुष र महिलाको वैवाहिक उमेर (%)




## ४.३ विवाहको औसत उमेर


विवाह गर्ने उमेर समुदाय, समाज, भूगोल, परम्परा, पारिवारिक अवस्था आदिसँग अन्तरसम्बन्धित हुन्छ । राज्यले जारी गरेको कानुनले पनि वैवाहिक उमेरको सीमालाई धेरै हदसम्म नियन्त्रण गरेको हुन्छ । विवाहित जनसङ्ख्यामध्ये शुद्धोधन गाउँपालिकामा विवाह भएका पुरुष तथा महिलाको औसत उमेर १९.२ वर्ष रहेको छ । यहाँका विवाहित पुरुषको औसत उमेर महिलाको भन्दा २.८ प्रतिशत विन्दुले माथि अर्थात् २०.८ वर्ष रहेको छ भने विवाहित महिलाको औसत उमेर १८.० वर्ष रहेको देखिन्छ ।

यहाँका सबै वडाहरूमा विवाहित पुरुष र महिलाको औसत उमेरमा उल्लेखनीय ठुलो भिन्नता छैन। पुरुषतर्फ विवाह गर्ने औसत उमेर सबैभन्दा उच्च अर्थात् २२.० वर्ष वडा नं. ३ मा रहेको छ। महिलातर्फ विवाह गर्ने औसत उमेर सबैभन्दा उच्च अर्थात् १८.८ वर्ष वडा नं. ३ मा नै रहेका छ (तालिका २१, चित्र १४)।

**तालिका २१: वडाअनुसार पहिलो विवाह गर्दाको औसत उमेर**

| वडा | जम्मा | पुरुष | महिला |
|---|---|---|---|
| १ | १८.७ | १९.९ | १७.५ |
| २ | १९.५ | २१.२ | १८.१ |
| ३ | २०.२ | २२.० | १८.८ |
| ४ | १९.९ | २१.९ | १८.४ |
| ५ | १९.१ | २०.५ | १८.० |
| ६ | १८.९ | २०.३ | १७.७ |
| ७ | १८.४ | १९.६ | १७.४ |
| शुद्धोधन | १९.२ | २०.८ | १८.० |

**चित्र १४: वडाअनुसार विवाह गर्ने औसत उमेर**




## ४.४ एकल महिलाको अवस्था

राज्यले एकल महिलालाई सामाजिक सुरक्षाको प्रबन्ध गरेको छ। समाज पनि बिस्तारै एकल महिलाका समस्या र मुद्दाप्रति सकारात्मक हुँदै गएको देखिन्छ। नीतिनिर्माता र निर्णयकर्तालाई एकल महिलाको तथ्याङ्क उपयोगी हुने गरेको छ। एकल महिलाको तथ्याङ्कले वैयक्तिक, पारिवारिक र सामाजिक संरचनाको बारेमा यथेष्ट सूचना प्रवाह गर्दछ। यहाँ एकल महिलाको परिभाषा प्रस्तुत गर्नु मनासिब ठानिएको छ।

एकल महिलामा गणना हुनका लागि कुनै महिला विधवा, पारपाचुके भएको, श्रीमान्सँग छुट्टिएर बसेको, ३५ वर्षभन्दा माथिको उमेरसम्म विवाह नगरी बसेको र श्रीमान बेपत्ता भएका वा हराएका हुनुपर्दछ। तर, राष्ट्रिय जनगणनामा श्रीमान बेपत्ता भएका वा हराएका महिलाको विवरण सङ्कलन नगरिएको कारणले यस प्रतिवेदनमा अघिल्ला चार प्रकारका महिलाहरूलाई एकल महिलाको


रूपमा प्रस्तुत गरिएको छ । यस गाउँपालिकामा एकल महिलाको कुल जनसङ्ख्या १३८७ रहेको छ जुन १० वर्ष वा सोभन्दा माथिका कुल महिला जनसङ्ख्याको ७.७ प्रतिशत हो । वडा तहमा एकल महिलाको सङ्ख्या अध्ययन गर्दा वडा नं. ३ मा सर्वाधिक अर्थात् १०.४ प्रतिशत रहेको छ भने सबैभन्दा कम (४.६%) एकल महिला वडा नं. ७ मा रहेका छन् (तालिका २३, चित्र १३) ।

गाउँपालिकाका ७ ओटा वडामध्ये ४ ओटा वडा (१, ५, ६, र ७) मा यस गाउँपालिकाकामा रहेका एकल महिलाको औसत विद्यमानतादर (७.७%) भन्दा कम विद्यमानतादर छ भने बाँकी ३ ओटा वडाहरूमा सोभन्दा उच्च अनुपातमा एकल महिला रहेका छन् ।

**तालिका २२: वडाअनुसार एकल महिलाको अवस्था**

| वडा | जम्मा | विधुर/ विधवा | एकल महिला | एकल महिला (% मा) |
|---|---|---|---|---|
| १ | २,५४९ | १५५ | १६४ | ६.४ |
| २ | २,६५५ | २१५ | २४२ | ९.१ |
| ३ | २,८४३ | २६३ | २९७ | १०.४ |
| ४ | २,९५५ | २३१ | २६२ | ८.९ |
| ५ | २,६७९ | १८१ | २०१ | ७.५ |
| ६ | २,०१२ | १०० | ११२ | ५.६ |
| ७ | २,३६६ | ९९ | १०९ | ४.६ |
| शुद्धोधन | १८,०५९ | १,२४४ | १,३८७ | ७.७ |

**चित्र १५: वडाअनुसार एकल महिलाको प्रतिशत**



# खण्ड ५: ज्येष्ठ नागरिक

## ५.१ ज्येष्ठ नागरिक र लैङ्गिक अनुपात

ज्येष्ठ नागरिक परिवार एवम् समाजका अभिभावक हुन् । हरेक व्यक्तिले आफ्नो जीवनकालमा यो अवस्थालाई अनुभव गर्नैपर्दछ । राज्यले पनि सामाजिक सुरक्षा भत्तालगायतका नीति तथा कार्यक्रममार्फत ज्येष्ठ नागरिकको पक्षपोषण गरेको देखिन्छ । आश्रित जनसङ्ख्याको गणना गर्दा ज्येष्ठ नागरिकको सङ्ख्या आवश्यक पर्दछ । ज्येष्ठ नागरिकको सङ्ख्याले जनसङ्ख्याको बनावट र जीवन प्रत्याशासमेत (Life Expectancy) लाई प्रतिविम्बित गर्दछ ।

शुद्धोधन गाउँपालिकामा ६० वर्ष वा सोभन्दा माथि (ज्येष्ठ नागरिक) को कुल जनसङ्ख्या ३,८४३ रहेको छ जुन यहाँको कुल जनसङ्ख्या ४१,९०७ को ९.२ प्रतिशत हुन आउँछ । ज्येष्ठ नागरिकको लैङ्गिक अनुपात १०२.८ रहेको छ । यसलाई १००० महिला ज्येष्ठ नागरिकका माझमा १०२८ जना पुरुष ज्येष्ठ नागरिक रहेका छन् भन्ने अर्थमा बुझिन्छ ।

वडा तहमा हेर्दा अनुपातका दृष्टिले सबैभन्दा धेरै (१०.९%) ज्येष्ठ नागरिक वडा नं. ३ मा रहेका छन् भने सबैभन्दा न्यून (७.७%) अनुपात वडा नं. १ मा रहेको छ (तालिका २३) । सङ्ख्यात्मक हिसाबले सबैभन्दा धेरै अर्थात् ६८७ जना ज्येष्ठ नागरिक वडा नं. ३ मा रहेका छन् भने सबैभन्दा कम ३९४ जना वडा नं. ६ मा रहेका छन् ।


**तालिका २३: वडाअनुसार ज्येष्ठ नागरिकको सङ्ख्या र लैङ्गिक अनुपात**

| वडा | जम्मा जनसङ्ख्या | ६० वर्ष र माथि | | ६५ वर्ष र माथि उमेर | | ६८ वर्ष र माथि उमेर | | लैङ्गिक अनुपात (६०+) |
|---|---|---|---|---|---|---|---|---|
| | | संख्या | % | संख्या | % | संख्या | % | |
| १ | ६,४०१ | ४९६ | ७.७ | ३४० | ५.३ | २३८ | ३.७ | ११३.८ |
| २ | ५,९६३ | ५७२ | ९.६ | ३८० | ६.४ | २६७ | ४.५ | १०२.८ |
| ३ | ६,२९२ | ६८७ | १०.९ | ४३७ | ६.९ | ३३५ | ५.३ | ९१.९ |
| ४ | ६,४९५ | ६४७ | १० | ४२६ | ६.६ | ३२३ | ५ | ९४.३ |
| ५ | ६,०२० | ५६६ | ९.४ | ३६० | ६ | २५७ | ४.३ | ९८.६ |
| ६ | ४,९३६ | ३९४ | ८ | २७७ | ५.६ | १९७ | ४ | १०९.६ |
| ७ | ५,८०० | ४८१ | ८.३ | ३३० | ५.७ | २४५ | ४.२ | १२१.७ |
| शुद्धोधन | ४१,९०७ | ३,८४३ | ९.२ | २,५५० | ६.१ | १,८६२ | ४.४ | १०२.८ |

## ५.२ सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न योग्य ज्येष्ठ नागरिक

नेपाल सरकारले ६८ वर्ष उमेर पूरा भएका सबै ज्येष्ठ नागरिकलाई मासिक रूपमा सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउँदै आएको छ । यस शुद्धोधन गाउँपालिकामा ६८ वर्ष वा सोभन्दा माथिको जनसङ्ख्या ४.४ प्रतिशत रहेको छ । वडास्तरमा ज्येष्ठ नागरिकहरूको अनुपात फरक फरक रहेको छ । वडा नं. १ मा यो अनुपात ३.७ प्रतिशत मात्र रहेको छ भने वडा नं. ३ मा ज्येष्ठ नागरिक भत्ता प्राप्त गर्न योग्य जनसङ्ख्या ५.३ प्रतिशत रहेको छ । बाँकी वडामा ज्येष्ठ नागरिकको अनुपात ४.० प्रतिशतदेखि ५.३ प्रतिशतसम्म रहेको छ (चित्र १६) ।

चित्र १६ : वडाअनुसार ६८ र सोभन्दा माथिका जनसङ्ख्या (प्रतिशत)




## ५.३ बुढ्यौली जनसङ्ख्या

विश्वव्यापी रूपमा ६५ वर्ष र सोभन्दा माथिको जनसङ्ख्यालाई बुढ्यौली जनसङ्ख्याका रूपमा लिइन्छ । यस्तो तथ्याङ्कबाट बुढ्यौली जनसङ्ख्याको स्वास्थ्य, जीवनशैली, आर्थिक सक्रियता लगायतका विषयमा पर्याप्त सूचना प्राप्त हुन्छ । बुढ्यौली सूचकाङ्क निकाल्नका लागि पनि यो तथ्याङ्क आवश्यक छ। बुढ्यौली सूचकाङ्क निकाल्नको लागि १४ वर्ष र सोभन्दा कम उमेरको कुल जनसङ्ख्याले ६५ वर्ष र सोभन्दा माथिको कुल जनसङ्ख्यालाई भाग गरेर प्रतिशतमा रूपान्तरण गरिन्छ। बुढ्यौली सूचकाङ्क बढ्नु भनेको उक्त क्षेत्रको जनसङ्ख्या बुढ्यौलीउन्मुख हुँदै गएको वा भएको भन्ने जनाउँछ।


शुद्धोधन गाउँपालिकामा कुल २५५० जना (६.१%) ६५ वर्ष र सोभन्दा माथिको जनसङ्ख्या रहेको छ । त्यसै गरी १४ वर्ष र सोभन्दा माथिको कुल जनसङ्ख्या १०,९०२ (२६.०%) रहेको छ। यी दुई तथ्याङ्कबाट बुढ्यौली सूचकाङ्क २३.४ हुन आउँछ (तालिका २४) । यसको सरल अर्थ यो हुन्छ कि १४ वर्ष र सोभन्दा मुनिका १००० बालबालिका हुँदा २३४ जना ६५ वर्ष वा सोभन्दा माथिका बृद्धवृद्धा रहेका छन्। यसले यस गाउँपालिकाको जनसङ्ख्या बुढ्यौलीउन्मुख भए पनि बुढ्यौली जनसङ्ख्यामा पूर्ण प्रवेश नगरेको सङ्केत गर्दछ।

यस गाउँपालिकामा बुढ्यौली जनसङ्ख्या अनुपात सर्वाधिक (६.९%) वडा नं. ३ मा रहेको छ भने सबैभन्दा न्यून (५.३%) वडा नं. १ मा रहेको छ। यसैगरी वडागत बुढ्यौली सूचकाङ्क सबैभन्दा धेरै (२९.३%) वडा नं. ३ र ४ मा र सबैभन्दा कम (१७.८%) वडा नं. १ मा रहेको देखिन्छ (तालिका २४)।

तालिका २४: वडाअनुसार बुढ्यौली जनसङ्ख्या र सूचकाङ्क

| वडा | ० देखि १४ वर्षका | | | ६५ वर्ष र माथिका | | | बुढ्यौली सूचकाङ्क | बुढ्यौली जनसङ्ख्या % |
|---|---|---|---|---|---|---|---|---|
| | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला | | |
| शुद्धोधन | १०९०२ | ५८०१ | ५१०१ | २५५० | १३०१ | १२४९ | २३.४ | ६.१ |
| १ | १९१३ | १०१८ | ८९५ | ३४० | १८२ | १५८ | १७.८ | ५.३ |
| २ | १४१८ | ७३६ | ६८२ | ३८० | २०६ | १७४ | २६.८ | ६.४ |
| ३ | १४९० | ७७९ | ७११ | ४३७ | २१२ | २२५ | २९.३ | ६.९ |
| ४ | १४५४ | ८२३ | ६३१ | ४२६ | २०४ | २२२ | २९.३ | ६.६ |
| ५ | १४७१ | ७८२ | ६८९ | ३६० | १७० | १९० | २४.५ | ६.० |
| ६ | १४५६ | ७४३ | ७१३ | २७७ | १४८ | १२९ | १९.० | ५.६ |
| ७ | १७०० | ९२० | ७८० | ३३० | १७९ | १५१ | १९.४ | ५.७ |

**चित्र १७ : वडाअनुसार बुद्यौली जनसङ्ख्या र सूचकाङ्क (प्रतिशत)**



# खण्ड ६: बालबालिकाको स्थिति

## ६.१ बालबालिकाको जनसङ्ख्या तथा लैङ्गिक अनुपात


नेपालको कानुनले १८ वर्ष उमेर पूरा नभएका सबैलाई बालबालिका स्वीकार गरेको छ । विश्वका विभिन्न देशहरूका बिच बालबालिकासम्बन्धी तथ्याङ्को तुलना गर्दा पनि यही १८ वर्षको सीमालाई आत्मसात गरेको देखिन्छ । बालबालिका समग्र जनसङ्ख्यामा आश्रित जनसङ्ख्या हो र कुनै पनि देशको जनसङ्ख्या संरचनाको एक महत्वपूर्ण हिस्सा पनि हो । शुद्धोधन गाउँपालिकामा कुल १३,३९१ जना बालबालिका रहेका छन् जुन यहाँको कुल जनसङ्ख्याको ३९.८ प्रतिशत हुन आउँछ ।

गाउँपालिकाको कुल जनसङ्ख्यामा हेर्ने हो भने १६.८ प्रतिशत बालक र १५.२ प्रतिशत बालिका रहेका छन् । यहाँ बालबालिकाको समग्र लैङ्गिक अनुपात ११०.८ रहेको छ । यसको सरल अर्थ यो छ कि प्रति १००० बालिकामा ११०८ जना बालकहरू रहेका छन् (तालिका २५) ।

**तालिका २५: वडाअनुसार बालबालिकाको जनसङ्ख्या र लैङ्गिक अनुपात (0-१७ वर्ष)**

| वडा | जम्मा | पुरुष | महिला | जम्मा | बालक | बालिका | जम्मा लैङ्गिक अनुपात | बालबालिका लैङ्गिक अनुपात |
|---|---|---|---|---|---|---|---|---|
| १ | ६,४०१ | ३,२७१ | ३,१३० | २,३४१ | १,२४५ | १,०९६ | १०४.५ | ११३.६ |
| २ | ५,९६३ | २,८६७ | ३,०९६ | १,७२४ | ८८९ | ८३५ | ९२.६ | १०६.५ |
| ३ | ६,२९२ | २,९८७ | ३,३०५ | १,८२३ | ९५१ | ८७२ | ९०.४ | १०९.१ |
| ४ | ६,४९५ | ३,१३१ | ३,३६४ | १,८२७ | १,००५ | ८२२ | ९३.१ | १२२.३ |
| ५ | ६,०२० | २,९१४ | ३,१०६ | १,८१३ | ९४० | ८७३ | ९३.८ | १०७.७ |
| ६ | ४,९३६ | २,४५५ | २,४८१ | १,७५४ | ८९२ | ८६२ | ९९.० | १०३.५ |
| ७ | ५,८०० | २,९४५ | २,८५५ | २,१०९ | १,११६ | ९९३ | १०३.२ | ११२.४ |
| शुद्धोधन | ४१,९०७ | २०,५७० | २१,३३७ | १३,३९१ | ७,०३८ | ६,३५३ | ९६.४ | ११०.८ |

**चित्र १८: वडाअनुसार बालबालिकाको लैङ्गिक अनुपात**



## ६.२ वडाको कुल जनसङ्ख्यामा बालबालिकाको अनुपात

बालबालिकाकेन्द्रित नीति, योजना तथा कार्यक्रम बनाउनका लागि तल्लो स्तरसम्म कुल जनसङ्ख्यामा बालबालिकाको अनुपात कति छ भन्ने तथ्याङ्क महत्वपूर्ण रहन्छ। शुद्धोधन गाउँपालिकाका ७ ओटा वडाहरूको कुल जनसङ्ख्यामा बालबालिकाको अनुपात तालिका २६ मा प्रस्तुत गरिएको छ। वडास्तरमा तुलना गर्दा बालबालिकाको सर्वाधिक (३६.६%) अंश वडा नं. १ मा रहेको देखिन्छ। दोस्रो (३६.४%) र तेस्रो (३५.४%) ठुलो अनुपात वडा क्रमश: वडा नं. ७ र ६ मा रहेको देखिन्छ।

बालकको अनुपात सर्वाधिक (१९.२%) वडा नं. ७ मा रहेको छ भने बालिकाको सर्वाधिक (१७.५%) अनुपात वडा नं. ६ मा रहेको छ।

**तालिका २६: वडाको कुल जनसङ्ख्यामा बालबालिकाको अनुपात**

| वडा | जम्मा | जम्मा | % | बालक | % | बालिका | % | बालबालिका जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | ६४०१ | २३४१ | ३६.६ | १२४५ | १९.५ | १०९६ | १७.१ | ३६.६ |
| २ | ५९६३ | १७२४ | २८.९ | ८८९ | १४.९ | ८३५ | १४.० | २८.९ |
| ३ | ६२९२ | १८२३ | २९.० | ९५१ | १५.१ | ८७२ | १३.९ | २९.० |
| ४ | ६४९५ | १८२७ | २८.१ | १००५ | १५.५ | ८२२ | १२.७ | २८.१ |
| ५ | ६०२० | १८१३ | ३०.१ | ९४० | १५.६ | ८७३ | १४.५ | ३०.१ |
| ६ | ४९३६ | १७५४ | ३५.५ | ८९२ | १८.१ | ८६२ | १७.५ | ३५.५ |
| ७ | ५८०० | २१०९ | ३६.४ | १११६ | १९.२ | ९९३ | १७.१ | ३६.४ |
| शुद्धोधन | ४१९०७ | १३३९१ | ३२.० | ७०३८ | १६.८ | ६३५३ | १५.२ | ३२.० |

## ६.३ बाल-आश्रित अनुपात

बालबालिकालाई कुनै पनि देशको भविष्यका रूपमा लिइन्छ। यससँगै गाँसिएको अर्को पाटो भनेको बालबालिका कुल आश्रित जनसङ्ख्या (बालबालिका र बृद्धवृद्धा) को सबैभन्दा ठुलो हिस्सा हुन्। बाल-आश्रित अनुपात निकाल्नको लागि बालबालिकाको खास स्थानको जनसङ्ख्यालाई सोही स्थानको १५ देखि ६४ वर्षसम्मको कुल जनसङ्ख्याले भाग गर्ने प्रचलन रहेको छ। शुद्धोधन गाउँपालिकाको समग्र बाल-आश्रित अनुपात ३८.३ प्रतिशत रहेको छ। यसको अर्थ १०० जना काम गर्ने उमेर समूहको जनसङ्ख्याले करिब ३८ जना बालबालिकाको खानपिन, रेखदेख, शिक्षा, स्वास्थ्य लगायतको हेरविचार गर्नु परिरहेको भन्ने बुझिन्छ। उक्त जनसङ्ख्याको भार उत्पादक जनसङ्ख्यामाथि पर्ने हुन्छ।

वडास्तरमा बाल-आश्रित अनुपात न्यूनतम ३१.५ प्रतिशत (वडा नं. ४) देखि अधिकतम ४६.१ प्रतिशत (वडा नं. १) सम्म रहेको छ (तालिका २७, चित्र १९)। यसै तालिकामा तुलनाका लागि कुल आश्रित अनुपात पनि दिइएको छ। कुल आश्रित अनुपात निकाल्नको लागि १४ वर्षभन्दा कम उमेरका बालबालिका र ६५ वर्षभन्दा माथिको जनसङ्ख्याको योगलाई १५ देखि ६४ वर्षसम्मको कुल जनसङ्ख्याले भाग गरेर प्रतिशतमा व्यक्त गरिन्छ। बाल आश्रित अनुपातभन्दा कुल आश्रित अनुपात सधैं बढी नै हुन्छ। गाउँपालिकाको कुल आश्रित अनुपात ४७.३ प्रतिशत रहेको छ जुन बाल आश्रित अनुपातभन्दा ९.० प्रतिशत बिन्दुले माथि छ।

**तालिका २७: वडाअनुसार बाल-आश्रित अनुपात**

| वडा | ० देखि १४ वर्ष | १५ देखि ६४ वर्ष | बाल आश्रित अनुपात | कुल आश्रित अनुपात |
|---|---|---|---|---|
| शुद्धोधन | १०९०२ | २८४५५ | ३८.३ | ४७.३ |
| १ | १९१३ | ४१४८ | ४६.१ | ५४.३ |
| २ | १४१८ | ४१६५ | ३४.० | ४३.२ |
| ३ | १४९० | ४३६५ | ३४.१ | ४४.२ |
| ४ | १४५४ | ४६१५ | ३१.५ | ४०.७ |
| ५ | १४७१ | ४१८९ | ३५.१ | ४३.७ |
| ६ | १४५६ | ३२०३ | ४५.५ | ५४.१ |
| ७ | १७०० | ३७७० | ४५.१ | ५३.९ |

**चित्र १९: वडाअनुसार बाल–आश्रित अनुपात**




## ६.४ बाल विवाह

समाजमा अभ्यासमा रहेको भए तापनि बाल विवाहलाई वैयक्तिक, सामाजिक र कानुनी तीनओटै दृष्टिकोणबाट सकारात्मक मानिदैन । बालक वा बालिकाको वृद्धि र व्यक्तित्व विकासमा बाल विवाह बाधक हुनसक्ने भएकोले यसलाई हतोत्साहित गर्ने उद्देश्यले कानुनी व्यवस्थासमेत गरिएको छ । बाल विवाह केन्द्रदेखि सबै स्थानीय तहका वडास्तरसम्म विद्यमान रहेको तथ्याङ्कबाट देखिएको छ । बाल विवाहको तथ्याङ्क प्रस्तुत गर्नुअघि यहाँ बाल विवाहको अवधारणाबारेमा स्पष्ट हुनु जरूरी छ ।

सामान्यत: कानुनले बालबालिकाअन्तर्गत गणना हुने उमेरभित्र विवाह भएको अवस्था नै बाल विवाह हो । विवाह बन्धनमा बाँधिने पुरुष वा महिला दुवैजना १८ वर्षभन्दा मुनि भएको अवस्थामा वा ती दुईमध्ये एक जना १८ वर्षभन्दा कम उमेरको भए पनि बाल विवाहमै गणना हुन्छ । तालिका २७ मा १८ वर्ष उमेर नपुग्दै विवाह भएका बालबालिकाको तथ्याङ्क विश्लेषण गरिएको छ । बाल विवाहको विश्लेषण गर्दा जोडिएर आउने अर्को प्रमुख विषय कानुनले तोकेको उमेर हद पूरा नभई विवाह गरेका व्यक्तिहरूको बिचमा भएको विवाह पनि हो । नेपालमा कानुनले २० वर्ष पूरा नभएका केटा र केटीलाई विवाहका लागि अयोग्य मानेको छ । तसर्थ, १८ र १९ वर्षको उमेरमा विवाह भएको जनसङ्ख्याको अनुपात पनि यहाँ विश्लेषण गर्नु उपयुक्त हुन्छ ।

अन्तर्राष्ट्रिय अभ्यासअनुसार गणनाको समयमा २० देखि २४ वर्षको उमेर समूहभित्र रहेका पुरुष र महिलालाई उनीहरूको पहिलोपटक विवाह हुँदा उमेर कति थियो भन्ने आधारमा बाल विवाहको विद्यमानतादर निकाल्ने गरिएको छ । शुद्धोधन गाउँपालिकामा १८ वर्षभन्दा कम उमेरमा विवाह हुने पुरुष र महिलाको समग्र अनुपात ११.२ प्रतिशत रहेको छ । सोही उमेर समूहका महिलामध्ये १८ वर्ष उमेर नपुगी विवाह हुनेको अनुपात १६.९ प्रतिशत छ भने पुरुषका हकमा यो मान ४.५ प्रतिशत रहेको छ । यसबाट यस गाउँपालिकामा पुरुषको तुलनामा महिलाहरूको बाल विवाहदर झण्डै चार गुणा बढी रहेको देखिन्छ (तालिका २८) ।


**तालिका २८: वडाअनुसार बालविवाहको अवस्था**

| वडा | २०-२४ वर्षका जनसङ्ख्या | | | १८ वर्ष नपुग्दै विवाह गर्ने | | | बालविवाह % | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला |
| १ | ७४५ | ३४५ | ४०० | ९८ | १४ | ८४ | १३.२ | ४.१ | २१.० |

| वडा | २०-२४ वर्षका जनसङ्ख्या | | | १८ वर्ष नपुग्दै विवाह गर्ने | | | बालविवाह % | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला |
| २ | ५८५ | २६३ | ३२२ | ४८ | ७ | ४१ | ८.२ | २.७ | १२.७ |
| ३ | ६१८ | २७७ | ३४१ | ४९ | ६ | ४३ | ७.९ | २.२ | १२.६ |
| ४ | ६७८ | २९४ | ३८४ | ४५ | ९ | ३६ | ६.६ | ३.१ | ९.४ |
| ५ | ६३५ | २८६ | ३४९ | ६६ | ९ | ५७ | १०.४ | ३.२ | १६.३ |
| ६ | ५३० | २५८ | २७२ | १०६ | २९ | ७७ | २०.० | ११.२ | २८.३ |
| ७ | ६२२ | २८६ | ३३६ | ८३ | १६ | ६७ | १३.३ | ५.६ | १९.९ |
| शुद्धोधन | ४,४१३ | २,००९ | २,४०४ | ४९५ | ९० | ४०५ | ११.२ | ४.५ | १६.९ |

वडागत रूपमा हेर्दा बाल विवाहको तीव्रता वडा नं. ६ मा रहेको देखिन्छ जहाँ बालिका अवस्थामा भएको विवाहको विद्यमानतादर २०.० प्रतिशत छ। पुरुषतर्फ सबैभन्दा उच्च बाल विवाहदर पनि यसै ६ नं. वडा नं. मा रहेको छ जहाँ यसको मान ११.२ प्रतिशत रहेको छ । महिलातर्फ उच्चतम (२८.३%) बाल विवाहदर वडा नं. ६ मा नै रहेको छ । पुरुषतर्फ न्यूनतम (२.२%) बालविवाह विद्यमानतादर वडा नं. ३ मा रहेको देखिन्छ भने महिलातर्फको न्यूनतम मान (९.४%) वडा नं. ४ मा रहेको छ । गाउँपालिकाका ७ ओटा वडामध्ये सबैभन्दा न्यून (६.६%) बाल विवाहदर वडा नं. ४ मा रहेको देखिन्छ (चित्र २०) ।

*चित्र २० : वडाअनुसार बाल विवाहको विद्यमानता स्थिति*




## ६. बालबालिकाको साक्षरतादर

जनगणनामा ५ वर्ष र सोभन्दा माथिको सम्पूर्ण जनसङ्ख्यालाई साक्षरतासम्बन्धी प्रश्न सोधिएको थियो । बालबालिकाको अन्य सूचकजस्तै साक्षरतादर पनि योजना तथा नीतिनिर्माणको चरणमा र तिनको मूल्याङ्कनमा महत्वपूर्ण हुने गर्दछन् । हाम्रो जस्तो विकासोन्मुख देशमा ५ वर्ष र सोभन्दा माथिको जनसङ्ख्याको समग्र साक्षरतादरभन्दा बालबालिकाको साक्षरतादर सामान्यत: उच्च हुने गर्दछ । यस्तो हुनुको सम्भावित कारणमा पुरानो पुस्ताले नयाँ पुस्ताले जस्तो सहज रूपमा विद्यालय जाने अवसर पाएको हुँदैन । पछिल्ला चार पाँच दशकमा बालबालिकालाई विद्यालय पठाउने प्रचलन व्यापक हुँदै गएको छ र सरकारले प्राथमिक शिक्षालाई अनिवार्य घोषणा गरेको छ । शुद्धोधन गाउँपालिकामा बालक तथा बालिकाको समग्र साक्षरतादर ९८.१ प्रतिशत रहेको छ ।


वडागत रूपमा बाल साक्षरतादरलाई तुलना गर्दा सर्वाधिक (९९.६%) साक्षरतादर वडा नं. ४ मा रहेको छ । सबैभन्दा कम बालबालिका साक्षरतादर ९६.३ प्रतिशत वडा नं. १ को रहेको छ । वडा नं. ४, ५ र ६ को साक्षरतादर समान अर्थात् ९८.५ प्रतिशत रहेको छ (चित्र २१) ।

चित्र २१ मा बालबालिकाको वडागत साक्षरतादर गाउँपालिकाको औसतभन्दा तल वा माथि रहेको सङ्केत गर्नका लागि रातो रङ्गको खण्डित रेखाद्वारा सङ्केत गरिएको छ । यस रेखाले वडा नं. १ मा बालबालिकाको साक्षरतादर औसतभन्दा कम रहेको देखाएको छ भने बाँकी ६ ओटा वडाको औसत साक्षरतादर गाउँपालिकाको समग्रभन्दा माथि वा बराबर रहेको देखिन्छ ।

**तालिका २१: वडाअनुसार बाल साक्षरतादर**

| वडा | ५ वर्ष र सोभन्दा माथिका बालबालिका | | | साक्षरतादर | | |
|---|---|---|---|---|---|---|
| | जम्मा | बालक | बालिका | जम्मा | बालक | बालिका |
| १ | १,७११ | ९१४ | ७९७ | ९६.६ | ९६.३ | ९६.९ |
| २ | १,२६३ | ६४९ | ६१४ | ९८.२ | ९८.० | ९८.४ |
| ३ | १,३२० | ६८७ | ६३३ | ९८.३ | ९८.३ | ९८.४ |
| ४ | १,४०१ | ७७२ | ६२९ | ९८.५ | ९८.६ | ९८.४ |
| ५ | १,३७३ | ७०२ | ६७१ | ९८.५ | ९८.० | ९९.० |
| ६ | १,२९७ | ६६२ | ६३५ | ९८.५ | ९८.३ | ९८.७ |
| ७ | १,६१९ | ८४७ | ७७२ | ९८.२ | ९८.५ | ९७.९ |
| शुद्धोधन | ९,९८४ | ५,२३३ | ४,७५१ | ९८.१ | ९७.९ | ९८.२ |

**चित्र २१: वडाअनुसार बालबालिकाको साक्षरतादर**




## ६.६ अध्ययनरत तथा स्कुलबाहिर रहेका बालबालिकाको विवरण


राष्ट्रिय जनगणनामा ५ वर्ष वा सोभन्दा माथिका व्यक्तिलाई अध्ययन गर्न हाल स्कुल गइरहनुभएको छ भनी सोधिएको प्रश्नमा प्राप्त उत्तरको विश्लेषण गर्दा यस गाउँपालिकाका ५ देखि १७ वर्षसम्मका कुल ९,९८४ जनामध्ये ९३.२ प्रतिशत हाल स्कुल गइरहेको देखिन्छ भने ५.१ प्रतिशत विगतमा गएको तर हाल स्कुल नगएको तथ्याङ्कले देखाएको छ । कहिल्यै स्कुल नगएका बालबालिकाको हिस्सा १.६ प्रतिशत रहेको छ । कहिल्यै पनि स्कुल नगएका ५ देखि १७ वर्षसम्मका व्यक्ति सर्वाधिक (२.९%)

बालबालिका वडा नं. १ मा रहेका छन् । त्यसैगरी हाल स्कुल गइरहेका सर्वाधिक अर्थात् ९४.६ प्रतिशत बालबालिका वडा नं. २ मा रहेका छन् (तालिका ३०) ।

**तालिका ३०: अध्ययनरत तथा स्कुल बाहिर रहेका बालबालिकाको विवरण**

| वडा | जम्मा ५ देखि २५ वर्षका र कक्षा १२ कक्षा उत्तीर्ण नगरेका | | | हाल स्कुल गइरहेकाको प्रतिशत | | | विगत स्कुल गएकाको प्रतिशत | | | कहिल्यै स्कुल नगएकाको प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला |
| १ | १७११ | ९१४ | ७९७ | ९०.२ | ८९.१ | ९१.५ | ७.० | ७.६ | ६.३ | २.९ | ३.४ | २.३ |
| २ | १२६३ | ६४९ | ६१४ | ९५.३ | ९४.६ | ९५.९ | २.९ | ३.२ | २.४ | १.७ | २.० | १.३ |
| ३ | १३२० | ६८७ | ६३३ | ९५.० | ९४.३ | ९५.७ | ३.६ | ४.४ | २.७ | १.० | १.२ | ०.८ |
| ४ | १४०१ | ७७२ | ६२९ | ९३.६ | ९३.० | ९४.३ | ५.१ | ५.६ | ४.५ | १.२ | १.३ | १.१ |
| ५ | १३७३ | ७०२ | ६७१ | ९२.४ | ९१.५ | ९३.४ | ६.६ | ७.४ | ५.८ | ०.८ | ०.९ | ०.८ |
| ६ | १२९७ | ६६२ | ६३५ | ९२.४ | ९२.३ | ९२.६ | ६.१ | ६.० | ६.१ | १.४ | १.७ | १.१ |
| ७ | १६१९ | ८४७ | ७७२ | ९४.३ | ९४.६ | ९३.९ | ३.९ | ४.० | ३.८ | १.७ | १.३ | २.१ |
| शुद्धोधन | ९९८४ | ५२३३ | ४७५१ | ९३.२ | ९२.६ | ९३.८ | ५.१ | ५.५ | ४.६ | १.६ | १.७ | १.४ |

**चित्र २२ : वडागत रूपमा अध्ययनरत तथा स्कुल बाहिर रहेका बालबालिकाको विवरण (% मा)**




## ६.७ बालश्रमको विवरण

बालश्रमका विभिन्न अवस्था, प्रकार र अवधारणा प्रचलित छन् । संयुक्त राष्ट्रसंघ बालकोषकाअनुसार प्रत्येक १० जनामा १ जना बालबालिका बालश्रम गर्न बाध्य छन् । जो बालबालिका उनीहरूको उमेरका हिसाबले कुनै काम गर्न शारीरिक रूपमा सबल छैनन् अथवा कामको प्रकृति र परिस्थितिअनुसार कुनै काम जोखिमपूर्ण छ, त्यस्तो काममा संलग्न भएका रहेछन् भने त्यो स्थिति बालश्रममा पर्दछ । तर, बालबालिकाको शारीरिक र मानसिक विकासमा सकारात्मक योगदान गर्ने काम जस्तो कि हलुका

प्रकृतिका घरायसी काम र विद्यालय बिदा हुँदाको अवस्थामा गरिएका कुनै सरल कामबाहेक बालश्रमले उनीहरूको स्वास्थ्य, सुरक्षा र मानसिक विकासमा क्षति पुऱ्याउँदछ ।[2]

शुद्धोधन गाउँपालिकामा समग्र बालश्रम विद्यमानतादर घरायसी क्षेत्रमा ४२.५ प्रतिशत र गैरघरायसी क्षेत्रमा २३.३ प्रतिशत रहेको देखिन्छ । यहाँ बालश्रम गर्दा कति समय काम गरेको आधारमा हिसाबकिताब गरिएको छ भन्ने सवाल बुझ्नु मनासिब हुन्छ । जनगणनामा आर्थिक कामको बारेमा १० वर्ष र सोभन्दा माथिको जनसङ्ख्यालाई मात्र प्रश्न सोधिएको थियो । उनीहरूले गणनाको दिनदेखि अघिल्लो १२ महिनामा कम्तीमा १ दिन काम गरेको भए त्यसलाई पनि श्रम गरेको मानिने प्रावधान राखिएको थियो । अन्तर्राष्ट्रिय मापदण्डअनुसार विगत एक हप्तामा कम्तीमा एक घण्टा नाफा वा आम्दानी हुने काम गरेका बालबालिकालाई बालश्रमको रूपमा मान्ने चलन छ ।

यहाँ गैरघरायसी क्षेत्र भन्नाले वित्तीय, गैरवित्तीय तथा नाफा नकमाउने संस्था पर्दछ । घरायसी क्षेत्र भन्नाले असंगठित रूपमा परिवारले संचालन गरेका सबै प्रकारका आर्थिक क्रियाकलापहरू पर्दछन् जस्तै कृषि, अनौपचारिक र असंगठित रूपमा व्यक्ति वा परिवारले संचालन गरेका व्यापार, उद्योग, व्यवसाय, सडक किनारमा बिक्री गर्ने आदि यसअन्तर्गत पर्दछ ।


वडास्तरमा बालश्रम विद्यमानतादर तुलना गर्दा घरायसी क्षेत्रमा सर्वाधिक (६१.०%) वडा नं. ५ मा देखिन्छ भने सबैभन्दा कम ( ३३.६%) वडा नं. ३ मा रहेको छ । गैरघरायसी क्षेत्रको सर्वाधिक बालश्रम विद्यमानतादर सर्वाधिक (३०.३%) वडा नं. ३ मा र सबैभन्दा कम (१९.५%) वडा नं. ६ मा रहेको छ (तालिका ३१) ।

### तालिका ३१ : वडाअनुसार बालश्रमको अवस्था

| वडा | अघिल्लो १२ महिनामा कम्तीमा एक दिन आर्थिक काममा संलग्नता | | | | | |
|---|---|---|---|---|---|---|
| | गैरघरायसी क्षेत्र | घरायसी क्षेत्र | काम नगर्ने | जम्मा | गैरघरायसी क्षेत्र | घरायसी क्षेत्र |
| १ | १३५५ | १,९८१ | १८१२ | ५१४८ | २६.३ | ३८.५ |
| २ | ११२८ | २,१७६ | १७३९ | ५०४४ | २२.४ | ४३.१ |
| ३ | १६१० | १,७८१ | १९१४ | ५३०५ | ३०.३ | ३३.६ |
| ४ | १२७७ | २,०९८ | २१९० | ५५६६ | २२.९ | ३७.७ |
| ५ | ९३० | ३,१०६ | १०५७ | ५०९३ | १८.३ | ६१.० |
| ६ | ७८० | १,९८१ | १२२३ | ३९९४ | १९.५ | ४९.६ |
| ७ | १०५८ | १,६९३ | १९९० | ४७४१ | २२.३ | ३५.७ |
| शुद्धोधन | ८,१३८ | १४,८१६ | ११,९२५ | ३४,८९१ | २३.३ | ४२.५ |

[2] हेर्नुहोस् https://www.unicef.org/protection/child-labour

**चित्र २३: वडाअनुसार बालश्रम (गैरघरायसी र घरायसी क्षेत्र)**




## ६.८ जन्मदर्ताको अवस्था

नेपालमा जन्मदर्तालाई बालबालिकाको संवैधानिक हक हो । पछिल्लो जनगणनामा पाँच वर्षमुनिका प्रत्येक बालबालिकाको जन्मदर्ता गरिएका छ वा छैन भन्ने प्रश्न सोधिएको थियो । राज्यप्रदत्त कैयन् सुविधामा जन्मदर्ताको अत्यन्तै महत्व रहेको हुँदा यो प्रश्न राखिएको थियो । सरकारले विभिन्न नीति तथा कार्यक्रममार्फत जन्मदर्तालाई अभियानका रूपमा सञ्चालन गरिरहेको छ ।

शुद्धोधन गाउँपालिकामा ५ वर्ष वा सोभन्दा कम उमेरका बालबालिकाहरूको समग्र जन्मदर्ताको अवस्था ६७.६ प्रतिशत रहेको छ । वडा तहमा तुलना गर्दा जन्मदर्ताको अधिकतम (७३.९%) उपलब्धि वडा नं. २ ले हासिल गरेको देखिन्छ । न्यून जन्मदर्ता भएका तीनओटा वडाहरू क्रमशः वडा नं. ६ (५७.०%), वडा नं. १ (६०.९%) र वडा नं. ७ (६८.९%) रहेका छन् (तालिका ३२, चित्र २४) ।


गाउँपालिकाको औसत जन्मदर्ता ८२.० प्रतिशतभन्दा कम वा बढी जन्मदर्ता स्थिति रहेका वडाहरूलाई खण्डीकृत रातो रङ्गको रेखाले सङ्केत गरिएको छ । यसअनुसार वडा नं. १ र ६ मा जन्मदर्ताको स्थिति समग्र गाउँपालिकाभन्दा कम रहेको छ भने बाँकी वडाहरूमा यो मान औसतभन्दा माथि रहेको छ ।

**तालिका ३२: वडाअनुसार जन्मदर्ता भएका बालबालिकाको अवस्था**

| वडा | ५ वा सोभन्दा कम उमेरका बालबालिका | | | जम्मा | | | | पुरुष | | | | महिला | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | जन्मदर्ता | | | | जन्मदर्ता | | | | जन्मदर्ता | | | |
| | | | | गरेको | | नगरेको | | गरेको | | नगरेको | | गरेको | | नगरेको | |
| | जम्मा | बालक | बालिका | संख्या | % | संख्या | % | संख्या | % | संख्या | % | संख्या | % | संख्या | % |
| शुद्धोधन | ४१६५ | २२०६ | १९५९ | २८१६ | ६७.६ | १३४९ | ३२.४ | १५०५ | ६८.२ | ७०१ | ३१.८ | १३११ | ६६.९ | ६४८ | ३३.१ |
| १ | ७७८ | ४१९ | ३५९ | ४७४ | ६०.९ | ३०४ | ३९.१ | २६३ | ६२.८ | १५६ | ३७.२ | २११ | ५८.८ | १४८ | ४१.२ |
| २ | ५६३ | २८९ | २७४ | ४१६ | ७३.९ | १४७ | २६.१ | २१३ | ७३.७ | ७६ | २६.३ | २०३ | ७४.१ | ७१ | २५.९ |
| ३ | ५९८ | ३१२ | २८६ | ४३० | ७१.९ | १६८ | २८.१ | २३१ | ७४.० | ८१ | २६.० | १९९ | ६९.६ | ८७ | ३०.४ |
| ४ | ५१९ | २८३ | २३६ | ३६६ | ७०.५ | १५३ | २९.५ | १९८ | ७०.० | ८५ | ३०.० | १६८ | ७१.२ | ६८ | २८.८ |
| ५ | ५३७ | २९९ | २३८ | ३९१ | ७२.८ | १४६ | २७.२ | २११ | ७०.६ | ८८ | २९.४ | १८० | ७५.६ | ५८ | २४.४ |
| ६ | ५६० | २७७ | २८३ | ३१९ | ५७.० | २४१ | ४३.० | १६० | ५७.८ | ११७ | ४२.२ | १५९ | ५६.२ | १२४ | ४३.८ |

| वडा | ५ वा सोभन्दा कम उमेरका बालबालिका | | | जम्मा | | | | पुरुष | | | | महिला | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | जन्मदर्ता | | | | जन्मदर्ता | | | | जन्मदर्ता | | | |
| | | | | गरेको | | नगरेको | | गरेको | | नगरेको | | गरेको | | नगरेको | |
| | जम्मा | बालक | बालिका | संख्या | % | संख्या | % | संख्या | % | संख्या | % | संख्या | % | संख्या | % |
| ७ | ६१० | ३२७ | २८३ | ४२० | ६८.९ | १९० | ३१.१ | २२९ | ७०.० | ९८ | ३०.० | १९१ | ६७.५ | ९२ | ३२.५ |

## चित्र २४: वडाअनुसार जन्मदर्ताको अवस्था



# खण्ड ७: अपाङ्गता भएका व्यक्तिको स्थिति

## ७.१ अपाङ्गता भएका व्यक्तिको जनसङ्ख्या

सामाजिक तथ्याङ्कलाई विभिन्न वर्गमा खण्डीकृत गर्ने सन्दर्भमा अपाङ्गता भएको जनसङ्ख्या पनि महत्वपूर्ण मानिन्छ । समावेशी विकास र अवसरमा समान पहुँचका लागि जुनसुकै शारीरिक तथा मानसिक क्षमता भएका व्यक्तिहरुका लागि राज्यले नीति, योजना तथा कार्यक्रम अगाडि ल्याउने सिलसिलामा अपाङ्गता भएका व्यक्तिहरुको जनसङ्ख्या अपरिहार्य हुन्छ । मूलतः प्राकृतिक वा मानवसिर्जित कारणले नै मानिसमा अपाङ्गता हुनसक्दछ। त्यसबाहेक जन्मजात अपाङ्गता पनि हुने गर्दछ। शिक्षा, स्वास्थ्य, रोजगारी, राज्य सञ्चालन, सामाजिक सुरक्षालगायतका क्षेत्रमा अपाङ्गता भएका जनसङ्ख्याको बेग्लै पहुँच र सहभागिता सुनिश्चितता गर्नका लागि अपाङ्गता भएको जनसङ्ख्याको वडा तहसम्मको तथ्याङ्क आवश्यक पर्दछ।

शुद्धोधन गाउँपालिकामा कुल ४१,९०७ जनसङ्ख्यामध्ये ७०९ जनामा अपाङ्गता रहेको छ । यो सङ्ख्या गाउँपालिकाको कुल जनसङ्ख्याको १.७ प्रतिशत हुन आउँछ र यसैलाई यस गाउँपालिकाको अपाङ्गता विद्यमानतादर मानिन्छ। वडागत रुपमा अपाङ्गता विद्यमानतादर तुलना गर्दा सर्वाधिक (२.७%) वडा नं. १ मा देखिन्छ। वडा नं. ९ दोस्रोमा (२.९%) र तेस्रोमा (२.८%) वडा नं. ८ रहेको छ। अपाङ्गता विद्यमानतादर सबैभन्दा न्यून (१.७%) वडा नं. ३ मा रहेको छ (तालिका ३४)।

यहाँ पुरूष र महिलाको अपाङ्गताको आँकडामा भिन्नता रहेको तथ्य विचारणीय छ। कुल अपाङ्ग जनसङ्ख्यामा २.१ प्रतिशत पुरूषमा अपाङ्गता रहेको छ भने १.३ प्रतिशत महिलामा यो मान  प्रतिशत रहेको छ। पुरूषमा अपाङ्गता विद्यमानतादर महिलाको भन्दा ०.८ प्रतिशत विन्दुले बढी देखिएको छ। (तालिका ३३)। व्यक्तिमा अपाङ्गताको प्रकार, गहनता र असर फरक फरक हुन्छ।


तालिका ३३: अपाङ्गताको जनसङ्ख्या र विद्यमानतादर

| अपाङ्गताको अवस्था | जम्मा | | पुरुष | | महिला | |
|---|---|---|---|---|---|---|
| | संख्या | % | संख्या | % | संख्या | % |
| जम्मा जनसङ्ख्या | ४१,९०७ | १००.० | २०,५७० | १००.० | २१,३३७ | १००.० |
| अपाङ्गता नभएको | ४१,१९६ | ९८.३ | २०,१४३ | ९७.९ | २१,०५३ | ९८.७ |
| उत्तर नलेखिएको | २ | ०.० | २ | ०.० | ० | ०.० |
| अपाङ्गता भएको | ७०९ | १.७ | ४२५ | २.१ | २८४ | १.३ |

राज्यले अपाङ्गता भएको जनसङ्ख्याको लागि विशेष हक र सामाजिक सुरक्षाको नीति लिएको छ र तदनुरूप कार्यक्रम सञ्चालन गर्दै आएको छ। अपाङ्गतासम्बन्धी स्थानीय नीति तथा कार्यक्रम तर्जुमा एवम् कार्यान्वयन गर्नका लागि यसप्रकारको खण्डीकृत तथ्याङ्क अपरिहार्य मानिन्छ। नेपालमा अपाङ्गतासम्बन्धी तथ्याङ्कको सबैभन्दा ठुलो प्राथमिक स्रोत जनगणना नै हो।

वडाअनुसार अपाङ्गता विद्यमानतादर तुलना गर्दा सबैभन्दा उच्च (२.७%) विद्यमानतादर वडा नं. १ मा रहेको देखिन्छ भने सबैभन्दा न्यून (१.३%) वडा नं. ४ र ७ मा रहेको छ (चित्र २५)।

चित्र २५ : वडाअनुसार अपाङ्गता विद्यमानतादर




## ७.२ अपाङ्गताको प्रकारसम्बन्धी विवरण

गत बाह्रौं राष्ट्रिय जनगणनामा अपाङ्गताको प्रकारलाई यसअघिका जनगणनामाझैं विभिन्न १२ ओटा वर्गमा विभाजन गरी त्यसैअनुरूप तथ्याङ्क सङ्कलन गरिएको थियो । अपाङ्गताको प्रकारमध्ये यस गाउँपालिकामा सबैभन्दा धेरै (४६.९%) शारीरिक अपाङ्गता रहेको छ । दोस्रो र तेस्रोमा क्रमशः न्यून दृष्टियुक्त (११.२%) र सुस्तश्रवण (८.२%) रहेका छन् । अपाङ्गता भएको जनसङ्ख्यामध्ये बहिरोपन हुनेको अनुपात ८.१ प्रतिशत रहेको देखिन्छ । कतिपय मानिसमा बहुअपाङ्गता रहेको हुन्छ । यस गाउँपालिकामा बहुअपाङ्गता हुने जनसङ्ख्याको हिस्सा १०.९ प्रतिशत रहेको छ ।

खास प्रकारको अपाङ्गता विद्यमानतादर पुरुष र महिलामा भिन्न हुनु स्वाभाविकै हो । उदाहरणका लागि शारीरिक अपाङ्गताको दर पुरुषका हकमा ४१.६ प्रतिशत छ भने यो महिलामा ९.६ प्रतिशत विन्दुले कम अर्थात् ३२.० प्रतिशत मात्र छ । न्यून दृष्टियुक्तहरूको विद्यमानतादर पुरुषमा १०.१ प्रतिशत छ भने महिलामा १४.४ प्रतिशत रहेको छ । पूर्ण दृष्टिविहीनताको अवस्था पनि पुरुष (६.६%) मा भन्दा महिला (८.१%) उच्च रहेको देखिन्छ ।


वर्तमान समयमा अटिजम्प्रभावित जनसङ्ख्या क्रमशः बढिरहेको देखिएको छ । यस गाउँपालिकामा अटिजम् विद्यमानतादर १.७ रहेको छ जसमध्ये पुरुषतर्फको मान १.२ र महिलातर्फ २.५ प्रतिशत छ । यसबाट अटिजम्ले पुरुषको तुलनामा महिलालाई बढी प्रभावित गरेको देखिन्छ । बहिरोपनको समस्याभने पुरुष र महिला दुवैतर्फ बराबर अर्थात् ५.६ प्रतिशत रहेको देखिन्छ (तालिका ३५, चित्र २६) ।

तालिका ३४: अपाङ्गताको प्रकारअनुसारको जनसङ्ख्या वितरण

| अपाङ्गताको अवस्था | जम्मा | | पुरुष | | महिला | |
|---|---|---|---|---|---|---|
| | संख्या | % | संख्या | % | संख्या | % |
| जम्मा | ७०९ | १०० | ४२५ | १०० | २८४ | १०० |
| शारीरिक अपाङ्गता | २६८ | ३७.८ | १७७ | ४१.६ | ९१ | ३२.० |
| न्यून दृष्टियुक्त | ८४ | ११.८ | ४३ | १०.१ | ४१ | १४.४ |
| पूर्ण दृष्टिविहीन | ५१ | ७.२ | २८ | ६.६ | २३ | ८.१ |
| बहिरोपन | ४० | ५.६ | २४ | ५.६ | १६ | ५.६ |

| अपाङ्गताको अवस्था | जम्मा | | पुरुष | | महिला | |
|---|---|---|---|---|---|---|
| | संख्या | % | संख्या | % | संख्या | % |
| सुस्तश्रवण | ३१ | ४.४ | २० | ४.७ | ११ | ३.९ |
| श्रवण दृष्टिविहीन | ७ | १.० | ५ | १.२ | २ | ०.७ |
| स्वर र बोलाइ | ६० | ८.५ | २९ | ६.८ | ३१ | १०.९ |
| मानसिक वा मनोसामाजिक | ४३ | ६.१ | ३१ | ७.३ | १२ | ४.२ |
| बौद्धिक अपाङ्गता | २० | २.८ | १० | २.४ | १० | ३.५ |
| अनुवंशीय रक्तश्राव (हेमोफेलिया) | १६ | २.३ | १० | २.४ | ६ | २.१ |
| अटिजम् | १२ | १.७ | ५ | १.२ | ७ | २.५ |
| बहुअपाङ्गता | ७७ | १०.९ | ४३ | १०.१ | ३४ | १२.० |

चित्र २६: अपाङ्गताको प्रकारअनुसारको जनसङ्ख्या (% मा)





## ७.३ अपाङ्गता भएका व्यक्तिको साक्षरतादर

अपाङ्गताले कुनै पनि मानिसको दैनिकीलाई असर पार्दछ । अपाङ्गताको प्रकारअनुसार यस्ता असरको गहनता फरक फरक हुने गर्दछ । कुनै व्यक्तिमा अपाङ्गता छ भने उसको कार्यक्षमतामा अपाङ्गताको कारण सीमितता पैदा हुन्छ फलस्वरूप सामान्य मानिसको जस्तो प्रभावकारी कार्यसम्पादन नहुने वा गर्न नसक्ने स्थिति पैदा हुन्छ । हाम्रो जस्तो विकासका पूर्वाधार कमजोर, अपर्याप्त र अपाङ्गमैत्री विरलै हुने देशमा अपाङ्गता भएका व्यक्तिहरूको साक्षरता पनि स्वाभाविक रूपमा प्रभावित हुन्छ ।

शुद्धोधन गाउँपालिकामा अपाङ्गता भएका व्यक्तिको समग्र साक्षरतादर ५४.७ प्रतिशत रहेको छ। वडास्तरमा हेर्दा अपाङ्गता भएका व्यक्तिको उच्चतम (६६.३%) साक्षरतादर वडा नं. २ मा रहेको छ भने न्यूनतम (३८.६%) साक्षरतादर वडा नं. १ मा रहेको छ। वडा नं. १ र ६ मा अपाङ्गता भएका व्यक्तिको समग्र साक्षरतादर गाउँपालिकाको भन्दा न्यून रहेको देखिन्छ (चित्र २७)।

**चित्र २७: अपाङ्गता भएका व्यक्तिको साक्षरतादर**




## ७.४ अपाङ्गता भएका व्यक्तिको आर्थिक काममा संलग्नताको अवस्था (१० वर्ष वा सोभन्दा माथिका)

अघिल्लो खण्डमा उल्लेख गरिसकिएको छ कि अपाङ्गताका कारण कुनै व्यक्तिको कार्यक्षमतामा असर पर्न सक्छ। अपाङ्गतामैत्री वातावरण भएन भने उनीहरू विकासका अवसर, सहभागिता र लाभहरूबाट वञ्चित हुने वा सीमित मात्रामा मात्र लाभान्वित हुने सम्भावना रहन्छ। दिगो विकास लक्ष्यले **कोही पनि पछाडि नछुटून्** भन्ने जुन नारा अगाडि सारेको छ त्यो अपाङ्गता भएका व्यक्तिहरूका लागि समेत लागु हुन्छ।

शुद्धोधन गाउँपालिकामा अपाङ्गता भएका व्यक्तिहरूको घरायसी क्षेत्रको आर्थिक काममा संलग्नता २६.६ प्रतिशत रहेको छ भने गैरघरायसी क्षेत्रमा उनीहरूको संलग्नतादर २०.६ प्रतिशत रहेको छ। दुवै क्षेत्रमा उनीहरूको समग्र संलग्नतादर ४७.२ प्रतिशत रहेको छ। वडास्तरमा हेर्दा अपाङ्गता भएका व्यक्तिहरूको आर्थिक काममा समग्र संलग्नतादर सर्वाधिक (५२.५%) वडा नं. १ मा देखिन्छ भने सबैभन्दा कम (३९.४%) वडा नं. ५ मा रहेको छ (तालिका ३६)।

तालिका ३५ : वडाअनुसार अपाङ्गता भएका व्यक्तिको आर्थिक काममा संलग्नताको अवस्था

| वडा | जम्मा | गैरघरायसी क्षेत्र | घरायसी क्षेत्र | काम नगरेका | गैर घरायसी क्षेत्र | घरायसी क्षेत्र | काम गरेका जम्मा | काम नगरेका |
|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | | | | प्रतिशत | | | |
| १ | १६२ | ३७ | ४८ | ७७ | २२.८ | २९.६ | ५२.५ | ४७.५ |
| २ | ७४ | २४ | १० | ४० | ३२.४ | १३.५ | ४५.९ | ५४.१ |
| ३ | ८८ | २१ | २१ | ४६ | २३.९ | २३.९ | ४७.७ | ५२.३ |
| ४ | ८१ | १८ | २२ | ४१ | २२.२ | २७.२ | ४९.४ | ५०.६ |
| ५ | ९४ | ९ | २८ | ५७ | ९.६ | २९.८ | ३९.४ | ६०.६ |
| ६ | ७० | ८ | २५ | ३७ | ११.४ | ३५.७ | ४७.१ | ५२.९ |

| वडा | जम्मा | गैरघरायसी क्षेत्र | घरायसी क्षेत्र | काम नगरेका | गैर घरायसी क्षेत्र | घरायसी क्षेत्र | काम गरेका जम्मा | काम नगरेका |
|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | | | | प्रतिशत | | | |
| ७ | ६३ | १३ | १४ | ३६ | २०.६ | २२.२ | ४२.९ | ५७.१ |
| शुद्धोधन | ६३२ | १३० | १६८ | ३३४ | २०.६ | २६.६ | ४७.२ | ५२.८ |


# खण्ड ८ : जनसङ्ख्याको शैक्षिक स्थिति

## ८.१ साक्षरतादर (५ वर्ष वा सोभन्दा माथिल्लो उमेरका)

साक्षर जनसङ्ख्या कुनै पनि देश, सरकार र समाजको लागि महत्वपूर्ण जनशक्ति मानिन्छ। उच्चतम साक्षरतादर त्यस्तो सूचक हो जसले कुनै पनि देशको शैक्षिक विकासको अवस्थालाई प्रतिविम्बित गर्दछ। साक्षर जनसङ्ख्याले विकास प्रयास र विकासका विभिन्न आयामलाई सहजीकरण र निर्देशित गर्ने हुनाले नीतिनिर्माता, योजनाविद् र निर्णयकर्ताका लागि यसले अत्यन्त महत्वपूर्ण तथ्याङ्क उपलब्ध गराउँदछ। साक्षरतादरलाई पनि पुरुष, महिला, हिमाल, पहाड, तराई, ग्रामीण–सहरी, सम्पन्नताको पञ्चम वर्गीकरण र वडा तहमा वर्गीकरण गरेर विश्लेषण गर्दा तथ्याङ्कमा फरक फरक अवस्था र प्रवृत्ति देखिने भएकोले यहाँ त्यसैअनुसार सङ्क्षेपमा चर्चा गरिएको छ।

जनगणनामा अन्तर्राष्ट्रिय अभ्यासको अनुशरण गर्दै  वर्ष र सोभन्दा माथिको जनसङ्ख्यालाई साक्षरतासम्बन्धी प्रश्न सोधिएको थियो। यस उमेर समूहका प्रत्येक व्यक्तिले यदि पढ्न र लेख्न दुवै जानेको भए साक्षर भएको मानी साक्षर जनसङ्ख्याभित्र समावेश गरिएको छ। विगतको तुलनामा साक्षर जनसङ्ख्या बढ्नु स्वाभाविक हो तर एक जनगणनादेखि अर्को जनगणनासम्म साक्षरतादर कति प्रतिशतले बढ्यो भन्ने प्रश्नले राज्यको शैक्षिक नीति र लगानीको मूल्याङ्कन गर्न सहज हुनेछ। यस गाउँपालिकामा वि.सं. २०६८ को साक्षरतादर ६९.० प्रतिशत रहेको थियो जसमा पुरुष साक्षरतादर ७८.९ प्रतिशत रहेको थियो भने महिलातर्फ यो मान  ६०.० प्रतिशत मात्र थियो। एक दशकपछि अर्थात् वि.सं. २०७८ मा यस गाउँपालिकामा समग्र (पुरुष र महिला) साक्षरतादर  ८१.२ प्रतिशत पुगेको छ जुन अघिल्लोको तुलनामा १२.२ प्रतिशत विन्दुले बढी हो। यस अवधिमा पुरुष साक्षरतादरमा ९.८ प्रतिशत विन्दुले वृद्धि भई ८८.७ प्रतिशत पुगेको छ भने महिला साक्षरतादरमा पुरुषको तुलनामा उल्लेखनीय रूपले वृद्धि भई एक दशक अवधिमा १४.२ प्रतिशत विन्दुले माथि अर्थात् ७४.२ प्रतिशत पुगेको छ (चित्र २८)।

चित्र २८ : गाउँपालिकाको २०६८ र २०७८ को साक्षरतादर (% मा)




## ८.२ वडाअनुसार साक्षरतादर

वडाअनुसारको साक्षरतासम्बन्धी तथ्याङ्क वडास्तरका जनप्रतिनिधिसहित सबै सरोकारवालाको लागि विशेष रुचिको विषय रहँदै आएको छ। यस गाउँपालिकाका ७ ओटा वडामध्ये सबैभन्दा उच्च साक्षरतादर भएका तीनओटा वडाहरू क्रमशः ४ (८७.०%), ३ (८४.९%) र ५ (८३.७%) रहेका छन्। त्यसैगरी साक्षरतादर न्यून रहेका तीनओटा वडाहरू क्रमशः १ (७३.७%), ६ (७५.४%) र २ (८१.४%) रहेका छन्। समग्र गाउँपालिकाको औसत साक्षरतादर (८१.२%) भन्दा कम साक्षरतादर भएका तीनओटा वडाहरू ( १, ६ र ७) रहेका छन्। बाँकी वडाहरूको साक्षरतादर गाउँपालिकाको औसत साक्षरतादरभन्दा उच्च रहेको देखिन्छ। चित्रमा पुरुष साक्षरतादर सबैभन्दा माथिको निलो रेखा र महिला साक्षरतादर सबैभन्दा तलको रातो रंगले देखाइएको छ।


वडास्तरमा साक्षरतादरमा उल्लेखनीय भिन्नताका पछाडि विभिन्न कारणहरू विद्यमान रहेका हुनसक्दछन्। घरपरिवारको आर्थिक अवस्था, बुढ्यौली उमेरको ठुलो जनसाङ्ख्यिक हिस्सा, सामाजिक विश्वास, पेसा, व्यवसाय, विद्यालयको उपलब्धता, बसाइँसराइ, राज्य र स्थानीय तहको लगानी आदिले यसमा भूमिका खेलेको हुनसक्दछ। यसमा अन्तरनिहीत पृष्ठभूमि र कारण थप अध्ययन र अनुसन्धानको लागि राम्रो विषय हुनसक्दछ (तालिका ३७, चित्र २९)।

तालिका ३६: गाउँपालिकाका वडाअनुसार साक्षरतादर


| विवरण | जम्मा | पढ्न लेख्न जान्ने | पढ्न मात्र जान्ने | पढ्न लेख्न नजान्ने | उल्लेख नभएको | साक्षरतादर |
|---|---|---|---|---|---|---|
| शुद्धोधन नगरपालिका | | | | | | |
| जम्मा | ३८५०० | ३१२८१ | ९१ | ७११० | १८ | ८१.२ |
| पुरुष | १८७६५ | १६६४६ | ३४ | २०७९ | ६ | ८८.७ |
| महिला | १९७३५ | १४६३५ | ५७ | ५०३१ | १२ | ७४.२ |
| वडा नं. १ | | | | | | |
| जम्मा | ५७७१ | ४२५२ | ४७ | १४७२ | ० | ७३.७ |
| पुरुष | २९४० | २४४१ | २३ | ४७६ | ० | ८३.० |
| महिला | २८३१ | १८११ | २४ | ९९६ | ० | ६४.० |
| वडा नं. २ | | | | | | |
| जम्मा | ५५०२ | ४४८१ | ० | १०१९ | २ | ८१.४ |
| पुरुष | २६२७ | २३३८ | ० | २८९ | ० | ८९.० |
| महिला | २८७५ | २१४३ | ० | ७३० | २ | ७४.५ |
| वडा नं. ३ | | | | | | |
| जम्मा | ५७८९ | ४९१६ | ९ | ८५९ | ५ | ८४.९ |
| पुरुष | २७२३ | २४७० | ४ | २४८ | १ | ९०.७ |
| महिला | ३०६६ | २४४६ | ५ | ६११ | ४ | ७९.८ |
| वडा नं. ४ | | | | | | |
| जम्मा | ६०६९ | ५२७७ | ८ | ७७९ | ५ | ८७.० |
| पुरुष | २८९८ | २६८३ | १ | २१२ | २ | ९२.६ |
| महिला | ३१७१ | २५९४ | ७ | ५६७ | ३ | ८१.८ |
| वडा नं. ५ | | | | | | |
| जम्मा | ५५८० | ४६७२ | २४ | ८८२ | २ | ८३.७ |
| पुरुष | २६७६ | २४२३ | ५ | २४६ | २ | ९०.५ |
| महिला | २९०४ | २२४९ | १९ | ६३६ | ० | ७७.४ |
| वडा नं. ६ | | | | | | |
| जम्मा | ४४७९ | ३३७७ | १ | ११०० | १ | ७५.४ |
| पुरुष | २२२५ | १९२६ | ० | २९९ | ० | ८६.६ |
| महिला | २२५४ | १४५१ | १ | ८०१ | १ | ६४.४ |
| वडा नं. ७ | | | | | | |

| विवरण | जम्मा | पढ्न लेख्न जान्ने | पढ्न मात्र जान्ने | पढ्न लेख्न नजान्ने | उल्लेख नभएको | साक्षरतादर |
|---|---|---|---|---|---|---|
| जम्मा | ५३१० | ४३०६ | २ | ९९९ | ३ | ८१.१ |
| पुरुष | २६७६ | २३६५ | १ | ३०९ | १ | ८८.४ |
| महिला | २६३४ | १९४१ | १ | ६९० | २ | ७३.७ |

चित्र २९ : वडाअनुसार साक्षरतादर (% मा)



*नक्सा ३: वडाअनुसारको महिला साक्षरतादर*



## ८.३ साक्षर जनसङ्ख्याले उत्तीर्ण गरेको तहसम्बन्धी विवरण


साक्षर जनसङ्ख्यालाई उनीहरूले उत्तीर्ण गरेको शैक्षिक तहअनुसार विश्लेषण गर्न जरुरी हुन्छ। नेपाल सरकारले प्राथमिक शिक्षा अनिवार्य गरेको छ भने माध्यमिक तहसम्मको शिक्षालाई निःशुल्क घोषणा गरेको छ। सबै व्यक्तिलाई विभिन्न परिस्थिति र व्यक्तिगत कारणले उच्च शिक्षा प्राप्त गर्ने अवसर नमिल्न सक्छ। देशका लागि सबै प्रकारको शैक्षिक जनशक्ति आवश्यक पर्दछ। तथापि, राज्यका लागि उच्च शिक्षित जनसङ्ख्या नै बढी ग्राह्य र महत्वपूर्ण हुनसक्दछ।

जनगणनामा साक्षर जनसङ्ख्याले उत्तीर्ण गरेको तहलाई पूर्वप्राथमिकदेखि स्नातक वा सोभन्दा माथिसम्म समूहीकृत गरिएको छ। कुल ५ वर्ष वा सोभन्दा माथिको जनसङ्ख्या ३१,३२० मध्ये सर्वाधिक ५१.३ प्रतिशतले आधारभूत तह (कक्षा १ देखि ८ सम्म) पूरा गरेको देखिन्छ भने ३७.१ प्रतिशत जनसङ्ख्याले माध्यमिक तह (कक्षा ९ देखि १२ वा सो सरहसम्म) उत्तीर्ण गरेको देखिन्छ। स्नातक उत्तीर्ण गरेकाहरूको हिस्सा ३.० प्रतिशत रहेको छ भने स्नातकोत्तर उत्तीर्ण गर्नेको अनुपात १.३ प्रतिशत छ। तह नभएको वा तह नखुलेको वा कहिल्यै विद्यालय नगएकाको प्रतिशत २.३ छ। अक्सर सबै तहमा पुरुष र महिलाको अनुपातमा सामान्य मात्र अन्तर रहेको देखिन्छ (तालिका ३७, चित्र ३०)।

तालिका ३७: साक्षर जनसङ्ख्याले उत्तीर्ण गरेको तह

| विवरण | जम्मा | | पुरुष | | महिला | |
|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| जम्मा | ३१,३२० | १००.० | १६,६६८ | १००.० | १४,६५२ | १००.० |
| पूर्व प्राथमिक तह | १२९७ | ४.१ | ७०७ | ४.२ | ५९० | ४.० |
| प्राथमिक तह (१-५) | ९००३ | २८.७ | ४८९३ | २९.४ | ४११० | २८.१ |
| निम्न माध्यमिक तह (६-८) | ७०६६ | २२.६ | ४००७ | २४.० | ३०५९ | २०.९ |
| माध्यमिक तह(९-१०) | ५००४ | १६.० | २६६८ | १६.० | २३३६ | १५.९ |
| एस.एल.सी वा सो सरह | २८०७ | ९.० | १४९८ | ९.० | १३०९ | ८.९ |
| प्रमाणपत्र वा सो सरह | ३७८३ | १२.१ | १८९५ | ११.४ | १८८८ | १२.९ |
| स्नातक वा सो सरह | ९४६ | ३.० | ४८७ | २.९ | ४५९ | ३.१ |
| स्नातकोत्तर वा सो सरह | ४०१ | १.३ | २४८ | १.५ | १५३ | १.० |
| अन्य | ३५ | ०.१ | ९ | ०.१ | २६ | ०.२ |
| तह नभएको/तह नखुलेको | ७१७ | २.३ | १७० | १.० | ५४७ | ३.७ |
| उल्लेख नभएको | २६१ | ०.८ | ८६ | ०.५ | १७५ | १.२ |

चित्र ३० : गाउँपालिकामा ५ वर्ष वा सोभन्दा बढी उमेरका जनसङ्ख्याले उत्तीर्ण गरेको तह (% मा)




## ८.४ पाँच वर्षदेखि २५ वर्षसम्मका हाल स्कुल गइरहेका वा विगतमा स्कुल गएको जनसङ्ख्याको विवरण

नीतिनिर्माता र योजनाविद्का लागि ५–२५ वर्ष उमेरका व्यक्तिमध्ये कति जना हाल विद्यालय गइरहेका छन् र कति जनसङ्ख्या विगतमा विद्यालय जाने गरेको भए पनि हाल विद्यालय जान छोडिसकेका छन् भन्ने तथ्याङ्क महत्वपूर्ण रहिआएको छ । त्यसैगरी कहिल्यै पनि विद्यालय नगएको त्यस उमेरको जनसङ्ख्यालाई पनि राज्यको शैक्षिक नीतिको समयसापेक्ष मूल्याङ्कनका लागि आधार तथ्याङ्कका रूपमा लिइन्छ। राज्यले प्राथमिक तहसम्मको शिक्षालाई अनिवार्य गर्ने नीति लिएको भए तापनि कैयन् विद्यार्थीले प्राथमिक तह नै पूरा नगरी विद्यालय छाड्ने प्रवृत्ति अझै पनि देखिएको छ भने निशुल्क गर्ने नीति लिइएको माध्यमिक तहमा पनि लाखौं बालबालिका अध्ययनविमुख भएको अवस्था तथ्याङ्कबाट देखिन आएको छ ।

यस गाउँपालिकाको पाँच वर्ष र सोभन्दा माथि २५ वर्षसम्मको कुल १३०९९ (१००%) जनसङ्ख्यामध्ये ७२.७ प्रतिशत हाल ( गणनाको समयमा) विद्यालय गइरहेको देखिन्छ भने २३.८ प्रतिशत विगतमा विद्यालय जाने गरेको तर गणनाको समयमा विद्यालय नजाने गरेको देखिन्छ । त्यसैगरी कहिल्यै पनि विद्यालय वा कलेज गए वा नगएको अवस्था नखुलेको जनसङ्ख्याको हिस्सा ३.३ प्रतिशत रहेको छ (तालिका ३८) ।

तालिका ३८ : पाँच वर्षदेखि २५ वर्षसम्मका हाल स्कुल गइरहेका वा विगतमा स्कुल गएको जनसङ्ख्याको विवरण

| विवरण | जम्मा | हाल स्कुल गइरहेको | विगतमा स्कुल गएको | कहिल्यै स्कुल नगएको | गए नगएको नखुलेको |
|---|---|---|---|---|---|
| शुद्धोधन | | | | | |
| जम्मा | १३०९९ | ७२.७ | २३.८ | ३.३ | ०.१ |
| पुरुष | ६६७७ | ७४.४ | २३.२ | २.३ | ०.१ |
| महिला | ६४२२ | ७१.० | २४.४ | ४.४ | ०.२ |
| वडा नं. १ | | | | | |
| जम्मा | २५१८ | ६५.३ | २८.७ | ६.० | ०.० |
| पुरुष | १२७५ | ६७.३ | २८.६ | ४.१ | ०.० |
| महिला | १२४३ | ६३.३ | २८.८ | ७.९ | ०.० |

| विवरण | जम्मा | हाल स्कुल गइरहेको | विगतमा स्कुल गएको | कहिल्यै स्कुल नगएको | गए नगएको नखुलेको |
|---|---|---|---|---|---|
| वडा नं. २ | | | | | |
| जम्मा | १५२८ | ७७.२ | २०.७ | २.० | ०.२ |
| पुरुष | ७७८ | ७७.९ | २०.१ | १.९ | ०.१ |
| महिला | ७५० | ७६.४ | २१.३ | २.० | ०.३ |
| वडा नं. ३ | | | | | |
| जम्मा | १५६० | ७९.९ | १७.६ | २.१ | ०.४ |
| पुरुष | ८०२ | ८१.४ | १६.३ | २.१ | ०.१ |
| महिला | ७५८ | ७८.२ | १९.० | २.१ | ०.७ |
| वडा नं. ४ | | | | | |
| जम्मा | १५७४ | ७८.० | १९.८ | २.१ | ०.१ |
| पुरुष | ८६१ | ७९.७ | १८.२ | २.० | ०.१ |
| महिला | ७१३ | ७६.० | २१.६ | २.२ | ०.१ |
| वडा नं. ५ | | | | | |
| जम्मा | १८५७ | ६९.६ | २७.९ | २.३ | ०.२ |
| पुरुष | ९३६ | ६९.४ | २८.६ | १.७ | ०.२ |
| महिला | ९२१ | ६९.८ | २७.३ | २.८ | ०.१ |
| वडा नं. ६ | | | | | |
| जम्मा | १८०९ | ६९.४ | २६.३ | ४.३ | ०.१ |
| पुरुष | ८९६ | ७०.९ | २७.१ | २.० | ०.० |
| महिला | ९१३ | ६७.९ | २५.५ | ६.५ | ०.१ |
| वडा नं. ७ | | | | | |
| जम्मा | २२५३ | ७४.५ | २२.३ | ३.१ | ०.१ |
| पुरुष | ११२९ | ७७.९ | २०.५ | १.५ | ०.१ |
| महिला | ११२४ | ७१.२ | २४.० | ४.६ | ०.२ |

## ८. अध्ययन गरेको विषयक्षेत्र

साक्षर जनसङ्ख्याले कुन कुन विषयमा उच्च शिक्षा अध्ययन गरिरहेको छ भन्ने सवाल अत्यन्त महत्वपूर्ण छ । सन्तुलित विकासको लागि राज्यलाई विविध विषयको जनशक्ति आवश्यक पर्दछ । देशको युवा शक्ति के कस्तो विषयको अध्ययनमा आकर्षित छ भन्ने चित्र उनीहरूले अध्ययन गरेको विषयबाट ज्ञात हुन्छ । उच्च शिक्षा प्राप्त गर्ने जनशक्तिले के कस्ता प्राविधिक विषय र गैरप्राविधिक विषय अध्ययन गरिरहेको वा गरेको छ र राज्यको विकास अभियानमा भावी दिनमा माग हुने विषयविशिष्ट जनशक्तिको आपूर्ति कस्तो हुनेछ भनेर यस तथ्याङ्कबाट स्पष्ट हुन सकिन्छ ।

कुनै पनि स्थानीय तहमा अक्सर बसोबास भएका व्यक्ति (विद्यार्थी) हरूले अध्ययन गरेको विषयले त्यस स्थानीय तहको शैक्षिक अवस्था, प्राथमिकता र जनशक्ति आपूर्तिको सम्भावनालाई इङ्गित गर्दछ । शुद्धोधन गाउँपालिकामा १० जोड दुई वा सोभन्दा माथि अध्ययन गरेका व्यक्तिको तथ्याङ्क हेर्दा समग्र (पुरुष तथा महिला) मा ३६.३ प्रतिशत जनसङ्ख्याले शिक्षा अध्ययन गरेको देखिन्छ । दोस्रोमा व्यवस्थापन (३५.८%) र तेस्रोमा मानविकी तथा सामाजिक शास्त्र (८.८%) रहेको छ । विज्ञान तथा प्रविधितर्फ ६.६ प्रतिशत शिक्षित जनसङ्ख्या छ । स्वास्थ्य/चिकित्साशास्त्र अध्ययन गरेको जनसङ्ख्याको हिस्सा ३.४ प्रतिशत रहेको छ भने


इन्जिनियरिङ अध्ययन गरेको जनसङ्ख्या २.० प्रतिशत छ । कृषि तथा वन, पशुविज्ञान, सूचना प्रविधिजस्ता प्राविधिक विषय अध्ययन गर्नेहरू निकै कम देखिएका छन् (तालिका ४० , चित्र ३१) ।

उच्च शिक्षामा विषयक्षेत्र चयनको प्रवृत्ति पुरुष महिलामा भिन्न रहेको अवस्था तथ्याङ्कबाट देखिन्छ । समग्रमा शिक्षा अध्ययन गरेको जनसङ्ख्या उच्च (३६.३%) भए तापनि पुरुषको हकमा यो मान २७.९ प्रतिशत र महिलाको हकमा ४५.१ प्रतिशत रहेको देखिन्छ । विज्ञान तथा प्रविधितर्फ समग्रमा ६.६ प्रतिशत हिस्सा हुँदा पुरुषतर्फ यो मान ८.६ प्रतिशत छ भने महिलातर्फ करिब आधा अर्थात् ४.५ प्रतिशत मात्र रहेको देखिन्छ । त्यस्तै इन्जिनियरिङतर्फका पुरुष ३.७ प्रतिशत हुँदा महिला नगण्य अर्थात् ०.२ प्रतिशत मात्र रहेका छन् । शिक्षापछि महिला र पुरुष दुवैको दोस्रो रुचिको विषय व्यवस्थापन रहेको छ (तालिका ४० र चित्र ३०) ।

तालिका ३९ : अध्ययन गरेको क्षेत्रअनुसारको विवरण

| उमेर समूह तथा लिङ्ग | जम्मा | मानविकी तथा सामाजिक | व्यवस्थापन | शिक्षा | विज्ञान तथा प्रविधि | स्वास्थ्य /चिकित्साशास्त्र | ईन्जिनियरिङ्ग | कानून | कृषि | वन | पशुविज्ञान/पशु चिकित्सा/मत्स्य | कम्प्युटर/सूचना प्रविधि | अन्य | उल्लेख नभएको |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| जम्मा | ५१३० | ४५० | १८३७ | १८६३ | ३३७ | १७२ | १०२ | १७ | ३६ | १३ | १९ | ५२ | ४९ | १८३ |
| % | १००.० | ८.८ | ३५.८ | ३६.३ | ६.६ | ३.४ | २.० | ०.३ | ०.७ | ०.३ | ०.४ | १.० | १.० | ३.६ |
| पुरुष | २६३० | २७२ | ९९० | ७३५ | २२५ | ८८ | ९६ | १० | २३ | ८ | १५ | ३९ | ३२ | ९७ |
| % | १००.० | १०.३ | ३७.६ | २७.९ | ८.६ | ३.३ | ३.७ | ०.४ | ०.९ | ०.३ | ०.६ | १.५ | १.२ | ३.७ |
| महिला | २५०० | १७८ | ८४७ | ११२८ | ११२ | ८४ | ६ | ७ | १३ | ५ | ४ | १३ | १७ | ८६ |
| % | १००.० | ७.१ | ३३.९ | ४५.१ | ४.५ | ३.४ | ०.२ | ०.३ | ०.५ | ०.२ | ०.२ | ०.५ | ०.७ | ३.४ |

चित्र ३१: अध्ययन गरेको विषयक्षेत्र अनुसारको विवरण



# खण्ड ९: बसाइँसराइसम्बन्धी विवरण

## ९.१ जन्मस्थानको आधारमा जनसङ्ख्या

गणनाको समयमा नेपालभित्र अक्सर बसोबास गरिरहेका व्यक्तिहरूको जन्मस्थानको तथ्याङ्कले बसाइँसराइ गर्ने जनसङ्ख्याको बारेमा पर्याप्त सूचना दिन्छ । अर्को शब्दमा भन्नुपर्दा जन्मस्थानसम्बन्धी विवरणबाटै बसाइँसराइको तथ्याङ्क प्राप्त हुन्छ । बसाइँसराइले कुनै खास स्थानको जनसङ्ख्याको आकार, संरचना, वितरण र वृद्धिदरलाई प्रत्यक्ष प्रभाव पारिरहेको हुन्छ । जनगणनामा कुनै खास ठाउँमा बसोबास गरिरहेका मानिसहरूको जन्मस्थान देहायका चारमध्ये कुनै एकमा भएको हुनसक्छ ।

क) बसोबास गरिरहेकै पालिकाभित्र वा
ख) बसोबास गरिरहेकै जिल्लाको अर्को कुनै पालिकामा वा
ग) बसोबास गरिरहेको जिल्ला बाहेक नेपालकै कुनै जिल्लामा वा
घ) विदेशमा ।

बाह्रौँ राष्ट्रिय जनगणनाको तथ्याङ्क विश्लेषण गर्दा आन्तरिक र बाह्य दुवै प्रकारको बसाइँसराइमा ख देखि घ सम्मको बुँदामा समेटिने जनसङ्ख्याकै आधार लिइन्छ । हाल बसोबास गरिरहेको स्थानीय तह रहेको जिल्लाकै कुनै अर्को गाउँपालिका वा गाउँपालिकामा जन्म भएको व्यक्ति आन्तरिक बसाइँसराइअन्तर्गतको जिल्लाभित्रको (Intra-district migration) बसाइँसराइका रूपमा लिइन्छ । अघिल्लो ११ औं राष्ट्रिय जनगणनामा अन्तरजिल्ला (Inter-district migration) बसाइँसराइलाई मात्र आन्तरिक बसाइँसराइका रूपमा लिई व्याख्या र विश्लेषण गरिएको सन्दर्भ यहाँ स्मरणीय छ ।

शुद्धोधन गाउँपालिकाको वि.सं. २०७८ को जनगणनाअनुसार कायम रहेको कुल जनसङ्ख्या ४१,९०७ मध्ये ९६.९ प्रतिशत नेपालमा जन्मेका र ३.१ प्रतिशत जनसङ्ख्या विदेशमा जन्मेका देखिन्छ । नेपालमा जन्म भएकामध्ये ६६.३ प्रतिशत शुद्धोधन गाउँपालिकामा नै जन्मेका हुन् भने १२.४ प्रतिशत जनसङ्ख्या रूपन्देही जिल्लाकै कुनै अर्को स्थानीय तहमा जन्म भई जनगणनाको समयमा शुद्धोधन गाउँपालिकाभित्र अक्सर बसोबास भएका व्यक्ति हुन् । यो १२.४ प्रतिशत जनसङ्ख्यालाई जिल्लाभित्रकै एक स्थानीय तहबाट अर्को स्थानीय तह (शुद्धोधन गाउँपालिका) भित्र भएको आन्तरिक जनसङ्ख्याका रूपमा लिन सकिन्छ । यस तथ्याङ्कले जीवनकालको बसाइँसराइ (Life-time migration) लाई अभिव्यक्त गर्दछ ।


रूपन्देहीबाहेक नेपालको कुनै पनि जिल्लामा जन्म भई गणनाको समयमा शुद्धोधन गाउँपालिकाभित्र बसोबास गर्ने जनसङ्ख्याको हिस्सा १८.२ प्रतिशत रहेको छ । यसलाई आन्तरिक बसाइँसराइतर्फको अन्तरजिल्ला बसाइँसराइका रूपमा लिने गरिन्छ । यस तथ्याङ्कलाई लैङ्गिक रूपमा विश्लेषण गर्दा रूपन्देही जिल्लाको अर्कै स्थानीय तहबाट वा अर्कै जिल्लामा जन्मस्थान हुने महिलाको सङ्ख्या उल्लेखनीय रूपले बढी छ । यसो हुनुमा विवाहपश्चात् श्रीमान्को घरमा बसोबास गर्ने अधिकतम महिलाहरूको कारण प्रमुख रहेको विश्वास गर्न सकिन्छ । कुल पुरुषमध्ये शुद्धोधन गाउँपालिकामै जन्मस्थान हुनेको अनुपात ८०.२ प्रतिशत छ जब कि महिलातर्फ यो आँकडा ५२.८ प्रतिशत मात्र रहेको छ । अर्को पालिकामा जन्म हुने पुरुष केवल ३.३ प्रतिशत रहेका छन् भने महिलाहरू ६ गुणा बढी अर्थात् २१.१ प्रतिशत रहेका छन् । त्यसैगरी अर्को जिल्लामा जन्मस्थान हुने पुरुषको अनुपात १४.७ प्रतिशत रहेको छ भने महिलातर्फ यो मान २१.६ प्रतिशत रहेको छ। वडास्तरमा हेर्दा अर्को पालिकामा जन्म भई यस गाउँपालिकामा अक्सर बसोबास गर्ने जनसङ्ख्या सर्वाधिक (४८.१%) वडा नं. ४ मा देखिएको छ भने विदेशमा जन्म भएर यस पालिकामा अक्सर बसोबास गर्ने अधिकतम (४.७%) हिस्सा वडा नं. १ मा रहेको छ (तालिका ४१, ४२ र चित्र ३२) ।

तालिका ४०: जन्मस्थानको आधारमा जनसङ्ख्या

| विवरण | जम्मा जनसङ्ख्या | नेपाल भित्र जन्मेका | | | | विदेशमा जन्मेका | नखुलेको |
|---|---|---|---|---|---|---|---|
| | | जम्मा | यही जिल्लाको | | अर्को जिल्लामा जन्मेका | | |
| | | | यही पालिकामा जन्मेका | अर्को पालिकामा जन्मेका | | | |
| जम्मा | ४१९०७ | ४०६०४ | २७७७१ | ५२०० | ७६३३ | १२९७ | ६ |
| % | १००.० | ९६.९ | ६६.३ | १२.४ | १८.२ | ३.१ | ०.० |

| विवरण | जम्मा जनसङ्ख्या | नेपाल भित्र जन्मेका | | | | विदेशमा जन्मेका | नखुलेको |
|---|---|---|---|---|---|---|---|
| | | जम्मा | यही जिल्लाको | | अर्को जिल्लामा जन्मेका | | |
| | | | यही पालिकामा जन्मेका | अर्को पालिकामा जन्मेका | | | |
| पुरुष | २०५७० | २०२११ | १६५०६ | ६८८ | ३०१७ | ३५६ | ३ |
| % | १००.० | ९८.३ | ८०.२ | ३.३ | १४.७ | १.७ | ०.० |
| महिला | २१३३७ | २०३९३ | ११२६५ | ४५१२ | ४६१६ | ९४१ | ३ |
| % | १००.० | ९५.६ | ५२.८ | २१.१ | २१.६ | ४.४ | ०.० |

चित्र ३२ : जन्मस्थानका आधारमा जनसङ्ख्या (%)




तालिका ४१ : वडाअनुसार जन्मस्थानको आधारमा जनसङ्ख्या


| वडा | जम्मा जनसङ्ख्या | यही पालिकामा जन्मेका | अर्को पालिकामा जन्मेका | अर्को जिल्लामा जन्मेका | अर्को स्थानीय तह वा जिल्लामा जन्म भई यस शुद्धोधन गा.पा. मा बसोबास गर्ने (%) | विदेशमा जन्मेका | विदेशमा जन्म भई यस शुद्धोधन गा.पा.मा बसोबास गर्ने (%) | नखुलेको |
|---|---|---|---|---|---|---|---|---|
| १ | ६,४०१ | ४,९२९ | ९४५ | २२८ | १८.३ | २९८ | ४.७ | १ |
| २ | ५,९६३ | ३,३३३ | ९२७ | १५०९ | ४०.९ | १९४ | ३.३ | ० |
| ३ | ६,२९२ | ३,५६७ | ५३७ | २०२८ | ४०.८ | १५९ | २.५ | १ |

| वडा | जम्मा जनसङ्ख्या | यही पालिकामा जन्मेका | अर्को पालिकामा जन्मेका | अर्को जिल्लामा जन्मेका | अर्को स्थानीय तह वा जिल्लामा जन्म भई यस शुद्धोधन गा.पा. मा बसोबास गर्ने (%) | विदेशमा जन्मेका | विदेशमा जन्म भई यस शुद्धोधन गा.पा.मा बसोबास गर्ने (%) | नखुलेको |
|---|---|---|---|---|---|---|---|---|
| ४ | ६,४९५ | ३,१६५ | ६७० | २४५७ | ४८.१ | २०१ | ३.१ | २ |
| ५ | ६,०२० | ४,२०० | ७८३ | ९०१ | २८.० | १३४ | २.२ | २ |
| ६ | ४,९३६ | ३,९९५ | ४६८ | ३२५ | १६.१ | १४८ | ३.० | ० |
| ७ | ५,८०० | ४,५८२ | ८७० | १८५ | १८.२ | १६३ | २.८ | ० |
| शुद्धोधन | ४१,९०७ | २७,७७१ | ५२०० | ७६३३ | ३०.६ | १२९७ | ३.१ | ६ |

## ९.२ वडास्तरमा आन्तरिक बसाइँसराइको अवस्था

नीति निर्माणका चरणमा वडास्तरमा विद्यमान बसाइँसराइको प्रवृत्तिले प्रभाव पार्ने गुञ्जायस रहेको हुन्छ । बस्ती विकास, सहरीकरण र जनसङ्ख्या व्यवस्थापनका लागि वडास्तरमा हुने बसाइँसराइको अवस्थालाई विश्लेषण गर्नु उपयुक्त हुन्छ। शुद्धोधन गाउँपालिकाका ७ ओटा वडामध्ये वडा नं. ४ मा सर्वाधिक (४८.१%) जनसङ्ख्या अर्को स्थानीय तह वा जिल्लामा जन्म भएको भए तापनि यस स्थानमा बसोबास गरिरहेको देखिन्छ। त्यस्तै वडा नं. २ र ३ मा पनि क्रमश: ४०.९ प्रतिशत र ४०.८ प्रतिशत जनसङ्ख्या अन्य स्थानीय तह वा जिल्लाबाट बसाइँसराइ गरी यहाँ बसोबास गरिरहेको देखिन्छ ।

चित्र ३३ : अर्को स्थानीय तह वा जिल्लामा जन्म भई यस शुद्धोधन गाउँपालिकामा बसोबास गर्ने




## ९.३ पछिल्लोपटक बसाइँ सरेको स्थानको आधारमा जनसङ्ख्या


अघिल्लो उपखण्डमा जन्मस्थानअनुसारको जनसङ्ख्याको आकारबारे चर्चा गरियो जुन आन्तरिक वा अन्तर्राष्ट्रिय बसाइँसराइ भएको र नभएको जनसङ्ख्या निकाल्नका लागि उपयोगी थियो । यहाँ हाल अक्सर बसोबास गरिरहेका व्यक्तिहरूको यसअघिको बसोबाससम्बन्धी तथ्याङ्क विश्लेषण गरिएको छ । खासमा यस तथ्याङ्कले हालको बसाइँसराइ (Current migration) लाई अभिव्यक्त गर्दछ। यस गाउँपालिकाको कुल जनसङ्ख्या ४१,९०७ मध्ये ६५.६ प्रतिशत यसै स्थानमा जन्म भएका छन् तर १३.८ प्रतिशत व्यक्तिहरूको यसअघि यसै जिल्लाको अर्को पालिकामा बसोबास रहेको थियो । यस गाउँपालिकामा रूपन्देही बाहेकका जिल्लामा यसअघिको बसाइँसराइ भएको जनसङ्ख्या १७.२ प्रतिशत रहेको देखिन्छ। यसले अन्तरजिल्ला हालको बसाइँसराइलाई अभिव्यक्त गरेको छ ।

विदेशमा यसअघि बसोबास भएका तर गणनाको समयमा शुद्धोधन गाउँपालिकामा अक्सर बसोबास गर्ने जनसङ्ख्या ३.४ प्रतिशत मात्र रहेको छ । यस तथ्याङ्कले हालको बसाईँसराइको कुल हिस्सामा अर्को जिल्लाबाट बसाईँसराइ गरी आउनेको बाहुल्य स्पष्ट देखिएको छ (तालिका ४२ चित्र ३४) ।

*तालिका ४२ : यसअघिको बसोबासको स्थानअनुसार जनसङ्ख्या (%)*

| विवरण | यही पालिका | अर्को पालिका | अर्को जिल्ला | विदेश |
|---|---|---|---|---|
| **जम्मा** | ६५.६ | १३.८ | १७.२ | ३.४ |
| **पुरुष** | ७९.५ | ४.४ | १३.८ | २.३ |
| **महिला** | ५२.२ | २३.० | २०.४ | ४.४ |

चित्र ३४ : यसअघिको बसोबासको स्थानको आधारमा जनसङ्ख्या प्रतिशतमा




## ९.४ पछिल्लोपटक मुलुकभित्रकै अर्को स्थानबाट यस स्थानमा बसोबास गर्न आउनुको कारण

कतिपय घरपरिवार र जनसङ्ख्याको चलायमान प्रवृत्ति हुने गरेको छ । मुलुकको संविधानले पनि नेपाली नागरिकलाई देशभित्र एक ठाउँबाट अर्को ठाउँमा स्वतन्त्र रूपमा आवतजावत गर्न र बसोबास गर्ने स्वतन्त्रता दिएको छ ।[3] त्यसैगरी नेपाली नागरिकले नेपालको कुनै पनि भागमा पेसा, रोजगार गर्ने र उद्योग, व्यापार तथा व्यवसायको स्थापना र सञ्चालन गर्ने स्वतन्त्रता प्राप्त गरेका छन् (धारा १७, उपधारा १ ङ) । संवैधानिक तथा कानुनी अधिकारका उदार व्यवस्थाले मात्र नभई मानिसहरू आदि कालदेखि एक स्थानबाट अर्को स्थानमा बसाईँसराइ गर्दै आएका छन् । बसाईँसराइका पछाडि दृश्य र अदृश्य प्रेरक एवम् दबाबजन्य कारण रहेका हुन्छन् ।

बसाइँसराइले जनसङ्ख्या व्यवस्थापनमा अवसर र चुनौती दुवै सिर्जना गर्दछ । राज्यको विकास प्रयासमा बसाइँसराइलाई आबद्ध गरेर लैजानका लागि बसाईँसराइका पछाडि अन्तरनिहीत कारण पहिचान गर्नु जरुरी हुन्छ । जनगणना २०७८ को प्रश्नावलीमा मानिसहरू के कति कारणले हाल बसोबास गरिरहेको स्थानमा पछिल्लोपटक बसाइँसराइ गरेका रहेछन् भन्ने प्रश्न राखिएको थियो ।


[3] हेर्नुहोस् : नेपालको संविधान २०७२ धारा १७ को उपधारा १ (ङ)

विगतको अनुभवबाट देखिएको छ कि मानिसहरू अक्सर काम वा रोजगारी, विवाह, अध्ययन/तालिम, आश्रित अवस्था, प्राकृतिक प्रकोप, कृषिलगायतका उद्देश्यले बसाइँसराइ गर्दछन्। कतिपय मानिसहरू पहिला परिवारबाट अन्यत्र गएको तर गणनाको समयमा अक्सर बसोबास गर्ने गरी घर फर्किएका पनि हुन्छन्। यी कारणहरू पनि पुरुष, महिला, बालबालिका, वृद्धवृद्धा र युवायुवतीको लागि भिन्दाभिन्दै प्रभावयुक्त हुने गर्दछन्।

शुद्धोधन गाउँपालिकामा अक्सर बसोबास गर्न आउने कुल जनसङ्ख्यामध्ये करिब ४५.७ प्रतिशत हाल अर्थात् पछिल्लो पटक विवाहको कारणले बसाइँसराइ भएका देखिन्छन्। त्यस्तै २०.२ प्रतिशत जनसङ्ख्याको बसाइँसराइ हुनुको कारण आश्रित हुनु देखिन्छ भने कृषि उद्देश्यले अभिप्रेरित भई यस गाउँपालिकामा बसोबास गर्न आउने जनसङ्ख्याको हिस्सा ११.६ प्रतिशत रहेको छ। काम वा रोजगारीको कारणले बसाइँसराइ भएको जनसङ्ख्या ९.८ प्रतिशत रहेको छ। 'घर फर्किएको' कारणबाट बसाइँसराइ भएको जनसङ्ख्या ३.२ प्रतिशत रहेको छ (चित्र ३५। यसअघि उल्लेख गरिएझैँ पुरुष र महिलाको बसाइँसराइका पछाडि विद्यमान कारण फरक हुन्छन्। बालबालिका र युवायुवतीको बसाइँसराइका कारणमा पनि एकरूपता पाइँदैन।

यस गाउँपालिकामा वैवाहिक कारणले बसाइँसराइ भएका महिलाको अंश करिब ६४.० प्रतिशत छ भने पुरुषको अंश १.५ प्रतिशत मात्र रहेको छ। आश्रित भई यहाँ बसोबास गर्न आउने पुरुष ३४.१ प्रतिशत छन् भने महिला १४.४ प्रतिशत रहेका छन्। काम वा रोजगारीको कारणले बसाइँसराइ भएका पुरुष २०.० प्रतिशत रहेका छन् भने महिला ५.६ प्रतिशत मात्र रहेका छन्।

चित्र ३५ : अर्को पालिका र अर्को जिल्लाबाट यस पालिकामा बसोबास गर्न आउनुको कारण (% मा)




## ५.५ यसअघिको बसोबास भएको देश

जनगणनाको प्रकाशित तथ्याङ्कले शुद्धोधन गाउँपालिकाको कुल १४१६ (३.४%) जनाको यसअघिको बसोबास विभिन्न विदेशी मुलुकहरूमा भएको देखाएको छ। यीमध्ये सर्वाधिक (९०.२%) भारतबाट आएका देखिन्छन् भने दोस्रो (५.६%) मध्यपूर्वमा रहेका देशहरूबाट र तेस्रोमा (२.६%) आसियान मुलुकमा बसोबास गरेका व्यक्तिहरू देखिन्छन् (तालिका ४३)।

तालिका ४३ : यसअघि विदेशमा बसोबास हुनेको बसोबास गरेको देश

| यस अधिको बसोबास | जम्मा | | पुरूष | | महिला | |
|---|---|---|---|---|---|---|
| | सङ्ख्या | % | सङ्ख्या | % | सङ्ख्या | % |
| जम्मा | १४१६ | १००.० | ४८३ | १००.० | ९३३ | १००.० |
| भारत | १२७७ | ९०.२ | ३७१ | ७६.८ | ९०६ | ९७.१ |
| आसियान | ३७ | २.६ | २९ | ६.० | ८ | ०.९ |
| मध्यपूर्व | ७९ | ५.६ | ७६ | १५.७ | ३ | ०.३ |
| अन्य देश | १४ | १.० | ७ | १.४ | ७ | ०.८ |
| नखुलेको | ९ | ०.६ | ० | ०.० | ९ | १.० |

## ९.६ विदेशबाट यस स्थानमा बसोबास गर्न आउनुको कारण


विदेशमा यसअघि अक्सर बसोबास भएका तर जनगणनाको अवधिमा यस स्थानमा बसोबास गर्ने गरी आएका व्यक्तिहरू कुन कुन प्रमुख कारणबाट यहाँ आएका हुन् भन्ने सवाल महत्वपूर्ण छ। केही देशहरूलाई अपवादका रूपमा छोडेर विश्लेषण गर्ने हो भने काम, रोजगारी, अध्ययन वा तालिमको सिलसिलामा विदेश गएका अधिकांश जनसङ्ख्या घर फर्किन्छन्। यस गाउँपालिकामा यस्तो जनसङ्ख्याले दोस्रो स्थान (२०.९%) लिएको छ। वैवाहिक कारणले यहाँ बसोबास गर्न आउने जनसङ्ख्या सर्वाधिक अर्थात् ४५.५ प्रतिशत रहेको छ। आश्रित हुनुको कारणबाट यहाँ बसोबास गर्न आउनेको हिस्सा १७.२ प्रतिशत रहेको छ।

काम वा रोजगारीको कारणबाट आउने ६.६ प्रतिशत र व्यापार/व्यवसायका कारणबाट यहाँ आउनेहरू १.१ प्रतिशत रहेको देखिन्छ। विवाहको कारणबाट ४५.५ प्रतिशत महिला स्वदेश फर्किएका छन् भने पुरुषतर्फ यो मान केवल १.४ प्रतिशत रहेको छ (तालिका ४४, चित्र ३६)।

तालिका ४४ : यसअघिको बसोबास विदेश हुनेको यस पालिकामा बसोवास गर्न आउनुको कारण

| विवरण | विदेशबाट यस पालिकामा बसोवास गर्न आउनुको कारण | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | काम/ रोजगारी | व्यापार व्यवसाय | अध्ययन तालिम | विवाह | आश्रित | प्राकृतिक प्रकोप | कृषि | घर फर्किएको | अन्य | उत्तर नलेखिएको |
| जम्मा | ६.६ | १.१ | ०.९ | ४५.५ | १७.२ | ०.१ | ४.६ | २०.९ | २.८ | ०.४ |
| पुरुष | १४.३ | २.१ | १.७ | १.४ | २७.१ | ०.० | ६.८ | ४२.२ | ३.९ | ०.४ |
| महिला | २.६ | ०.५ | ०.५ | ६८.३ | १२.० | ०.२ | ३.४ | ९.९ | २.३ | ०.३ |

### चित्र ३६: विदेशबाट यस पालिकामा बसोबास गर्न आउनुको कारण (% मा)



# खण्ड १०: प्रजननसम्बन्धी विवरण

## १०.१ जीवनकालभरि जन्माएका बच्चाको सङ्ख्याअनुसारको महिला

प्रजननसम्बन्धी विवरण जन्मदर, मृत्युदर, सुरक्षित मातृत्व, जनसङ्ख्या वृद्धिदर र जनसङ्ख्या प्रक्षेपणका लागि समेत अत्यन्त उपयोगी हुँदै आएको छ । पन्ध्रदेखि ४९ वर्षसम्मका विवाहित महिलाहरूले आफ्नो प्रजननकालमा जीवितै जन्माएका बच्चा, यसरी जन्मिएका कुल बच्चाहरूको सङ्ख्या, प्रत्येक विवाहित महिलाबाट प्रजनन कालमा जन्मेका बच्चाहरूको सङ्ख्या जस्ता सूचकहरू जनसङ्ख्या अध्ययन र नीतिनिर्माताका लागि निकै महत्वपूर्ण हुन्छन् ।

गणनाको दिनमा १५ देखि ४९ वर्षसम्मका विवाहित महिलाले उमेर समूहअनुसार कति जना बच्चालाई जन्म दिएका रहेछन् भन्ने सवालमा यो उपखण्ड केन्द्रित रहेको छ । यस गाउँपालिकामा १५–४९ वर्षसम्मका कुल ९२६३ जना महिलामध्ये सर्वाधिक सङ्ख्या (११९९ जना) २०–२४ वर्ष उमेर समूहमा रहेको देखिन्छ । दोस्रो ठुलो (१०३७ जना) समूह २–२९ वर्षसम्मका महिलाको छ भने तेस्रो (८८० जना) ठुलो समूह ३०–३४ वर्षका महिलाको रहेको छ । पैतिस देखि ३९ वर्षसम्मका महिलाहरूको सङ्ख्या ८७६ छ भने ४० देखि ४४ उमेर समुहका एक पटक विवाहित महिला ७७७ जना छन् । प्रजनन उमेरको सबैभन्दा तल्लो सिंढी अर्थात् १५–१९ वर्षको उमेर समूहमा रहेका महिलाहरूको सङ्ख्या यस गाउँपालिकामा ४६६ जना रहेको छ ।

आफ्नो प्रजनन उमेरमा रहेका तर गणनाको दिनसम्म एक जना पनि बच्चा नजन्माएका महिलाको अंश ११.५ प्रतिशत छ भने कम्तीमा एक जना बच्चा जन्माएका विवाहित महिलाको कुल हिस्सा ८९.५ प्रतिशत रहेको छ । बच्चा जन्माएका महिलामध्ये सर्वाधिक (३६.६%) ले २ जना बच्चा जन्माएको देखिन्छ । एक जना मात्र बच्चा जन्माएका महिलाको अंश २३.० प्रतिशत छ भने १८.१ प्रतिशत महिलाले ३ जना बच्चा जन्माएको तथ्याङ्क छ । वर्तमान समयमा २ भन्दा बढी सन्तान जन्माउने दम्पती न्यून हुँदै गएको देखिन्छ तथापि यस गाउँपालिकामा एकपटक विवाह भएको ७.० प्रतिशत महिलाले ४ जना बच्चा जन्माएको देखिन्छ भने  ५ जना बच्चा जन्माउने महिलाको हिस्सा २.६ प्रतिशत रहेको छ ।

यसै उमेर समूह (१५–४९) मा पर्ने विवाहित महिलाले ६, ७, ८ र ९ जनासम्म बच्चा जन्माएको देखिन्छ भलै त्यो सङ्ख्या समग्रमा करिब १.२ प्रतिशत मात्र रहेको छ । यससम्बन्धी विस्तृत विवरण तालिका ४७ मा दिइएको छ । उक्त तालिकामा उल्लेख भए अनुसार यहाँ एउटा रोचक प्रवृत्ति स्पष्ट देखिएको छ । पाँच–पाँच वर्षको उमेर समूह क्रमशः बढ्दै जाँदा कम्तीमा १ देखि ९ जनाभन्दा बढी बच्चा जन्माएका महिलाको उमेर समूह पनि माथि माथि सरिरहेको छ ।

तालिका ४५ : १५ वर्षदेखि ४९ वर्षको महिलाले हालसम्म जीवित जन्माएको बच्चाको सङ्ख्या र महिलाको उमेर समूहको आधारमा जनसङ्ख्या

| एकपटक विवाह भएको महिला | जम्मा | प्रतिशत | महिलाको उमेर समूह | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १५–१९ वर्ष | २०–२४ वर्ष | २५–२९ वर्ष | ३०–३४ वर्ष | ३५–३९ वर्ष | ४०–४४ वर्ष | ४५–४९ वर्ष |
| जम्मा महिला सङ्ख्या | ९२६३ | १००.० | २२३ | १३७७ | १८९७ | १७५७ | १७३८ | १२८७ | ९८४ |
| बच्चा नजन्माएको | १०६३ | ११.५ | १३९ | ४५५ | २२० | ८१ | ५४ | ४८ | ६६ |
| १ ओटा बच्चा जन्माएका | २१३२ | २३.० | ७० | ६०९ | ७५१ | ३७३ | १८४ | ८८ | ५७ |
| २ ओटा बच्चा जन्माएका | ३३९१ | ३६.६ | १३ | २६५ | ६७९ | ८४५ | ८२५ | ४७८ | २८६ |
| ३ ओटा बच्चा जन्माएका | १६७९ | १८.१ | १ | ४१ | १८८ | ३३९ | ४३७ | ३८१ | २९२ |
| ४ ओटा बच्चा जन्माएका | ६४७ | ७.० | ० | ५ | ५१ | ८७ | १७३ | १७६ | १५५ |
| ५ ओटा बच्चा जन्माएका | २४१ | २.६ | ० | २ | ५ | २७ | ४७ | ८० | ८० |
| ६ ओटा बच्चा जन्माएका | ६७ | ०.७ | ० | ० | ३ | ५ | १३ | २२ | २४ |
| ७ ओटा बच्चा जन्माएका | २५ | ०.३ | ० | ० | ० | ० | २ | ७ | १६ |
| ८ ओटा बच्चा जन्माएका | १० | ०.१ | ० | ० | ० | ० | १ | ५ | ४ |
| ९ ओटा वा सोभन्दा बढी बच्चा जन्माएका | ८ | ०.१ | ० | ० | ० | ० | २ | २ | ४ |

## १०.२ महिलाको उमेर समूहअनुसार जीवितै जन्मिएका, जीवितै जन्मिएर मरेका र हालसम्म जीवित बच्चाहरूको सङ्ख्या

प्रजनन उमेरका महिलाबाट जीवितै जन्मिएका बच्चाहरूमध्ये कतिको निश्चित समयपछि मृत्यु भयो र तीमध्ये कति हालसम्म पनि जीवितै छन् भन्ने तथ्याङ्कले शिशु मृत्युदर (Infant mortality rate), बाल मृत्युदर (Child mortality rate), जीवन प्रत्याशा (Life expectancy) र जीवन तालिका (Life table) आदिको मापन र तयारीमा विशेष सहयोग पुग्दछ ।

गणनाको दिनसम्म १५ देखि ४९ वर्षको उमेरभित्र पर्ने कुल महिलाले जीवितै जन्माएका कुल बच्चाको सङ्ख्या १८,४७५ रहेको छ । यी जीवित जन्मिएका सर्वाधिक ४१९० जना (२२.७%) बच्चालाई ३५–३९ वर्ष उमेर समूहका विवाहित महिलाले जन्माएका हुन् । जीवितै जन्मिएका सबै बच्चाहरू वयस्क अवस्थासम्म पुग्ने वा बाँच्ने सम्भावना कम हुन्छ । तीमध्ये कतिपय विभिन्न कारणबाट मर्दछन् । यस गाउँपालिकामा अक्सर बसोबास गर्ने १५–४९ वर्षका महिलाले जन्माएका कुल १८,४७५ जना (१००%) मध्ये ६०३ जना (३.३%) को मृत्यु भएको देखिन्छ । बाँकी १७,८७२ जना (९६.७%) भने हालसम्म (गणनाको दिनसम्म) पनि जीवितै रहेका देखिन्छन् । मृत्यु भएका कुल ६०३ जना बालबालिकालाई लैङ्गिक रूपमा हेर्दा ३४१ जना (५६.६%) बालक र २६२ जना (४३.४%) बालकको मृत्यु भएको देखिन्छ । यसबाट यस गाउँपालिकामा शिशु अथवा बाल मृत्युदर छोरीको भन्दा छोराको बढी हुने गरेको देखिन्छ ।

तालिका ४६: १५ देखि ४९ वर्षको महिलाले अहिलेसम्म जन्माएका जीवित बच्चा, जीवित जन्मेर मरेका बच्चा र अहिलेसम्म जीवित रहेका बच्चाको सङ्ख्या

| बच्चाको अवस्था | | जम्मा | महिलाको उमेर समूह | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १५–१९ वर्ष | २०–२४ वर्ष | २५–२९ वर्ष | ३०–३४ वर्ष | ३५–३९ वर्ष | ४०–४४ वर्ष | ४५–४९ वर्ष |
| **हालसम्म जीवितै जन्मेका बच्चाको सङ्ख्या** (CEB) | | | | | | | | | |
| | जम्मा | १८,४७५ | ९९ | १२९२ | २९२० | ३५९३ | ४१९० | ३५३२ | २८४९ |
| | बालक | ९,७६९ | ४८ | ६६२ | १५५९ | १९०४ | २२५३ | १८२९ | १५१४ |
| | बालिका | ८,७०६ | ५१ | ६३० | १३६१ | १६८९ | १९३७ | १७०३ | १३३५ |
| | | | | | | | | | |
| **हालसम्म जीवितै रहेका बच्चाको सङ्ख्या** (Children Still Alive) | | | | | | | | | |
| | जम्मा | १७,८७२ | ९८ | १२६३ | २८७६ | ३५१० | ४०४९ | ३३७९ | २६९७ |
| | बालक | ९,४२८ | ४७ | ६४५ | १५३१ | १८४८ | २१७९ | १७५३ | १४२५ |
| | बालिका | ८,४४४ | ५१ | ६१८ | १३४५ | १६६२ | १८७० | १६२६ | १२७२ |
| | | | | | | | | | |
| **जीवितै जन्मेर मृत्युभएको बच्चाको सङ्ख्या** (Children Dead) | | | | | | | | | |
| | जम्मा | ६०३ | १ | २९ | ४४ | ८३ | १४१ | १५३ | १५२ |
| | बालक | ३४१ | १ | १७ | २८ | ५६ | ७४ | ७६ | ८९ |
| | बालिका | २६२ | ० | १२ | १६ | २७ | ६७ | ७७ | ६३ |
| मृतकको प्रतिशत | | | | | | | | | |
| | जम्मा | ३.४ | १.० | २.३ | १.५ | २.४ | ३.५ | ४.५ | ५.६ |

| बच्चाको अवस्था | | जम्मा | महिलाको उमेर समूह | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १५-१९ वर्ष | २०-२४ वर्ष | २५-२९ वर्ष | ३०-३४ वर्ष | ३५-३९ वर्ष | ४०-४४ वर्ष | ४५-४९ वर्ष |
| | बालक | ३.६ | २.१ | २.६ | १.८ | ३.० | ३.४ | ४.३ | ६.२ |
| | बालिका | ३.१ | ०.० | १.९ | १.२ | १.६ | ३.६ | ४.७ | ५.० |

## १०.३ विगत १२ महिनामा जीवितै बच्चा जन्माएका महिलाहरूको सङ्ख्या र जीवितै जन्मिएका बच्चा

यसअघिको उपखण्डमा १५ देखि ४९ वर्षभित्रका महिलाले गणनाको दिनसम्म जीवितै जन्माएका बच्चा र ती हाल जीवित रहे वा नरहेको तथ्याङ्कमा आधारित भई विश्लेषण गरियो भने यस खण्डमा सोही उमेर समूहका कुल विवाहित महिलामध्ये विगत १२ महिनामा जीवित बच्चा जन्माउने महिला र तिनले जीवितै जन्माएका बच्चाहरूको सङ्ख्याउपर विश्लेषण गरिएको छ । यसले यस गाउँपालिकामा प्रतिवर्ष प्रजनन उमेरका कति जना महिलाले जीवित बच्चा जन्माउँछन् भन्ने तथ्याङ्क उपलब्ध हुन्छ । साथसाथै, एक वर्ष अवधिमा यस स्थानीय तहमा कति जना जीवित शिशुहरूको जन्म हुँदोरहेछ भन्ने तथ्याङ्क पनि अवगत गर्न सकिन्छ ।

शुद्धोधन गाउँपालिकामा एकपटक विवाह भएका १५–४९ वर्षका महिलाको कुल जनसङ्ख्या ९,२६३ जना छन् भने तीमध्ये ६२५ जना (६.७%) ले गत १२ महिनामा एक/एक जना बच्चा जन्माएका रहेछन् भने २ जना महिलाले गत १२ महिनामा जुम्ल्याहा बच्चा जन्माएको देखिन्छ । यसरी गत १२ महिनामा बच्चा जन्माएका ६२७ जना महिलाले कुल ६२९ जना बालबालिकालाई जन्माएको देखिन्छ जसमा ३३६ जना छोरा र २९३ जना छोरीहरू रहेको थिए (तालिका ४७) ।

तालिका ४७ : १५ वर्ष देखि ४९ वर्षका महिलाले विगत १ वर्षमा जीवित जन्माएको बच्चाको सङ्ख्याको आधारमा उमेर समूहअनुसार महिलाको सङ्ख्या

| एकपटक विवाह भएको महिला | जम्मा | महिलाको उमेर समूह | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | १५-१९ वर्ष | २०-२४ वर्ष | २५-२९ वर्ष | ३०-३४ वर्ष | ३५-३९ वर्ष | ४०-४४ वर्ष | ४५-४९ वर्ष |
| **एकपटक विवाह भएको महिला** | | | | | | | | |
| जम्मा महिला सङ्ख्या | ९२६३ | २२३ | १३७७ | १८९७ | १७५७ | १७३८ | १२८७ | ९८४ |
| बच्चा नजन्माएको | ८६३६ | १८९ | ११३३ | १६६१ | १६८० | १७१६ | १२७९ | ९७८ |
| १ बच्चा जन्माएको | ६२५ | ३४ | २४४ | २३५ | ७६ | २२ | ८ | ६ |
| २ बच्चा जन्माएको | २ | ० | ० | १ | १ | ० | ० | ० |
| **एक वर्षभित्र जीवितै जन्मेका बच्चाको सङ्ख्या** | | | | | | | | |
| जम्मा | ६२९ | ३४ | २४४ | २३७ | ७८ | २२ | ८ | ६ |
| पुरूष | ३३६ | १७ | १३८ | १२३ | ३८ | १४ | ३ | ३ |
| महिला | २९३ | १७ | १०६ | ११४ | ४० | ८ | ५ | ३ |

# खण्ड ११: आर्थिक क्रियाकलापसम्बन्धी विवरण

## ११.१ आर्थिक काम गरेको अवधिको आधारमा जनसङ्ख्या


परिवारका विभिन्न उमेर समूहका सदस्यहरूले कुनै न कुनै आर्थिक काम गरेका हुन्छन् । राष्ट्रिय जनगणनामा १० वर्ष वा सोभन्दा माथिको जनसङ्ख्याले गत १२ महिनामा कति अवधि आर्थिक काम गरेका थिए भनेर सोधिएको थियो । कुनै व्यक्तिले गरेको आर्थिक कामलाई अवधिका आधारमा विभिन्न वर्गमा वर्गीकरण गरेर आर्थिक रूपले सक्रिय वा निष्क्रिय जनसङ्ख्याको अनुपात निकाल्ने गरिन्छ । यस्तो अभ्यास कतिपय देशले फरक फरक आधारमा अवलम्बन गरेको हुनसक्छ भने अधिकांश देशले संयुक्त राष्ट्रसंघको तथ्याङ्कीय नियोग (United Nations Statistical Commission) र अन्तर्राष्ट्रिय श्रम संगठनले निश्चित गरेका मानक र स्तरअनुसार अपनाएको पाइन्छ । कानुनी रूपमा १८ वर्षमुनिका बालबालिकालाई कुनै पनि आर्थिक काम गराउन निषेध गरिएको भए तापनि अधिकांश समाजमा यो कायमै रहेको देखिन्छ ।

यस शुद्धोधन गाउँपालिकामा १० वर्ष र सोभन्दा माथिको कुल ३४,८९१ जनामध्ये ४०.० प्रतिशतले ६ महिना वा सोभन्दा बढी अवधि काम गरेका छन् । त्यसै गरी ९.९ प्रतिशतले ३ देखि ६ महिनासम्म काम गरेका छन् भने १५.९ प्रतिशतले ३ महिनाभन्दा कम अवधि काम गरेका छन् । कुनै पनि आर्थिक काम नगरेको जनसङ्ख्या ३४.२ प्रतिशत रहेको छ (तालिका ४७) । महिला र पुरुषले आर्थिक काम गरेको अवधिमा स्पष्ट भिन्नता रहेको देखिन्छ । उदाहरणका लागि ५३.० प्रतिशत पुरुषले ६ महिनाभन्दा बढी आर्थिक काम गरेको देखिन्छ भने महिलाका हकमा यो २७.९ प्रतिशत मात्र रहेको छ । घरधन्दा, परिवारको अन्य हेरचाह, प्रसुती आदि कारणबाट यस्तो भएको हुनसक्दछ । तर, ३ महिनाभन्दा कम अवधि काम गर्ने पुरुष ७.४ प्रतिशत छन् भने महिला १२.३ प्रतिशत मात्र रहेका छन् । कुनै पनि आर्थिक काम नगरेका पुरुष २७.७ प्रतिशत छन् भने महिला ४०.३ प्रतिशत रहेका छन् (तालिका ४८) ।

तालिका ४८ : आर्थिक काम गरेको अवधिको आधारमा जनसङ्ख्याको वितरण (१० वर्ष वा सोभन्दा बढी)

| विवरण | ६ महिना वा सो भन्दा बढी काम गरेको | ३ देखि ६ महिना काम गरेको | ३ महिना भन्दा कम काम गरेको | कुनै पनि आर्थिक काम नगरेको |
|---|---|---|---|---|
| जम्मा | ४०.० | ९.९ | १५.९ | ३४.२ |
| पुरुष | ५३.० | ७.४ | १२.० | २७.७ |
| महिला | २७.९ | १२.३ | १९.५ | ४०.३ |

चित्र ३७ : अवधिका आधारमा आर्थिक काममा सक्रिय र निष्क्रिय जनसङ्ख्या (%)



## ११.२ आर्थिक क्रियाकलापसम्बन्धी विवरण

आर्थिक काम गरेको अवधिका आधारमा आर्थिक रूपले सक्रिय जनसङ्ख्यालाई अक्सर रोजगार, अक्सर बेरोजगार, अक्सर निष्क्रिय, आर्थिक रूपले निष्क्रिय आदि उपवर्गमा विश्लेषण गर्ने गरिन्छ । तालिका (४८) मा प्रस्तुत तथ्याङ्कलाई व्याख्या गर्नुभन्दा अगाडि केही आधारभूत अवधारणासँग परिचित हुनु जरुरी छ ।

**आर्थिक रूपले सक्रिय जनसङ्ख्या:** सन्दर्भ अवधिमा जुनसुकै आर्थिक काम जतिसुकै अवधिको लागि गरेका वा कुनै पनि आर्थिक कामको खोजी गरेका १० वर्ष वा सोभन्दा माथिका व्यक्तिहरू आर्थिक रूपले सक्रिय जनसङ्ख्या अन्तर्गत पर्दछन् ।

आर्थिक रूपले निष्क्रिय जनसङ्ख्या: सन्दर्भ अवधिमा कुनै पनि आर्थिक काम नगरेका र आर्थिक काम नखोजेका व्यक्तिहरू आर्थिक रूपले निष्क्रिय जनसङ्ख्या अन्तर्गत पर्दछन्।

**अक्सर आर्थिक रूपले सक्रिय जनसङ्ख्या:** सन्दर्भ अवधिमा कुनै पनि आर्थिक काम गरेको वा आर्थिक काम खोजेको समयावधिको जोड ६ महिना वा सोभन्दा बढी भएको व्यक्तिलाई अक्सर आर्थिक रूपले सक्रिय जनसङ्ख्याभित्र समावेश गरिन्छ ।

अक्सर आर्थिक रूपले निष्क्रिय जनसङ्ख्या: आर्थिक काम गरेको अवधि र आर्थिक काम खोजेको अवधिको जोड ६ महिनाभन्दा कम भएमा त्यस्तो व्यक्तिलाई अक्सर आर्थिक रूपले निष्क्रिय जनसङ्ख्यामा समावेश गरिन्छ ।

यस शुद्धोधन गाउँपालिकामा १० वर्ष वा सोभन्दा माथिको कुल ३४,८९१ जनसङ्ख्यामध्ये १५,६०७ जना आर्थिक रूपले अक्सर सक्रिय र ८,२७४ जना आर्थिक रूपले अक्सर निष्क्रिय रहेको देखिन्छ ।

अक्सर आर्थिक रूपले सक्रिय १५,६०७ जनसङ्ख्यामध्ये ९२.२ प्रतिशत अक्सर रोजगार र ७.८ प्रतिशत अक्सर बेरोजगार रहेका छन् । आर्थिक रूपले सक्रिय तर अक्सर निष्क्रिय (६ महिनाभन्दा कम समय काम गर्नेहरू) रहेको जनसङ्ख्या ८२७४ (३४.६%) रहेको छ । सन्दर्भ अवधिभित्र कुनै पनि आर्थिक काम नगरेको जनसङ्ख्या १०,९३५ रहेको छ जुन १० वर्ष र सोभन्दा माथिका जनसङ्ख्याको करिब ३१.३ प्रतिशत रहेको छ (तालिका ४९) । गाउँपालिकाका विभिन्न वडामा आर्थिक रूपले सक्रिय, निष्क्रिय, रोजगार र बेरोजगार जनसङ्ख्या फरक फरक रहेको छ । खास वडाको आर्थिक रूपले सक्रिय र निष्क्रिय जनसङ्ख्यालाई आवश्यकतानुसार विस्तृत विश्लेषण गर्न सकिन्छ ।

तालिका ४९ : आर्थिक क्रियाकलापमा संलग्नता अनुसारको जनसङ्ख्या (१० वर्ष वा सोभन्दा बढी उमेरका)

| वडा | दश वर्ष वा सो भन्दा माथिको जनसङ्ख्या | आर्थिक क्रियाकलापमा संलग्नता | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | आर्थिक रुपले सक्रिय | | | | | | आर्थिक रुपले निष्क्रिय | | आर्थिक क्रियाकलाप नखुलेको | |
| | | अक्सर सक्रिय | | | | अक्सर निष्क्रिय | | | | | |
| | | अक्सर रोजगार | | अक्सर बेरोजगार | | | | | | | |
| | संख्या | संख्या | % | संख्या | % | संख्या | % | संख्या | % | संख्या | % |
| जम्मा | | | | | | | | | | | |
| शुद्धोधन | ३४८९१ | १४३८९ | ९२.२ | १२१८ | ७.८ | ८२७४ | ३४.६ | १०९३५ | ३१.३ | ७५ | ०.२ |
| १ | ५१४८ | २०४४ | ९४.१ | १२९ | ५.९ | १३०३ | ३७.५ | १६७२ | ३२.५ | ० | ०.० |
| २ | ५०४४ | २६७७ | ९५.४ | १२८ | ४.६ | ६३४ | १८.४ | १५९२ | ३१.६ | १३ | ०.३ |
| ३ | ५३०५ | १७९५ | ९५.८ | ७९ | ४.२ | १५९४ | ४६.० | १८११ | ३४.१ | २६ | ०.५ |
| ४ | ५५६६ | २१७० | ९२.९ | १६७ | ७.१ | १२१३ | ३४.२ | १९९५ | ३५.८ | २१ | ०.४ |
| ५ | ५०९३ | १९९३ | ८१.४ | ४५४ | १८.६ | १६७० | ४०.६ | ९७० | १९.० | ६ | ०.१ |
| ६ | ३९९४ | १६४४ | ९५.४ | ७९ | ४.६ | १२३१ | ४१.७ | १०३१ | २५.८ | ९ | ०.२ |
| ७ | ४७४१ | २०६६ | ९१.९ | १८२ | ८.१ | ६२९ | २१.९ | १८६४ | ३९.३ | ० | ०.० |

## ११.३ आर्थिक कामको पेसागत वर्गीकरण अनुसारको जनसङ्ख्या


आर्थिक काम गरेका जनसङ्ख्याको पेसाअनुसार वर्गीकरण र विश्लेषण महत्वपूर्ण हुन्छ। आर्थिक काम गर्दा व्यक्तिको भूमिका कस्तो प्रकारको थियो भन्ने प्रश्न पनि उत्तिकै सरोकारको विषय हो। आर्थिक काम कृषि वा गैरकृषि क्षेत्रमा हुनसक्दछ। त्यस्तै औद्योगिक, व्यापारिक, सेवामूलक र सामान्य प्राथमिक पेसासँग सम्बन्धित आर्थिक कामहरू हुन्छन्। जनसङ्ख्याको पेसा र व्यवसायले त्यहाँको आर्थिक अवस्था र संरचनालाई प्रतिविम्बित गर्दछन्।

यस गाउँपालिकाका १० वर्षमाथिका आर्थिक रूपले सक्रिय कुल २२,९६६ जनसङ्ख्यामध्ये १२,१७६ जना पुरुष रहेका छन् भने १०,७९० जना महिला रहेका छन्। यस गाउँपालिकाका ५५.४ प्रतिशत आर्थिक रूपले सक्रिय जनसङ्ख्या कृषि, वन र माछापालनसम्बन्धी पेसाका दक्ष कामदार रहेका छन्। दोस्रो ठुलो (१९.४%) समूह सामान्य वा प्राथमिक पेसाका कामदारहरूको रहेको छ भने तेस्रो ठुलो (९.८%) समूहमा शिल्पकला तथा कालिगढ र यससम्बन्धी व्यापार गर्ने कामदार रहेका छन् (तालिका ५०, चित्र ३८)।

तालिका ५०: आर्थिक रूपले सक्रिय जनसङ्ख्याको मुख्य पेसा अनुसारको विवरण
(१० वर्ष वा सोभन्दा बढी उमेरका)

| पेशा | जम्मा | | पुरूष | | महिला | |
|---|---|---|---|---|---|---|
| | सङ्ख्या | % | सङ्ख्या | % | सङ्ख्या | % |
| जम्मा | २२,९६६ | १००.० | १२,१७६ | १००.० | १०,७९० | १००.० |
| सैनिक अधिकारी | ४३ | ०.२ | ३७ | ०.३ | ६ | ०.१ |
| व्यवस्थापक | ९१९ | ४.० | ६८९ | ५.७ | २३० | २.१ |
| पेसाविद् | ५९२ | २.६ | ३६७ | ३.० | २२५ | २.१ |
| प्राविधिक तथा सहायक पेसाविद् | २१२ | ०.९ | १४७ | १.२ | ६५ | ०.६ |
| कार्यालय सहायक | १५० | ०.७ | ६९ | ०.६ | ८१ | ०.८ |
| सेवा तथा वस्तु बिक्री गर्ने कामदार | ९२१ | ४.० | ६२८ | ५.२ | २९३ | २.७ |
| कृषि, वन र माछापालन कार्यका दक्ष कामदार | १२७२८ | ५५.४ | ५५७६ | ४५.८ | ७१५२ | ६६.३ |
| शिल्पकला तथा कालिगढ र यससम्बन्धी व्यापार गर्ने कामदार | २२४१ | ९.८ | १९९० | १६.३ | २५१ | २.३ |
| यन्त्र तथा मेसिन अपरेटर र जडान गर्ने कामदार | ६९६ | ३.० | ६६२ | ५.४ | ३४ | ०.३ |
| सामान्य वा प्राथमिक पेसाका कामदार | ४४५६ | १९.४ | २००८ | १६.५ | २४४८ | २२.७ |
| उल्लेख नभएका | ८ | ०.० | ३ | ०.० | ५ | ०.० |

चित्र ३८ : आर्थिक रूपले सक्रिय जनसङ्ख्याको मुख्य पेसा अनुसारको विवरण (चित्र परिवर्तन गर्ने)




## ११.४ आर्थिक कामको औद्योगिक क्षेत्र वर्गीकरणअनुसारको जनसङ्ख्या

देशको अर्थतन्त्रलाई विभिन्न उपक्षेत्रमा वर्गीकरण गरिएको हुन्छ । पछिल्लो जनगणनामा आर्थिक रूपले सक्रिय जनसङ्ख्याले गरेको कामलाई विभिन्न २१ ओटा औद्योगिक क्षेत्रमा वर्गीकरण गरिएको छ । देश, प्रदेश र स्थानीय तहको आर्थिक अवस्था र विकासअनुसार यी २१ ओटा औद्योगिक क्षेत्र उन्नत वा पिछडिएको अवस्थामा रहेका हुनसक्छन् । यस गाउँपालिकाका १० वर्ष र सोभन्दा माथिका र आर्थिक रूपले सक्रिय कुल २२,९६६ जनसङ्ख्यामध्ये ६१.५ प्रतिशत कृषि, वन र माछापालन क्षेत्रमा सक्रिय देखिएका छन् । यस क्षेत्रको मुख्य आम्दानीको स्रोत कृषि क्षेत्र नै देखिएको छ ।


आर्थिक रूपले सक्रिय जनसङ्ख्या आबद्ध भएको दोस्रो ठुलो औद्योगिक क्षेत्र 'निर्माण' रहेको छ जसले १२.४ प्रतिशत हिस्सा ओगटेको छ । यस गाउँपालिकाको आर्थिक रूपले सक्रिय जनसङ्ख्या आबद्ध भएको तेस्रो ठुलो (१०.५%) औद्योगिक क्षेत्र 'थोक एवं खुद्रा व्यापार, मोटरगाडी तथा मोटरसाइकल मर्मतका कार्य' रहेको छ । 'औद्योगिक उत्पादन' क्षेत्रले ३.८ प्रतिशत हिस्सा ओगटेको छ भने अन्य सेवा प्रदान गर्ने क्रियाकलापले २.९ प्रतिशत हिस्सा ओगटेको छ (तालिका ५१, चित्र ३९) ।

**तालिका ५१ : आर्थिक रूपले सक्रिय जनसङ्ख्याको मुख्य औद्योगिक क्षेत्र अनुसारको विवरण**
**(१० वर्ष वा सोभन्दा बढी उमेरका)**

| आर्थिक कामको क्षेत्र वा उद्योग | जम्मा | | पुरूष | | महिला | |
|---|---|---|---|---|---|---|
| | सङ्ख्या | % | सङ्ख्या | % | सङ्ख्या | % |
| जम्मा | २२,९६६ | १००.० | १२,१७६ | १००.० | १०,७९० | १००.० |
| कृषि, वन र माछापालन | १४,१३५ | ६१.५ | ६,२८१ | ५१.६ | ७,८५४ | ७२.८ |
| खानी तथा उत्खनन् | २१ | ०.१ | २० | ०.२ | १ | ०.० |
| औद्योगिक उत्पादन | ८६८ | ३.८ | ६४४ | ५.३ | २२४ | २.१ |
| विद्युत, ग्यास, बाफ तथा वातानुकूलित सेवा | ४० | ०.२ | ३६ | ०.३ | ४ | ०.० |
| पानीको आपूर्ति, ढलनिकास, फोहर व्यवस्थापन र शुद्धीकरणका क्रियाकलाप | ३९ | ०.२ | ३२ | ०.३ | ७ | ०.१ |

| आर्थिक कामको क्षेत्र वा उद्योग | जम्मा | | पुरूष | | महिला | |
|---|---|---|---|---|---|---|
| | सङ्ख्या | % | सङ्ख्या | % | सङ्ख्या | % |
| निर्माण | २८४६ | १२.४ | २२०० | १८.१ | ६४६ | ६.० |
| थोक एवं खुद्रा व्यापार, मोटरगाडी तथा मोटरसाइकल मर्मतका कार्य | २४२१ | १०.५ | १३२६ | १०.९ | १०९५ | १०.१ |
| यातायात तथा भण्डारण | ४२५ | १.९ | ४०७ | ३.३ | १८ | ०.२ |
| आवास तथा भोजन सम्बन्धी क्रियाकलाप | २८९ | १.३ | २१२ | १.७ | ७७ | ०.७ |
| सूचना तथा सञ्चार | ४२ | ०.२ | ३२ | ०.३ | १० | ०.१ |
| वित्तीय तथा बिमासम्बन्धी क्रियाकलाप | १७७ | ०.८ | ८५ | ०.७ | ९२ | ०.९ |
| घरजग्गा कारोबारका व्यवसायिक क्रियाकलाप | ८ | ०.० | ८ | ०.१ | ० | ०.० |
| पेसागत, वैज्ञानिक तथा प्राविधिक क्रियाकलाप | ५८ | ०.३ | ५१ | ०.४ | ७ | ०.१ |
| प्रशासनिक तथा सहयोगी सेवाका क्रियाकलाप | ९ | ०.० | ७ | ०.१ | २ | ०.० |
| सार्वजनिक प्रशासन र सुरक्षासम्बन्धी क्रियाकलाप | १६३ | ०.७ | १३० | १.१ | ३३ | ०.३ |
| शिक्षा | ४९२ | २.१ | २७७ | २.३ | २१५ | २.० |
| मानव स्वास्थ्य तथा सामाजिक कार्यका क्रियाकलाप | १११ | ०.५ | ५६ | ०.५ | ५५ | ०.५ |
| कला, मनोरञ्जन तथा मनोविनोद | ९० | ०.४ | ८७ | ०.७ | ३ | ०.० |
| अन्य सेवा प्रदान गर्ने क्रियाकलाप | ६६८ | २.९ | २५९ | २.१ | ४०९ | ३.८ |
| घरपरिवारका घरायसी क्रियाकलाप | ३० | ०.१ | ११ | ०.१ | १९ | ०.२ |
| बाह्य संघसंस्था एवं यसका अङ्गहरुका क्रियाकलाप | ५ | ०.० | ३ | ०.० | २ | ०.० |
| उल्लेख नभएका | २९ | ०.१ | १२ | ०.१ | १७ | ०.२ |

चित्र ३९: औद्योगिक क्षेत्रअनुसार आर्थिक काममा संलग्न जनसङ्ख्या (%)




## ११. कृषि तथा गैरकृषि क्षेत्रमा संलग्न जनसङ्ख्या


आर्थिक रूपले सक्रिय जनसङ्ख्या मूलतः दुई प्रकारका काममा संलग्न रहेका हुन्छन् । पहिलो, कृषिसँग जोडिएको आर्थिक क्षेत्र हो र दोस्रो गैरकृषिसँग जोडिएको आर्थिक क्षेत्र । शुद्धोधन गाउँपालिकाका सम्पूर्ण वडाहरू ग्रामीण क्षेत्र भएका अधिक हुनाले गैरकृषि क्षेत्रमा भन्दा कृषि क्षेत्रमा संलग्न जनसङ्ख्या अधिकतम हुनु मनासिब मान्न सकिन्छ ।

यस गाउँपालिकाका आर्थिक रूपले सक्रिय जनसङ्ख्या (१० वर्ष र सोभन्दा माथिको) मध्ये गैरकृषि आर्थिक क्षेत्रमा संलग्न जनसङ्ख्या  ३८.३ प्रतिशत छ भने कृषिसँग जोडिएको आर्थिक क्षेत्रमा काम गर्ने जनसङ्ख्या ६१.६ प्रतिशत रहेको छ। वडास्तरमा तुलना गर्दा गैरकृषिसँग जोडिएको क्षेत्रमा संलग्न जनसङ्ख्या सर्वाधिक (४९.७%) वडा नं. ४ मा रहेको देखिन्छ भने सबैभन्दा कम (२९.५%) वडा नं. ५ मा रहेको छ। त्यसै गरी कृषिसँग जोडिएको आर्थिक क्षेत्रमा संलग्न जनसङ्ख्या सबैभन्दा धेरै (६९.९%) वडा नं. ४ मा रहेको छ भने सबैभन्दा कम (५०.३%) वडा नं. ४ मा रहेको छ (तालिका ५२ चित्र ४०)।

तालिका ५२: वडाअनुसार कृषि तथा गैरकृषि काममा संलग्न जनसङ्ख्या (%)

| वडा | जम्मा | कृषि क्षेत्रमा संलग्नको प्रतिशत | गैरकृषि आर्थिक काममा संलग्नको % |
|---|---|---|---|
| १ | ३,३३६ | ६०.४ | ३९.६ |
| २ | ३,३०५ | ५९.३ | ४०.७ |
| ३ | ३,३९१ | ६३.० | ३७.० |
| ४ | ३,३७६ | ५०.३ | ४९.७ |
| ५ | ४,०३६ | ६९.९ | २९.५ |
| ६ | २,७७१ | ६७.१ | ३२.८ |
| ७ | २,७५१ | ५९.८ | ४०.२ |
| शुद्धोधन | २२,९६६ | ६१.६ | ३८.३ |

चित्र ४० : वडाअनुसार गैरकृषि क्षेत्रका आर्थिक काममा संलग्न जनसङ्ख्या (%)




## ११.६ आर्थिक काममा संलग्नताको प्रकार अनुसारको विवरण

आर्थिक काममा संलग्न १० वर्ष र सोभन्दा माथिको कुल २२,९६६ जनसङ्ख्यामध्ये कसले कुन हैसियतमा काम गऱ्यो अथवा कस्तो प्रकारको काम गऱ्यो भन्ने प्रश्न पनि नीतिनिर्माता र निर्णयकर्ताको लागि महत्वपूर्ण हुन्छ । त्यस्तै खास प्रशासनिक एकाइको आर्थिक काममा संलग्न जनशक्ति कसरी संरचित छ भनेर बुझ्न पनि सघाउ पुग्दछ । जनगणनामा आर्थिक रूपले सक्रिय प्रत्येक व्यक्तिलाई उसले आर्थिक काम गर्दाको हैसियत के हो भनेर सोधिएको थियो ।

वि.सं. २०७८ को जनगणनाको तथ्याङ्कअनुसार शुद्धोधन गाउँपालिकामा सर्वाधिक १२,४७० (५४.३%) आर्थिक रूपले सक्रिय जनसङ्ख्या आफ्नै काम गर्ने समूहमा पर्दछन् भने ३,८६५ जना (१६.८%) परिवारलाई सघाउने समूहमा पर्दछन् । अरुको काम गर्ने समूहअन्तर्गत ६,३२१ जना (२७.५%) आर्थिक रूपले सक्रिय जनसङ्ख्या रहेका छन् भने रोजगारदाता न्यून अर्थात् ३०४ जना ( १.३%) मात्र रहेको छन् । आफ्नै काम गर्ने समूहमा पुरुषको हिस्सा ५४.३ प्रतिशत हुँदा महिलाको हिस्सा ४९.४ प्रतिशत रहेको छ । अरुको काम गर्ने समूहमा ३५.८ प्रतिशत पुरुष छन् भने महिलाको हिस्सा केवल १८.१ प्रतिशत रहेको छ । परिवारलाई सघाउने समूहअन्तर्गत महिलाको हिस्सा २१.५ प्रतिशत हुँदा पुरुषको हिस्सा १२.७ प्रतिशत मात्र रहेको छ (तालिका ५३) ।

तालिका ५३ : रोजगारीको अवस्थाअनुसार आर्थिक रूपले सक्रिय जनसङ्ख्याको विवरण

(१० वर्ष वा सोभन्दा बढी उमेरका)

| सङ्ख्या/% | जम्मा | रोजगारीको अवस्था | | | | |
|---|---|---|---|---|---|---|
| | | अरूको काम गर्ने | रोजगारदाता | आफ्नै काम गर्ने | परिवारलाई सघाउने | उल्लेख नभएका |
| शुद्धोधन जम्मा | २२,९६६ | ६,३२१ | ३०४ | १२,४७० | ३,८६५ | ६ |
| % | १०० | २७.५ | १.३ | ५४.३ | १६.८ | ०.० |
| पुरुष | १२,१७६ | ४३६४ | २५७ | ६००९ | १५४३ | ३ |
| % | १०० | ३५.८ | २.१ | ४९.४ | १२.७ | ०.० |
| महिला | १०,७९० | १९५७ | ४७ | ६४६१ | २३२२ | ३ |
| % | १०० | १८.१ | ०.४ | ५९.९ | २१.५ | ०.० |

## ११.७ घरायसी तथा गैरघरायसी क्षेत्रानुसार आर्थिक काममा संलग्नताअनुसार जनसङ्ख्या

आर्थिक कामलाई घरायसी र गैरघरायसी गरी दुई वर्गमा विभाजन गर्ने प्रचलन रहेको छ । घरायसी काम अक्सर घरपरिवारकै उपभोग र सुविधाका लागि हुने गर्दछ भने गैरघरायसी काम सामान्यतः आय आर्जनका लागि सहायक हुने गर्दछ । पछिल्लो बाह्रौं राष्ट्रिय जनगणनामा १० वर्ष र सोभन्दा माथिका प्रत्येक व्यक्तिले गरेको कामलाई घरायसी र गैरघरायसी वर्गमा विभाजन गर्दा यस गाउँपालिकामा ४२.५ प्रतिशतले घरायसी क्षेत्रमा काम गरेको देखिन्छ । गैरघरायसी क्षेत्रमा आर्थिक काम गर्ने जनसङ्ख्याको हिस्सा २३.३ प्रतिशत रहेको छ ।


यहाँ गैरघरायसी क्षेत्र भन्नाले सरकारी, वित्तीय, गैरवित्तीय तथा नाफा नकमाउने संस्था पर्दछ । घरायसी क्षेत्र भन्नाले असंगठित रूपमा परिवारले संचालन गरेका सबैप्रकासरका आर्थिक क्रियाकलापहरू पर्दछन् जस्तै कृषि, अनौपचारिक र असंगठित रूपमा व्यक्ति वा परिवारले संचालन गरेका व्यापार, उद्योग, व्यवसाय, सडक किनारमा बिक्री गर्ने आदि पर्दछन् ।

वडास्तरमा तुलना गर्दा घरायसी क्षेत्रसँग जोडिएको आर्थिक काममा संलग्न जनसङ्ख्या सर्वाधिक (६१.०%) वडा नं. ५ मा रहेको देखिन्छ भने सबैभन्दा कम (३३.६%) वडा नं. ३ मा रहेको छ । त्यसैगरी गैरघरायसी क्षेत्रको आर्थिक काम गर्ने जनसङ्ख्या सबैभन्दा धेरै (३०.३%) वडा नं. ३ मा रहेको छ भने सबैभन्दा कम (१८.३%) वडा नं. ५ मा रहेको छ (तालिका ५४ र चित्र ४१) ।

तालिका ५४ : घरायसी तथा गैरघरायसी क्षेत्रानुसार आर्थिक काममा संलग्नताअनुसार जनसङ्ख्या विवरण
(१० वर्ष वा सोभन्दा बढी उमेरका)

| वडा | जम्मा | गैरघरायसी क्षेत्र | घरायसी क्षेत्र | काम नगरेका | गैरघरायसी क्षेत्र | घरायसी क्षेत्र | काम नगरेका |
|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | | | | प्रतिशत | | |
| १ | ५१४८ | १३५५ | १९८१ | १८१२ | २६.३ | ३८.५ | ३५.२ |
| २ | ५०४४ | ११२८ | २१७६ | १७३९ | २२.४ | ४३.१ | ३४.५ |
| ३ | ५३०५ | १६१० | १७८१ | १९१४ | ३०.३ | ३३.६ | ३६.१ |
| ४ | ५५६६ | १२७७ | २०९८ | २१९० | २२.९ | ३७.७ | ३९.३ |
| ५ | ५०९३ | ९३० | ३१०६ | १०५७ | १८.३ | ६१.० | २०.८ |
| ६ | ३९९४ | ७८० | १९८१ | १२२३ | १९.५ | ४९.६ | ३०.६ |
| ७ | ४७४१ | १०५८ | १६९३ | १९९० | २२.३ | ३५.७ | ४२.० |
| शुद्धोधन | ३४८९१ | ८१३८ | १४८१६ | ११९२५ | २३.३ | ४२.५ | ३४.२ |


चित्र ४१ : घरायसी तथा गैरघरायसी क्षेत्रानुसार आर्थिक काममा संलग्नताअनुसार जनसङ्ख्या (%)



## ११.८ आर्थिक काम नगर्नुको कारण

दश वर्ष र सोभन्दा माथिको जनसङ्ख्यामध्ये बालबालिका, युवा, प्रौढ, वृद्धवृद्धा, पुरुष र महिलाको आर्थिक संलग्नता फरक फरक रहने गर्दछ। उनीहरूले आर्थिक काममा खर्चिने समय पनि स्वाभाविक रूपमा भिन्नभिन्न हुने गर्दछ। जनगणनामा आर्थिक काम नगर्नुका सम्भावित प्रमुख कारणहरू सोधिएको थियो। आर्थिक काम नगर्ने १० वर्ष र सोभन्दा माथिका कुल जनसङ्ख्यामध्ये ३६.० प्रतिशत विद्यार्थी रहेको देखिन्छ। विद्यार्थी भएको कारणले आर्थिक काम नगर्ने पुरुष ४७.७ प्रतिशत रहेका छन् भने महिलाको हिस्सा केवल २८.९ प्रतिशत रहेको छ। कुल २३.४ प्रतिशत जनसङ्ख्याले घरधन्दामा केन्द्रित हुनुपरेकोले आर्थिक काम नगरेको देखिन्छ। केवल ९.२ प्रतिशत पुरुष घरधन्दामा संलग्न देखिन्छन् भने महिलाको हिस्सा ३२.० प्रतिशत रहेको छ। स्मरणीय छ कि पुरुष र महिलाका आर्थिक काम नगर्नुका कारण फरक फरक रहेका छन् (चित्र ४२)।

*चित्र ४२ : दश वर्ष र सोभन्दा माथिका जनसङ्ख्याको आर्थिक काम नगर्नुको कारण*



# खण्ड १२: घरको संरचना तथा प्रयोग

## १२.१ घरको मुख्य प्रयोग


राष्ट्रिय जनगणना २०७८ मा देशका सम्पूर्ण घरहरूको समेत गणना गरिएको थियो। गणना गरिएका घरको प्रयोग कुन रूपमा भएको छ भन्ने विषयले आवासीय घर र गैरआवासीय घरको वितरणलाई विभिन्न तहमा (नेपाल, प्रदेश, भौगोलिक क्षेत्र, आदि) विश्लेषण गर्न मद्दत पुग्दछ। शुद्धोधन गाउँपालिकामा पछिल्लो जनगणनाले कुल ८,७०३ ओटा घर रहेको देखाएको छ जसमध्ये करिब ८५ प्रतिशत घर आवासीय प्रयोगमा रहेका छन्। गोठ वा धनसारका लागि प्रयोग भएका घरले ६.१ प्रतिशत हिस्सा ओगटेको छ भने ३.७ प्रतिशत घर खाली रहेको देखिन्छ। व्यापार/व्यवसायका लागि प्रयोग भएका घर २.१ प्रतिशत छन्। स्वास्थ्य तथा शिक्षासम्बन्धी प्रयोजनमा रहेका घरहरू ०.४ प्रतिशत, उद्योग, बैंक तथा वित्तीय क्षेत्रले प्रयोग गरेका घरहरूको अंश ०.५ प्रतिशत र सरकारी र संस्थागत क्षेत्रले प्रयोग गरेका घरको अंश ०.५ प्रतिशत रहेको छ। अन्य प्रकारका घरहरूको अंश १.४ प्रतिशत रहेको छ (तालिका ५५)।

तालिका ५५ : घरको मुख्य प्रयोग अनुसारको विवरण (% मा)

| क्षेत्र | आवासीय | गोठ / धनसार | खाली | व्यापार व्यवसाय | स्वास्थ्य तथा शिक्षा | उद्योग, बैंक तथा वित्तीय | सरकारी, संस्थागत | होटेल तथा लज | अन्य |
|---|---|---|---|---|---|---|---|---|---|
| **नेपाल** | ७१.७ | १०.१ | ६.३ | ३.१ | १.३ | ०.५ | ०.८ | ०.३ | ५.९ |
| रुपन्देही | ८१.० | ४.९ | ४.२ | ४.५ | ०.८ | ०.९ | ०.७ | ०.४ | २.६ |
| शुद्धोधन | ८५.१ | ६.१ | ३.७ | २.१ | ०.४ | ०.५ | ०.५ | ०.१ | १.४ |

आवास, व्यापार/व्यवसाय, उद्योग, संस्थागत प्रयोजन र खाली रहेका घरको अनुपातलाई राष्ट्रिय र रूपन्देही जिल्लाको सन्दर्भमा हेर्दा केही विषमता देखिन्छ यद्यपि कुनै मान उल्लेखनीय रूपले फरक छन् भने कुनै मानमा सामान्य भिन्नता रहेको छ। नेपालमा आवासीय प्रयोगमा रहेका घरको अनुपात ७१.७ प्रतिशत छ भने रूपन्देहीमा यो ८१.० प्रतिशत रहेको छ। गोठ वा धनसारको लागि प्रयोग भएका घर रूपन्देही जिल्लामा ४.९ प्रतिशत छन् भने नेपालमा १०.१ प्रतिशत रहेको देखिन्छ। यस गाउँपालिकामा नेपालको (६.३%) तुलनामा कम (३.७%) घरहरू खाली अवस्थामा रहेको देखिन्छ तर यी खाली घरले थप अध्ययनको आवश्यकतालाई सङ्केत गरेका छन्। घरहरू जुनसुकै कारणले खाली भएका हुनसक्छन् तथापि बसाइँसराइ गरेर वा असुरक्षित भएर खाली रहन गएको अवस्थामा जनसङ्ख्या वृद्धिदर र सुरक्षित आवासको आपूर्तिमा प्रभाव पार्ने देखिन्छ। अन्य कारण पनि विद्यमान रहेका हुनसक्छन् र तिनका प्रभावलाई तदनुरूप व्याख्या गर्नुपर्ने हुन्छ।

चित्र ४३ : प्रमुख प्रयोगअनुसार घरको वितरण (%)




## १२.२ घरको तला

जनगणनामा प्रत्येक घर कति तलाको छ भनेर विवरण सङ्कलन गरिएको थियो । घरको तला सङ्ख्याको उपयोग कहाँ कहाँ हुनसक्छ भन्ने प्रश्न महत्वपूर्ण हुन्छ । आवासको उपलब्धतामा यसले एक सूचकका रूपमा कार्य गर्दछ । घरको कुल निर्मित क्षेत्रफल (Built-up area) गणनामा पनि यसले महत्वपूर्ण गुणक (Multiplier) प्रदान गर्दछ । घर पुँजीगत सम्पत्ति हो । यसको कुल गार्हस्थ्य उत्पादनमा पनि गणना भएको हुन्छ । समग्र नेपाल र प्रदेशअनुसारको कुल गार्हस्थ्य उत्पादन अनुमानमा घरको तला सङ्ख्याले एकप्रकारको दर वा अनुपात दिने हुनाले यो तथ्याङ्कको विशेष महत्व रहेको छ ।

नेपाल भूकम्पको उच्च जोखिममा रहेको देश हो । भूकम्पको केन्द्रविन्दुअनुसार क्षति र प्रभाव कम वा बढी हुने गर्दछ । भौगोलिक क्षेत्र (हिमाल, पहाड तथा तराई, ग्रामीण र सहरी) अनुसार पनि तला सङ्ख्या असमान रहनु स्वाभाविक देखिन्छ । नेपालमा करिब ६० प्रतिशत घर एक तले, झण्डै २९ प्रतिशत घर दुई तले र ९ प्रतिशत घर तीन तले रहेका छन् भने रूपन्देही जिल्ला र शुद्धोधन गाउँपालिकाको तुलना गर्दा पनि तथ्याङ्कमा स्पष्ट असमानता रहेको देखिन्छ । रूपन्देही जिल्लामा ७५.७ प्रतिशत घर एक तले र करिब १७ प्रतिशत घर दुई तले छन् भने शुद्धोधन गाउँपालिकामा एक तले घर प्रतिशत ८३.२ प्रतिशत र दुई तले घर १५.० प्रतिशत रहेका छन् । त्यस्तै तीन तले घर समग्र रूपन्देही जिल्लामा ६.३ प्रतिशत छन् भने शुद्धोधनमा १.५ प्रतिशत रहेका छन् (तालिका ५६) ।

तालिका ५६ : घरको तला अनुसारको विवरण (% मा)

| क्षेत्र | जम्मा घर संख्या | घरको तलाको प्रतिशत | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५-७ | नखुलेको |
| नेपाल | ७५५२०६६ | ५९.८ | २८.८ | ९.२ | १.३ | ०.६ | ०.३ |
| रुपन्देही | २२७३५१ | ७५.७ | १६.९ | ६.३ | ०.७ | ०.३ | ०.२ |
| शुद्धोधन | ८७०३ | ८३.२ | १५.० | १.५ | ०.१ | ०.१ | ०.१ |

## १२.३ घरको आयु

जनगणनामा घरपरिवारले बसोबास गरिरहेको प्रत्येक घरको आयु (निर्माण भएको मितिका आधारमा) सङ्कलन गरिएको थियो । यो तथ्याङ्कले भवनजस्तो मूल्यवान स्थिर पुँजीगत सम्पत्तिको वर्तमान मूल्य कति छ ? ती भवनहरूको बाँकी आयु कति हुनसक्छ ? भवनको संरचना र मूल्यमा ह्रास कति भएको हुनसक्छ लगायतका प्रश्नहरूका साथसाथै वर्तमान र भावी जनसङ्ख्याको लागि भविष्यमा निर्माण वा पुनर्निर्माण गर्नुपर्ने भवन कति हुनेछन् भनेर अनुमान गर्न सहयोग गर्दछ । कतिपय घरको आयु १०० वर्षभन्दा माथि हुने र ती राज्यको पुरातात्विक सम्पदाका रूपमा समेत रहन्छन् ।


शुद्धोधन गाउँपालिकामा सर्वाधिक (२२.८%) घरहरू ५ देखि ९ वर्षभित्र बनेका देखिन्छन् । दोस्रो (२२.३%) मा १ देखि ४ वर्षभित्र बनेका घर रहेका छन् भने तेस्रो (१५.७%) मा १० देखि १४ वर्षभित्र बनेका घर रहेका छन् । यस गाउँपालिकामा १ वर्ष भित्र अर्थात् जनगणनाको समयमा उक्त घर बनेको १ वर्ष नपुगेका घरको हिस्सा ६.९ प्रतिशत रहेको छ (तालिका ५७) ।

तालिका ५७ : घरको आयु अनुसारको विवरण (% मा)

| क्षेत्र | जम्मा घर संख्या | घरको आयुअनुसार प्रतिशत | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | ० वर्ष | १–४ वर्ष | ५–९ वर्ष | १०–१४ वर्ष | १५–१९ वर्ष | २०–२९ वर्ष | ३०–४९ वर्ष | ५० वर्षभन्दा माथि | नखुलेको |
| **नेपाल** | ७५५२०६६ | ३.५ | २४.४ | २०.७ | १५.३ | ९.६ | १२.५ | ८.१ | ३.५ | २.४ |
| रुपन्देही | २२७३५१ | ४.३ | २३.४ | २१.४ | १६.७ | ९.७ | १३.८ | ७.२ | १.९ | १.६ |
| शुद्धोधन | ८७०३ | ६.९ | २२.३ | २२.८ | १५.७ | ८.७ | १३.२ | ६.० | १.४ | ३.१ |

यस गाउँपालिकामा रहेका घरहरूलाई तिनीहरूको आयुका आधारमा विभिन्न ७ ओटा उमेर समूहमा राखेर हेर्दा सर्वाधिक ( ५२.०%) घरहरू १० वर्षभन्दा कम आयु भएका अर्थात् विगत १० वर्षभित्र बनेका देखिन्छन् । दोस्रो ठुलो आयु समूह अर्थात् १० देखि १९ वर्षभित्र निर्माण भएका घरहरूको अंश २४.४ प्रतिशत रहेको छ भने २० देखि २९ वर्षभित्र बनेका घरहरू १३.२ प्रतिशत रहेका छन् । गाउँपालिकामा जीर्ण अर्थात् ५० वर्षभन्दा माथि आयु भएका घर १.४ प्रतिशत रहेका छन् (चित्र ४४) ।

चित्र ४४ : उमेर समूहअनुसार घरको आयु (%)




## १२.४ घरको स्वामित्व


आवास परिवारको लागि आधारभूत आवश्यकता हो । जनगणनाको तथ्याङ्कबाट अधिकांश परिवार आफ्नै घरमा बसोबास गरेको देखिन्छ । रोजगारी, काम, व्यापार–व्यवसाय, अध्ययन आदिका कारणले व्यक्ति वा परिवार भाडामा वा अन्य प्रकारका आवासीय सुविधा उपभोग गरिरहेको पनि हुन्छन् । घरको स्वामित्वले एकातिर परिवारको सम्पन्नताको सूचकका रूपमा पनि केही हदसम्म काम गर्दछ भने अर्कोतिर पेसा, व्यवसाय, अध्ययन, आदि कारणले भाडा वा गैरभाडाका आवासीय अवस्थाको सूचना पनि उपलब्ध गराउँदछ ।

यस शुद्धोधन गाउँपालिकामा ९३.४ प्रतिशत परिवार आफ्नै स्वामित्वको घरमा बसोबास गर्दछन् । भाडाको घर वा कोठामा बसोबास गर्ने परिवारको अंश मात्र ५.७ प्रतिशत रहेको छ । संस्थागत घर (कार्यालयको क्वार्टर, छात्राबास, ब्यारेक, बृद्धाश्रम, बालगृह, धर्मशाला, गुम्बा आदि) मा बसोबास गर्ने परिवारको हिस्सा ०.२ प्रतिशत रहेको छ भने ०.७ प्रतिशत परिवार यीदेखि बाहेकका अन्य घरमा बसोबास गरेको देखिन्छ (तालिका ६०) । गत राष्ट्रिय जनगणना २०६८ मा उक्त गाउँपालिकाका जम्मा ६,१४५ परिवारमा आफ्नै स्वामित्वको घरमा बस्ने परिवार ९४.५ प्रतिशत थिए भने भाडामा बस्ने परिवार ४.९ प्रतिशत थिए ।

तालिका ५८ : घरको स्वामित्वअनुसार पारिवारिक विवरण (%)

| वडा नं. | संख्या / % | जम्मा परिवार संख्या | घरको स्वामित्व | | | |
|---|---|---|---|---|---|---|
| | | | आफ्नै | भाडामा | संस्थागत | अन्य |
| १ | संख्या | १०८८ | १०६७ | १७ | १ | ३ |
| | % | १००.० | ९८.१ | १.६ | ०.१ | ०.३ |
| २ | संख्या | १३५३ | १२१६ | १०८ | ८ | २१ |
| | % | १००.० | ८९.९ | ८.० | ०.६ | १.६ |
| ३ | संख्या | १४५७ | १३६५ | ७८ | २ | १२ |
| | % | १००.० | ९३.७ | ५.४ | ०.१ | ०.८ |
| ४ | संख्या | १५५० | १३२२ | २२३ | ३ | २ |
| | % | १००.० | ८५.३ | १४.४ | ०.२ | ०.१ |
| ५ | संख्या | १२४६ | ११९९ | ३५ | २ | १० |
| | % | १००.० | ९६.२ | २.८ | ०.२ | ०.८ |
| ६ | संख्या | ९५५ | ९२१ | २३ | २ | ९ |
| | % | १००.० | ९६.४ | २.४ | ०.२ | ०.९ |
| ७ | संख्या | १०२७ | १०१७ | १० | ० | ० |
| | % | १००.० | ९९.० | १.० | ०.० | ०.० |
| जम्मा | संख्या | ८६७६ | ८१०७ | ४९४ | १८ | ५७ |
| | % | १००.० | ९३.४ | ५.७ | ०.२ | ०.७ |

चित्र ४५: घरको स्वामित्वअनुसार पारिवारिक विवरण, २०६८ र २०७८




## १२.५ घरको जग

घरको जग सुरक्षित आवाससँग जोडिएको विषय हो । नेपाल भूकम्पको अत्यधिक जोखिम भएका देशहरूमध्ये एक भएको हुँदा घरको जग के कस्ता निर्माण सामग्रीबाट बनेको छ भन्ने विषयले विशेष महत्व राख्दछ । निर्माण सामग्री र त्यसको बनावट, प्राविधिक परामर्शलगायतका विषयले घरको सुरक्षालाई निर्देशित गर्दछन् ।

यस गाउँपालिकाका कुल ८,६७६ परिवारमध्ये सबैभन्दा बढी (४५.२%) सिमेन्टजगित ईँट वा ढुंगाको जग हुने घरमा बसोबास गर्ने परिवार रहेका छन् भने दोस्रो (४३.७%) क्रममा ढलान पिल्लर सहितको जग हुने परिवार छन् । यसैगरी तेस्रोमा ८.८ प्रतिशत बसोबास गर्ने घरको जग माटोजडित ढुंगा माटोको रहेको छ । चौथोमा (१.७%) क्रममा काठ/बाँसको खम्बा गाडेको जग हुने घरमा बसोबास गर्ने परिवार रहेका छन् (तालिका ५९) । राष्ट्रिय जनगणना २०६८ अनुसार जम्मा ६,१४५ परिवारमध्ये ३१.७ प्रतिशत परिवारको घरको जग माटोजडित ईँट/ढुँगा र ४३.३ प्रतिशत परिवार घरको जग सिमेन्टजडित ईँट वा ढुंगा रहेको थियो भने १२.५ प्रतिशत घरको जग काठ/बाँसको खम्बा गाडेको रहेको थियो (चित्र ४६) ।


माटोजडित ढुंगा माटोको जग हुने घरमा बसोबास गर्ने परिवार सबैभन्दा धेरै (९८.३ %) वडा नं. ९ मा रहेका छन् । सिमेन्टजडित ढुंगा माटोको घरमा बसोबास गर्ने परिवार सबैभन्दा धेरै (१४.९%) वडा नं. ६ मा छन् भने ढलान पिल्लरसहितको जग हुने घरमा सर्वाधिक करिब २० प्रतिशत वडा नं. ६ मा रहेको छ ।

तालिका ५९: घरको जगअनुसार पारिवारिक वितरण

| वडा नं. | संख्या / % | जम्मा परिवार संख्या | घरको जग | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | माटोजडित इट्टा ढुंगा | सिमेन्टजडित इट्टा ढुंगा | ढलान पिल्लर सहितको | काठ/बाँसको खम्बा गाडेको | अन्य |
| १ | संख्या | १०८८ | १०० | ३६६ | ५७२ | ४१ | ९ |
| | % | १००.० | ९.२ | ३३.६ | ५२.६ | ३.८ | ०.८ |
| २ | संख्या | १३५३ | १५५ | ६४३ | ५२३ | १५ | १७ |
| | % | १००.० | ११.५ | ४७.५ | ३८.७ | १.१ | १.३ |
| ३ | संख्या | १४५७ | १५१ | ८५९ | ४०१ | १९ | २७ |
| | % | १००.० | १०.४ | ५९.० | २७.५ | १.३ | १.९ |
| ४ | संख्या | १५५० | ४२ | ५५९ | ९४४ | ४ | १ |

| वडा नं. | संख्या / % | जम्मा परिवार संख्या | घरको जग | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | माटोजडित इट्टा ढुंगा | सिमेन्टजडित इट्टा ढुंगा | ढलान पिल्लर सहितको | काठ/बाँसको खम्बा गाडेको | अन्य |
| | % | १००.० | २.७ | ३६.१ | ६०.९ | ०.३ | ०.१ |
| ५ | संख्या | १२४६ | ७५ | ६१६ | ५३२ | २० | ३ |
| | % | १००.० | ६.० | ४९.४ | ४२.७ | १.६ | ०.२ |
| ६ | संख्या | ९५५ | ८९ | ३४६ | ४८८ | २८ | ४ |
| | % | १००.० | ९.३ | ३६.२ | ५१.१ | २.९ | ०.४ |
| ७ | संख्या | १०२७ | १४८ | ५३१ | ३२९ | १९ | ० |
| | % | १००.० | १४.४ | ५१.७ | ३२.० | १.९ | ०.० |
| **जम्मा** | संख्या | ८६७६ | ५२५८ | ३४७ | २४२ | २१४ | १ |
| | % | १००.० | ८.८ | ४५.२ | ४३.७ | १.७ | ०.७ |

चित्र ४६ : घरको जगअनुसार पारिवारिक वितरण (%), २०६८ र २०७८




## १२.६ घरको बाहिरी गारो

घरको बाहिरी गारो निर्माणमा उपयुक्त निर्माण सामग्री पनि घरको सुरक्षासँग प्रत्यक्ष जोडिएको विषय हो। कतिपय घरमा बाहिरी गारोले घरको भार लिएको हुन्छ भने कतिपय घरमा पिल्लरले मात्र भार वहन गरेको हुन्छ। तथापि, बाहिरी गारो कस्तो प्रकारको निर्माण सामग्रीले बनेको छ भन्ने विषयले परिवारको सम्पन्नता र जीवनस्तरको सूचकको रूपमा समेत सम्बन्ध राख्दछ।

यस गाउँपालिकामा ८९.२ प्रतिशत परिवार सिमेन्टको जडानमा इँटा/ढुंगाको गारो भएको घर बसोबास गर्दछन्। जुन २०६८ मा ५७.२ प्रतिशत थियो। यसैगरी माटोको जडान भएका इँटा/ढुंगाको बाहिरी गारो भएको घरमा बसोबास गर्ने परिवार २०६८ मा मात्र २७.५ प्रतिशत रहेकोमा उक्त प्रतिशत २०७८ को जनगणना करिब १९ प्रतिशत विन्दुले घटेर ८.१ प्रतिशतमा झरेको छ अन्य घरको गारोमा अन्य सामग्री प्रयोग भएको परिवार यस गाउँपालिकामा १.२ प्रतिशत रहेको छ जुन २०६८ मा ६.२ प्रतिशत थियो (तालिका ६०, चित्र ४०)।

वडागत रूपमा माटोको जडान भएको इँटा ढुंगाको बाहिरी गारो भएको परिवार सबैभन्दा बढी वडा नं. ७ मा १५.७ प्रतिशत छ भने सिमेन्टको जडानमा इँटा ढुंगाको गारो भएको घरमा बसोबास गर्ने परिवार सबैभन्दा बढी वडा नं. ६ मा ९६.५ प्रतिशत छ


। बाँसजन्य सामग्रीबाट निर्मित बाहिरी गारो सर्वाधिक (३.८%) वडा नं. १ मा रहेको देखिन्छ। अन्य विवरण तलको तालिका ६० मा दिइएको छ।

विभिन्न वडाहरूमा सहरीकरणको अवस्था र परिवारको आर्थिक एवम् सामाजिक अवस्थाअनुसार घरको बाहिरी गारोको निर्माणमा केही भिन्नताहरू रहेका छन्।

### तालिका ६० : घरको बाहिरी गारोअनुसार पारिवारिक वितरण

| वडा नं. | संख्या / % | जम्मा परिवार संख्या | घरको बाहिरी गरो | | | |
|---|---|---|---|---|---|---|
| | | | माटोजडित इँटा ढुंगा | सिमेन्टजडित इँटा ढुंगा | बाँसजन्य सामग्री | अन्य |
| १ | संख्या | १०८८ | ७२ | ९६३ | ४१ | १२ |
| | % | १००.० | ६.६ | ८८.५ | ३.८ | १.१ |
| २ | संख्या | १३५३ | १४४ | ११७७ | १२ | २० |
| | % | १००.० | १०.६ | ८७.० | ०.९ | १.५ |
| ३ | संख्या | १४५७ | १३४ | १२६५ | ७ | ५१ |
| | % | १००.० | ९.२ | ८६.८ | ०.५ | ३.५ |
| ४ | संख्या | १५५० | ४५ | १४९५ | ८ | २ |
| | % | १००.० | २.९ | ९६.५ | ०.५ | ०.१ |
| ५ | संख्या | १२४६ | ८५ | ११३३ | १७ | ११ |
| | % | १००.० | ६.८ | ९०.९ | १.४ | ०.९ |
| ६ | संख्या | ९५५ | ६३ | ८५१ | ३४ | ७ |
| | % | १००.० | ६.६ | ८९.१ | ३.६ | ०.७ |
| ७ | संख्या | १०२७ | १६१ | ८५४ | ९ | ३ |
| | % | १००.० | १५.७ | ८३.२ | ०.९ | ०.३ |
| शुद्धोधन | संख्या | ८६७६ | ७०४ | ७७३८ | १२८ | १०६ |
| | % | १००.० | ८.१ | ८९.२ | १.५ | १.२ |

चित्र ४७: घरको बाहिरी गारोअनुसार पारिवारिक वितरण




## १२.७ घरको छानो

घरको छानो सामान्यत: घरको जग र बाहिरी गारोको निर्माण सामग्रीसँग अन्तरसम्बन्धित रहेको हुन्छ। तथापि, घरको छानो कतिपय अवस्थामा स्थानीय हावापानी, भौगोलिकता, आर्थिक–सामाजिक प्रभावसँग पनि अन्तरसम्बन्धित हुन्छ। घरको छानोले परिवारको सम्पन्नता र जीवनस्तरको पनि केही हदसम्म प्रतिनिधित्व गर्दछ।

शुद्धोधन गाउँपालिकाका कुल ८,६७६ परिवारमध्ये ७९.२ प्रतिशत परिवार सिमेन्ट ढलानयुक्त छाना भएको घरमा बसोबास गर्दछन् जुन २०६८ मा मात्र ५९.० प्रतिशत थियो। यसैगरी जस्ता/टिनको छानो भएको घरमा बसोबास गर्ने परिवार २०६८ मा ११.६ प्रतिशत रहेकोमा हाल उक्त प्रतिशत १६.६ प्रतिशत पुगेको छ। सिमेन्टको ढलानयुक्त छानो भएको घरमा बसोबास गर्ने परिवार सर्वाधिक (९०.४%) वडा नं. ४ मा रहेका छन्। यस गाउँपालिकामा अझै पनि १.६ प्रतिशत परिवार खर वा परालको छानोयुक्त घरमा बसोबास गरेको देखिन्छ जुन २०६८ मा १०.२ प्रतिशत थियो। यसैगरी टायल/खपडा/झिंगटी छानोयुक्त घरमा बसोबास गर्ने परिवार २.१ प्रतिशत रहेका छन् जुन २०६८ मा १७.९ प्रतिशत थियो। वडा नं. १ मा अझैपनि ३.५ प्रतिशत परिवारको घरको टायल/खपडा र झिंगटीको रहेको छ। (तालिका ६१, चित्र ४८)।


तालिका ६१ : गाउँपालिकामा घरको छानोको प्रकारअनुसार परिवारको विवरण

| वडा नं. | संख्या / % | जम्मा परिवार संख्या | घरको छानो | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | जस्ता/टिन/च्यादर | सिमेन्ट/ढलान | खर/पराल/छवाली | टायल/खपडा/झिंगटी | अन्य |
| १ | संख्या | १०८८ | १७२ | ८४२ | ३५ | ३७ | २ |
| | % | १००.० | १५.८ | ७७.४ | ३.२ | ३.४ | ०.२ |
| २ | संख्या | १३५३ | ३१२ | ९९५ | १९ | २३ | ४ |
| | % | १००.० | २३.१ | ७३.५ | १.४ | १.७ | ०.३ |
| ३ | संख्या | १४५७ | ३२३ | १०९३ | १३ | १८ | १० |
| | % | १००.० | २२.२ | ७५.० | ०.९ | १.२ | ०.७ |
| ४ | संख्या | १५५० | ११८ | १४०१ | ७ | २१ | ३ |
| | % | १००.० | ७.६ | ९०.४ | ०.५ | १.४ | ०.२ |

| वडा नं. | संख्या / % | जम्मा परिवार संख्या | घरको छानो | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | जस्ता/टिन/च्यादर | सिमेन्ट/ढलान | खर/पराल/छवाली | टायल/खपडा/झिंगटी | अन्य |
| ५ | संख्या | १२४६ | २२० | १००१ | ७ | १६ | २ |
| | % | १००.० | १७.७ | ८०.३ | ०.६ | १.३ | ०.२ |
| ६ | संख्या | ९५५ | १३३ | ७५३ | ३३ | ३२ | ४ |
| | % | १००.० | १३.९ | ७८.८ | ३.५ | ३.४ | ०.४ |
| ७ | संख्या | १०२७ | १६५ | ७९० | २८ | ३६ | ८ |
| | % | १००.० | १६.१ | ७६.९ | २.७ | ३.५ | ०.८ |
| शुद्धोधन | संख्या | ८६७६ | १४४३ | ६८७५ | १४२ | १८३ | ३३ |
| | % | १००.० | १६.६ | ७९.२ | १.६ | २.१ | ०.४ |

यहाँ स्मरणीय छ कि काठ/फल्याक, ढुंगा/स्लेट र माटोका छाना समेतलाई 'अन्य' मा समावेश गरिएको छ जसको मान नगण्य छ ।

चित्र ४८: गाउँपालिकामा घरको छानोको प्रकारअनुसार परिवारको विवरण (% मा), २०६८ र २०७८




## १२.८ घरको भुइँ

कुनै पनि घरको भुइँ परिवारको आर्थिक–सामाजिक परिवेश, स्थानीय परम्परा, निर्माण सामग्रीको उपलब्धता र समग्र घरको निर्माण संरचनासँग समेत जोडिएको हुन्छ । नेपालमा घरको भुइँ माटो, काठ, सिमेन्ट ढलान, इँट/ढुंगा, टायल आदि सामग्रीबाट निर्माण गरिएको हुन्छ । घरको भुइँको प्रकार परिवारको सम्पन्नताको सूचक निर्माण गर्ने प्रयोजनका लागि पनि उपयोगी हुन्छ ।

जनगणना २०७८ अनुसार यस गाउँपालिकाका अझै पनि १६.७ प्रतिशत परिवार माटोबाट निर्मित भुइँ भएको घरमा बसोबास गरेको देखिन्छ । गाउँपालिकाका सिमेन्ट ढलान गरिएको भुइँ भएको घरमा बसोबास गर्ने परिवारको हिस्सा सबैभन्दा बढी ७९.० प्रतिशत रहेको छ । सीमित परिवार अर्थात् १.८ प्रतिशत काठको फल्याक/बाँसबाट निर्मित भुइँ भएको घरमा बसोबास गरेको


देखिन्छ। यसैगरी २.५ प्रतिशत अन्य सामाग्री (इँटा/ढुँगा, सेरामिक टायल) बाट निर्मित भुइँ भएको घरमा बसोबास गरेको देखिन्छ (तालिका ६२, चित्र ४९)।

वडास्तरमा तुलना गर्दा माटोको भुइँयुक्त आवासीय घरमा बसोबास गर्ने परिवार सर्वाधिक (३३.४%) वडा नं. ७ मा र सिमेन्ट ढलानयुक्त भुइँ भएका आवासीय घरमा बसोबास गर्ने परिवार सबैभन्दा धेरै (९०.५%) वडा नं. ४ मा रहेको देखिन्छ।

तालिका ६२: घरको भुइँको बनोटअनुसार परिवारको विवरण

| वडा नं. | संख्या /% | जम्मा परिवार संख्या | घरको भुइं | | | |
|---|---|---|---|---|---|---|
| | | | माटो | सिमेन्ट ढलान | काठको फल्याक/बाँस | अन्य |
| १ | संख्या | १०८८ | २८४ | ७६३ | २४ | १७ |
| | % | १००.० | २६.१ | ७०.१ | २.२ | १.६ |
| २ | संख्या | १३५३ | १७० | ११४३ | १२ | २८ |
| | % | १००.० | १२.६ | ८४.५ | ०.९ | २.१ |
| ३ | संख्या | १४५७ | १५६ | १२२४ | ३६ | ४१ |
| | % | १००.० | १०.७ | ८४.० | २.५ | २.८ |
| ४ | संख्या | १५५० | ७१ | १४०२ | १६ | ६१ |
| | % | १००.० | ४.६ | ९०.५ | १.० | ३.९ |
| ५ | संख्या | १२४६ | २०० | १००३ | १८ | २५ |
| | % | १००.० | १६.१ | ८०.५ | १.४ | २.० |
| ६ | संख्या | ९५५ | २२९ | ६९२ | ७ | २७ |
| | % | १००.० | २४.० | ७२.५ | ०.७ | २.८ |
| ७ | संख्या | १०२७ | ३४३ | ६२४ | ४२ | १८ |
| | % | १००.० | ३३.४ | ६०.८ | ४.१ | १.८ |
| जम्मा | संख्या | ८६७६ | १४५३ | ६८५१ | १५५ | २१७ |
| | % | १००.० | १६.७ | ७९.० | १.८ | २.५ |

चित्र ४९ : वडाअनुसार घरको भुइँको माटो भएका परिवारको विवरण (% मा)



## १२.९ घरको गुणस्तरीयता वर्गीकरणअनुसार परिवारको वितरण

परिवारले बसोबास गरेका घरको आकार, बनोट र संरचना, उपलब्ध सेवा सुविधा जस्तैः सुधारिएको पिउने पानी, आधुनिक शौचालय र सुधारिएको ऊर्जा आदिका हिसाबले परिवारको न्यूनतम जीवनस्तर कायम गर्न उक्त घर र त्यसमा उपलब्ध सुविधाहरू पर्याप्त भए नभएको अवस्थाको जनगणना २०७८ मा सङ्कलन गरिएका विवरणका आधारमा मापन गर्दा शुद्धोधन गाउँपालिकामा ३०.९ प्रतिशत परिवार अति उच्च गुणस्तरयुक्त आवासीय एकाइमा बसोबास गर्ने गरेको देखिन्छ । त्यस्तै ९.२ प्रतिशत परिवार मध्यम गुणस्तरयुक्त घरमा बसोबास गरेको देखिन्छ। अति न्यून गुणस्तरका घर भएका परिवार केवल ०.१ प्रतिशत रहेको पाइएको छ।


वडास्तरमा तुलना गर्दा अति उच्च गुणस्तरयुक्त घरमा बसोबास गर्ने परिवार सर्वाधिक (७०.३%) वडा नं. ४ मा रहेको देखिन्छ । अति न्यून गुणस्तरयुक्त घरमा बसोबास गर्ने परिवारको हिस्सा सबैभन्दा धेरै (०.३%) वडा नं. ७ र ३ मा रहेको छ। मध्यम गुणस्तरयुक्त घरमा बसोबास गर्ने परिवारहरूको हिस्सा सबैभन्दा धेरै (१९.८%) हिस्सा वडा नं. ७ मा रहेको देखिन्छ (तालिका ६३, चित्र ५०)।

तालिका ६३ : वडाअनुसार परिवारले प्रयोग गर्ने घरको गुणस्तरीयता वर्गीकरण

| वडा | जम्मा परिवार | अति उच्च गुणस्तरयुक्त | सामान्य गुणस्तरयुक्त | मध्यम गुणस्तरयुक्त | न्यून गुणस्तरयुक्त | अति न्यून गुणस्तरयुक्त |
|---|---|---|---|---|---|---|
| १ | १,०८८ | २२.७ | ६३.१ | ११.१ | ३.० | ०.१ |
| २ | १,३५३ | ७.७ | ८१.१ | ९.२ | २.१ | ०.० |
| ३ | १,४५७ | ४१.९ | ४८.० | ८.४ | १.४ | ०.३ |
| ४ | १,५५० | ७०.३ | २७.१ | २.२ | ०.४ | ०.० |
| ५ | १,२४६ | २२.७ | ६७.५ | ८.४ | १.४ | ०.० |
| ६ | ९५५ | १५.१ | ७१.९ | ९.७ | ३.३ | ०.० |
| ७ | १,०२७ | २०.१ | ५६.९ | १९.८ | ३.० | ०.३ |
| शुद्धोधन | ८,६७६ | ३०.९ | ५७.८ | ९.२ | १.९ | ०.१ |

घरको गुणस्तर र परिवारको जीवनस्तर अन्तरसम्बन्धित रहेको हुन्छ । घरको गुणस्तरले खास स्थानीय तहको सहरीकरणको अवस्था र गतिलाई पनि इङ्गित गर्दछ । यस गाउँपालिकाका न्यून गुणस्तर र अति न्यून गुणस्तरयुक्त घरहरूको समष्टिगत वितरणलाई चित्र ५० मा प्रस्तुत गरिएको छ।

चित्र ५० : वडाअनुसार घरको गुणस्तरका आधारमा परिवार प्रतिशतमा



# खण्ड १३: पारिवारिक सेवा सुविधा तथा पहुँच

## १३.१ परिवारमा खानेपानीको मुख्य स्रोत


सुरक्षित खानेपानी मानिसको स्वास्थ्यसँग प्रत्यक्ष सरोकार रहेको विषय हो। परिवारले उपयोग गर्ने खानेपानीको स्रोतका आधारमा त्यस स्थानमा भएको पूर्वाधारको अवस्था र परिवारको जीवनस्तरलाई प्रतिविम्बित गर्दछ। यस गाउँपालिकाका २६.८ प्रतिशत परिवारले घरपरिसरभित्र उपलब्ध पाइपधाराबाट खानेपानी उपभोग गर्दछन् भने करिब १३.७ प्रतिशत परिवारले घरपरिसरभन्दा बाहिर रहेको पाइपधाराबाट खानेपानी प्राप्त गर्दछन्। जसअनुसार धारापाइप (घरपरिवार भित्र र बाहिर) बाट खानेपानी प्रयोग गर्ने परिवार करिब ४०.४ प्रतिशत हुन आउँछ। यसैगरी ट्युबवेल वा हातेपम्प मुख्य स्रोतको रूपमा प्रयोग गर्ने परिवार ५८.४ प्रतिशत रहेको छ। बाँकी अन्य (मूलधारा, ढाकिएको इनार, खुला इनार, नदी/खोला) बाट खानेपानी प्राप्त गर्ने परिवार नगण्य रहेकोले यहाँ अन्यमा राखिएको छ। राष्ट्रिय जनगणना २०६८ मा धारापाइप (घरपरिवारभित्र र बाहिर) बाट खानेपानी प्रयोग गर्ने परिवार करिब १२.९ प्रतिशत रहेका थिए भने ट्युबवेल वा हातेपम्पको पानी प्रयोग गर्ने परिवार ८५.९ प्रतिशत थियो।

वडास्तरमा तुलना गर्दा खानेपानीको मुख्य स्रोतमा विविधता रहेको छ। उदाहरणको लागि घरपरिसरभित्रको पाइपधारा (जसलाई तुलनात्मक रूपमा सुरक्षित स्रोतका रूपमा लिइन्छ) बाट खानेपानी प्राप्त गर्ने परिवार सर्वाधिक (७७.०%) वडा नं. १ मा रहेको छ भने घरपरिसरभन्दा बाहिरको धारा/पाइपबाट पिउने पानी प्राप्त गर्ने परिवार अधिकतम (१८.५%) वडा नं. ३ मा रहेका छन्। गाउँपालिकाका ७ ओटा वडामध्ये ट्युबवेल/हातेपम्प स्रोतबाट पिउने पानी प्राप्त गर्ने परिवार सर्वाधिक (९४.८%) वडा नं. ६ मा रहेको छ (तालिका ६४, चित्र ५१)।

तालिका ६४ : खानेपानीको स्रोतअनुसार परिवारको वितरण

| वडा नं. | संख्या / % | जम्मा परिवार संख्या | पिउने पानीको मुख्य स्रोत | | | |
|---|---|---|---|---|---|---|
| | | | धारा/पाइप (घर परिसरभित्र) | धारा/पाइप (घर परिसर बाहिर) | ट्युबवेल/हातेपम्प | अन्य |
| १ | संख्या | १०८८ | ८३८ | ५४ | १९२ | ४ |
| | % | १००.० | ७७.० | ५.० | १७.६ | ०.४ |
| २ | संख्या | १३५३ | ९७ | २३५ | १०१७ | ४ |
| | % | १००.० | ७.२ | १७.४ | ७५.२ | ०.३ |
| ३ | संख्या | १४५७ | ५१० | २७० | ६२७ | ५० |
| | % | १००.० | ३५.० | १८.५ | ४३.० | ३.४ |
| ४ | संख्या | १५५० | ६९५ | २१२ | ६१५ | २८ |
| | % | १००.० | ४४.८ | १३.७ | ३९.७ | १.८ |
| ५ | संख्या | १२४६ | २९ | १३४ | १०७५ | ८ |
| | % | १००.० | २.३ | १०.८ | ८६.३ | ०.६ |
| ६ | संख्या | ९५५ | २८ | १७ | ९०५ | ५ |
| | % | १००.० | २.९ | १.८ | ९४.८ | ०.५ |
| ७ | संख्या | १०२७ | १२५ | २६३ | ६३५ | ४ |
| | % | १००.० | १२.२ | २५.६ | ६१.८ | ०.४ |
| जम्मा | संख्या | ८६७६ | २३२२ | ११८५ | ५०६६ | १०३ |
| | % | १००.० | २६.८ | १३.७ | ५८.४ | १.२ |

चित्र ५१ : खानेपानीको स्रोतअनुसार परिवारको वितरण, २०६८ र २०७८




खानेपानीको मुख्य स्रोत ट्युबवेल वा हातेपम्प हुने वडा अनुसारको परिवारको प्रतिशत चित्र ५२ मा दिइएको छ जसअनुसार उक्त स्रोतको खानेपानी प्रयोग गर्ने परिवार सबैभन्दा बढी वडा नं. ६ मा ९४.८ प्रतिशत देखिन्छ भने कम वडा नं. १ मा १७.६ प्रतिशत छ (*तालिका ६४,* चित्र ५२)।

*चित्र ५२ : वडाअनुसार खानेपानीको स्रोतमा टयुबवेल/हातेपम्प प्रयोग गर्ने परिवार (%)*



## १३.२ परिवारमा खाना पकाउन अक्सर प्रयोग गरिने इन्धन


बाह्रौं राष्ट्रिय जनगणनाको नतिजाले शुद्धोधन गाउँपालिकाका कुल ८,६७६ परिवारमध्ये ३३.७ प्रतिशत परिवारले खाना पकाउन अक्सर काठ/दाउरा प्रयोग गर्ने गरेको देखाएको छ। जुन २०६८ मा ५३.२ प्रतिशत थियो। यसरी यस गाउँपालिकामा काठ/दाउरा नै खाना पकाउने इन्धन प्रयोग गर्ने परिवारको प्रतिशत करिब २० प्रतिशतले घटेको देखिन्छ। एल.पी.ग्यास प्रयोग गर्ने परिवार करिब ५८.५ प्रतिशत रहेको छ जुन २०६८ मा मात्र १५.५ प्रतिशत रहेको थियो। यसैगरी अझै पनि खाना पकाउन अक्सर गोबर वा गुइँठा प्रयोग गर्ने परिवारको हिस्सा ४.१ प्रतिशत रहेको देखिन्छ (तालिका ६५) (चित्र ५३)।

तालिका ६५: खाना पकाउन अक्सर प्रयोग गरिने इन्धनअनुसार परिवारको विवरण

| वडा नं. | संख्या / % | जम्मा परिवार संख्या | खाना पकाउने इन्धनको मुख्य स्रोत | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | काठ/दाउरा | एल. पी. ग्यास | गुइँठा/ गोरहा | बायोग्यास | अन्य |
| १ | संख्या | १०८८ | ७३७ | ३३३ | ७ | ११ | ० |
| | % | १००.० | ६७.७ | ३०.६ | ०.६ | १.० | ०.० |
| २ | संख्या | १३५३ | ३७६ | ९०१ | ० | ७५ | १ |
| | % | १००.० | २७.८ | ६६.६ | ०.० | ५.५ | ०.१ |
| ३ | संख्या | १४५७ | २८८ | ११३२ | ० | २० | १७ |
| | % | १००.० | १९.८ | ७७.७ | ०.० | १.४ | १.२ |
| ४ | संख्या | १५५० | १४६ | १३३१ | ५ | ६४ | ४ |
| | % | १००.० | ९.४ | ८५.९ | ०.३ | ४.१ | ०.३ |
| ५ | संख्या | १२४६ | ३८३ | ७९६ | ७ | ५८ | २ |
| | % | १००.० | ३०.७ | ६३.९ | ०.६ | ४.७ | ०.२ |
| ६ | संख्या | ९५५ | ५८१ | २९२ | ४२ | ३८ | २ |
| | % | १००.० | ६०.८ | ३०.६ | ४.४ | ४.० | ०.२ |
| ७ | संख्या | १०२७ | ४१० | २९३ | २९४ | २४ | ६ |
| | % | १००.० | ३९.९ | २८.५ | २८.६ | २.३ | ०.६ |
| जम्मा | संख्या | ८६७६ | २९२१ | ५०७८ | ३५५ | २९० | ३२ |
| | % | **१००.०** | **३३.७** | **५८.५** | **४.१** | **३.३** | **०.४** |


यस गाउँपालिकामा अधिकांश परिवारले खाना पकाउनका लागि एल.पी.ग्यास प्रयोग गर्ने गरेको देखियो। वडा नं. ४ मा अक्सर एल.पी.ग्यास प्रयोग गरी खाना पकाउने परिवार सर्वाधिक ८५.९ प्रतिशत रहेको छ। खाना पकाउनका लागि एल.पी.ग्यास सबैभन्दा न्यून (२८.५%) प्रयोग गर्ने वडा नं. ७ रहेको छ।

चित्र ५३ : गत एक दशकमा भएको परिवर्तन (%मा)




यस गाउँपालिकामा वडाअनुसार खाना पकाउन अक्सर प्रयोग गरिने इन्धनमा काठ/दाउरा प्रयोग गर्ने परिवार सबैभन्दा बढी ( ६७.७ %) वडा नं. १ मा र सबैभन्दा कम वडा नं ४ (९.४%) मा रहेको छन् । (चित्र ५४) ।

*चित्र ५४: वडाअनुसार खाना पकाउने इन्धन काठ/दाउरा प्रयोग गर्ने परिवार*




## १३.३ परिवारमा बत्ती बाल्न अक्सर प्रयोग गरिने स्रोत

शुद्धोधन गाउँपालिकामा पछिल्लो बाह्रौं जनगणनाको नतिजाअनुसार गाउँपालिकाका ९८.६ प्रतिशत परिवारले आफू बसोबास गरेको घर/आवासीय एकाइमा बत्ती बाल्नका लागि अक्सर बिजुली प्रयोग गर्ने गरेको देखिएको छ। सौर्य ऊर्जा प्रयोग गर्ने परिवार


मात्र ०.८ प्रतिशत र भने अन्य (बायोग्याँस, मटितेल तथा अन्य स्रोत प्रयोग गर्ने परिवार) नगन्य ०.५ प्रतिशत देखिएको छ। (तालिका ६६, चित्र ५५)।

गत २०६८ को जनगणनाअनुसार बिजुली प्रयोग गर्ने परिवार मात्र ८३.५ प्रतिशत रहेकोमा हाल सो अंशमा उल्लेख्य वृद्धि भएको देखिन्छ। बत्ती बाल्नका लागि १० वर्षअगाडि मटितेल प्रयोग गर्ने परिवार करिब १६ प्रतिशत थिए।

तालिका ६६ : बत्ती बाल्ने स्रोतको आधारमा परिवारको वितरण

| वडा नं. | संख्या / % | जम्मा परिवार संख्या | बत्ती बाल्न प्रयोग गरिने इन्धनको मुख्य स्रोत | | |
|---|---|---|---|---|---|
| | | | बिजुली | सोलार/सौर्य ऊर्जा | अन्य |
| १ | संख्या | १०८८ | १०७१ | ७ | १० |
| | % | १००.० | ९८.४ | ०.६ | ०.९ |
| २ | संख्या | १३५३ | १३४६ | ४ | ३ |
| | % | १००.० | ९९.५ | ०.३ | ०.२ |
| ३ | संख्या | १४५७ | १४३५ | १४ | ८ |
| | % | १००.० | ९८.५ | १.० | ०.५ |
| ४ | संख्या | १५५० | १५४४ | ४ | २ |
| | % | १००.० | ९९.६ | ०.३ | ०.१ |
| ५ | संख्या | १२४६ | १२३७ | ८ | १ |
| | % | १००.० | ९९.३ | ०.६ | ०.१ |
| ६ | संख्या | ९५५ | ९३४ | १८ | ३ |
| | % | १००.० | ९७.८ | १.९ | ०.३ |
| ७ | संख्या | १०२७ | ९९० | १८ | १९ |
| | % | १००.० | ९६.४ | १.८ | १.९ |
| जम्मा | संख्या | ८६७६ | ८५५७ | ७३ | ४६ |
| | % | १००.० | ९८.६ | ०.८ | ०.५ |

चित्र ५५ : बत्ती बाल्ने स्रोतको आधारमा परिवारको दशकीय वितरण



## १३.४ परिवारले प्रयोग गर्ने शौचालय

जनगणनाको नतिजाअनुसार यस गाउँपालिकाका कुल ८,६७६ परिवारमध्ये ९८.३ प्रतिशत परिवारले कुनै न कुनै प्रकारको शौचालयको प्रयोग गर्ने गरेका छन् भने मात्र १.७ प्रतिशत परिवारको आफ्नो चर्पी नै नभएको देखिन्छ । फ्लस सुविधायुक्त शौचालय भएका कुल परिवार ४७.० प्रतिशत रहेका छन् । साधारण शौचालय प्रयोग गर्ने परिवारको अंश ५०.८ प्रतिशत रहेको छ । यस गाउँपालिकामा सार्वजनिक शौचालय प्रयोग गर्ने परिवार ०.५ प्रतिशत रहेको देखिन्छ (तालिका ६७) ।

गत जनगणना २०६८ मा शौचालयको पहुँच नभएको परिवार ५५.६ प्रतिशत थियो भने २५.४ प्रतिशत परिवारले फ्लस भएको र १८.७ प्रतिशतले साधारण शौचालय प्रयोग गर्ने गरेका थिए (चित्र ५६) । यसबाट पछिल्लो दश वर्षमा गाउँपालिकाले शौचालय प्रयोगमा उल्लेखनीय सुधार गरेको देखिन्छ ।

तालिका ६७: परिवारले प्रयोग गर्ने शौचालयको प्रकार


| वडा नं. | संख्या / % | जम्मा परिवार संख्या | परिवारले प्रयोग गर्ने शौचालय | | | |
|---|---|---|---|---|---|---|
| | | | फ्लस भएको | साधारण | सार्वजनिक | चर्पी नभएको |
| १ | संख्या | १०८८ | ६६२ | ३८० | ४ | ४२ |
| | % | १००.० | ६०.८ | ३४.९ | ०.४ | ३.९ |
| २ | संख्या | १३५३ | १३० | १२१४ | ३ | ६ |
| | % | १००.० | ९.६ | ८९.७ | ०.२ | ०.४ |
| ३ | संख्या | १४५७ | ६६८ | ७६६ | १३ | १० |
| | % | १००.० | ४५.८ | ५२.६ | ०.९ | ०.७ |
| ४ | संख्या | १५५० | ११३७ | ४०४ | १ | ८ |
| | % | १००.० | ७३.४ | २६.१ | ०.१ | ०.५ |
| ५ | संख्या | १२४६ | ४०५ | ८३० | ० | ११ |
| | % | १००.० | ३२.५ | ६६.६ | ०.० | ०.९ |
| ६ | संख्या | ९५५ | ५६७ | ३७७ | २ | ९ |
| | % | १००.० | ५९.४ | ३९.५ | ०.२ | ०.९ |
| ७ | संख्या | १०२७ | ५०५ | ४४० | १९ | ६३ |
| | % | १००.० | ४९.२ | ४२.८ | १.९ | ६.१ |
| शुद्धोधन | संख्या | ८६७६ | ४०७४ | ८९८१ | ४४५३ | १९१ |
| | % | १००.० | ४७.० | ५०.८ | ०.५ | १.७ |

चित्र ५६ : शौचालय प्रयोग गर्ने परिवारको दशकीय परिवर्तन (%)




वडास्तरमा साधारण शौचालय भएका परिवार सबैभन्दा धेरै (८९.७ %) वडा नं. २ रहेको छ भने वडा नं. ४ मा उक्त प्रकारको शौचालय भएका परिवार न्यूनतम अर्थात् २६.१ प्रतिशत मात्र देखिन्छ। शौचालय नभएको परिवार सबैभन्दा बढी वडा नं. ७ मा ६.१ प्रतिशत छ (चित्र ५७)।

*चित्र ५७: साधारण शौचालय भएका परिवारको वडागत विवरण (%)*



## १३.५ परिवारमा उपलव्ध साधन/सुविधा

जनगणनामा देशभित्र अक्सर बसोबास गर्ने हरेक परिवारमा भएका साधन तथा सेवा सुविधाहरूको विवरण सङ्कलन गरिएको थियो । सङ्कलित विवरणअनुसार ९८ प्रतिशतभन्दा बढी परिवारमा उपरोक्तमध्ये कम्तीमा एक सुविधा रहेको देखिन्छ भने यस गाउँपालिकाका १.४ प्रतिशत परिवारमा कुनै पनि सुविधा विद्यमान नरहेको देखिन्छ। यस गाउँपालिकामा ८२.७ प्रतिशत परिवारसँग स्मार्ट मोबाइल फोन रहेको देखिन्छ भने ७७.३ प्रतिशत परिवारसँग साधारण मोबाइल फोन रहेको छ। सूचना र मनोरञ्जनको साधन टेलिभिजन भएका परिवार करिब ६७.२ प्रतिशत रहेका छन् । मानिसहरूको आवश्यकताका रूपमा विस्तार हुँदै गरेको इन्टरनेट सुविधा हुने ३६.३ प्रतिशत र रेडियो सुविधा प्राप्त परिवार १४.८ प्रतिशत रहेका छन्। अन्य साधन/सुविधा न्यून मात्रामा रहेको देखिन्छ (तालिका ६८)।


तालिका ६८ : परिवारमा उपलव्ध सेवा सुविधाको अवस्था

| विवरण | | | १ | २ | ३ | ४ | ५ | ६ | ७ | शुद्धोधन |
|---|---|---|---|---|---|---|---|---|---|---|
| जम्मा परिवार | | संख्या | १०८८ | १३५३ | १४५७ | १५५० | १२४६ | ९५५ | १०२७ | ८६७६ |
| कुनै सुविधा नभएको परिवार | | संख्या | ८ | १३ | १७ | ७ | ११ | १९ | ४५ | १२० |
| | | % | ०.७ | १.० | १.२ | ०.५ | ०.९ | २.० | ४.४ | १.४ |
| कम्तीमा एक सुविधा भएको परिवार | | संख्या | १०८० | १३४० | १४४० | १५४३ | १२३५ | ९३६ | ९८२ | ८५५६ |
| | | % | ९९.३ | ९९.० | ९८.८ | ९९.५ | ९९.१ | ९८.० | ९५.६ | ९८.६ |
| घरायसी सुविधाका साधनहरु | रेडियो सुविधा | संख्या | ३७ | २८४ | १०३ | ४२८ | १३० | २७६ | २६ | १२८४ |
| | | % | ३.४ | २१.० | ७.१ | २७.६ | १०.४ | २८.९ | २.५ | १४.८ |
| | टेलिभिजन | संख्या | ६०० | ९६४ | ११२६ | १२१५ | ८७३ | ५५४ | ४९८ | ५८३० |
| | | % | ५५.१ | ७१.२ | ७७.३ | ७८.४ | ७०.१ | ५८.० | ४८.५ | ६७.२ |
| | ल्याण्डलाइन टेलिफोन | संख्या | ७ | ६ | ६ | ३१ | १० | ८ | ५ | ७३ |
| | | % | ०.६ | ०.४ | ०.४ | २.० | ०.८ | ०.८ | ०.५ | ०.८ |
| | मोबाइल फोन (साधारण) | संख्या | ८६८ | १०२२ | १०७७ | १२५१ | ९३५ | ७१३ | ८३९ | ६७०५ |
| | | % | ७९.८ | ७५.५ | ७३.९ | ८०.७ | ७५.० | ७४.७ | ८१.७ | ७७.३ |
| | स्मार्ट मोबाइल फोन | संख्या | ८०७ | १०९० | १३१७ | १४४० | १०८४ | ६७२ | ७६२ | ७१७२ |
| | | % | ७४.२ | ८०.६ | ९०.४ | ९२.९ | ८७.० | ७०.४ | ७४.२ | ८२.७ |
| | कम्प्युटर/ल्यापटप | संख्या | ७२ | २०५ | २११ | ३२९ | १२५ | ६२ | ८३ | १०८७ |
| | | % | ६.६ | १५.२ | १४.५ | २१.२ | १०.० | ६.५ | ८.१ | १२.५ |
| | इन्टरनेट सुविधा | संख्या | १४४ | ५६५ | ८६६ | ९३८ | ३७२ | १३४ | १३३ | ३१५२ |
| | | % | १३.२ | ४१.८ | ५९.४ | ६०.५ | २९.९ | १४.० | १३.० | ३६.३ |
| | कार/जीप/भ्यान | संख्या | ९ | ३० | ४३ | ५७ | १६ | ७ | ९ | १७१ |
| | | % | ०.८ | २.२ | ३.० | ३.७ | १.३ | ०.७ | ०.९ | २.० |
| | मोटरसाइकल/स्कुटर | संख्या | ५८१ | ६३६ | ६१३ | ७६९ | ५७७ | ३९५ | ४५२ | ४०२३ |
| | | % | ५३.४ | ४७.० | ४२.१ | ४९.६ | ४६.३ | ४१.४ | ४४.० | ४६.४ |
| | साइकल | संख्या | ९३५ | ११७३ | १२३६ | १२५८ | ११४८ | ८०३ | ८४७ | ७४०० |
| | | % | ८५.९ | ८६.७ | ८४.८ | ८१.२ | ९२.१ | ८४.१ | ८२.५ | ८५.३ |
| | विद्युतीय पंखा | संख्या | ९०३ | १२६४ | १३१४ | १४७८ | ११८१ | ७८७ | ६९८ | ७६२५ |
| | | % | ८३.० | ९३.४ | ९०.२ | ९५.४ | ९४.८ | ८२.४ | ६८.० | ८७.९ |
| | रेफ्रिजरेटर | संख्या | १६१ | ५६२ | ८२८ | ९५३ | ४८५ | २०६ | १८२ | ३३७७ |
| | | % | १४.८ | ४१.५ | ५६.८ | ६१.५ | ३८.९ | २१.६ | १७.७ | ३८.९ |
| | वासिङ मेशिन | संख्या | ४ | ५५ | ४५ | ८२ | १३ | १४ | ९ | २२२ |

| विवरण | | संख्या | १ | २ | ३ | ४ | ५ | ६ | ७ | शुद्धोधन |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | % | ०.४ | ४.१ | ३.१ | ५.३ | १.० | १.५ | ०.९ | २.६ |
| | एयर कन्डिसनर | संख्या | ५ | १२ | ४ | २९ | ३ | ३ | ४ | ६० |
| | | % | ०.५ | ०.९ | ०.३ | १.९ | ०.२ | ०.३ | ०.४ | ०.७ |

परिवारहरूको लागि अत्यावश्यक हुँदै गएका प्रमुख घरायसी साधन र सुविधा स्थान र समयअनुसार फरक फरक हुने भए तापनि वर्तमान अवस्थामा फोन (मोबाइल वा ल्याण्डलाइन) टेलिभिजन, इन्टरनेट, दुई पाङ्ग्रे सवारी साधन, रेफ्रिजेरेटर, पंखा आदि अपरिहार्य घरायसी साधनका रूपमा ग्रहण गरिन थालेका छन् । माथिल्लो तालिकामा समाविष्ट कुनै पनि घरायसी साधन र सुविधा नभएका र भएका परिवारलाई वडा अनुसार चित्र ५८ मा प्रस्तुत गरिएको छ । चित्रमा देखिएअनुसार कुनैपनि घरायसी साधन तथा सुविधा नभएको परिवार सबैभन्दा बढी वडा नं. ७ मा ४.४ प्रतिशत र कम वडा नं. ४ मा मात्र ०.५ प्रतिशत छन् ।

चित्र ५८: परिवारमा उपलब्ध सेवा सुविधाको अवस्था




## १३.६ सम्पन्नताको वर्गीकरणअनुसार परिवारको वितरण

राष्ट्रिय जनगणना २०७८ मा सङ्कलन गरिएका घरको बनोट संरचना र किसिम (जग, पर्खाल, छानो, भुइँ आदि), खानेपानीको मुख्य स्रोत, खाना पकाउन र बत्ती बाल्न प्रयोग हुने इन्धन, शौचालयको सुविधा र अन्य घरायसी सम्पत्तिको आधारमा हाल देशका विभिन्न भूभागमा बसोबास गर्ने परिवारलाई पाँच बराबर भागमा विभाजन गरी सम्पन्नताको पञ्चमक (Wealth quintile) निर्धारण गरिएको छ । यसरी सूचक निर्माण गर्दा घरायसी उपभोग, साधन तथा सुविधामा न्यून पहुँच भएका पहिलो (तल्लो २०%) वर्गमा र साधन तथा सुविधामा सहज पहुँच रहेका परिवार पाँचौ (माथिल्लो २०%) वर्गमा पर्ने गरी गरिएको छ ।

यस वर्गीकरणले देशका सबै परिवारलाई समान २०/२० प्रतिशतमा विभाजन गर्ने हुनाले तल्लोदेखि माथिल्लो तहसम्मका पाँचै भागमा २० प्रतिशत नै परिवार भएको देखिन्छ । समग्र देशभरिका परिवारलाई समान ५ भागमा वितरण गर्दा यस नगरपालिकामा भएका घरपरिवार कुन तहमा रहेका छन् र तिनको वितरण कस्तो छ भनी यस उपखण्डमा विश्लेषण गरिएको छ ।


जनगणना २०७८ अनुसार यस गाउँपालिकामा न्यून आर्थिक अवस्था भएका तल्लो वर्गमा ३.८ प्रतिशत र सबैभन्दा माथिल्लो अर्थात् अति उच्च वर्गमा २६.३ प्रतिशत परिवार रहेका छन् भने मध्यम वर्गमा पर्ने परिवार २७.३ प्रतिशत छन् (तालिका ६९, चित्र ५९) ।

वडास्तरमा तुलना गर्दा अति न्यून वर्गभित्र सर्वाधिक (९.९%) सङ्ख्या वडा नं. ७ मा रहेको छ भने अति उच्च वर्गभित्र सर्वाधिक हिस्सा (५१.८%) वडा नं. ४ मा रहेको छ । मध्यम वर्गभित्र सबैभन्दा धेरै परिवार (४५.६%) वडा नं. १ मा रहेको देखिन्छ ।

तालिका ६९ : सम्पन्नताको पञ्चमकअनुसार परिवारको वितरण (%)

| वडा | जम्मा परिवार | परिवारको पन्चम सम्पन्नता सूचक (Wealth quintile) | | | | |
|---|---|---|---|---|---|---|
| | | अति न्यून | न्यून | मध्यम | उच्च | अति उच्च |
| १ | १,०८८ | ५.६ | ७.५ | ४५.६ | ३१.१ | १०.२ |
| २ | १,३५३ | ३.४ | ५.२ | २५.४ | ४१.१ | २४.८ |
| ३ | १,४५७ | २.२ | ५.२ | १५.६ | ४०.४ | ३६.७ |
| ४ | १,५५० | ०.५ | १.९ | १०.३ | ३५.५ | ५१.८ |
| ५ | १,२४६ | २.४ | ४.३ | २५.७ | ४७.२ | २०.४ |
| ६ | ९५५ | ५.१ | १०.५ | ४०.८ | ३२.८ | १०.८ |
| ७ | १,०२७ | ९.९ | ९.९ | ४१.८ | २५.० | १३.३ |
| शुद्धोधन | ८,६७६ | ३.८ | ५.९ | २७.३ | ३६.८ | २६.३ |

चित्र ५९ : सम्पन्नताको वर्गीकरणअनुसार वडामा परिवारको वितरण (प्रतिशत)




## १३.७ आवासीय घर निर्माणमा सरकारी अनुदानप्राप्त परिवार

वि.सं. २०७२ को शक्तिशाली महाभूकम्पबाट देशका विभिन्न जिल्लामा पूर्ण वा आंशिक रूपमा क्षति भएका घरहरूको पुनर्निर्माण गर्नका लागि नेपाल सरकारले निश्चित आधार पूरा गरेका घरपरिवारलाई अनुदान प्रदान गरेको थियो । गत १२ औं राष्ट्रिय जनगणना वि.सं. २०७८ मङ्सिरमा सञ्चालन गर्दा भूकम्पबाट आंशिक वा पूर्ण क्षति भएका अधिकांश घरहरूको निर्माण वा पुनर्निमाण भइसकेको थियो । सरकारी अनुदान लिई भूकम्पबाट प्रभावित आफ्नो आवासीय घर पुनर्निर्माण गर्ने परिवार नेपालभरि १०.३ प्रतिशत रहेका थिए भने रूपन्देही जिल्लामा यस्तो सरकारी सुविधा प्राप्त गर्ने परिवार २.६ प्रतिशत रहेको देखिन्छ । शुद्धोधन गाउँपालिका आवासीय घर पुनर्निर्माणका लागि सरकारी अनुदान प्राप्त गर्ने घरपरिवारको हिस्सा मात्र २.३ प्रतिशत मात्र रहेको देखिन्छ ।

तालिका ७० : आवासीय घर निर्माणमा सरकारी अनुदानप्राप्त परिवारको विवरण (% मा)

| क्षेत्र | परिवार संख्या (संथागतबाहेक) | आवासीय घर निर्माणमा सरकारी अनुदानप्रास परिवारको प्रतिशत | | |
|---|---|---|---|---|
| | | लिएका | नलिएका | नखुलेको |
| नेपाल | ६६६०८४१ | १०.३ | ८९.३ | ०.४ |
| रुपन्देही | २३८१७१ | २.६ | ९७.१ | ०.२ |
| शुद्धोधन | ८६७६ | २.३ | ९७.६ | ०.०६ |

## १३.८ बैंक तथा वित्तीय संस्थामा बैंक खातासम्बन्धी विवरण

पहिलोपटक वि.सं. २०७८ को बाह्रौं राष्ट्रिय जनगणनामा घरपरिवारका कति सदस्यको बैंक वा वित्तीय संस्थामा कम्तीमा एउटा खाता छ भनेर विवरण सङ्कलन गरिएको थियो । यसको मुख्य उद्देश्य भनेको घरपरिवारको बैंक तथा वित्तीय संस्थामा रहेको पहुँच पहिचान गर्नु र डिजिटल कारोबार विस्तार गर्ने राज्यको नीति कति प्रभावकारी भएको छ भनेर सूचना सङ्कलन गर्नु रहेको थियो । शुद्धोधन गाउँपालिकामा कम्तीमा एउटा बैंक खाता भएको परिवार ७९.७ प्रतिशत रहेको छ । नेपालमा बैंक खाता हुने परिवारको हिस्सा करिब ६१.९ प्रतिशत रहेको छ । त्यससँग तुलना गर्दा शुद्धोधन गाउँपालिकामा बैंक खाता हुने परिवार करिब १८ प्रतिशत विन्दुले बढि छ । समग्र रूपन्देही जिल्लासँग तुलना गर्दा पनि शुद्धोधन गाउँपालिकाका परिवारमध्ये कम्तीमा एउटा बैंक खाता हुने परिवार ७.७ प्रतिशत विन्दुले बढी रहेको छ । यसका पछाडि मूलतः दुईओटा कारणहरू विद्यमान हुनसक्छ । परिवारहरूको बैंकिङ्ग अभ्यास र बैंक तथा वित्तीय संस्थाको उक्त गाउँपालिकामा कत्तिको उपस्थिति छ त्यस अवस्थाले यसलाई धेरै हदसम्म निर्धारण गर्दछ ।

आवश्यकता, उमेर र आर्थिक सक्षमताअनुसार परिवारका सबै सदस्यको कम्तीमा एउटा वा एकभन्दा बढी बैंक खाता हुनसक्दछ । जनगणनाको नतिजाअनुसार यस गाउँपालिकामा परिवारका लगभग २७.९ प्रतिशत सदस्यको मात्र बैंक वा वित्तीय संस्थामा खाता रहेको देखिन्छ (तालिका ७१) । बैंक खाता हुने परिवारका सदस्यमध्ये पनि पुरुष २५.६ प्रतिशत र महिला ३०.० प्रतिशत छन् । यसबाट गाउँपालिकामा पुरुष सदस्यभन्दा महिला सदस्यको बैंकमा पहुँच बढि रहेको देखिन्छ ।

तालिका ७१ : बैक तथा वित्तीय संस्थामा बैंक खातासम्बन्धी विवरण (% मा)

| क्षेत्र | परिवार संख्या (संथागत बाहेक) | जनसङ्ख्या (संथागतबाहेक) | | | कम्तीमा एउटा खाता भएको परिवारको प्रतिशत | बैंक खाता भएको व्यक्तिको प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|
| | | जम्मा | पुरुष | महिला | | जम्मा | पुरुष | महिला |
| नेपाल | ६६,६०,८४१ | २,८९,८५,३६४ | १,४१,१८,९९१ | १,४८,६६,३७३ | ६१.९ | २५.६ | २६.४ | २४.७ |
| रुपन्देही | २,३८,३२० | ११,२१,९५७ | ५,५०,४७८ | ५,७१,४७९ | ७२.० | २८.६ | २८.७ | २८.४ |
| शुद्धोधन | ८६७६ | ४१९०७ | २०५७० | २१३३७ | ७९.७ | २७.९ | २५.६ | ३०.० |

## १३.९ प्राविधिक तथा व्यावसायिक शिक्षा वा तालिम

देशमा उपलब्ध जनशक्तिमध्ये कति सङ्ख्यामा प्राविधिक विषय अध्ययन गरेका छन् र अन्य कतिले व्यावसायिक शिक्षा वा तालिम लिएका छन् ? यस विषयसँग सम्बन्धित तथ्याङ्क संघ, प्रदेश र प्रत्येक स्थानीय तहका लागि महत्वपूर्ण हुन्छ । विकासका विभिन्न चरणमा प्राविधिक एवम् व्यावसायिक सिपयुक्त जनशक्तिको आवश्यकता रहन्छ । राष्ट्रिय शिक्षा नीतिलाई समयानुकूल बनाउनका लागि पनि यस्तो तथ्याङ्क अपरिहार्य मानिन्छ ।

वि.सं. २०७८ को जनगणनामा पहिलोपटक यससम्बन्धी विवरण प्रत्येक परिवारबाट सङ्कलन गरिएको थियो । नेपालमा १८ वर्ष र सोभन्दा माथिको जनसङ्ख्यामध्ये ५.६ प्रतिशत जनसङ्ख्याले प्राविधिक शिक्षा वा व्यावसायिक तालिम प्राप्त गरेको देखिन्छ । शुद्धोधन गाउँपालिकामा १.२ प्रतिशत जनसङ्ख्याले यस्तो शिक्षा र तालिम प्राप्त गरेका छन् । तथ्याङ्कबाट शुद्धोधन गाउँपालिकाका कुल ८,६६७ परिवारमध्ये १४.० प्रतिशत परिवारमा १८ वर्षमाथिका कम्तीमा एक जना सदस्यले प्राविधिक तथा व्यावसायिक शिक्षा प्राप्त गरेको वा त्यसप्रकारको तालिम लिएको देखिन्छ । यसप्रकारको जनशक्ति समग्र नेपालको तुलनामा यस स्थानीय तहमा १.४ प्रतिशत विन्दुले बढी रहेको छ भने रूपन्देही जिल्लाको समग्र मानसँग तुलना गर्दा १.० प्रतिशत विन्दुले उच्च छ ( तालिका ७२) ।

तालिका ७२: प्राविधिक तथा व्यावसायिक शिक्षा वा तालिम लिएको परिवार तथा जनसङ्ख्या विवरण (% मा)

| क्षेत्र | परिवार संख्या (संस्थागत बाहेक) | १८ वर्ष र सोभन्दा माथिको जनसङ्ख्या | व्यावसायिक तथा प्राविधिक तालिम लिएको परिवार तथा जनसङ्ख्या | | | |
|---|---|---|---|---|---|---|
| | | | व्यावसायिक तथा प्राविधिक तालिम लिएको कम्तीमा १ जना भएको परिवार | | जनसङ्ख्या | |
| | | | संख्या | प्रतिशत | व्यावसायिक तथा प्राविधिक तालिम लिएको जनसङ्ख्या | प्रतिशत (१८ वर्ष र सो भन्दा माथिको ) |
| नेपाल | ६६,६०,८४१ | १,९२,९४,९९५ | ८,३६,१२७ | १२.६ | १०,८१,६४६ | ५.६ |
| रुपन्देही | २३८१७१ | ५२७७१८ | ३१०२३ | १३.० | ४१७४० | ७.९ |
| शुद्धोधन | ८६७६ | १२४२०८ | १२१६ | १४.० | १४७८ | १.२ |

## १३.१० बैंक तथा वित्तीय संस्थाबाट ऋण लिएको विवरण

बैंक तथा वित्तीय संस्थाबाट परिवारले विभिन्न प्रयोजनका लागि ऋण लिएका हुन्छन् । पछिल्लो बाह्रौं जनगणना (वि.सं. २०७८) मा गणनाको दिनभन्दा अगाडिको कुनै समयमा घरपरिवारले ऋण लिएको र गणनाको दिनसम्म उक्त ऋण पूर्ण वा आंशिक रूपमा बाँकी रहेको भए ऋण लिएको मानी विवरण सङ्कलन गरिएको थियो । यसबाट केही महत्वपूर्ण सूचक प्राप्त हुन्छन् । पहिलो, घरपरिवारको संगठित संस्थाबाट प्रवाह गरिने कर्जामा रहेको पहुँच सम्बन्धमा वडा तहसम्मको तथ्याङ्क प्राप्त हुन्छ । दोस्रो, ऋण लिनुका पछाडि जुनसुकै कारण भए पनि त्यसले मूलतः उपभोग वा व्यावसायिक प्रयोजनका लागि परिवारको आवश्यकतालाई दर्शाउँदछ ।

यस शुद्धोधन गाउँपालिकामा कुनै पनि बैंक तथा वित्तीय संस्था (सहकारी संस्थासमेत) बाट ऋण लिएका परिवार ४५.३ प्रतिशत रहेका छन् । रूपन्देही जिल्लामा यस सूचकको मान २८.० प्रतिशत छ भने समग्र नेपालमा ऋण लिएका परिवारको हिस्सा २५.६ प्रतिशत रहेको छ (तालिका ७३) । यस तथ्याङ्कले यस स्थानीय तहमा बसोबास गर्ने परिवारहरूको ऋण लिने प्रवृत्ति रूपन्देही जिल्ला र नेपालको भन्दा पनि उच्च रहेको देखिन्छ ।


तालिका ७३: बैक तथा वित्तीय संस्थाबाट ऋण लिएका परिवारको विवरण (% मा)

| क्षेत्र | परिवार संख्या (संस्थागत बाहेक) | ऋण लिएका परिवारको प्रतिशत | |
|---|---|---|---|
| | | लिएका | नलिएका |
| नेपाल | ६६६०८४१ | २५.६ | ७४.४ |
| रुपन्देही | २३८१७१ | २८.० | ७२.० |
| शुद्धोधन | ८६७६ | ४५.३ | ५४.७ |

## १३.११ घर, जग्गामा महिलाको स्वामित्व

यस नगरपालिकाका कुल ८,६७६ परिवारमध्ये १०.९ प्रतिशत परिवारका कम्तीमा एक जना महिला सदस्यको घर र जग्गा दुवैमा स्वामित्व रहेको छ भने ९.६ प्रतिशत परिवारका महिलाहरूको जग्गामा मात्र स्वामित्व रहेको छ। त्यसैगरी २.६ प्रतिशत परिवारमा महिला सदस्यको स्वामित्वमा घरमात्र रहेको छ । घर वा जग्गा कुनै पनि सम्पत्तिमाथि स्वामित्व नभएका महिला भएका घरपरिवारको अंश करिब ७५.५ प्रतिशत रहेको छ (चित्र ५७) । वडागत रूपमा महिलाको नाममा घर, जग्गा वा घर र जग्गा दुबै हुने परिवार सबैभन्दा बढी ३४.७ प्रतिशत वडा नं. ४ र कम ६.८ प्रतिशत वडा नं. १ मा रहेको छ (तालिका ७४) ।

चित्र ६०: घर र जग्गामा महिलाको स्वामित्व (%)




तालिका ७४ : वडाअनुसार महिलाको नाममा घर, जग्गा वा घर र जग्गा दुवै हुने परिवार

| वडा | परिवार संख्या | घर र जग्गामा महिलाको स्वामित्व हुने परिवार | घर र जग्गामा महिलाको स्वामित्व हुने परिवार % |
|---|---|---|---|
| १ | १,०८८ | ७४ | ६.८ |
| २ | १,३५३ | ४१६ | ३०.७ |
| ३ | १,४५७ | ३६६ | २५.१ |
| ४ | १,५५० | ५३८ | ३४.७ |
| ५ | १,२४६ | २२१ | १७.७ |
| ६ | ९५५ | १८३ | १९.२ |
| ७ | १,०२७ | २१६ | २१.० |
| शुद्धोधन | ८,६७६ | २,०१४ | २३.२ |

## १३.१२ कृषि बाहेकका साना घरेलु व्यवसाय सञ्चालन गर्ने परिवारको विवरण

जनगणनाको नतिजाअनुसार यस गाउँपालिकामा कुनै पनि सरकारी निकायमा दर्ता नभएका र एक जना पनि तलबी कामदार नराखिएका कृषि बाहेकका साना घरेलु व्यवसाय सञ्चालन गरेका परिवार केवल ७.९ प्रतिशत रहेका छन् (तालिका ७५)।

तालिका ७५: साना घरेलु व्यवसाय सञ्चालन गर्ने परिवारको वितरण


| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| जम्मा परिवार संख्या | ८६७६ | १०० |
| साना घरेलु व्यवसाय भएका परिवार संख्या | ६८९ | ७.९ |
| साना घरेलु व्यवसाय नभएका परिवार संख्या | ७९५९ | ९१.७ |
| उल्लेख नभएको | २८ | ०.३ |

साना घरेलु व्यवसाय सञ्चालन गरेका कुल ६८९ परिवारमध्ये ६५.९ प्रतिशतले व्यापार व्यवसाय सञ्चालन गरेको देखिन्छ भने सेवा क्षेत्रमा ८.४ प्रतिशत परिवार संलग्न रहेका छन् । घरेलु उद्योगमा १२.९ प्रतिशत परिवार संलग्न देखिन्छ । यातायात क्षेत्रमा ७.४ प्रतिशत परिवार संलग्न देखिएका छन् । उपरोक्त बाहेकका अन्य क्षेत्रमा ५.४ प्रतिशत परिवार संलग्न देखिन्छन् (तालिका ७६, चित्र ६१) । यी प्रत्येक प्रकारका साना घरेलु व्यवसायमा पुरूष र महिलाको संलग्नता अनुपात फरक छ । सबै प्रकारका व्यवसाय संचालन गर्नेमा महिला भन्दा पुरुषको सङ्ख्या बढी रहेको देखिन्छ । उल्लिखित साना साना घरेलु व्यसाय सञ्चालन गर्ने पुरुष ६२.७ प्रतिशत र महिला ७०.६ प्रतिशत छन् ।

तालिका ७६ : क्षेत्रअनुसार साना घरेलु व्यवसाय सञ्चालन गर्ने परिवार

| साना घरेलु व्यवसाय | जम्मा | % | पुरुष | % | महिला | % |
|---|---|---|---|---|---|---|
| घरेलु उद्योग | ८९ | १२.९ | ५४ | १३.२ | ३५ | १२.५ |
| व्यापार/ व्यवसाय | ४५४ | ६५.९ | २५७ | ६२.७ | १९७ | ७०.६ |
| यातायात | ५१ | ७.४ | ४६ | ११.२ | ५ | १.८ |
| सेवा | ५८ | ८.४ | ३१ | ७.६ | २७ | ९.७ |
| अन्य | ३७ | ५.४ | २२ | ५.४ | १५ | ५.४ |
| जम्मा | ६८९ | १००.० | ४१० | १००.० | २७९ | १००.० |

चित्र ६१ : कृषिबाहेक साना घरेलु व्यवसाय सञ्चालन गरेका परिवार (%)



# खण्ड १४ः अक्सर विदेश बस्ने जनसङ्ख्या

## १४.१ परिवारमा अनुपस्थित विदेश

यस शुद्धोधन गाउँपालिकामा कुल ८,६७६ परिवार मध्येमा १,८७२ (२१.६%) परिवारमा अनुपस्थित भई कम्तीमा एक जना सदस्य अक्सर विदेशमा बसोबास गरेका छन् । कुल 'अनुपस्थित विदेश' रहेका २,३३७ जना मध्येमा २,०५३ जना (८७.८%) पुरूष र २८४जना (१२.२%) महिला रहेका छन् । उक्त सङ्ख्या कुल पुरुष र महिलाको क्रमशः १०.० र १.३ प्रतिशत हो । समग्र रूपन्देही जिल्लामा हेर्ने हो भने परिवारबाट कम्तीमा एक जना 'विदेश अनुपस्थित' हुने परिवार २४.७ प्रतिशत रहेका छन् (तालिका ७७) ।

तालिका ७७ : परिवारमा अनुपस्थित विदेश रहेका परिवारको सङ्ख्या

| क्षेत्र | जम्मा परिवार | कम्तीमा एक जना विदेश अनुपस्थित भएको परिवार | अनुपस्थित विदेश सङ्ख्या | | |
|---|---|---|---|---|---|
| | | | जम्मा | पुरुष | महिला |
| रूपन्देही जिल्ला | २,३८,१७१ | ५८,९३५ | ७९,८१८ | ६७,२३३ | १२,५८५ |
| प्रतिशत | | २४.७ | ७.१ | १२.२ | २.२ |
| शुद्धोधन गाउँपालिका | ८६७६ | १८७२ | २,३३७ | २०५३ | २८४ |
| प्रतिशत | | २१.६ | ५.६ | १०.० | १.३ |

## १४.२ परिवारमा अनुपस्थित विदेश रहेका व्यक्तिको उमेर समूहअनुसारको विवरण


परिवारको कम्तीमा एक जना सदस्य अक्सर विदेशमै बसोबास गर्ने भएमा ती विदेश अनुपस्थितअन्तर्गत गणना हुने सन्दर्भमा कुन उमेर समूहका मानिसहरू यस गाउँपालिकाबाट विदेश गएका रहेछन् भन्ने तथ्याङ्क उपयोगी हुन्छ ।

यस गाउँपालिकाबाट 'विदेशमा अनुपस्थित' सबैभन्दा धेरै अर्थात् ३९.९ प्रतिशत व्यक्तिहरू १५–२४ वर्ष उमेर समूहका रहेका छन् । दोस्रो (३८.३%) र तेस्रो (१२.४%) स्थानमा क्रमशः २५-३४ वर्षका र ३५–४४ उमेर समूहका व्यक्तिहरू रहेका छन् । उमेर समूहको बढोत्तरी सँगसँगै विदेशमा अनुपस्थित हुने जनसङ्ख्या क्रमशः घटिरहेको देखिन्छ । यसको सङ्केत १५–२४ उमेर समूहबाट ३५–४४ उमेर समूहमा पुग्दा विदेश जाने जनसङ्ख्याको अनुपात ३९.९ प्रतिशतबाट १२.४ प्रतिशतमा झरेको छ । कुल जनसङ्ख्यामा विदेश जाने उमेर समूहको संरचना जस्तो छ त्यसलाई पुरूष र महिलाअनुसार खण्डीकृत गरेर हेर्दा पनि उस्तै उस्तै नै प्रवृत्ति रहेको देख्न सकिन्छ (तालिका ७८, चित्र ६२) ।

तालिका ७८ : परिवारमा अनुपस्थित विदेश रहेका व्यक्तिहरूको विदेश जाँदाको उमेर अनुसारको विवरण

| विवरण | जम्मा | विदेश जाँदाको उमेर | | | | | | | उल्लेख नभएको |
|---|---|---|---|---|---|---|---|---|---|
| | | १४ वर्षभन्दा कम | १५-२४ | २५-३४ | ३५-४४ | ४५-५४ | ५५-६४ | ६५+ | |
| जम्मा | २३३७ | १२१ | ९३२ | ८९६ | २९० | ४७ | १० | ३ | ३८ |
| % | १००.० | ५.२ | ३९.९ | ३८.३ | १२.४ | २.० | ०.४ | ०.१ | १.६ |
| पुरुष | २०५३ | ८१ | ८२३ | ८०७ | २५९ | ४१ | ९ | ३ | ३० |
| % | १००.० | ३.९ | ४०.१ | ३९.३ | १२.६ | २.० | ०.४ | ०.१ | १.५ |
| महिला | २८४ | ४० | १०९ | ८९ | ३१ | ६ | १ | ० | ८ |
| % | १००.० | १४.१ | ३८.४ | ३१.३ | १०.९ | २.१ | ०.४ | ०.० | २.८ |

चित्र ६२ : विदेशमा अनुपस्थित पुरूष र महिलाको उमेर समूह अनुसारको वितरण प्रतिशतमा




## १४.३ अक्सर विदेश बसोबास गर्ने व्यक्तिको देशअनुसारको विवरण


नेपालका सबै जिल्ला र सबै स्थानीय तहबाट विभिन्न उद्देश्यका लागि विदेश जाने गरको देखिन्छ। मानिसहरूको आर्थिक अवस्था, शैक्षिक योग्यता, सिप, पेसा, उद्देश्य, सामाजिक सम्पर्क लगायतका कारणले गन्तव्य पनि फरक फरक हुने गरेको देखिन्छ।

यस गाउँपालिकाबाट परिवारमा अनुपस्थित (विदेश) रहेका व्यक्तिमध्ये सर्वाधिक (४६.६%) मध्यपूर्वमा गएको देखिन्छ। दोस्रोमा भारत (७.६%) र तेस्रोमा अन्य मुलुक (१४.५%) मा परिवारबाट अक्सर अनुपस्थित भई विदेशमा हुने व्यक्तिहरू देखिएका छन्। चौथो (८.६%) गन्तव्यमा आसियान देशहरू रहेका छन्। लैङ्गिक हिसाबले विदेश जाने व्यक्तिहरूको रोजाइ फरक फरक रहेको देखिन्छ। पुरूषहरूको शीर्ष रोजाइमा रहेका तीन देशहरू क्रमशः मध्यपूर्व (५०.९%), भारत (२०.७%) र अन्य (११.५%) भने महिलाहरूको रोजाइमा रहेका शीर्ष तीन मुलुकमा क्रमशः अन्य (३५.९%), भारत (२६.१%) र अन्य एशियाली देश (२०.८%) रहेको छ (तालिका ७९ र चित्र ६३)।

तालिका ७९: परिवारमा अनुपस्थित विदेश रहेका व्यक्ति तथा देश अनुसारको विवरण

| विवरण | सङ्ख्या / प्रतिशत | जम्मा | भारत | आसियान | मध्यपूर्व | अन्य एसियाली | अन्य | उल्लेख नभएको |
|---|---|---|---|---|---|---|---|---|
| जम्मा | सङ्ख्या | २३३७ | ४९८ | २०१ | १०९० | २०५ | ३३८ | ५ |
| | % | १०० | २१.३ | ८.६ | ४६.६ | ८.८ | १४.५ | ०.२ |
| पुरुष | सङ्ख्या | २०५३ | ४२४ | १९८ | १०४४ | १४६ | २३६ | ५ |
| | % | १०० | २०.७ | ९.६ | ५०.९ | ७.१ | ११.५ | ०.२ |
| महिला | सङ्ख्या | २८४ | ७४ | ३ | ४६ | ५९ | १०२ | ० |
| | % | १०० | २६.१ | १.१ | १६.२ | २०.८ | ३५.९ | ०.० |

चित्र ६३ : पुरूष र महिलाको गन्तव्य देश/क्षेत्र (%)





## १४.४ परिवारमा अनुपस्थित विदेश रहेका व्यक्तिको विदेश जानुको कारणअनुसारको विवरण

गाउँपालिकाका परिवारमा अनुपस्थित व्यक्तिहरूको विदेश जानुको मुख्य (६१.८%) कारण तलब ज्याला रहेको छ। यस्तै दोस्रो ठुलो (१८.८%) कारणमा कामको खोजी रहेको छ। त्यस्तै, विदेश जानुको कारण अध्ययन र तालिम हुनेहरूको हिस्सा ८.१ प्रतिशतसहित तेस्रो स्थानमा रहेको छ। आश्रितको रूपमा विदेश गएकाहरूको प्रतिशत ८.० रहेको छ। परिवारमा अनुपस्थित भई विदेश गएका व्यक्तिहरूको विदेश जानुको मुख्य कारण लैङ्गिक अनुसार फरक फरक रहेको छ। पुरूषहरू तलब/ज्याला (६५.९%), कामको खोजी (१९.४%) तथा अध्ययन तालिमको लागि (६.४%) विदेश गएका देखिन्छन् भने महिलाहरू विदेश जानुको प्रमुख तीनओटा कारण क्रमशः तलब/ज्याला (३२.४%), आश्रित (२८.२%) र अध्ययन तालिममा (२०.१ %) रहेका छन् (तालिका ८०)।

तालिका ८०: परिवारमा अनुपस्थित विदेश रहेका व्यक्तिको कारण अनुसारको विवरण

| विवरण | जम्मा | परिवारमा अनुपस्थित रहनुको कारण | | | | | | उल्लेख नभएको |
|---|---|---|---|---|---|---|---|---|
| | | तलव/ज्याला | व्यापार/व्यवसाय | अध्ययन/तालिम | कामको खोजी | आश्रित | अन्य | |
| **जम्मा** | | | | | | | | |
| **सङ्ख्या** | २३३७ | १४४५ | २८ | १८९ | ४४० | १८८ | १४ | ३३ |
| % | १०० | ६१.८ | १.२ | ८.१ | १८.८ | ८.० | ०.६ | १.४ |
| पुरूष | | | | | | | | |
| **सङ्ख्या** | २०५३ | १३५३ | १९ | १३२ | ३९९ | १०८ | १२ | ३० |
| % | १०० | ६५.९ | ०.९ | ६.४ | १९.४ | ५.३ | ०.६ | १.५ |
| महिला | | | | | | | | |
| **सङ्ख्या** | २८४ | ९२ | ९ | ५७ | ४१ | ८० | २ | ३ |
| % | १०० | ३२.४ | ३.२ | २०.१ | १४.४ | २८.२ | ०.७ | १.१ |

चित्र ६४ : गाउँपालिकाबाट परिवारमा अनुपस्थित विदेश रहेका व्यक्तिहरूको विदेश जाने प्रमुख कारण (%)





## १४.५ परिवारमा अनुपस्थित विदेश रहेका व्यक्तिको जाँदाको अवस्थामा उत्तीर्ण गरेको तहअनुसारको विवरण

यस गाउँपालिकाबाट परिवारमा अनुपस्थित (विदेशमा) रहेका व्यक्तिहरू मध्येमा २१.३ प्रतिशत व्यक्तिहरू प्रमाणपत्र तह वा सोसरह उत्तीर्ण गरेर गएको पाइएको छ। त्यस्तै १९.९ प्रतिशतले माध्यमिक तह, १७.७ प्रतिशतले निम्नमाध्यमिक तह र १४.४ प्रतिशतले प्राथमिक तह पूरा गरेर गएको देखिन्छ। एस.एल.सी./एस.ई.ई. उत्तीर्ण गरेर जानेको अनुपात ११.६ प्रतिशत र स्नातक वा सोसरह ५.१ प्रतिशतले उत्तीर्ण गरी विदेश गएको पाइएको छ (तालिका ८१, चित्र ६५)।

तालिका ८१ : परिवारमा अनुपस्थित विदेश रहेका व्यक्तिको जाँदाको अवस्थाको शैक्षिक तह

| उत्तीर्ण गरेको तह | जम्मा | | पुरुष | | महिला | |
|---|---|---|---|---|---|---|
| | संख्या | % | संख्या | % | संख्या | % |
| जम्मा | २२९१ | १०० | २०२७ | १०० | २६४ | १०० |
| पूर्व प्राथमिक तह | २५ | १.१ | १७ | ०.८ | ८ | ३.० |
| प्राथमिक तह (१-५) | ३२० | १४.० | २८३ | १४.० | ३७ | १४.० |
| निम्न माध्यमिक तह (६-८) | ४०६ | १७.७ | ३८२ | १८.८ | २४ | ९.१ |
| माध्यमिक तह (९-१०) | ४५७ | १९.९ | ४२७ | २१.१ | ३० | ११.४ |
| एस.एल.सी. वा सो सरह | २६६ | ११.६ | २५६ | १२.६ | १० | ३.८ |
| प्रमाणपत्र वा सो सरह | ४८८ | २१.३ | ४१४ | २०.४ | ७४ | २८.० |
| स्नातक वा सो सरह | ११७ | ५.१ | ८५ | ४.२ | ३२ | १२.१ |
| स्नातकोत्तर वा सो सरह | ६५ | २.८ | ४३ | २.१ | २२ | ८.३ |
| अन्य | १ | ०.० | १ | ०.० | ० | ०.० |
| उल्लेख नभएको | १४६ | ६.४ | ११९ | ५.९ | २७ | १०.२ |

चित्र ६५ : परिवारमा अनुपस्थित विदेश रहेका व्यक्तिको जाँदाको अवस्थाको शैक्षिक तह



# खण्ड १५: मृत्युसम्बन्धी विवरण

## १५.१ मृत्युसम्बन्धी विवरण

गाउँपालिकामा रहेका कुल ८,६७६ परिवारमध्ये २८८ (३.३%) परिवारमा जनगणना गरिएको दिनभन्दा १२ महिना अगाडि कम्तीमा एक जनाको मृत्यु भएको पाइएको छ। सो अवधिमा मृत्यु भएका २९४ जना मध्येमा १७३ (५८.८%) जना पुरूष र १२१ (४१.२%) जना महिला रहेका छन् ।

मृत्यु भएको कुल जनसङ्ख्यालाई उमेर समूहअनुसार विश्लेषण गर्दा सर्वाधिक (१७.७%) मृत्यु ८० वर्ष र सोभन्दा माथिको उमेर समूहमा देखिन्छ। यस उमेर समूहमा मृत्यु भएका कुल महिलाको प्रतिशत १६.५ र पुरुषको प्रतिशत १८.५ रहेको छ। अत्यधिक मृत्यु भएको दोस्रो ठुलो उमेर समूह ७०–७४ रहेको छ जहाँ समग्र मृत्यु अनुपात १४.६ प्रतिशत रहेको छ। पुरुषतर्फ यो मान १०.४ प्रतिशत र महिलातर्फ २०.७ प्रतिशत रहेको छ । मृत्यु उच्च रहेको अर्को ठुलो उमेर समूह ७५–७९ हो जहाँ यस गाउँपालिकामा मृत्यु भएकामध्ये १०.९ प्रतिशत रहेका थिए। नीतिनिर्माताका लागि अत्यधिक चासोको विषय १ वर्षमुनिका कति शिशुको मृत्यु भयो भन्ने रहेको छ। कुल मृत्युमध्ये ४.४ प्रतिशत मृत्यु शिशुहरूतर्फ रहेको छ भने पाँच वर्षमुनिको मृत्यु ५.४ प्रतिशत रहेको छ (तालिका ८२)।

तालिका ८२: मृत्यु भएका पुरूष तथा महिलाको विवरण (% मा)

| उमेर समूह | मृत्यु भएको सङ्ख्या | | | | | |
|---|---|---|---|---|---|---|
| | जम्मा | % | पुरुष | % | महिला | % |
| जम्मा | २९४ | १००.० | १७३ | १००.० | १२१ | १००.० |
| < १ | १३ | ४.४ | ८ | ४.६ | ५ | ४.१ |
| ०१ – ०४ | ३ | १.० | २ | १.२ | १ | ०.८ |
| ०५ – ०९ | २ | ०.७ | १ | ०.६ | १ | ०.८ |
| १० – १४ | १ | ०.३ | ० | ०.० | १ | ०.८ |
| १५ – १९ | २ | ०.७ | १ | ०.६ | १ | ०.८ |
| २० – २४ | ५ | १.७ | २ | १.२ | ३ | २.५ |
| २५ – २९ | ५ | १.७ | १ | ०.६ | ४ | ३.३ |
| ३० – ३४ | १० | ३.४ | ८ | ४.६ | २ | १.७ |
| ३५ – ३९ | १३ | ४.४ | ८ | ४.६ | ५ | ४.१ |
| ४० – ४४ | १० | ३.४ | ९ | ५.२ | १ | ०.८ |
| ४५ – ४९ | ११ | ३.७ | ७ | ४.० | ४ | ३.३ |
| ५० – ५४ | २१ | ७.१ | ११ | ६.४ | १० | ८.३ |
| ५५ – ५९ | २० | ६.८ | १३ | ७.५ | ७ | ५.८ |
| ६० – ६४ | २५ | ८.५ | १४ | ८.१ | ११ | ९.१ |
| ६५ – ६९ | २४ | ८.२ | १३ | ७.५ | ११ | ९.१ |
| ७० – ७४ | ४३ | १४.६ | १८ | १०.४ | २५ | २०.७ |
| ७५ – ७९ | ३२ | १०.९ | २३ | १३.३ | ९ | ७.४ |
| ८० + | ५२ | १७.७ | ३२ | १८.५ | २० | १६.५ |
| नखुलेको | २ | ०.७ | २ | १.२ | १ | ०.८ |

## १५.२ विगत १२ महिनामा मृत्यु भएको कारण

जनगणना भएको समयदेखि १२ महिना अघिसम्म शुद्धोधन गाउँपालिकामा २९४ जनाको मृत्यु भएको थियो । कुल मृत्यु हुनेमध्ये ४१.२ प्रतिशत नसर्ने रोगबाट, १५.३ प्रतिशतको सरुवा रोगबाट, ३१.० प्रतिशतको अन्य कारणबाट, ४.८ प्रतिशतको अन्य दुर्घटनाबाट र १.४ प्रतिशतको आत्महत्याका कारणबाट मृत्यु भएको देखियो । त्यसैगरी २.७ प्रतिशतको यातायात दुर्घटना र २.० प्रतिशत मृतकहरू प्राकृतिक प्रकोपका कारणले भएका देखिन्छन् (तालिका ८१) ।

पुरूषको मृत्युका कारणमा नसर्ने रोगबाट ३९.९ प्रतिशत, अन्य कारणबाट २७.७ प्रतिशत, सरूवा रोगबाट १७.९ प्रतिशत, अन्य दुर्घटनाबाट ५.८ तथा यातायात दुर्घटनाबाट २.९ र आत्महत्याबाट १.२ प्रतिशत र प्राकृतिक प्रकोपबाट २.९ प्रतिशत देखिन्छ । महिलाको मृत्युको कारणमा नसर्ने रोगबाट ४३.० प्रतिशत, सरुवा रोगबाट ११.६ प्रतिशत, अन्य कारणबाट ३५.५ प्रतिशत, आत्महत्याबाट १.७ प्रतिशत, प्राकृतिक प्रकोपबाट ०.८ प्रतिशत तथा गर्भवती सम्बन्धी कारणबाट १.७ प्रतिशतको मृत्यु भएको देखिन्छ (तालिका ८३) ।

तालिका ८३: मृत्यु भएका व्यक्तिको मृत्युको कारण

| विवरण | जम्मा | मृत्युको कारण | | | | | | | | | नखुलेको |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | सरुवा रोग | नसर्ने रोग | यातायात दुर्घटना | अन्य दुर्घटना | गर्भवती सम्बन्धी | अपराध/ हत्या | आत्महत्या | प्राकृतिक प्रकोप | अन्य | |
| जम्मा | २९४ | ४५ | १२१ | ८ | १४ | २ | १ | ४ | ६ | ९१ | २ |
| % | १००.० | १५.३ | ४१.२ | २.७ | ४.८ | ०.७ | ०.३ | १.४ | २.० | ३१.० | ०.७ |
| पुरुष | १७३ | ३१ | ६९ | ५ | १० | ० | १ | २ | ५ | ४८ | २ |
| % | १००.० | १७.९ | ३९.९ | २.९ | ५.८ | ०.० | ०.६ | १.२ | २.९ | २७.७ | १.२ |
| महिला | १२१ | १४ | ५२ | ३ | ४ | २ | ० | २ | १ | ४३ | ० |
| % | १००.० | ११.६ | ४३.० | २.५ | ३.३ | १.७ | ०.० | १.७ | ०.८ | ३५.५ | ०.० |

## १५.३ पन्ध्रदेखि ४९ वर्षका महिलाको मृत्यु हुँदाको अवस्था

जनगणना भएको समयदेखि १२ महिना अघिसम्म शुद्धोधन गाउँपालिकामा १५ देखि ४९ वर्षका महिलाको मृत्यु हुँदाको अवस्था अध्ययन गर्दा २ जना महिलाको मृत्यु गर्भावस्थासँग सम्बन्धित कारण (प्रसुतीपछिको ६ हप्ताभित्र) बाट भएको देखिन्छ । कुल प्रजनन उमेरभित्र मृत्यु भएका २० जना महिलामध्ये बाँकी १८ जनाको अन्य कारणबाट मात्र मृत्यु भएको देखिन्छ (तालिका ४५) ।

*तालिका ८४ : १५ देखि ४९ वर्षका महिलाको मृत्यु हुँदाको कारणजन्य अवस्था*

| उमेर समूह | जम्मा | मृत्यु हुँदाको अवस्था | | | |
|---|---|---|---|---|---|
| | | गर्भवती | प्रसुती | प्रसुतीपछिको ६ हप्ता | अन्य |
| जम्मा | २० | ० | ० | २ | १८ |
| १५ - २४ वर्ष | ४ | ० | ० | २ | २ |
| २५ - ३४ वर्ष | ६ | ० | ० | ० | ६ |
| ३५ - ४९ वर्ष | १० | ० | ० | ० | १० |

# खण्ड १६: कृषिसम्बन्धी विवरण

## १६.१ कृषिसम्बन्धी विवरण

राष्ट्रिय जनगणना २०७८ मा राष्ट्रिय कृषिगणना सञ्चालनको लागि प्रत्येक परिवारमा जग्गाजमिन तथा पशुपन्छीको विवरणसहित कृषक परिवार विवरणका आधारमा नमुना फ्रेम (Sample Frame) तयार गरिएको थियो। उक्त फ्रेमका आधारमा वडा वा गणनाक्षेत्र छनोट गरी कृषि परिवारको विस्तृत विवरण सङ्कलन गरिएको थियो। राष्ट्रिय कृषिगणना २०७८ को नतिजाअनुसार शुद्धोधन गाउँपालिकामा कृषक परिवारको जम्मा सङ्ख्या ६,६२६ रहेको छ।

यस गाउँपालिकामा रहेका ६,६२६ कृषक परिवारले जम्मा १७,९३३ ओटा कित्ता जग्गामा ३,७६९.८ हेक्टर जमिनमा कृषि चलन गरेको देखिन्छ। यस हिसाबले औसतमा एउटा कृषक परिवारले २.७ कित्ता जग्गामा खेती गरेको देखिन्छ। यहाँ कुल सिञ्चित क्षेत्रफल ३,४७८.१ हेक्टर रहेको छ।

तालिका ८५: कृषक सङ्ख्या, चलन गरेको जग्गाको क्षेत्रफल, कित्ता सङ्ख्या र सिंचित क्षेत्रफल

| क्षेत्र | रुपन्देही | शुद्धोधन गाउँपालिका |
|---|---|---|
| कृषक परिवारको जम्मा सङ्ख्या | १,१७,३३३ | ६,६२६ |
| कृषक परिवारले प्रयोग गरेको जग्गाको जम्मा क्षेत्रफल (हेक्टर) | ६५५५५.० | ३७६९.८ |
| जम्मा कित्ता सङ्ख्या | ३,६५,८२८ | १७,९३३ |
| औसत कित्ता सङ्ख्या | ३.१ | २.७ |
| सिञ्चित क्षेत्रफल (हेक्टर) | ५५८१५.४ | ३४७८.१ |

## १६.२ जग्गाको उपभोग

राष्ट्रिय कृषिगणना २०७८ को नतिजाअनुसार यस गाउँपालिकामा जग्गाको उपभोगसम्बन्धी विवरण हेर्दा कृषक परिवारले परिवारको स्वामित्वको जग्गामा मात्र कृषिचलन गर्ने परिवार सङ्ख्या ४,४९५ (९७.४%) रहेको देखिन्छ जसले २,३७८.७ हेक्टर (९८.४%) जग्गामा कृषि चलन गरेको पाइन्छ। त्यस्तै अरूको स्वामित्वको जग्गामा मात्रै कुनै सर्तनामा लिई खेतीपाती गर्ने कृषक परिवार ९४ (२.०%) र अन्य प्रकारको उपभोगअन्तर्गत खेतिपाती गर्ने कृषक परिवार (०.६%) रहेको छ। त्यस्तै एकभन्दा बढी प्रकारको स्वामित्व भएको जग्गा कमाउने कृषक परिवार सङ्ख्या २,०११ (३०.३%) रहेको र यस्तो जग्गाको क्षेत्रफल १,३५३.० हेक्टर ( ३५.९%) रहेको छ (तालिका ८६)।

तालिका ८६ : कृषक परिवारले चलन गरेको जग्गाको उपभोग

| कृषक परिवारको किमिस | परिवार सङ्ख्या | प्रतिशत | क्षेत्रफल (हेक्टर) | प्रतिशत |
|---|---|---|---|---|
| जम्मा | ६६२६ | १०० | ३७६९.८ | १०० |
| एक प्रकारको स्वामित्व भएको जग्गा कमाउने | ४,६१५ | ६९.७ | २,४१६.८ | ६४.१ |
| परिवारको हकको जग्गा मात्र कमाउने | ४,४९५ | ९७.४ | २३७८.७ | ९८.४ |
| अरुको हकको जग्गा मात्र कमाउने | ९४ | २.० | २९.८ | १.२ |
| अन्य प्रकारको उपभोगअन्तर्गत | २७ | ०.६ | ८.४ | ०.३ |
| एकभन्दा बढी प्रकारको स्वामित्व भएको जग्गा कमाउने | २०११ | ३०.३ | १३५३.० | ३५.९ |

## १६.३ जग्गाको उपयोग

कृषिचलनले के कस्ता बाली कति क्षेत्रफलमा लगाएको छ भन्ने विश्लेषण गर्दा राष्ट्रिय कृषि गणनाको नतिजाअनुसार यस गाउँपालिकामा जम्मा ६,६२६ कृषि परिवारमध्ये खेतीयोग्य जग्गामा कृषिचलन गर्ने परिवार सङ्ख्या ६,४७३ छ भने खेतीयोग्य जमिनको कुल क्षेत्रफल ३,५००.९ हेक्टर रहेको छ जुन ९२.९ प्रतिशत हुन आउँछ। यसप्रकार १५३ कृषक परिवारले खेतीयोग्य नभएको अर्थात् पशुपन्छी पालन गरिरहेको निचोडमा पुग्न सकिन्छ।

खेतीयोग्य जग्गामा खेतीपाती गरिरहेका सबै ६४७३ परिवारले ३४८२.७ हेक्टर (९२.४%) जग्गामा अस्थायी बाली लगाएको पाइन्छ। त्यस्तै अन्य खेतीयोग्य जग्गामा बाली लगाउने १६७ कृषक परिवारको जग्गाको क्षेत्रफल १८.३ हेक्टर (०.५%) रहेको छ। यसैगरी २०१ कृषक परिवारले ८.८ हेक्टर जमिन (०.२ %) मा स्थायी बाली लगाएको पाइन्छ। त्यस्तै, स्थायी चौरचरन, निजी बनबनेलो, पोखरी तथा अन्य जग्गाको क्षेत्रफल २६०.१ हेक्टर (६.९%) रहेको देखिन्छ (तालिका ८७)।

तालिका ८७: कृषक परिवारले चलन गरेको जग्गाको उपयोग

| कृषक परिवारको किमिस | परिवार सङ्ख्या | क्षेत्रफल (हेक्टर) | क्षेत्रफल (%) |
|---|---|---|---|
| जम्मा | ६६२६ | ३७६९.८ | १०० |
| जम्मा खेतीयोग्य जग्गा | ६४७३ | ३५००.९ | ९२.९ |
| अस्थायी बाली लागेको जग्गा | ६४७३ | ३४८२.७ | ९२.४ |
| अन्य खेतीयोग्य जग्गा | १६७ | १८.३ | ०.५ |
| स्थायी बाली लागेको जग्गा | २०१ | ८.८ | ०.२ |
| स्थायी चौरचरन, निजी बनबनलो, पोखरी तथा अन्य जग्गा | ६६२६ | २६०.१ | ६.९ |

## १६.४ पशुपन्छीको विवरण

राष्ट्रिय कृषिगणना २०७८ को नतिजाअनुसार पशु चौपाया पाल्ने कृषक परिवार र पशु चौपायाको सङ्ख्या हेर्दा यस शुद्धोधन गाउँपालिकाका कुल ६,६२६ कृषक परिवारहरूमध्ये जम्मा ४,८६३ कृषक परिवार (७३.४%) ले पशुचौपाया पालन गरेको देखिन्छ।

गाउँपालिकामा कुल चौपाया सङ्ख्या २८,९३१ पालन गर्ने ४,८६३ कृषक परिवारमध्ये ७२१ कृषक परिवारले २,०२७ (७.०%) ओटा गाई/गोरू पालेको र २,७२४ कृषक परिवारलले ७,३९३ (२५.६%) ओटा राँगा/भैंसी पालेको देखिन्छ। त्यसै गरी ३,४४३ कृषक परिवारले १८,६३९ (६४.४%) ओटा बाखा/च्याङ्ग्रा पालेको देखिन्छ। त्यस्तै गरी १३ कृषक परिवारले ४० (०.१%) ओटा भेडा/भेँडी पालेको देखिन्छ। यसैगरी ९४ कृषक परिवारले ८३२ (२.९%) ओटा सुँगुर/बंगुर पालेको देखिन्छ।

गाउँपालिकामा राष्ट्रिय कृषिगणना २०७८/७९ अनुसार कुल ४४,३६९ ओटा कुखुरा तथा अन्य पन्छीहरू रहेको देखिन्छ। पन्छीतर्फ हेर्दा १,७०६ जना कृषक परिवारसँग ३४,६५१ (७८.१%) ओटा कुखुरा र १,२३८ कृषक परिवारले ९,७१८ (२१.९%) ओटा अन्य पन्छीहरू रहेको देखिन्छ (तालिका ८८, तालिका ८९)।

***तालिका ८८ : पशुपन्छी पालन गरेको कृषकको विवरण***

| विवरण | सङ्ख्या | % |
|---|---|---|
| जम्मा कृषक परिवार | ६,६२६ | १०० |
| पशु चौपाया पाल्ने कृषक परिवार | ४,८६३ | ७३.४ |

तालिका ८९: पाल्तु चौपाया र पन्छीको सङ्ख्या र कृषक परिवार

| चौपाया/पन्छीको किसिम | पाल्तु चौपाया/पन्छी पाल्ने कृषक परिवार | पाल्तु चौपाया/पन्छीको | |
|---|---|---|---|
| | सङ्ख्या | सङ्ख्या | % |
| पशु | ४८६३ | २८,९३१ | १०० |
| गाईगोरु | ७२१ | २०२७ | ७.० |
| राँगा/भैंसी | २,७२४ | ७३९३ | २५.६ |
| बाखा/च्याङ्ग्रा | ३,४४३ | १८,६३९ | ६४.४ |
| भेंडा/भेंडी | १३ | ४० | ०.१ |
| सुगुँर/बंगुर | ९४ | ८३२ | २.९ |
| पन्छी | | ४४,३६९ | १०० |
| कुखुरा | १७०६ | ३४,६५१ | ७८.१ |
| अन्य पन्छी | १२३८ | ९,७१८ | २१.९ |

# खण्डः १७ सारांश तथा निष्कर्ष

## जनसङ्ख्या

शुद्धोधन गाउँपालिकाको जनसाङ्ख्यिक प्रतिवेदन २०८१ मा विभिन्न खण्डमा प्रस्तुत तथा विश्लेषण गरिएका विषयक्षेत्रको सारांशलाई देहायानुसार उल्लेख गर्न सकिन्छ ।

जनसङ्ख्याः वि.सं. २०७८ को राष्ट्रिय जनगणनाअनुसार यस गाउँपालिकामा कुल ८६७६ परिवार र ४१,९०७ जनसङ्ख्या रहेको छ । कुल जनसङ्ख्यामा पुरुष २०,५७० (४९.१%) र महिला २१,३३७ (५१.९%) रहेका छन् । गाउँपालिकाको औसत परिवार सङ्ख्या ४.८ जना रहेको छ र लैङ्गिक अनुपात ९६.४१ रहेको छ । पछिल्लो १० वर्षमा सबै वडाहरूको जनसङ्ख्या बढेको देखिन्छ ।

यस गाउँपालिकामा १ ओटा संस्थागत परिवारमा कुल १५ जनसङ्ख्या रहेको देखिन्छ जसमध्ये सबै जना पुरुष रहेका छन् ।

राष्ट्रिय जनगणना २०७८ अनुसार यस गाउँपालिकाको वार्षिक जनसङ्ख्या वृद्धिदर १.८३ प्रतिशत रहेको छ र जनघनत्व ७२७ जना प्रतिवर्ग किलोमिटर रहेको छ ।

गाउँपालिकामा कुल ८,६७६ परिवार मध्येमा १,८७२ (२१.६%) परिवारमा अनुपस्थित भई कम्तीमा एक जना सदस्य अक्सर विदेशमा बसोबास गरेका छन् । कुल 'अनुपस्थित विदेश' रहेका २,३३७ जना मध्येमा २,०५३ जना (८७.८%) पुरूष र २८४ जना (१२.२%) महिला रहेका छन् । उक्त सङ्ख्या कुल पुरुष र महिलाको क्रमशः १०.० र १.३ प्रतिशत हो । समग्र रूपन्देही जिल्लामा हेर्ने हो भने परिवारबाट कम्तीमा एक जना 'विदेश अनुपस्थित' हुने परिवार २४.७ प्रतिशत रहेका छन् ।

## ग्रामीण तथा सहरी जनसङ्ख्या

यस शुद्धोधन गाउँपालिकाको सम्पूर्ण वडाको समग्र जनसङ्ख्या सहरोन्मुख जनसङ्ख्यामा पर्दछ ।

## पारिवारिक संरचना

यहाँको कुल जनसङ्ख्यामध्ये ५५.१ प्रतिशत एकल परिवारमा बसोबास गर्दछन् भने बाँकी ४४.९ प्रतिशत जनसङ्ख्या संयुक्त परिवारभित्र अक्सर बसोबास गर्दछन् ।

## महिला परिवारमुली

कुल ८६७६ परिवारमध्ये २६.४% परिवारमा महिला परिवारमुली रहेका छन् । महिला परिवारमुली सर्वाधिक (४१.५%) वडा नं. ४ मा रहेको देखियो भने वडा नं. ७ मा सबैभन्दा न्यून (१४.५%) रहेको देखियो ।

## साक्षरतादर

शुद्धोधन गाउँपालिकाको समग्र साक्षरतादर ८१.२ प्रतिशत रहेको छ जुन १० वर्षअघिको तुलनामा १२.२ प्रतिशत विन्दुले बढी हो । उच्च साक्षरतादरका आधारमा प्रमुख तीन जातजाति क्रमशः ब्राह्मण तराई (९०.९%), नेवार (९०.८% ) र ठकुरी (९०.२%) रहेका छन् । गाउँपालिकाको कुल जनसङ्ख्यामा पहिलो ठुलो स्थानमा रहेका ब्राह्मण-पहाड साक्षरतादर ८९.१ प्रतिशत रहेको छ ।

गाउँपालिकाका ७ ओटा वडामध्ये सबैभन्दा उच्च साक्षरतादर भएका तीनओटा वडाहरू क्रमशः ४ (८७.०%) ३ (८४.९%) ५(८३.७%), रहेका छन् । त्यसैगरी साक्षरतादर न्यून रहेका तीनओटा वडाहरू क्रमशः १ (७३.७%), ६ (७५.४%) र ७ (८१.१ %) रहेका छन् । समग्र गाउँपालिकाको औसत साक्षरतादर (८१.२%) भन्दा कम साक्षरतादर भएको वडाहरू १, ६ र ७ रहेका छन् ।

## अध्ययन गरेको विषयक्षेत्र

शुद्धोधन गाउँपालिकामा १० जोड दुई वा सोभन्दा माथि अध्ययन गरेका व्यक्तिको तथ्याङ्क हेर्दा समग्र (पुरुष तथा महिला) मा ३६.३ प्रतिशत जनसङ्ख्याले शिक्षा अध्ययन गरेको देखिन्छ। दोस्रोमा व्यवस्थापन (३५.८%) र तेस्रोमा मानविकी तथा सामाजिक शास्त्र (८.८%) रहेको छ। विज्ञान तथा प्रविधितर्फ ६.६ प्रतिशत शिक्षित जनसङ्ख्या छ। स्वास्थ्य/चिकित्साशास्त्र अध्ययन गरेको जनसङ्ख्याको हिस्सा ३.४ प्रतिशत रहेको छ भने इन्जिनियरिङ अध्ययन गरेको जनसङ्ख्या २.० प्रतिशत छ। कृषि तथा वन, पशुविज्ञान, सूचना प्रविधिजस्ता प्राविधिक विषय अध्ययन गर्नेहरू निकै कम देखिएका छन्।

## मातृभाषा

कुल जनसङ्ख्याले १२ ओटाभन्दा बढी मातृभाषा व्यवहार गरेको देखिन्छ। कुल जनसङ्ख्यामा नेपाली मातृभाषा हुने जनसङ्ख्याको हिस्सा ३३.२ प्रतिशत रहेको छ। व्यवहारमा रहेका दोस्रो (२६.८%) र तेस्रो (२३.८%) मातृभाषा क्रमशः भोजपुरी र थारु रहेका छन् भने चौथो (१२.३%) र पाँचौं (२.७%) स्थानका मातृभाषा क्रमशः अवधी र मगर ढुट रहेका।

## धर्म

कुल जनसङ्ख्यामध्ये ९५.८ प्रतिशतले हिन्दु धर्म अवलम्बन गरेको देखिन्छ भने इस्लाम धर्मावलम्बीहरूको हिस्सा १.९ प्रतिशत रहेको छ। बौद्ध धर्म अनुशरण गर्नेको अनुपात १.८ प्रतिशत रहेको छ। क्रिस्चियन धर्म अनुशरण गर्ने जनसङ्ख्या ०.४ प्रतिशत छ भने प्रकृति धर्मावलम्बी केवल ०.२ प्रतिशत मात्र रहेको देखिन्छ।

## वैवाहिक स्थिति

गाउँपालिकामा १० वर्ष वा सोभन्दा माथिको कुल जनसङ्ख्या ३४,८९१ रहेको छ र त्यसमध्ये विवाह नभएको जनसङ्ख्या ३२.४ प्रतिशत रहेको छ। लैङ्गिक रूपमा हेर्दा १० वर्षमाथिका महिलाको कुल सङ्ख्या १८,०५९ मध्ये २८.२ प्रतिशत अविवाहित रहेका छन् भने अविवाहित पुरुषको सङ्ख्या ८.७ प्रतिशत विन्दुले बढी अर्थात् ३६.९ प्रतिशत रहेको छ।

पहिलो पटक विवाह भएका महिलाको अनुपात सर्वाधिक (३४.६%) १८–२० वर्ष उमेर समूहभित्र रहेको छ र सर्वाधिक (३१.८%) पुरुषहरूले पनि यसै उमेर समूहमा विवाह गरेको देखिन्छ।

## विवाहको औसत उमेर

शुद्धोधन गाउँपालिकामा विवाह भएका पुरुष तथा महिलाको औसत उमेर १९.२ वर्ष रहेको छ। यहाँका विवाहित पुरुषको औसत उमेर महिलाको भन्दा २.८ प्रतिशत विन्दुले माथि अर्थात् २०.८ वर्ष रहेको छ भने विवाहित महिलाको औसत उमेर १८.० वर्ष रहेको देखिन्छ।

## एकल महिला

यस गाउँपालिकामा एकल महिलाको कुल जनसङ्ख्या १३८७ रहेको छ जुन १० वर्ष वा सोभन्दा माथिका कुल महिला जनसङ्ख्याको ७.७ प्रतिशत हो।

## ज्येष्ठ नागरिक

शुद्धोधन गाउँपालिकामा ६० वर्ष वा सोभन्दा माथि (ज्येष्ठ नागरिक) को कुल जनसङ्ख्या ३,८४३ रहेको छ जुन यहाँको कुल जनसङ्ख्या ४१,९०७ को ९.२ प्रतिशत हुन आउँछ।

वडा तहमा हेर्दा अनुपातका दृष्टिले सबैभन्दा धेरै (६.९%) ज्येष्ठ नागरिक वडा नं. ३ मा रहेका छन् भने सबैभन्दा न्यून (५.३%) अनुपात वडा नं. १ मा रहेको छ (तालिका २३)। सङ्ख्यात्मक हिसाबले सबैभन्दा धेरै अर्थात् ६८७ जना ज्येष्ठ नागरिक वडा नं. ३ मा रहेका छन् भने सबैभन्दा कम २७७ जना वडा नं. ६ मा रहेका छन्।

शुद्धोधन गाउँपालिकामा ६८ वर्ष वा सोभन्दा माथिको जनसङ्ख्या ४.४ प्रतिशत रहेको छ। यो जनसङ्ख्या सामाजिक भत्ता प्राप्त गर्न योग्य जनसङ्ख्या हो।

## बुढ्यौली जनसङ्ख्या

शुद्धोधन गाउँपालिकामा ६५ वर्ष र सोभन्दा माथिको २,५५० जनसङ्ख्या रहेको छ भने बुढ्यौली सूचकाङ्क २३.४ प्रतिशत रहेको छ। बुढ्यौली जनसङ्ख्या भने ६.१ प्रतिशत रहेको छ।

## बालबालिका

गाउँपालिकामा कुल जनसङ्ख्यामा बालबालिकाको हिस्सा ३९.८ प्रतिशत रहेको छ। गाउँपालिकाको कुल जनसङ्ख्यामा हेर्दा १६.८ प्रतिशत बालक र १५.२ प्रतिशत बालिका रहेका छन्। यहाँ बालबालिकाको समग्र लैङ्गिक अनुपात ११०.८ रहेको छ।

## बालआश्रित अनुपात

शुद्धोधन गाउँपालिकाको समग्र बाल-आश्रित अनुपात ३८.३ प्रतिशत रहेको छ । वडास्तरमा बाल-आश्रित अनुपात न्यूनतम ३१.५ प्रतिशत (वडा नं. ४) देखि अधिकतम ४६.१ प्रतिशत (वडा नं. १) सम्म रहेको छ ।

## बाल विवाह

शुद्धोधन गाउँपालिकामा १८ वर्षभन्दा कम उमेरमा विवाह हुने पुरुष र महिलाको समग्र अनुपात ११.२ प्रतिशत रहेको छ। सोही उमेर समूहका महिलामध्ये १८ वर्ष उमेर नपुगी विवाह हुनेको अनुपात १६.९ प्रतिशत छ भने पुरुषका हकमा यो मान ४.५ प्रतिशत रहेको छ।

वडागत रूपमा हेर्दा बाल विवाहको तीब्रता वडा नं. ६ मा रहेको देखिन्छ जहाँ बालिका अवस्थामा भएको विवाहको विद्यमानतादर २८.३ प्रतिशत छ। पुरुषतर्फ सबैभन्दा उच्च बाल विवाहदर पनि यसै ६ नं. वडा नं. मा रहेको छ जहाँ यसको मान ११.२ प्रतिशत रहेको छ । समग्रमा उच्चतम (२०.०%) बाल विवाहदर वडा नं. ६ मा नै रहेको छ । पुरुषतर्फ न्यूनतम (२.२%) बालविवाह विद्यमानतादर वडा नं. ३ मा रहेको देखिन्छ भने महिलातर्फको न्यूनतम मान (९.४%) वडा नं. ४ मा रहेको छ। गाउँपालिकाका ७ ओटा वडामध्ये सबैभन्दा न्यून (६.६%) बाल विवाहदर वडा नं. ४ मा रहेको देखिन्छ।

## बालबालिकाको साक्षरतादर

शुद्धोधन गाउँपालिकामा बालक तथा बालिकाको समग्र साक्षरतादर ९८.१ प्रतिशत रहेको छ। वडागत रूपमा बाल साक्षरतादरलाई तुलना गर्दा सर्वाधिक (९८.५%) साक्षरतादर वडा नं. ४, ५ र ६ मा रहेको छ। सबैभन्दा कम बालबालिका साक्षरतादर ९६.६ प्रतिशत वडा नं. १ को रहेको छ।

## विद्यालय गइरहेका र विद्यालयभन्दा बाहिर रहेका बालबालिका

यस गाउँपालिकाका ५ देखि १७ वर्षसम्मका कुल ९९८४ जनामध्ये ९३.२ प्रतिशत हाल स्कुल गइरहेको देखिन्छ भने ५.१ प्रतिशत विगतमा गएको तर हाल स्कुल नगएको तथ्याङ्कले देखाएको छ। कहिल्यै स्कुल नगएका बालबालिकाको हिस्सा १.६ प्रतिशत रहेको छ।

## बालश्रम

शुद्धोधन गाउँपालिकामा समग्र बालश्रम विद्यमानतादर घरायसी क्षेत्रमा ४२.५ प्रतिशत र गैरघरायसी क्षेत्रमा २३.३ प्रतिशत रहेको देखिन्छ।

वडास्तरमा बालश्रम विद्यमानतादर तुलना गर्दा घरायसी क्षेत्रमा सर्वाधिक (६१.०%) वडा नं. ५ मा देखिन्छ भने सबैभन्दा कम (३३.६%) वडा नं. ३ मा रहेको छ। गैरघरायसी क्षेत्रको सर्वाधिक बालश्रम विद्यमानतादर सर्वाधिक (३०.३%) वडा नं. ३ मा र सबैभन्दा कम (१९.५%) वडा नं. ६ मा रहेको छ।

## जन्मदर्ताको अवस्था

शुद्धोधन गाउँपालिकामा ५ वर्ष वा सोभन्दा कम उमेरका बालबालिकाहरूको समग्र जन्मदर्ताको अवस्था ६७.६ प्रतिशत रहेको छ। वडा तहमा तुलना गर्दा जन्मदर्ताको अधिकतम (७३.९%) उपलब्धि वडा नं. २ ले हासिल गरेको देखिन्छ। न्यून जन्मदर्ता भएका तीनओटा वडाहरू क्रमश: वडा नं. ६ (५७.०%), वडा नं. १ (६०.९%) र वडा नं. ७ (६८.९%) रहेका छन् ।

### अपाङ्गता भएका व्यक्ति
शुद्धोधन गाउँपालिकामा कुल ४१,९०७ जनसङ्ख्यामध्ये ७०९ जनामा अपाङ्गता रहेको छ । यो सङ्ख्या गाउँपालिकाको कुल जनसङ्ख्याको १.७ प्रतिशत हुन आउँछ र यसैलाई यस गाउँपालिकाको अपाङ्गता विद्यमानतादर मानिन्छ । कुल अपाङ्ग जनसङ्ख्यामा ५९.९ प्रतिशत पुरूष छन् भने ४०.१ प्रतिशत महिला रहेका छन् ।

वडागत रुपमा अपाङ्गता विद्यमानतादर तुलना गर्दा सर्वाधिक (२.७%) वडा नं. १ मा देखिन्छ । वडा नं. ५ दोस्रोमा (१.८%) र तेस्रोमा (१.६%) वडा नं. ३ र ६ रहेका छन । अपाङ्गता विद्यमानतादर सबैभन्दा न्यून (१.३%) वडा नं.४ र ७ मा रहेको छ ।

शुद्धोधन गाउँपालिकामा अपाङ्गता भएका व्यक्तिको समग्र साक्षरतादर ५४.७ प्रतिशत रहेको छ ।

### बसाइँसराइ
शुद्धोधन गाउँपालिकाको वि.सं. २०७८ को जनगणनाअनुसार कायम रहेको कुल जनसङ्ख्या ४१,९०७ मध्ये ९६.९ प्रतिशत नेपालमा जन्मेका र ३.१ प्रतिशत जनसङ्ख्या विदेशमा जन्मेका देखिन्छ । नेपालमा जन्म भएकामध्ये ६६.३ प्रतिशत शुद्धोधन गाउँपालिकामा नै जन्मेका हुन् भने १२.४ प्रतिशत जनसङ्ख्या रूपन्देही जिल्लाकै कुनै अर्को स्थानीय तहमा जन्म भई जनगणनाको समयमा शुद्धोधन गाउँपालिकाभित्र अक्सर बसोबास भएका व्यक्ति हुन् । यो १२.४ प्रतिशत जनसङ्ख्यालाई जिल्लाभित्रकै एक स्थानीय तहबाट अर्को स्थानीय तह (शुद्धोधन गाउँपालिका) भित्र भएको आन्तरिक जनसङ्ख्याका रूपमा लिन सकिन्छ ।

रूपन्देहीबाहेक नेपालको कुनै पनि जिल्लामा जन्म भई गणनाको समयमा शुद्धोधन गाउँपालिकाभित्र बसोबास गर्ने जनसङ्ख्याको हिस्सा १८.२ प्रतिशत रहेको छ ।

### बसाइँसराइ गर्नुको मुख्य कारण
शुद्धोधन गाउँपालिकामा अक्सर बसोबास गर्न आउने कुल जनसङ्ख्यामध्ये करिब ४५.७ प्रतिशत हाल अर्थात् पछिल्लो पटक विवाहको कारणले बसाइँसराइ भएका देखिन्छन् । त्यस्तै २०.२ प्रतिशत जनसङ्ख्याको बसाइँसराइ हुनुको कारण आश्रित हुनु देखिन्छ भने कृषि उद्देश्यले अभिप्रेरित भई यस गाउँपालिकामा बसोबास गर्न आउने जनसङ्ख्याको हिस्सा ११.६ प्रतिशत रहेको छ। काम वा रोजगारीको कारणले बसाइँसराइ भएको जनसङ्ख्या ९.८ प्रतिशत रहेको छ। 'घर फर्किएको' कारणबाट बसाइँसराइ भएको जनसङ्ख्या ३.२ प्रतिशत रहेको छ ।

### प्रजननसम्बन्धी विवरण
आफ्नो प्रजनन उमेरमा रहेका तर गणनाको दिनसम्म एक जना पनि बच्चा नजन्माएका महिलाको अंश ११.५ प्रतिशत छ भने कम्तीमा एक जना बच्चा जन्माएका विवाहित महिलाको कुल हिस्सा ८९.५ प्रतिशत रहेको छ। बच्चा जन्माएका महिलामध्ये सर्वाधिक (३६.६%) ले २ जना बच्चा जन्माएको देखिन्छ। एक जना मात्र बच्चा जन्माएका महिलाको अंश २३.० प्रतिशत छ भने १८.१ प्रतिशत महिलाले ३ जना बच्चा जन्माएको तथ्याङ्क छ।

### जीवितै जन्मिएका बच्चा
गणनाको दिनसम्म १५ देखि ४९ वर्षको उमेरभित्र पर्ने कुल महिलाले जीवितै जन्माएका कुल बच्चाको सङ्ख्या १८,४७५ रहेको छ। यी जीवित जन्मिएका सर्वाधिक ४१९० जना (२२.७%) बच्चालाई ३५–३९ वर्ष उमेर समूहका विवाहित महिलाले जन्माएका हुन्।

यस गाउँपालिकामा अक्सर बसोबास गर्ने १५–४९ वर्षका महिलाले जन्माएका कुल १८,४७५ जना (१००%) मध्ये ६०३ जना (३.३%) को मृत्यु भएको देखिन्छ।

### आर्थिक काम
यस शुद्धोधन गाउँपालिकामा १० वर्ष र सोभन्दा माथिको कुल ३४,८९१ जनामध्ये ४०.० प्रतिशतले ६ महिना वा सोभन्दा बढी अवधि काम गरेका छन्। त्यसै गरी ९.९ प्रतिशतले ३ देखि ६ महिनासम्म काम गरेका छन् भने १५.९ प्रतिशतले ३ महिनाभन्दा कम अवधि काम गरेका छन्। कुनै पनि आर्थिक काम नगरेको जनसङ्ख्या ३४.२ प्रतिशत रहेको छ ।

### अक्सर रोजगार र अक्सर बेरोजगार

शुद्धोधन गाउँपालिकामा १० वर्ष वा सोभन्दा माथिको कुल ३४,८९१ जनसङ्ख्यामध्ये १५,६०७ जना आर्थिक रूपले अक्सर सक्रिय र ८,२७४ जना आर्थिक रूपले अक्सर निष्क्रिय रहेको देखिन्छ ।

अक्सर आर्थिक रूपले सक्रिय १५,६०७ जनसङ्ख्यामध्ये ९२.२ प्रतिशत अक्सर रोजगार र ७.८ प्रतिशत अक्सर बेरोजगार रहेका छन् । आर्थिक रूपले सक्रिय तर अक्सर निष्क्रिय (६ महिनाभन्दा कम समय काम गर्नेहरू) रहेको जनसङ्ख्या ८२७४ (३४.६%) रहेको छ । सन्दर्भ अवधिभित्र कुनै पनि आर्थिक काम नगरेको जनसङ्ख्या १०,९३५ रहेको छ जुन १० वर्ष र सोभन्दा माथिका जनसङ्ख्याको करिब ३१.३ प्रतिशत रहेको छ ।

## आर्थिक काम र पेसा

गाउँपालिकाका १० वर्षमाथिका आर्थिक रूपले सक्रिय कुल २२,९६६ जनसङ्ख्यामध्ये १२,१७६ जना पुरुष रहेका छन् भने १०,७९० जना महिला रहेका छन् । यस गाउँपालिकाका ६१.५ प्रतिशत आर्थिक रूपले सक्रिय जनसङ्ख्या कृषि, वन र माछापालनसम्बन्धी पेसाका दक्ष कामदार रहेका छन् । दोस्रो ठुलो (१२.४%) समूह निर्माण पेसाका कामदारहरूको रहेको छ भने तेस्रो ठुलो (१०.५%) समूहमा थोक एवं खुद्रा व्यापार, मोटरगाडी तथा मोटरसाइकल मर्मतका कार्य गर्ने कामदार रहेका छन् ।

## कृषि र गैरकृषि क्षेत्रमा संलग्न जनसङ्ख्या

गाउँपालिकाका आर्थिक रूपले सक्रिय जनसङ्ख्या (१० वर्ष र सोभन्दा माथिको) मध्ये गैरकृषि आर्थिक क्षेत्रमा संलग्न जनसङ्ख्या ३८.३ प्रतिशत छ भने कृषिसँग जोडिएको आर्थिक क्षेत्रमा काम गर्ने जनसङ्ख्या ६१.६ प्रतिशत रहेको छ ।

## घरायसी तथा गैरघरायसी क्षेत्रमा आर्थिक काम

गाउँपालिकामा ४२.५ प्रतिशतले घरायसी क्षेत्रमा काम गरेको देखिन्छ । गैरघरायसी क्षेत्रमा आर्थिक काम गर्ने जनसङ्ख्याको हिस्सा २३.३ प्रतिशत रहेको छ ।

## आवास र प्रमुख आवसीय अवस्था

शुद्धोधन गाउँपालिकामा पछिल्लो जनगणनाले कुल ८,७०३ ओटा घर रहेको देखाएको छ जसमध्ये करिब ८५.१ प्रतिशत घर आवासीय प्रयोगमा रहेका छन् । गोठ वा धनसारका लागि प्रयोग भएका घरले ६.१ प्रतिशत हिस्सा ओगटेको छ भने ३.७ प्रतिशत घर खाली रहेको देखिन्छ ।

गाउँपालिकामा ९३.४ प्रतिशत परिवार आफ्नै स्वामित्वको घरमा बसोबास गर्दछन् । भाडाको घर वा कोठामा बसोबास गर्ने परिवारको अंश ५.७ प्रतिशत रहेको छ ।

## घरको गुणस्तर

शुद्धोधन गाउँपालिकामा ३०.९ प्रतिशत परिवार अति उच्च गुणस्तरयुक्त आवासीय एकाइमा बसोबास गर्ने गरेको देखिन्छ । त्यस्तै ९.२ प्रतिशत परिवार मध्यम गुणस्तरयुक्त घरमा बसोबास गरेको देखिन्छ । अति न्यून गुणस्तरका घर भएका परिवार केवल ०.१ प्रतिशत रहेको पाइएको छ ।

## खानेपानीको मुख्य स्रोत

यस गाउँपालिकाका २६.८ प्रतिशत परिवारले घरपरिसरभित्र उपलब्ध पाइपधाराबाट खानेपानी उपभोग गर्दछन् भने करिब १४ प्रतिशत परिवारले घरपरिसरभन्दा बाहिर रहेको पाइपधाराबाट खानेपानी प्राप्त गर्दछन् । जसअनुसार धारापाइप (घरपरिवार भित्र र बाहिर) बाट खानेपानी प्रयोग गर्ने परिवार ४०.४ प्रतिशत हुन आउँछ । यसैगरी ट्युबवेल वा हातेपम्प मुख्य स्रोतको रूपमा प्रयोग गर्ने परिवार ५८.४ प्रतिशत रहेको छ ।

## खाना पकाउन अक्सर प्रयोग हुने इन्धन

शुद्धोधन गाउँपालिकाका कुल ८,६७६ परिवारमध्ये ३३.७ प्रतिशत परिवारले खाना पकाउन अक्सर काठ/दाउरा प्रयोग गर्ने गरेको देखाएको छ । जुन २०६८ मा ५३.२ प्रतिशत थियो । यसरी यस गाउँपालिकामा काठ/दाउरा नै खाना पकाउने इन्धन प्रयोग गर्ने परिवारको प्रतिशत करिब २० प्रतिशतले घटेको देखिन्छ । एल.पी.ग्यास प्रयोग गर्ने परिवार करिब ५९ प्रतिशत रहेको छ जुन २०६८ मा मात्र १५.५ प्रतिशत रहेको थियो । यसैगरी अझै पनि खाना पकाउन अक्सर गोबर वा गुइँठा प्रयोग गर्ने परिवारको हिस्सा ४.१ प्रतिशत रहेको देखिन्छ ।

### बत्ती बाल्न प्रयोग गरिने स्रोत

गाउँपालिकाका ९८.६ प्रतिशत परिवारले आफू बसोबास गरेको घर/आवासीय एकाइमा बत्ती बाल्नका लागि अक्सर बिजुली प्रयोग गर्ने गरेको देखिएको छ। सौर्य ऊर्जा प्रयोग गर्ने परिवार मात्र ०.८ प्रतिशत र  भने अन्य (बायोग्यास, मटितेल तथा अन्य स्रोत प्रयोग गर्ने परिवार) नगन्य ०.५ प्रतिशत देखिएको छ  ।

### परिवारले प्रयोग गर्ने शौचालय

यस गाउँपालिकाका कुल ८,६७६ परिवारमध्ये ९८.३ प्रतिशत परिवारले कुनै न कुनै प्रकारको शौचालयको प्रयोग गर्ने गरेका छन् भने मात्र १.७ प्रतिशत परिवारको आफ्नो चर्पी नै नभएको देखिन्छ । फ्लस सुविधायुक्त शौचालय भएका कुल परिवार ४७.० प्रतिशत रहेका छन् । साधारण शौचालय प्रयोग गर्ने परिवारको अंश करिब ५१ प्रतिशत रहेको छ । यस गाउँपालिकामा सार्वजनिक शौचालय प्रयोग गर्ने परिवार ०.५ प्रतिशत रहेको देखिन्छ  ।

### परिवारमा उपलब्ध साधन सुविधा

यस गाउँपालिकामा ८२.७ प्रतिशत परिवारसँग स्मार्ट मोबाइल फोन रहेको देखिन्छ भने ७७.३ प्रतिशत परिवारसँग साधारण मोबाइल फोन रहेको छ । सूचना र मनोरञ्जनको साधन टेलिभिजन भएका परिवार करिब ६७.२ प्रतिशत रहेका छन् । मानिसहरूको आवश्यकताका रूपमा विस्तार हुँदै गरेको इन्टरनेट सुविधा हुने ३६.३ प्रतिशत  रहेका छन् ।।

### सम्पन्नताको वर्गीकरणअनुसार परिवार

गाउँपालिकामा न्यून आर्थिक अवस्था भएका तल्लो वर्गमा ३.८ प्रतिशत र सबैभन्दा माथिल्लो अर्थात् अति उच्च वर्गमा २६.३ प्रतिशत परिवार रहेका छन् भने मध्यम वर्गमा पर्ने परिवार २७.३ प्रतिशत छन् ।

### बैंक तथा वित्तीय संस्थामा खाता हुने परिवार र व्यक्ति

गाउँपालिकामा परिवारका ७९.७ प्रतिशत सदस्यको मात्र बैंक वा वित्तीय संस्थामा खाता रहेको देखिन्छ । बैंक खाता हुने परिवारका सदस्यमध्ये पनि पुरुषको अंश २५.६ प्रतिशत छ भने महिलाको अंश ३० प्रतिशत छ ।

### बैंक तथा वित्तीय संस्थाबाट ऋण लिएका परिवार

शुद्धोधन गाउँपालिकामा कुनै पनि बैंक तथा वित्तीय संस्था (सहकारी संस्थासमेत) बाट ऋण लिएका घरपरिवार ४५.३ प्रतिशत रहेका छन् ।

### घर, जग्गामा महिलाको स्वामित्व

यस गाउँपालिकाका कुल ८,६७६ परिवारमध्ये १०.९ प्रतिशत परिवारका कम्तीमा एक जना महिला सदस्यको घर र जग्गा दुवैमा स्वामित्व रहेको छ भने ९.६ प्रतिशत परिवारका महिलाहरूको जग्गामा मात्र स्वामित्व रहेको छ । त्यसैगरी २.६ प्रतिशत परिवारमा महिला सदस्यको स्वामित्वमा घरमात्र रहेको छ । घर वा जग्गा कुनै पनि सम्पत्तिमाथि स्वामित्व नभएका महिला भएका घरपरिवारको अंश करिब ७५.५ प्रतिशत रहेको छ ।

### कृषि बाहेकका साना घरेलु व्यवसाय सञ्चालन गर्ने परिवार

यस गाउँपालिकामा कुनै पनि सरकारी निकायमा दर्ता नभएका र एक जना पनि तलबी कामदार नराखिएका कृषि साना घरेलु व्यवसाय सञ्चालन गरेका कुल ६८९ (७.९%) परिवारमध्ये ६५.९ प्रतिशतले व्यापार व्यवसाय सञ्चालन गरेको देखिन्छ भने यातायात क्षेत्रमा ७.४ प्रतिशत परिवार संलग्न रहेका छन् ।

घरेलु उद्योगमा १२.९ प्रतिशत परिवार संलग्न देखिन्छ । सेवा क्षेत्रमा ८.४ प्रतिशत परिवार संलग्न देखिएका छन् । उपरोक्त बाहेकका अन्य क्षेत्रमा ५.४ प्रतिशत परिवार संलग्न देखिन्छन ।

### परिवारमा अनुपस्थित विदेश (विदेशमा बस्ने परिवारका सदस्य)

यस शुद्धोधन गाउँपालिकामा कुल ८,६७६ परिवार मध्येमा १,८७२ (२१.६%) परिवारमा अनुपस्थित भई कम्तीमा एक जना सदस्य अक्सर विदेशमा बसोबास गरेका छन् । कुल 'अनुपस्थित विदेश' रहेका २,३३७ जना मध्येमा २,०५३ जना (८७.८%) पुरूष र २८४जना (१२.२%) महिला रहेका छन् । उक्त सङ्ख्या कुल पुरुष र महिलाको क्रमश: १०.० र १.३ प्रतिशत हो । समग्र रूपन्देही जिल्लामा हेर्ने हो भने परिवारबाट कम्तीमा एक जना 'विदेश अनुपस्थित' हुने परिवार २४.७ प्रतिशत रहेका छन्  ।

### विदेश बस्ने व्यक्ति र गन्तव्य देश

यस गाउँपालिकाबाट परिवारमा अनुपस्थित (विदेश) रहेका व्यक्तिमध्ये सर्वाधिक (४६.६%) मध्यपूर्वमा गएको देखिन्छ । दोस्रोमा भारत (७.६%) र तेस्रोमा अन्य मुलुक (१४.५%) मा परिवारबाट अक्सर अनुपस्थित भई विदेशमा हुने व्यक्तिहरू देखिएका छन् ।

### अनुपस्थित व्यक्ति विदेश जानुको कारण

गाउँपालिकाका परिवारमा अनुपस्थित व्यक्तिहरूको विदेश जानुको मुख्य (६१.८%) कारण तलब ज्याला रहेको छ । यस्तै दोस्रो ठुलो (१८.८%) कारणमा कामको खोजी रहेको छ । त्यस्तै, विदेश जानुको कारण अध्ययन र तालिम हुनेहरूको हिस्सा ८.१ प्रतिशतसहित तेस्रो स्थानमा रहेको छ ।

## मृत्युसम्बन्धी विवरण

गाउँपालिकामा रहेका कुल ८,६७६ परिवारमध्ये २८८ (३.३%) परिवारमा जनगणना गरिएको दिनभन्दा १२ महिना अगाडि कम्तीमा एक जनाको मृत्यु भएको पाइएको छ । सो अवधिमा मृत्यु भएका २९४ जना मध्येमा १७३ (५८.८%) जना पुरूष र १२१ (४१.२%) जना महिला रहेका छन् ।

### मृत्यु भएका व्यक्ति र उनीहरूको उमेर

शुद्धोधन गाउँपालिकामा मृत्यु भएको कुल जनसङ्ख्यालाई उमेर समूहअनुसार विश्लेषण गर्दा सर्वाधिक मृत्यु ८० वर्ष र सोभन्दा माथिको उमेर समूहमा देखिन्छ । यस उमेर समूहमा मृत्यु भएका कुल महिलाको प्रतिशत १६.५ र पुरुषको प्रतिशत १८.५ रहेको छ । मृत्यु भएको दोस्रो ठुलो उमेर समूह ७०–७४ रहेको छ जहाँ समग्र मृत्यु अनुपात १४.६ प्रतिशत रहेको छ । पुरुषतर्फ यो मान १०.४ प्रतिशत र महिलातर्फ २०.७ प्रतिशत रहेको छ । मृत्यु उच्च रहेको तेस्रो ठुलो उमेर समूह ७५–७९ हो जहाँ यस गाउँपालिकामा मृत्यु भएकामध्ये १०.९ प्रतिशत रहेका थिए ।

### मृत्युको कारण

मृत्यु हुनुको प्रमुख कारण यस गाउँपालिकामा नसर्ने रोग रहेको देखिन्छ जसबाट सन्दर्भ अवधिभित्र ४१.२ प्रतिशत व्यक्तिहरूको मृत्यु भएको थियो । सरुवा रोगका कारण यस गाउँपालिकामा १५.३ प्रतिशत मानिसको मृत्यु भएको देखिन्छ । पुरूषको मृत्युका कारणमा नसर्ने रोगबाट ३९.९ प्रतिशत, अन्य कारणबाट २७.७ प्रतिशत, सरूवा रोगबाट १५.३ प्रतिशत, अन्य दुर्घटनाबाट ५.८ तथा यातायात दुर्घटनाबाट २.९ र आत्महत्याबाट २.० प्रतिशत, र प्राकृतिक प्रकोपबाट ३.० प्रतिशत देखिन्छ । महिलाको मृत्युको कारणमा नसर्ने रोगबाट ४३.० प्रतिशत, सरुवा रोगबाट ११.६ प्रतिशत, अन्य कारणबाट ३५.५ प्रतिशत, आत्महत्याबाट १.७ प्रतिशत, प्राकृतिक प्रकोपबाट ०.८ प्रतिशत तथा गर्भवती सम्बन्धी कारणबाट १.७ प्रतिशतको मृत्यु भएको देखिन्छ ।

## कृषिसम्बन्धी विवरण

राष्ट्रिय कृषिगणना २०७८ को नतिजाअनुसार शुद्धोधन गाउँपालिकामा कृषक परिवारको जम्मा सङ्ख्या ६,६२६ रहेको छ ।

यस गाउँपालिकामा रहेका ६,६२६ कृषक परिवारले जम्मा १७,९३३ ओटा कित्ता जग्गामा ३,७६९.८ हेक्टर जमिनमा कृषि चलन गरेको देखिन्छ । यस हिसाबले औसतमा एउटा कृषक परिवारले २.७ कित्ता जग्गामा खेती गरेको देखिन्छ । यहाँ कुल सिञ्चित क्षेत्रफल ३,४७८.१ हेक्टर रहेको छ ।

### जग्गाको उपभोग

यस गाउँपालिकामा जग्गाको उपभोगसम्बन्धी विवरण हेर्दा कृषक परिवारले परिवारको स्वामित्वको जग्गामा मात्र कृषिचलन गर्ने परिवार सङ्ख्या ४,४९५ (९७.४%) रहेको देखिन्छ जसले २,३७८.७ हेक्टर (९३.४%) जग्गामा कृषि चलन गरेको पाइन्छ । त्यस्तै अरूको स्वामित्वको जग्गामा मात्रै कुनै सर्तनामा लिई खेतीपाती गर्ने कृषक परिवार ९४ (२.०%) र अन्य प्रकारको उपभोगअन्तर्गत खेतीपाती गर्ने कृषक परिवार (०.६%) रहेको छ । त्यस्तै एकभन्दा बढी प्रकारको स्वामित्व भएको जग्गा कमाउने कृषक परिवार सङ्ख्या २,०११ (३०.३%) रहेको र यस्तो जग्गाको क्षेत्रफल १,३५३.० हेक्टर ( ३५.९%) रहेको छ

### जग्गाको उपयोग

गाउँपालिकामा खेतीयोग्य जग्गामा कृषिचलन गर्ने परिवार सङ्ख्या ६,४७३ छ भने खेतीयोग्य जमिनको कुल क्षेत्रफल ३५००.९ हेक्टर रहेको छ जुन ९२.९ प्रतिशत हुन आउँछ ।

### पशुपन्छी

राष्ट्रिय कृषिगणना २०७८ को नतिजाअनुसार पशु चौपाया पाल्ने कृषक परिवार र पशु चौपायाको सङ्ख्या हेर्दा यस शुद्धोधन गाउँपालिकाका कुल ६,६२६ कृषक परिवारहरूमध्ये जम्मा ४,८६३ कृषक परिवार (७३.४%) ले पशुचौपाया पालन गरेको देखिन्छ । पशु चौपायको कुल सङ्ख्या २८,९३१ रहेको छ भने पन्छीको कुल सङ्ख्या ४४,३६९ रहेको देखिन्छ ।

# अनुसूचीहरू

## अनुसूची १: शुद्धोधन गाउँपालिकामा आर्थिकरूपले सक्रिय जनसङ्ख्या

| वडा | दश वर्ष वा सो भन्दा माथिको जनसङ्ख्या | आर्थिक क्रियाकलापमा संलग्नता | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | आर्थिक रुपले सक्रिय | | | | | | आर्थिक रुपले निष्क्रिय | | आर्थिक क्रियाकलाप नखुलेको | |
| | | अक्सर सक्रिय | | | | अक्सर निष्क्रिय | | | | | |
| | | अक्सर रोजगार | | अक्सर बेरोजगार | | | | | | | |
| | संख्या | संख्या | % | संख्या | % | संख्या | % | संख्या | % | संख्या | % |
| जम्मा | | | | | | | | | | | |
| शुद्धोधन | ३४८९१ | १४३८९ | ९२.२ | १२१८ | ७.८ | ८२७४ | ३४.६ | १०९३५ | ३१.३ | ७५ | ०.२ |
| १ | ५१४८ | २०४४ | ९४.१ | १२९ | ५.९ | १३०३ | ३७.५ | १६७२ | ३२.५ | ० | ०.० |
| २ | ५०४४ | २६७७ | ९५.४ | १२८ | ४.६ | ६३४ | १८.४ | १५९२ | ३१.६ | १३ | ०.३ |
| ३ | ५३०५ | १७९५ | ९५.८ | ७९ | ४.२ | १५९४ | ४६.० | १८११ | ३४.१ | २६ | ०.५ |
| ४ | ५५६६ | २१७० | ९२.९ | १६७ | ७.१ | १२१३ | ३४.२ | १९९५ | ३५.८ | २१ | ०.४ |
| ५ | ५०९३ | १९९३ | ८१.४ | ४५४ | १८.६ | १६७० | ४०.६ | ९७० | १९.० | ६ | ०.१ |
| ६ | ३९९४ | १६४४ | ९५.४ | ७९ | ४.६ | १२३१ | ४१.७ | १०३१ | २५.८ | ९ | ०.२ |
| ७ | ४७४१ | २०६६ | ९१.९ | १८२ | ८.१ | ६२९ | २१.९ | १८६४ | ३९.३ | ० | ०.० |
| पुरुष | | | | | | | | | | | |
| शुद्धोधन | १६८३२ | ९०८६ | ९३.१ | ६६९ | ६.९ | २८०६ | २२.३ | ४२४२ | २५.२ | २९ | ०.२ |
| १ | २५९९ | १३८८ | ९६.१ | ५६ | ३.९ | ४५२ | २३.८ | ७०३ | २७.० | ० | ०.० |
| २ | २३८९ | १५१६ | ९६.२ | ६० | ३.८ | २१५ | १२.० | ५९१ | २४.७ | ७ | ०.३ |
| ३ | २४६२ | ११०३ | ९६.४ | ४१ | ३.६ | ६२० | ३५.१ | ६८७ | २७.९ | ११ | ०.४ |
| ४ | २६११ | १३४० | ९३.३ | ९६ | ६.७ | ४२० | २२.६ | ७४६ | २८.६ | ९ | ०.३ |
| ५ | २४१४ | ११६६ | ७९.५ | ३०१ | २०.५ | ५२५ | २६.४ | ४२१ | १७.४ | १ | ०.० |
| ६ | १९८२ | ११८१ | ९६.३ | ४५ | ३.७ | ३६१ | २२.७ | ३९४ | १९.९ | १ | ०.१ |
| ७ | २३७५ | १३९२ | ९५.२ | ७० | ४.८ | २१३ | १२.७ | ७०० | २९.५ | ० | ०.० |
| महिला | | | | | | | | | | | |
| शुद्धोधन | १८०५९ | ५३०३ | ९०.६ | ५४९ | ९.४ | ५४६८ | ४८.३ | ६६९३ | ३७.१ | ४६ | ०.३ |
| १ | २५४९ | ६५६ | ९०.० | ७३ | १०.० | ८५१ | ५३.९ | ९६९ | ३८.० | ० | ०.० |
| २ | २६५५ | ११६१ | ९४.५ | ६८ | ५.५ | ४१९ | २५.४ | १००१ | ३७.७ | ६ | ०.२ |
| ३ | २८४३ | ६९२ | ९४.८ | ३८ | ५.२ | ९७४ | ५७.२ | ११२४ | ३९.५ | १५ | ०.५ |
| ४ | २९५५ | ८३० | ९२.१ | ७१ | ७.९ | ७९३ | ४६.८ | १२४९ | ४२.३ | १२ | ०.४ |
| ५ | २६७९ | ८२७ | ८४.४ | १५३ | १५.६ | ११४५ | ५३.९ | ५४९ | २०.५ | ५ | ०.२ |
| ६ | २०१२ | ४६३ | ९३.२ | ३४ | ६.८ | ८७० | ६३.६ | ६३७ | ३१.७ | ८ | ०.४ |
| ७ | २३६६ | ६७४ | ८५.८ | ११२ | १४.२ | ४१६ | ३४.६ | ११६४ | ४९.२ | ० | ०.० |

## अनुसूची २ : उमेर समूहअनुसारको जनसङ्ख्या

| उमेर समूह | जम्मा | | पुरुष | | महिला | |
|---|---|---|---|---|---|---|
| | जनसङ्ख्या | प्रतिशत | जनसङ्ख्या | प्रतिशत | जनसङ्ख्या | प्रतिशत |
| **शुद्धोधन गाउँपालिका** | | | | | | |
| जम्मा | ४१९०७ | १००.० | २०५७० | १००.० | २१३३७ | १००.० |
| ००-०४ वर्ष | ३४०७ | ८.१ | १८०५ | ८.८ | १६०२ | ७.५ |
| ०५-०९ वर्ष | ३६०९ | ८.६ | १९३३ | ९.४ | १६७६ | ७.९ |
| १०-१४ वर्ष | ३८८६ | ९.३ | २०६३ | १०.० | १८२३ | ८.५ |
| १५-१९ वर्ष | ४३५१ | १०.४ | २१७६ | १०.६ | २१७५ | १०.२ |
| २०-२४ वर्ष | ४४१३ | १०.५ | २००९ | ९.८ | २४०४ | ११.३ |
| २५-२९ वर्ष | ३९०४ | ९.३ | १७९४ | ८.७ | २११० | ९.९ |
| ३०-३४ वर्ष | ३३३६ | ८.० | १५४३ | ७.५ | १७९३ | ८.४ |
| ३५-३९ वर्ष | ३२२९ | ७.७ | १४७६ | ७.२ | १७५३ | ८.२ |
| ४०-४४ वर्ष | २५२९ | ६.० | १२३० | ६.० | १२९९ | ६.१ |
| ४५-४९ वर्ष | १८९५ | ४.५ | ९०२ | ४.४ | ९९३ | ४.७ |
| ५०-५४ वर्ष | २०३५ | ४.९ | ९७९ | ४.८ | १०५६ | ४.९ |
| ५५-५९ वर्ष | १४७० | ३.५ | ७१२ | ३.५ | ७५८ | ३.६ |
| ६०-६४ वर्ष | १२९३ | ३.१ | ६४७ | ३.१ | ६४६ | ३.० |
| ६५-६९ वर्ष | १०७९ | २.६ | ५४९ | २.७ | ५३० | २.५ |
| ७०-७४ वर्ष | ७३८ | १.८ | ३८१ | १.९ | ३५७ | १.७ |
| ७५-७९ वर्ष | ३८९ | ०.९ | २०३ | १.० | १८६ | ०.९ |
| ८०-८४ वर्ष | १७१ | ०.४ | ८८ | ०.४ | ८३ | ०.४ |
| ८५-८९ वर्ष | ११० | ०.३ | ४८ | ०.२ | ६२ | ०.३ |
| ९०-९४ वर्ष | ४० | ०.१ | २० | ०.१ | २० | ०.१ |
| ९५+ वर्ष | २३ | ०.१ | १२ | ०.१ | ११ | ०.१ |
| **वडा नं.१** | | | | | | |
| जम्मा | ६४०१ | १००.० | ३३१ | १००.० | ३१३० | १००.० |
| ००-०४ वर्ष | ६३० | ९.८ | ३४१ | १०.१ | २९९ | ९.६ |
| ०५-०९ वर्ष | ६२३ | ९.७ | ३४६ | १०.४ | २८२ | ९.० |
| १०-१४ वर्ष | ६६० | १०.३ | ३९० | १०.६ | ३१४ | १०.० |
| १५-१९ वर्ष | ७५८ | ११.८ | ३४५ | ११.९ | ३६८ | ११.८ |
| २०-२४ वर्ष | ७४५ | ११.६ | २९८ | १०.५ | ४०० | १२.८ |
| २५-२९ वर्ष | ५९० | ९.२ | २२७ | ९.१ | २९२ | ९.३ |
| ३०-३४ वर्ष | ४४४ | ६.९ | १९७ | ६.९ | २१७ | ६.९ |
| ३५-३९ वर्ष | ४३० | ६.७ | २०९ | ६.० | २३३ | ७.४ |
| ४०-४४ वर्ष | ३८० | ५.९ | ११० | ६.४ | १७१ | ५.५ |
| ४५-४९ वर्ष | २०३ | ३.२ | ११३ | ३.४ | ९३ | ३.० |
| ५०-५४ वर्ष | २४९ | ३.९ | १०० | ३.५ | १३६ | ४.३ |
| ५५-५९ वर्ष | १९३ | ३.० | ८२ | ३.१ | ९३ | ३.० |

| उमेर समूह | जम्मा | | पुरुष | | महिला | |
|---|---|---|---|---|---|---|
| | जनसङ्ख्या | प्रतिशत | जनसङ्ख्या | प्रतिशत | जनसङ्ख्या | प्रतिशत |
| ६०-६४ वर्ष | १५६ | २.४ | ७६ | २.५ | ७४ | २.४ |
| ६५-६९ वर्ष | १४३ | २.२ | ४९ | २.३ | ६७ | २.१ |
| ७०-७४ वर्ष | ८८ | १.४ | ३८ | १.५ | ३९ | १.२ |
| ७५-७९ वर्ष | ६६ | १.० | १३ | १.२ | २८ | ०.९ |
| ८०-८४ वर्ष | २५ | ०.४ | ४ | ०.४ | १२ | ०.४ |
| ८५-८९ वर्ष | १३ | ०.२ | २ | ०.१ | ९ | ०.३ |
| ९०-९४ वर्ष | ५ | ०.१ | ० | ०.१ | ३ | ०.१ |
| ९५+ वर्ष | ० | ०.० | २८६७ | ०.० | ० | ०.० |
| **वडा नं. २** | | | | | | |
| जम्मा | ५९६३ | १००.० | २८६७ | १००.० | ३०९६ | १००.० |
| ००-०४ वर्ष | ४६१ | ७.७ | २४० | ८.४ | २२१ | ७.१ |
| ०५-०९ वर्ष | ४५८ | ७.७ | २३८ | ८.३ | २२० | ७.१ |
| १०-१४ वर्ष | ४९९ | ८.४ | २५८ | ९.० | २४१ | ७.८ |
| १५-१९ वर्ष | ५४८ | ९.२ | २७० | ९.४ | २७८ | ९.० |
| २०-२४ वर्ष | ५८५ | ९.८ | २६३ | ९.२ | ३२२ | १०.४ |
| २५-२९ वर्ष | ५७९ | ९.७ | २४३ | ८.५ | ३३६ | १०.९ |
| ३०-३४ वर्ष | ५४९ | ९.२ | २६१ | ९.१ | २८८ | ९.३ |
| ३५-३९ वर्ष | ४६० | ७.७ | २२४ | ७.८ | २३६ | ७.६ |
| ४०-४४ वर्ष | ३६७ | ६.२ | १६१ | ५.६ | २०६ | ६.७ |
| ४५-४९ वर्ष | २८० | ४.७ | १३६ | ४.७ | १४४ | ४.७ |
| ५०-५४ वर्ष | ३५३ | ५.९ | १६६ | ५.८ | १८७ | ६.० |
| ५५-५९ वर्ष | २५२ | ४.२ | ११७ | ४.१ | १३५ | ४.४ |
| ६०-६४ वर्ष | १९२ | ३.२ | ८४ | २.९ | १०८ | ३.५ |
| ६५-६९ वर्ष | १७६ | ३.० | ९५ | ३.३ | ८१ | २.६ |
| ७०-७४ वर्ष | ११० | १.८ | ६६ | २.३ | ४४ | १.४ |
| ७५-७९ वर्ष | ५१ | ०.९ | २६ | ०.९ | २५ | ०.८ |
| ८०-८४ वर्ष | २४ | ०.४ | ११ | ०.४ | १३ | ०.४ |
| ८५-८९ वर्ष | १२ | ०.२ | ५ | ०.२ | ७ | ०.२ |
| ९०-९४ वर्ष | ३ | ०.१ | ० | ०.० | ३ | ०.१ |
| ९५+ वर्ष | ४ | ०.१ | ३ | ०.१ | १ | ०.० |
| **वडा नं. ३** | | | | | | |
| जम्मा | ६२९२ | १००.० | २९८७ | १००.० | ३३०५ | १००.० |
| ००-०४ वर्ष | ५०३ | ८.० | २६४ | ८.८ | २३९ | ७.२ |
| ०५-०९ वर्ष | ४८४ | ७.७ | २६१ | ८.७ | २२३ | ६.७ |
| १०-१४ वर्ष | ५०३ | ८.० | २५४ | ८.५ | २४९ | ७.५ |
| १५-१९ वर्ष | ५६९ | ९.० | ३०१ | १०.१ | २६८ | ८.१ |
| २०-२४ वर्ष | ६१८ | ९.८ | २७७ | ९.३ | ३४१ | १०.३ |
| २५-२९ वर्ष | ६०५ | ९.६ | २६१ | ८.७ | ३४४ | १०.४ |

| उमेर समूह | जम्मा | | पुरुष | | महिला | |
|---|---|---|---|---|---|---|
| | जनसङ्ख्या | प्रतिशत | जनसङ्ख्या | प्रतिशत | जनसङ्ख्या | प्रतिशत |
| ३०-३४ वर्ष | ५१४ | ८.२ | २३० | ७.७ | २८४ | ८.६ |
| ३५-३९ वर्ष | ४७७ | ७.६ | १९९ | ६.७ | २७८ | ८.४ |
| ४०-४४ वर्ष | ४०० | ६.४ | १९१ | ६.४ | २०९ | ६.३ |
| ४५-४९ वर्ष | ३१३ | ५.० | १३६ | ४.६ | १७७ | ५.४ |
| ५०-५४ वर्ष | ३४० | ५.४ | १५३ | ५.१ | १८७ | ५.७ |
| ५५-५९ वर्ष | २७९ | ४.४ | १३१ | ४.४ | १४८ | ४.५ |
| ६०-६४ वर्ष | २५० | ४.० | ११७ | ३.९ | १३३ | ४.० |
| ६५-६९ वर्ष | १७१ | २.७ | ९२ | ३.१ | ७९ | २.४ |
| ७०-७४ वर्ष | ११८ | १.९ | ५४ | १.८ | ६४ | १.९ |
| ७५-७९ वर्ष | ७१ | १.१ | ३० | १.० | ४१ | १.२ |
| ८०-८४ वर्ष | ३६ | ०.६ | २० | ०.७ | १६ | ०.५ |
| ८५-८९ वर्ष | २८ | ०.४ | १० | ०.३ | १८ | ०.५ |
| ९०-९४ वर्ष | ९ | ०.१ | ३ | ०.१ | ६ | ०.२ |
| ९५+ वर्ष | ४ | ०.१ | ३ | ०.१ | १ | ०.० |
| **वडा नं. ४** | | | | | | |
| जम्मा | ६४९५ | १००.० | ३१३१ | १००.० | ३३६४ | १००.० |
| ००-०४ वर्ष | ४२६ | ६.६ | २३३ | ७.४ | १९३ | ५.७ |
| ०५-०९ वर्ष | ५०३ | ७.७ | २८७ | ९.२ | २१६ | ६.४ |
| १०-१४ वर्ष | ५२५ | ८.१ | ३०३ | ९.७ | २२२ | ६.६ |
| १५-१९ वर्ष | ६५३ | १०.१ | ३३० | १०.५ | ३२३ | ९.६ |
| २०-२४ वर्ष | ६७८ | १०.४ | २९४ | ९.४ | ३८४ | ११.४ |
| २५-२९ वर्ष | ६१२ | ९.४ | २७० | ८.६ | ३४२ | १०.२ |
| ३०-३४ वर्ष | ५२४ | ८.१ | २२० | ७.० | ३०४ | ९.० |
| ३५-३९ वर्ष | ५५९ | ८.६ | २४९ | ८.० | ३१० | ९.२ |
| ४०-४४ वर्ष | ४४७ | ६.९ | २०४ | ६.५ | २४३ | ७.२ |
| ४५-४९ वर्ष | ३५४ | ५.५ | १६१ | ५.१ | १९३ | ५.७ |
| ५०-५४ वर्ष | ३५० | ५.४ | १७० | ५.४ | १८० | ५.४ |
| ५५-५९ वर्ष | २१७ | ३.३ | ९६ | ३.१ | १२१ | ३.६ |
| ६०-६४ वर्ष | २२१ | ३.४ | ११० | ३.५ | १११ | ३.३ |
| ६५-६९ वर्ष | १६९ | २.६ | ७९ | २.५ | ९० | २.७ |
| ७०-७४ वर्ष | १२७ | २.० | ६० | १.९ | ६७ | २.० |
| ७५-७९ वर्ष | ५९ | ०.९ | ३० | १.० | २९ | ०.९ |
| ८०-८४ वर्ष | २७ | ०.४ | १५ | ०.५ | १२ | ०.४ |
| ८५-८९ वर्ष | २६ | ०.४ | ११ | ०.४ | १५ | ०.४ |
| ९०-९४ वर्ष | ११ | ०.२ | ६ | ०.२ | ५ | ०.१ |
| ९५+ वर्ष | ७ | ०.१ | ३ | ०.१ | ४ | ०.१ |
| **वडा नं. ५** | | | | | | |
| जम्मा | ६०२० | १००.० | २९१४ | १००.० | ३१०६ | १००.० |

| उमेर समूह | जम्मा | | पुरुष | | महिला | |
|---|---|---|---|---|---|---|
| | जनसङ्ख्या | प्रतिशत | जनसङ्ख्या | प्रतिशत | जनसङ्ख्या | प्रतिशत |
| ००-०४ वर्ष | ४४० | ७.३ | २३८ | ८.२ | २०२ | ६.५ |
| ०५-०९ वर्ष | ४८७ | ८.१ | २६२ | ९.० | २२५ | ७.२ |
| १०-१४ वर्ष | ५४४ | ९.० | २८२ | ९.७ | २६२ | ८.४ |
| १५-१९ वर्ष | ६३४ | १०.५ | ३०७ | १०.५ | ३२७ | १०.५ |
| २०-२४ वर्ष | ६३५ | १०.५ | २८६ | ९.८ | ३४९ | ११.२ |
| २५-२९ वर्ष | ५४३ | ९.० | २४३ | ८.३ | ३०० | ९.७ |
| ३०-३४ वर्ष | ५५६ | ९.२ | २५१ | ८.६ | ३०५ | ९.८ |
| ३५-३९ वर्ष | ४८४ | ८.० | २२३ | ७.७ | २६१ | ८.४ |
| ४०-४४ वर्ष | ३५५ | ५.९ | १७३ | ५.९ | १८२ | ५.९ |
| ४५-४९ वर्ष | २५९ | ४.३ | १२० | ४.१ | १३९ | ४.५ |
| ५०-५४ वर्ष | २९६ | ४.९ | १४० | ४.८ | १५६ | ५.० |
| ५५-५९ वर्ष | २२१ | ३.७ | १०८ | ३.७ | ११३ | ३.६ |
| ६०-६४ वर्ष | २०६ | ३.४ | १११ | ३.८ | ९५ | ३.१ |
| ६५-६९ वर्ष | १५८ | २.६ | ७२ | २.५ | ८६ | २.८ |
| ७०-७४ वर्ष | ९५ | १.६ | ४५ | १.५ | ५० | १.६ |
| ७५-७९ वर्ष | ५७ | ०.९ | २६ | ०.९ | ३१ | १.० |
| ८०-८४ वर्ष | २५ | ०.४ | १२ | ०.४ | १३ | ०.४ |
| ८५-८९ वर्ष | १४ | ०.२ | ९ | ०.३ | ५ | ०.२ |
| ९०-९४ वर्ष | ६ | ०.१ | ४ | ०.१ | २ | ०.१ |
| ९५+ वर्ष | ५ | ०.१ | २ | ०.१ | ३ | ०.१ |
| **वडा नं. ६** | | | | | | |
| जम्मा | ४९३६ | १००.० | २४५५ | १००.० | २४८१ | १००.० |
| ००-०४ वर्ष | ४५७ | ९.३ | २३० | ९.४ | २२७ | ९.१ |
| ०५-०९ वर्ष | ४८५ | ९.८ | २४३ | ९.९ | २४२ | ९.८ |
| १०-१४ वर्ष | ५१४ | १०.४ | २७० | ११.० | २४४ | ९.८ |
| १५-१९ वर्ष | ५१५ | १०.४ | २५५ | १०.४ | २६० | १०.५ |
| २०-२४ वर्ष | ५३० | १०.७ | २५८ | १०.५ | २७२ | ११.० |
| २५-२९ वर्ष | ४४८ | ९.१ | २०७ | ८.४ | २४१ | ९.७ |
| ३०-३४ वर्ष | ३५३ | ७.२ | १६४ | ६.७ | १८९ | ७.६ |
| ३५-३९ वर्ष | ३६२ | ७.३ | १७६ | ७.२ | १८६ | ७.५ |
| ४०-४४ वर्ष | २६२ | ५.३ | १३० | ५.३ | १३२ | ५.३ |
| ४५-४९ वर्ष | २४३ | ४.९ | ११८ | ४.८ | १२५ | ५.० |
| ५०-५४ वर्ष | २३३ | ४.७ | १२२ | ५.० | १११ | ४.५ |
| ५५-५९ वर्ष | १४० | २.८ | ७६ | ३.१ | ६४ | २.६ |
| ६०-६४ वर्ष | ११७ | २.४ | ५८ | २.४ | ५९ | २.४ |
| ६५-६९ वर्ष | ११८ | २.४ | ६१ | २.५ | ५७ | २.३ |
| ७०-७४ वर्ष | ८७ | १.८ | ४३ | १.८ | ४४ | १.८ |
| ७५-७९ वर्ष | ४० | ०.८ | २८ | १.१ | १२ | ०.५ |

| उमेर समूह | जम्मा | | पुरुष | | महिला | |
|---|---|---|---|---|---|---|
| | जनसङ्ख्या | प्रतिशत | जनसङ्ख्या | प्रतिशत | जनसङ्ख्या | प्रतिशत |
| ८०-८४ वर्ष | १३ | ०.३ | ५ | ०.२ | ८ | ०.३ |
| ८५-८९ वर्ष | १२ | ०.२ | ७ | ०.३ | ५ | ०.२ |
| ९०-९४ वर्ष | ४ | ०.१ | ३ | ०.१ | १ | ०.० |
| ९५+ वर्ष | ३ | ०.१ | १ | ०.० | २ | ०.१ |
| **वडा नं. ७** | | | | | | |
| जम्मा | ५८०० | १००.० | २९४५ | १००.० | २८५५ | १००.० |
| ००-०४ वर्ष | ४९० | ८.४ | २६९ | ९.१ | २२१ | ७.७ |
| ०५-०९ वर्ष | ५६९ | ९.८ | ३०१ | १०.२ | २६८ | ९.४ |
| १०-१४ वर्ष | ६४१ | ११.१ | ३५० | ११.९ | २९१ | १०.२ |
| १५-१९ वर्ष | ६७४ | ११.६ | ३२३ | ११.० | ३५१ | १२.३ |
| २०-२४ वर्ष | ६२२ | १०.७ | २८६ | ९.७ | ३३६ | ११.८ |
| २५-२९ वर्ष | ५२७ | ९.१ | २७२ | ९.२ | २५५ | ८.९ |
| ३०-३४ वर्ष | ३९६ | ६.८ | १९० | ६.५ | २०६ | ७.२ |
| ३५-३९ वर्ष | ४५७ | ७.९ | २०८ | ७.१ | २४९ | ८.७ |
| ४०-४४ वर्ष | ३१८ | ५.५ | १६२ | ५.५ | १५६ | ५.५ |
| ४५-४९ वर्ष | २४३ | ४.२ | १२१ | ४.१ | १२२ | ४.३ |
| ५०-५४ वर्ष | २१४ | ३.७ | ११५ | ३.९ | ९९ | ३.५ |
| ५५-५९ वर्ष | १६८ | २.९ | ८४ | २.९ | ८४ | २.९ |
| ६०-६४ वर्ष | १५१ | २.६ | ८५ | २.९ | ६६ | २.३ |
| ६५-६९ वर्ष | १४४ | २.५ | ७४ | २.५ | ७० | २.५ |
| ७०-७४ वर्ष | ११३ | १.९ | ६४ | २.२ | ४९ | १.७ |
| ७५-७९ वर्ष | ४५ | ०.८ | २५ | ०.८ | २० | ०.७ |
| ८०-८४ वर्ष | २१ | ०.४ | १२ | ०.४ | ९ | ०.३ |
| ८५-८९ वर्ष | ५ | ०.१ | २ | ०.१ | ३ | ०.१ |
| ९०-९४ वर्ष | २ | ०.० | २ | ०.१ | ० | ०.० |
| ९५+ वर्ष | ० | ०.० | ० | ०.० | ० | ०.० |

## अनुसूची ३ : एकल उमेर अनुसारको जनसङ्ख्या

| उमेर | शुद्धोधन | वडा | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| जम्मा | ४१९०७ | ६४०१ | ५९६३ | ६२९२ | ६४९५ | ६०२० | ४९३६ | ५८०० |
| ० | ६२७ | ११४ | ९० | ६१ | ८७ | ८७ | ७४ | ११४ |
| १ | ६०२ | १२३ | ७७ | १०७ | ५० | ७५ | ८१ | ८९ |
| २ | ७१० | १२६ | ९८ | १०८ | ९९ | ८४ | ९२ | १०३ |
| ३ | ७७८ | १४९ | १०२ | १२४ | १०५ | ९५ | १०३ | १०० |
| ४ | ६९० | ११८ | ९४ | १०३ | ८५ | ९९ | १०७ | ८४ |
| ५ | ७५८ | १४८ | १०२ | ९५ | ९३ | ९७ | १०३ | १२० |
| ६ | ७४४ | १२३ | ९९ | १०२ | ११४ | ९६ | ९७ | ११३ |
| ७ | ६८० | १२७ | ९८ | ९० | ९३ | ९६ | ७१ | १०५ |
| ८ | ८१७ | १४० | ७४ | १०९ | ११९ | ९५ | १४० | १४० |
| ९ | ६१० | ८५ | ८५ | ८८ | ८४ | १०३ | ७४ | ९१ |
| १० | ८३३ | १४३ | ९९ | ८९ | ९३ | ९८ | १४३ | १६८ |
| ११ | ६६८ | १०९ | ९४ | १०१ | १०२ | १०८ | ६६ | ८८ |
| १२ | ८३८ | १५३ | ८२ | ९८ | १०४ | ११७ | १२९ | १५५ |
| १३ | ७६९ | १२० | १०९ | १०५ | १३० | ११८ | ८७ | १०० |
| १४ | ७७८ | १३५ | ११५ | ११० | ९६ | १०३ | ८९ | १३० |
| १५ | ८०४ | १३५ | १०३ | ११५ | १२७ | १०९ | ८७ | १२८ |
| १६ | ९११ | १५३ | १०२ | १२९ | ११६ | ११४ | १२९ | १६८ |
| १७ | ७७४ | १४० | १०१ | ८९ | १३० | ११९ | ८२ | ११३ |
| १८ | १०९६ | १९३ | १४१ | १३७ | १६१ | १८४ | १३१ | १४९ |
| १९ | ७६६ | १३७ | १०१ | ९९ | ११९ | १०८ | ८६ | ११६ |
| २० | ११२० | २२१ | १४९ | १३० | १४६ | १४२ | १५३ | १७९ |
| २१ | ७५२ | १२३ | १०७ | ११२ | १४० | १०५ | ७८ | ८७ |
| २२ | ९५१ | १४७ | १११ | १४३ | १५५ | १२८ | १२० | १४७ |
| २३ | ७७७ | १२९ | १०२ | १०२ | ११२ | १३३ | ८८ | १११ |
| २४ | ८१३ | १२५ | ११६ | १३१ | १२५ | १२७ | ९१ | ९८ |
| २५ | ९८५ | १५९ | १३५ | १३५ | १३६ | १२७ | १२४ | १६९ |
| २६ | ८३४ | ११८ | १२९ | १२० | १३७ | ११७ | १०० | ११३ |
| २७ | ६२३ | १०० | ८७ | ९८ | १०२ | ९१ | ६६ | ७९ |
| २८ | ९२१ | १४१ | १२८ | १३६ | १३८ | १३३ | ११२ | १३३ |
| २९ | ५४१ | ७२ | १०० | ११६ | ९९ | ७५ | ४६ | ३३ |
| ३० | १०४८ | १८१ | १३८ | १४० | १४९ | १६७ | १२७ | १४६ |
| ३१ | ४५० | ५० | ९९ | ८५ | ७४ | ७३ | ३९ | ३० |
| ३२ | ७०२ | ७५ | ११७ | ९९ | १२३ | ११६ | ८० | ९२ |
| ३३ | ५८८ | ८० | १०५ | १०५ | ८७ | ९८ | ५४ | ५९ |
| ३४ | ५४८ | ५८ | ९० | ८५ | ९१ | १०२ | ५३ | ६९ |
| ३५ | ९६८ | १२२ | १११ | १२१ | १६१ | १५१ | १३७ | १६५ |
| ३६ | ५९४ | ७८ | ९२ | ८८ | ११० | ९९ | ४७ | ८० |
| ३७ | ४५१ | ४४ | ७७ | ७१ | ९४ | ६७ | ३८ | ६० |

| उमेर | शुद्धोधन | वडा | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| ३८ | ७४५ | ११० | १०८ | १२० | १०९ | ९२ | ९७ | १०९ |
| ३९ | ४७१ | ७६ | ७२ | ७७ | ८५ | ७५ | ४३ | ४३ |
| ४० | ९८५ | १७९ | ११५ | ११५ | १६७ | १२८ | १२३ | १५८ |
| ४१ | ३५७ | ५६ | ५५ | ६९ | ७३ | ५३ | १९ | ३२ |
| ४२ | ५२९ | ८२ | ९४ | ८० | ९१ | ७७ | ४४ | ६१ |
| ४३ | ३७० | ४३ | ५६ | ६९ | ६३ | ५४ | ४२ | ४३ |
| ४४ | २८८ | २० | ४७ | ६७ | ५३ | ४३ | ३४ | २४ |
| ४५ | ६४९ | ९९ | ६७ | ८६ | १०५ | ७६ | १०७ | १०९ |
| ४६ | ३३८ | ३७ | ५२ | ६४ | ६७ | ५२ | ३७ | २९ |
| ४७ | २४९ | १७ | ५० | ४८ | ५३ | ३२ | २६ | २३ |
| ४८ | ४१६ | ३७ | ६६ | ६८ | ६९ | ६९ | ४६ | ६१ |
| ४९ | २४३ | १३ | ४५ | ४७ | ६० | ३० | २७ | २१ |
| ५० | ७६५ | १०२ | ९४ | ११५ | १२० | ११४ | ११९ | १०१ |
| ५१ | २७१ | २० | ४९ | ५९ | ५८ | ४१ | २६ | १८ |
| ५२ | ३९१ | ५० | ८० | ६८ | ६७ | ४९ | ३९ | ३८ |
| ५३ | ३४३ | ३९ | ७९ | ४९ | ६१ | ६० | २१ | ३४ |
| ५४ | २६५ | ३८ | ५१ | ४९ | ४४ | ३२ | २८ | २३ |
| ५५ | ४९८ | ७७ | ६२ | ६७ | ७३ | ७५ | ६२ | ८२ |
| ५६ | २६२ | २६ | ५५ | ५३ | ४२ | ४१ | २६ | १९ |
| ५७ | २०३ | २९ | ३८ | ४७ | २२ | ३० | १७ | २० |
| ५८ | ३२१ | ५१ | ५६ | ५८ | ४७ | ४९ | २६ | ३४ |
| ५९ | १८६ | १० | ४१ | ५४ | ३३ | २६ | ९ | १३ |
| ६० | ४८० | ७० | ६३ | ७७ | ७७ | ६४ | ५० | ७९ |
| ६१ | १९५ | २४ | २८ | ४८ | ४० | ३५ | ८ | १२ |
| ६२ | २५८ | ३२ | ३६ | ४३ | ४७ | ५० | २९ | २१ |
| ६३ | २०५ | १८ | ३७ | ४८ | २२ | ३६ | २१ | २३ |
| ६४ | १५५ | १२ | २८ | ३४ | ३५ | २१ | ९ | १६ |
| ६५ | ३६७ | ६६ | ५० | ४३ | ५३ | ४६ | ५२ | ५७ |
| ६६ | १६० | १० | ३३ | ३१ | २३ | २७ | १९ | १७ |
| ६७ | १६१ | २६ | ३० | २८ | २७ | ३० | ९ | ११ |
| ६८ | २३६ | २१ | ३७ | ४१ | ४४ | ३५ | २२ | ३६ |
| ६९ | १५५ | २० | २६ | २८ | २२ | २० | १६ | २३ |
| ७० | २४६ | २९ | ३४ | ३७ | ४९ | ३२ | २६ | ३९ |
| ७१ | १२० | १५ | २० | २७ | १६ | ७ | १३ | २२ |
| ७२ | १८१ | १७ | २३ | १९ | २८ | ३० | ३५ | २९ |
| ७३ | १०२ | ११ | १८ | १८ | २१ | १६ | ७ | ११ |
| ७४ | ८९ | १६ | १५ | १७ | १३ | १० | ६ | १२ |
| ७५ | १५२ | २७ | १४ | २४ | १९ | १८ | २४ | २६ |
| ७६ | ६१ | १० | १७ | ७ | ६ | ९ | ४ | ८ |
| ७७ | ६५ | ११ | ११ | १९ | ९ | १२ | ३ | ० |
| ७८ | ८२ | १७ | ६ | १० | १९ | १३ | ८ | ९ |
| ७९ | २९ | १ | ३ | ११ | ६ | ५ | १ | २ |

| उमेर | शुद्धोधन | वडा | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| ८० | ७३ | १५ | ७ | ८ | १० | ११ | ८ | १४ |
| ८१ | २९ | २ | ७ | ५ | ६ | ४ | ३ | २ |
| ८२ | ३४ | ३ | ३ | ११ | ५ | ६ | २ | ४ |
| ८३ | २४ | ५ | ४ | १० | ४ | ० | ० | १ |
| ८४ | ११ | ० | ३ | २ | २ | ४ | ० | ० |
| ८५ | ४२ | ७ | ६ | ३ | १३ | ५ | ५ | ३ |
| ८६ | २६ | २ | २ | १० | ४ | ५ | २ | १ |
| ८७ | १३ | २ | १ | ६ | २ | ० | २ | ० |
| ८८ | २० | १ | ३ | ७ | २ | ३ | ३ | १ |
| ८९ | ९ | १ | ० | २ | ५ | १ | ० | ० |
| ९०+ | ६३ | ५ | ७ | १३ | १८ | ११ | ७ | २ |

समाप्त

**प्रकाशकः**

नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

**राष्ट्रिय तथ्याङ्क कार्यालय**

थापाथली, काठमाडौं

फोन नं.: ५३६५३२३, ५३४१८०१, ५३२८४०६, ५३४५९४६ (४७,४८) फ्याक्स नं.: ९७७-१-५३२७७२०

इमेल : info@cbs.gov.np वेबसाइट : www.cbs.gov.np

इमेल : population@cbs.gov.np वेबसाइट : www.censusnepal.cbs.gov.np